*निर्णायक राष्ट्रिय शक्ति निर्माण: हाम्रो सङ्कल्प*
*समृद्ध नेपाल, सुखी नेपाली: राष्ट्रिय गन्तव्य*

नेकपा (एमाले)

दोस्रो विधान महाधिवेशन

CPN (UML) 2nd Statute Congress, 5-7 September 2025

२०-२२ भदौ २०८२, गोदावरी, ललितपुर

# संगठनात्मक प्रस्ताव

पुस्तकको नाम : संगठनात्मक प्रस्ताव

प्रकाशक : नेकपा (एमाले) केन्द्रीय कार्यालय

संस्करण : पहिलो

मुद्रित प्रति : ५ हजार

मिति : मंसिर २०८२

मूल्य : रु.१४०/–

ले–आउट डिजाइन तथा मुद्रण व्यवस्थापन : एम एस माउस पुतलीसडक

# विषयसूची


क. विषय प्रवेश ... ५

ख. पार्टी निर्माणको सैद्धान्तिक आधार ... १३

ग. संगठनात्मक सिद्धान्त र जबज ... १९

घ. जबज र पार्टीको लोकतान्त्रिकरण ... २६

ङ. पार्टी कार्यदिशा र पार्टी काम ... ३६

च. पार्टीको संगठनात्मक अवस्था ... ५९

छ. पार्टी निर्माणका चुनौतीहरू ... ७१

ज. निर्णायक शक्ति निर्माणको संगठनात्मक योजना ... ८३

परिशिष्ट–१ नविकृत पार्टी सदस्यको कूल विवरण, ०८२ ... ९८

परिशिष्ट–२ पार्टी कमिटीका अधिवेशनहरूको विवरण ... १०६

परिशिष्ट–३ समग्र संगठनात्मक विवरण ... ११७

परिशिष्ट–४ प्रतिष्ठान, विभाग र विशेष कामको क्षेत्र ... १२५

परिशिष्ट–५ जनसङ्गठनका सङ्गठनात्मक कामको प्रतिवेदन ... १४८

## क.

# विषय प्रवेश

१. पार्टी निर्माण र सञ्चालनको आफ्नै विधिसम्मत संगठनात्मक प्रणाली हुन्छ। त्यसलाई निश्चित दर्शन, सिद्धान्त र नीतिले मार्गदर्शन गरिरहेको हुन्छ। पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा लेनिनवादी संगठनात्मक सिद्धान्तलाई सबैभन्दा वैज्ञानिक र व्यावहारिक मान्ने गरिन्छ। विधिसम्मत प्रणालीको अभावमा बनेका संगठनहरू व्यक्ति–समूहजस्ता बन्न पुग्दछन्। उनीहरू समाजको रूपान्तरण र विकासको उद्देश्यसँग गाँसिएका हुँदैनन्। उनीहरू यथास्थितिवादलाई सेवा पुऱ्याउने गरी लोकप्रियतावाद र अराजकतावादको शिकार बन्न पुग्दछन्।

लेनिनवादी संगठनात्मक सिद्धान्तको विकास हुनुपूर्व संगठन निर्माण र सञ्चालनका आफ्नै खाले विधि र प्रणालीहरू अभ्यासमा थिए। ती विधि र प्रणालीमा प्रशस्त कमी र कमजोरीहरू थिए, जसका कारणले राजनीतिक दलहरू अन्तरसंघर्षको शिकार बन्दथे। पार्टी सञ्चालन र नेतृत्व निर्माणको विधिसम्मत प्रणाली नबन्दा विवादमा समेत टूटफूटको निरन्तर शृङ्खला चलिरहन्थ्यो। यस्तो अवस्थामा सुधार गरेर लेनिनले अक्टुबर क्रान्तिको दौरानमा लेनिनवादी संगठनात्मक सिद्धान्तको विकास गर्नुभयो। विश्वका कम्युनिष्ट पार्टीहरूले आमरूपमा लेनिनवादी संगठनात्मक सिद्धान्तलाई अवलम्बन गर्दै आएका छन्। आफ्नो मुलुक र आन्दोलनको विशिष्टतामा त्यसको सिर्जनात्मक अभ्यास गर्दै आएका छन्।

२२ अप्रिल १९४९ तदनुरूप २००६ साल वैशाख ९ गतेका दिन स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीले स्थापनाकालदेखि नै सैद्धान्तिक रूपमा लेनिनवादी संगठनात्मक सिद्धान्तलाई आत्मसात गर्दै आएको छ। उक्त सिद्धान्तअन्तर्गत पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा नेपाल कम्युनिष्ट पार्टी आफ्नैखाले अभ्यास र अनुभवबाट गुज्रिन पुग्यो। विभिन्न कालखण्डमा कहिले भूमिगत भएर, कहिले अर्धभूमिगत रूपमा र कहिले खुलारूपमा नेपाल कम्युनिष्ट पार्टीले काम गर्नुपर्‍यो। भारत प्रवासमा बसेर देशभित्रको कामको संयोजन गर्ने अवस्थाबाट पनि गुज्रिनु पर्‍यो। झापा विद्रोहको जगमा को–अर्डिनेशन केन्द्र हुँदै नेकपा (माले) को कालमा पार्टीले जनतामा आश्रित रहेर कडा भूमिगत शैलीमा पार्टी निर्माण र सञ्चालन गर्ने अभ्यास गर्‍यो। २०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलतापछि, खुला राजनीतिमा आएपछिका हाम्रा अभ्यास र अनुभवहरू विस्तारित हुन पुगे। यसै अवधिमा हाम्रो पार्टी राज्यसत्ताको प्रमुख अङ्ग केन्द्रीय सरकारमा सहभागी बन्न पुग्यो। विभिन्न समयमा सरकारको नेतृत्वसमेत गर्न पुग्यो। सरकारमा रहँदाका र प्रतिपक्षमा रहँदाका हाम्रा अनुभवहरू पनि त्यसमा जोडिन पुगे। यतिबेला हाम्रो पार्टी इतिहासका विभिन्न कालखण्डका संगठनात्मक कामका विशिष्ट अनुभव, वर्तमानमा राष्ट्रिय राजनीतिमा खेलिरहेको नेतृत्वदायी केन्द्रीय भूमिका र भविष्यमा विकास एवं समृद्धिको आकाङ्क्षा पूरा गर्नसक्ने जनताको भरोसायोग्य पार्टीको हैसियतमा आफ्नो संगठनात्मक जीवनलाई थप व्यवस्थित र सुदृढ गर्दै अघि बढ्नुपर्ने अवस्थामा छ।

२. नेपालको कम्युनिष्ट आन्दोलन गुट, फूट र विभाजनको शृङ्खलाबाट गुज्रिंदै, एकता अनि एकीकरणको प्रक्रिया हुँदै यहाँसम्म आइपुगेको हो। पार्टी स्थापनाको छोटो समयमा नै नेकपाका संस्थापक महासचिव पुष्पलाललाई महाधिवेशनको नेतृत्वसमेत गर्न नदिई पोलिटब्यूरोको बैठकबाट हटाइएको दु:खद इतिहास पनि हाम्रासामू छ। पार्टी नीति र नेतृत्वका बीचमा संगति नमिलेर आन्दोलनले नोक्सानी व्यहोर्नुपरेका तीता अनुभवहरू पनि हाम्रासामू छन्।

*यतिबेला हाम्रो पार्टी इतिहासका विभिन्न कालखण्डका संगठनात्मक कामका विशिष्ट अनुभव, वर्तमानमा राष्ट्रिय राजनीतिमा खेलिरहेको नेतृत्वदायी केन्द्रीय भूमिका र भविष्यमा विकास एवं समृद्धिको आकाङ्क्षा पूरा गर्नसक्ने जनताको भरोसायोग्य पार्टीको हैसियतमा आफ्नो संगठनात्मक जीवनलाई थप व्यवस्थित र सुदृढ गर्दै अघि बढ्नुपर्ने अवस्थामा छ।*

केन्द्रीय नेतृत्वले कार्यकर्ताको भावनाको नेतृत्व गर्न असफल भएर कार्यकर्ताका बीचबाट पुन: पार्टी नेतृत्वको निर्माण गर्नुपरेको अनुभव पनि हामीसँग छ। तेस्रो महाधिवेशनसम्म नेकपा एकताबद्ध रूपमा रहे पनि त्यसपछि भने गठन, विघटन र पुनर्गठनको प्रक्रियाबाट गुज्रिनु पर्‍यो। तेस्रो महाधिवेशनपछि पार्टी पुनर्गठनको अगुवाइ कमरेड पुष्पलालले गर्नुभयो। कमरेड पुष्पलाललाई नेकपा विभाजनको आरोप लगाउँदै पार्टीलाई "एकताबद्ध बनाउने अभियान सञ्चालन गर्नेहरू" पनि कालान्तरमा कमरेड पुष्पलालकै बाटोको अनुशरण गर्न पुगे। तर कमरेड पुष्पलालको नेतृत्वमा पुनर्गठन भएको पार्टी आफैँ फूट र विभाजनको शिकार बन्न पुग्यो।

झापा विद्रोहको जगमा को–अर्डिनेशन केन्द्र हुँदै गठन भएको नेकपा (माले) नेपालको कम्युनिष्ट आन्दोलनको पुनर्गठन र एकताको मूलपक्ष बन्न पुग्यो। यही पार्टीको अगुवाइमा २०४६ सालमा वाममोर्चा गठन भई नेपाली कांग्रेससमेतको सहभागितामा संयुक्त जनआन्दोल सफल भएको थियो। ऐतिहासिक जनआन्दोलनको सफलतासँगै २०४७ सालमा नेकपा (माले) र मार्क्सवादी समूहका बीचमा पार्टी एकता भई नेकपा (एमाले) निर्माण हुनपुग्यो। त्यसपछि पनि एकता र एकीकरणको प्रक्रिया निरन्तर अघि बढ्यो। केन्द्रीय न्यूक्लियस हुँदै अघि बढेको पार्टी पुनर्गठनको अर्को धारा चौथो महाधिवेशनको धाराका रूपमा अघि बढ्यो। नेपाली राजनीतिमा माओवादी धाराका शक्तिहरूको जग

मूलत: चौथो महाधिवेशनको धारा नै हो। २०७४ सालपछि नेकपा (एमाले)ले माओवादी आन्दोलनको मुख्य धारा नेकपा (माओवादी) लाई समेत एकीकृत गराएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को गठन गर्नपुग्यो। तर त्यो एकता जटिल अन्तरसंघर्षमा फस्न गई असफल भयो।

३. नेपालको कम्युनिष्ट आन्दोलनको मूलप्रवाहका रूपमा रहेको नेकपा (एमाले) जतिबेला जनताका बीचमा लोकप्रिय बन्नपुग्दछ, त्यतिबेला पार्टीभित्र अन्तरसंघर्ष तीव्र बन्ने र पार्टी विभाजनसम्म पुग्ने तीतो अनुभव पनि हाम्रोसामू छ। पार्टीको नेतृत्वमा पहिलो सरकार बनेसँगै सुरु भएको पार्टीभित्रको अन्तरसंघर्ष एकीकृत महाकाली सन्धिका नाममा राष्ट्रघात भयो भनेर २०५४ सालमा पार्टी विभाजन गर्ने तहसम्म पुग्यो। त्यसक्रममा पार्टीको एउटा हिस्सा पार्टीबाट बाहिरिन पुग्यो। समयक्रममा विभाजनको नेतृत्व गर्ने नेताहरू सीपी मैनालीलाई छोडेर पुन: पार्टीमा जोडिनुभयो। तर उक्त विभाजनको क्षतिपूर्ति गर्न लामो समय लाग्यो। दोस्रो संविधानसभाबाट संविधान जारी भएसँगै हाम्रो पार्टीको नेतृत्वमा बनेको सरकारले नाकाबन्दीको सामना गर्नेदेखि लिएर संविधान कार्यान्वयनमा खेलेको प्रभावकारी भूमिकाका कारणले पार्टी जनताका बीचमा निकै लोकप्रिय बन्न पुग्यो। त्यसको जगमा २०७४ सालमा नेकपा (एमाले) र नेकपा (माओवादी) का बीचमा ६०–४० को अनुपातमा चुनावी तालमेल भयो र चुनावमा गठबन्धनले ऐतिहासिक सफलता हासिल गऱ्यो। झन्डै दुई तिहाइको नजिक पुगेको गठबन्धनलाई सरकार गठनमा समेत रोक्ने कोशिस भयो। गठबन्धनको साझेदार माओवादी नेतृत्व चुनावी गठबन्धनको मर्मविपरीत सत्ताको सौदाबाजीमा संलग्न भयो। ऊ पार्टी एकताको शर्तमा मात्र सरकारमा सहभागी हुन तयार भयो। संयुक्त सरकार गठन भएको केही समयमा दुई पार्टीका बीचमा पार्टी एकता भई नेकपा गठन भयो। नेकपा नेतृत्वको सरकार अत्यन्त सफल र लोकप्रिय बन्दै गएको बेलामा पुन: नेकपाभित्र निकै गहिरो अन्तरसंघर्ष उत्पन्न भयो। दुई पार्टीका बीचमा भएको एकताको मर्मविपरीत बहुमतका नाममा सरकार र पार्टीको नेतृत्वबाट नेकपा

*नेपालका सन्दर्भमा मूल पार्टीबाट विभाजित भएर बनेका पार्टीहरू समयक्रममा कार्यकर्ता र जनता दुवैबाट तिरस्कृत भएका छन्। तर पनि नेपालका राजनीतिक दलहरूभित्र शक्ति सुदृढ भएसँगै र पार्टीले सरकारको नेतृत्व गर्ने सम्भावना प्रबल भएसँगै पार्टीको एकता जोगाउने कुरा सदैव चुनौतीपूर्ण बन्ने गरेको देखिन्छ।*

(एमाले) को **नवौं महाधिवेशन**बाट निर्वाचित नेतृत्वलाई विस्थापित गर्ने कोशिस भयो । उक्त अन्तरसंघर्षका कारणले नियोजित रूपमा २०७४ सालको जनताको लोकप्रिय जनादेशलाई खण्डित गर्ने र जनमत प्राप्त गर्न असफल भएको नेपाली कांग्रेसको नेतृत्वमा अदालतको परमादेशका आधारमा नयाँ सरकार बनाउने काम भयो ।

नेकपा गठनपछि नेकपा (एमाले) को गौरवपूर्ण संगठनात्मक जीवन खल्बलिन पुग्यो। नेकपाको नामका सन्दर्भमा परेको मुद्दामा सर्वोच्च अदालतले गरेको फैसलाका आधारमा पुनर्स्थापित भएका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पुन: एकताबद्ध हुने अवस्था रहेन। बरु उल्टै नेकपा (एमाले) लाई षड्यन्त्रपूर्ण तरिकाबाट विभाजन गर्ने काम भयो । नेकपा (एकीकृत समाजवादी) का नाममा विभाजित भएका नेता र कार्यकर्ताहरू यतिबेला उक्त पार्टीको भविष्य नरहेको निष्कर्षमा पुगेका छन्। नेपालका सन्दर्भमा मूल पार्टीबाट विभाजित भएर बनेका पार्टीहरू समयक्रममा कार्यकर्ता र जनता दुवैबाट तिरस्कृत भएका छन् । तर पनि नेपालका राजनीतिक दलहरूभित्र शक्ति सुदृढ भएसँगै र पार्टीले सरकारको नेतृत्व गर्ने सम्भावना प्रबल भएसँगै पार्टीको एकता जोगाउने कुरा सदैव चुनौतीपूर्ण बन्ने गरेको देखिन्छ ।

४. **मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास**का क्रममा **जनताको बहुदलीय जनवाद**को मौलिक कार्यक्रम र सिद्धान्तको विकाससँगै पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा जबजले अवलम्बन गरेको लोकतान्त्रिकरणको मान्यताका आधारमा हाम्रो पार्टी लेनिनवादी संगठनात्मक सिद्धान्तलाई सिर्जनात्मक रूपमा प्रयोग गर्दै अघि बढिरहेको छ। पार्टीको **आठौँ राष्ट्रिय महाधिवेशन**ले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आत्मसात गर्दै अघि बढेपछि त्यसका सबल र दुर्बल पक्षको समीक्षा गर्दै अघि बढ्ने कोशिस पार्टीले गर्दैआएको छ। **दशौं राष्ट्रिय महाधिवेशन**पछि पार्टीले पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा योजनाबद्ध पहल अघि बढाउँदै आएको छ। फूट र विभाजनका असरहरू कम गर्नका लागि आन्तरिक एकतामा जोड दिन पुग्दा आन्तरिक लोकतन्त्र कमजोर भएको भनेर आलोचना हुने र आन्तरिक प्रतिस्पर्धालाई अघि बढ्न दिंदा पक्ष र विपक्षका रूपमा पार्टीमा समूहबन्दीको अवस्था सिर्जना हुने अनि त्यसले पार्टी जीवनलाई समेत अस्वस्थकर बनाउने स्थिति उत्पन्न हुने गरेको छ। नेतृत्व निर्माणका सन्दर्भमा पार्टीले विगतदेखि नै अवलम्बन गर्दैआएको असल अभ्यासलाई समेत हस्तक्षेपका रूपमा चित्रित गर्ने र विवादित बनाउने काम हुने गरेको छ। त्यसमाथि आमरूपमा चुनावी प्रतिस्पर्धा पछि प्रतिस्पर्धी नेतृत्वका बीचमा एकता र सहकार्यको विषय निकै चुनौतीपूर्ण बन्न पुगेको देखिन्छ। पार्टीमा आन्तरिक लोकतन्त्रलाई विस्तार गर्नका लागि लोकतान्त्रिक संस्कृतिको विकास अपरिहार्य देखिन्छ।

५. पछिल्लो समयमा पार्टीमा पुराना र अनुभवी कार्यकर्ताको ठूलो पङ्क्ति तयार भएको छ। तल्ला कमिटीमा लामो समय बसेर विदा हुने र माथिल्लो कमिटीमा व्यवस्थापनका लागि वैधानिकताको समस्या उत्पन्न हुने अवस्था सिर्जना भएको छ। अन्य पार्टीबाट हाम्रो पार्टीमा आउन चाहनेहरूको संख्या पनि निकै ठूलो छ। पार्टी प्रवेश गराएर व्यवस्थापन गर्ने कुरा पनि चुनौतीको विषय बन्न पुगेको छ। त्यसमाथि समावेशिताको व्यवस्थाअनुसार नेतृत्वमा आइपुगेका कतिपय नेता र कार्यकर्ताको क्षमता विकास हुन नसक्दा पार्टी काममा समस्या

*पार्टीको आठौँ राष्ट्रिय महाधिवेशनले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आत्मसात गर्दै अघि बढेपछि त्यसका सबल र दुर्बल पक्षको समीक्षा गर्दै अघि बढ्ने कोशिस पार्टीले गर्दैआएको छ। दशौँ राष्ट्रिय महाधिवेशनपछि पार्टीले पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा योजनाबद्ध पहल अघि बढाउँदै आएको छ।*

देखिने गरेको छ। नेकपाको समयदेखि नै पार्टी कमिटी र कार्यकर्ताको स्व–परिचालनमा गम्भीर समस्या देखिंदै आएको हो। अभियान र निर्देशनआधारित परिचालनको अभ्यास प्रबल बन्दै गएको छ। आमजनतासँगको पार्टी कार्यकर्ताको अन्तरसम्बन्धलाई घनिष्ठ बनाउने कुरा थप चुनौतीको विषय बन्न पुगेको देखिन्छ। पार्टी सदस्यताको विस्तारसँगै संगठित सदस्य कुनै न कुनै कमिटीमा संगठित हुनुपर्ने वैधानिक व्यवस्थाको कार्यान्वयनमा समेत जटिलता देखिने गरेको छ। परिणामस्वरूप पार्टीसम्बद्ध जनसंगठन र सरोकारवाला संगठनहरू पार्टी कार्यकर्ता व्यवस्थापन गर्ने थलो बन्दै गएका छन्। पार्टीका स्थानीय तहमा स्वार्थआधारित समूहबन्दी समस्याको जटिल विषय बन्दै गएको छ। उक्त समस्या चुनावी घात र प्रतिघातमा समेत प्रकट हुनथालेको छ।

६. पार्टीले विभिन्न समयमा देखिने फूट र विभाजनका चुनौतीहरूलाई सहजै सामना गर्दैआएको छ। छोटो समयमा फूट र विभाजनका असरहरूलाई मेटेर पार्टीलाई जनताको रोजाइको पहिलो पार्टी बनाउन सफलसमेत भएको छ। तर राष्ट्रिय आवश्यकताका दृष्टिकोणबाट हाम्रो पार्टी अझै निर्णायक शक्तिका रूपमा विकास हुन सकिरहेको छैन। बलियो र निर्णायक पार्टी वैचारिक एकता र संगठनात्मक अनुशासनको जगमा मात्र निर्माण गर्न सकिन्छ। पार्टीको **दशौं राष्ट्रिय महाधिवेशन**ले **दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको**

**आधार तयार गरौं** भन्ने मूल नारा अघि सारेको थियो । तर त्यसका आधारमा पार्टीलाई अझै सुदृढ र व्यवस्थित गर्न सकिएको छैन। त्यसमाथि पार्टीमा उत्पन्न हुने असहमति र अन्तरसंघर्ष विधिसम्मत ढङ्गले अघि बढ्न नसक्दा जटिलता उत्पन्न हुने गरेको छ । वास्तवमा विधिसम्मत ढङ्गले अघि बढ्ने हो भने असहमतिलाई सहमतिमा र अन्तरविरोधलाई एकतामा बदल्न सकिन्छ । तर पार्टी एकतालाई कमजोर बनाउने गरी विग्रह पैदा गर्ने, अन्तर्घात गर्ने, अन्तरध्वंस मच्चाउने कुराको औचित्य कहिल्यै पुष्टि हुनसकेको छैन र हुन पनि सक्दैन ।

## ख.

## पार्टी निर्माणको सैद्धान्तिक आधार

१. वर्गीय समाजमा राजनीतिक दलहरू वर्गीय दृष्टिकोणका आधारमा वर्गीय हितलाई केन्द्रबिन्दूमा राखेर गठन र सञ्चालित हुन्छन्। वर्ग दृष्टिकोणबाट अलगथलग भएको राजनीतिक दल लामो समयसम्म अस्तित्वमा रहनसक्दैन। कम्युनिष्ट पार्टीले आफ्नो मुलुकको श्रमजीवी वर्ग र उत्पीडित समुदायको हितलाई केन्द्रबिन्दूमा राखेर काम गर्दछ। निश्चित वर्ग र समुदायको हितका दृष्टिले आंशिक हितको प्रतिनिधित्व वर्गीय संगठन र सामाजिक संघ–संस्थाले पनि गर्न सक्दछन्। तर तिनीहरूका माध्यमबाट राज्यसत्ताको नेतृत्व गर्न र त्यसका माध्यमबाट समग्र हितको प्रतिनिधित्व गर्न सम्भव हुँदैन। मार्क्सवादले सामाजिक विकासको मुख्य कडी वर्गसंघर्षलाई मान्दछ। लोकतन्त्रमा वर्गसंघर्ष आवधिक निर्वाचनका माध्यमबाट केन्द्रित रूपमा प्रकट हुने गर्दछ। आवधिक निर्वाचनमा जुन वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक दलले बहुमत प्राप्त गर्न सक्यो, राज्यसत्ताको कार्यकारी भूमिकामा त्यही वर्गको नेतृत्व कायम हुन्छ। नेपालमा पुरातनवादी पार्टीहरू सामन्ती समाजका उपज हुन्। २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनले त्यस वर्गको राजनीतिलाई पराजित गरेको अवस्था हो। पूँजीवादी पार्टीहरूले पूँजीपति वर्गको र कम्युनिष्ट तथा वामपन्थी पार्टीहरूले श्रमजीवी वर्गको हितको प्रतिनिधित्व गर्दछन्। नेपालको संविधान २०७२ को प्रस्तावनामा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने कुरामा जोड दिइएको छ। यस अर्थमा नेपालको संवैधानिक व्यवस्थामा विश्वास गर्ने

राजनीतिक दलहरूका लागि उक्त मान्यतामा आधारित रहेर अघि बढ्नुपर्ने हुन्छ । समाजवाद निर्माणका सन्दर्भमा विश्वमा दुई प्रमुख मान्यता स्थापित छन्; पहिलो वैज्ञानिक समाजवाद र दोस्रो प्रजातान्त्रिक समाजवाद । नेकपा (एमाले) वैज्ञानिक समाजवादको अवधारणामा आधारित नेपाली विशेषतासहितको समाजवाद निर्माण गर्न चाहन्छ ।

२. नेकपा (एमाले) प्रमुख रूपमा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने पार्टी हो । तथापि, वर्तमान परिस्थितिमा हाम्रो पार्टी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्यप्रति सहमत समाजका सबै सकारात्मक वर्ग र समुदायलाई समेत साथमा लिएर अघि बढ्न चाहन्छ । अहिले नेपाली समाज पूँजीवादको प्रारम्भिक चरणमा रहेको भए पनि तदनुरूपको उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकास हुनसकेको छैन । २०६२/०६३ मा राजनीतिक क्रान्ति सम्पन्न भए पनि न त्यो बुर्जुवा क्रान्तिजस्तो पूँजीपति वर्गको नेतृत्वमा सम्पन्न हुनसक्यो, न त त्यो जनवादी क्रान्तिको तहमा मजदूर र किसानको नेतृत्वमा सम्पन्न हुनसक्यो । त्यो राजनीतिक क्रान्ति बुर्जुवा वर्ग र श्रमजीवी वर्गको नेतृत्व गर्ने राजनीतिक दलहरूको संयुक्त सहभागिता र नेतृत्वको संयुक्त जनआन्दोलन थियो । त्यसले शान्तिपूर्ण तरिकाबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरे पनि राज्यसत्तामा कुनै पनि एउटा वर्गको नेतृत्व स्थापित हुनसकेको छैन । **जनताको बहुदलीय जनवाद**ले यस प्रकारको परिस्थिति र सम्भावनाको आङ्कलन समेत गर्दै राजनीतिक क्रान्तिपछि तीन विशेष अवधि पूरा गरेरमात्र समाजवादमा पुग्न सकिने मान्यता अघि सारेको छ । त्यसमा पहिलो, पुरानो समाज व्यवस्थाका अवशेषहरूलाई समूल अन्त्य गर्ने, दोस्रो, क्रान्तिबाट स्थापित भएको उत्पादन सम्बन्धलाई सबल र सुदृढ बनाउने गरी आर्थिक, सामाजिक र सांस्कृतिक विकास एवं रूपान्तरणको कामलाई अघि बढाउने र तेस्रो, समाजवादमा सङ्क्रमणको उद्देश्यअनुरूप आर्थिक, सामाजिक विकासको कामलाई तीब्रता दिने । यही नीतिअनुरूप यतिबेला हाम्रो पार्टीले **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा र

*सूचना प्रविधिमा आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) को विकासले वर्गसंघर्षको स्वरूप र श्रमसम्बन्धमा जटिलता ल्याउने अनुमान गरिएको छ। प्रविधि र डाटाको एकाधिकारले समाजमा असमानता र बेरोजगारीको समस्या तीव्र रूपमा बढ्ने अनुमान गरिएको छ।*

राष्ट्रिय गन्तव्य निर्धारण गरेको छ । सोही गन्तव्य हासिल गर्नेक्रममा नै नेपाली समाजमा नेपाली विशेषताको समाजवाद निर्माण गर्न सकिने पार्टीको निष्कर्ष र विश्वास रहेको छ ।

३. अहिले विज्ञान, प्रविधि र व्यवस्थापनका क्षेत्रमा भएको विकासले उत्पादक शक्ति र उत्पादन सम्बन्धको ढाँचा एवं अन्तरसम्बन्धमा गहिरो प्रभाव र परिवर्तन ल्याइरहेको छ। विगतको प्रत्यक्ष श्रमशोषणमा आधारित उत्पादन ढाँचामा परिवर्तन आएको छ । सूचना प्रविधिमा आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) को विकासले वर्गसंघर्षको स्वरूप र श्रमसम्बन्धमा जटिलता ल्याउने अनुमान गरिएको छ । प्रविधि र डाटाको एकाधिकारले समाजमा असमानता र बेरोजगारीको समस्या तीब्र रूपमा बढ्ने अनुमान गरिएको छ। यस्तो अवस्थामा सूचना प्रविधि र डाटाको प्रयोगमा एकाधिकारको स्थिति आउन नदिनका लागि नयाँ शिराबाट सामाजिक र राजनीतिक आन्दोलनलाई संगठित गर्नुपर्ने कुराको आवश्यकता विश्वस्तरमै बढ्न गएको छ। एआईको बढ्दो प्रयोगले समाजमा पर्नसक्ने असरलाई कम गर्नका लागि अहिलेदेखि नै कानूनी, प्राविधिक र संरचनागत कामलाई तीब्रता दिनुपर्ने आवश्यकता देखिन्छ । यी र यस्ता पक्षहरूले पनि हाम्रो आन्दोलन र संगठनात्मक व्यवस्थापनमा गहिरो प्रभाव पार्नेछन् ।

४. कम्युनिष्ट पार्टीको नाम र झण्डाले मात्र कुनै पनि पार्टी क्रान्तिकारी हुँदैन। नेपालमा कम्युनिष्ट नामका पार्टीहरू नै कम्युनिष्ट आन्दोलनलाई कमजोर बनाउने माध्यम बनेका देखिन्छन्। शान्तिपूर्ण प्रतिस्पर्धाका माध्यमबाट जनविश्वास आर्जन गरी अघि बढ्ने प्रबल सम्भावना भएका बेलामा पार्टी विभाजनको नेतृत्व गर्ने र कम्युनिष्टविरोधी शक्तिहरूसँग साँठगाँठ गरेर क्रान्तिका नाममा हिंसाको राजनीति सुरु गर्नेसम्मका काम पनि कम्युनिष्ट पार्टीका नाममा नै भए। एउटै कम्युनिष्ट पार्टी निर्माण गर्ने उद्देश्यसहित चुनावी तालमेल गरेका र तत्पश्चात् पार्टी एकता गरेर एउटै पार्टी बनाएका बेलामा पनि आफ्नै पार्टी नेतृत्वको सरकार ढाल्नका लागि विपक्षीसँग मिलेकाहरूले पनि कम्युनिष्ट आन्दोलनको रक्षा र विकासको कुरा गर्ने गरेको हामीले सुन्ने गरेका छौं। समाजको परिवर्तन र रूपान्तरणका लागि सही सिद्धान्त, नीति र कार्यक्रमका साथै सोहीअनुसारको व्यवहारको आवश्यकता पर्दछ। जननेता मदन भण्डारीले सिद्धान्तलाई व्यवहारमा लागू गर्ने कुरामा निरन्तर जोड दिनुभयो। व्यवहारमा लागू नहुने सिद्धान्तलाई बोकेर हिंड्न नसकिने बताउनुभयो। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले व्यहोर्नुपरेको अभूतपूर्व धक्काको वस्तुनिष्ठ समीक्षा गर्दै जननेता भण्डारीले **मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास**मा जोड दिनुभयो। सोहीक्रममा नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रूपमा **जनताको बहुलीय जनवाद**को विकासको नेतृत्व गर्नुभयो। आज **जनताको बहुदलीय जनवाद** नेपाली क्रान्तिलाई मार्गदर्शन गर्ने सिद्धान्तका रूपमा स्थापित छ। यही सिद्धान्तले हामीलाई पार्टी निर्माणमा र पार्टी जीवनको लोकतान्त्रिकरण गर्नमा दिशानिर्देश गरिरहेको छ।

५. कमरेड पुष्पलालले सदैव **पार्टीमाथि विश्वास गर** भन्ने कुरामा जोड दिनुभयो। उहाँले पार्टी निर्माणका सन्दर्भमा तीन ‘स’ (सिद्धान्त, संगठन र संघर्ष) को नीतिमा जोड दिनुभयो। पार्टी निर्माणका लागि सही सिद्धान्तपछिको सबैभन्दा महत्वपूर्ण विषय पार्टीको संगठनात्मक सिद्धान्त रहेको कुरामा उहाँ विशेष जोड दिनुहुन्थ्यो। **जनताको बहुदलीय जनवाद**का सर्जक जननेता भण्डारीले

*जनताको बहुदलीय जनवादका सर्जक जननेता भण्डारीले पार्टी निर्माणको सन्दर्भमा नवीन दृष्टिकोणको रूपमा प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने मूल नीति अघि सार्नुभयो। सोही नीतिका आधारमा पार्टी निर्माणको लोकतान्त्रिक मान्यतालाई अघि बढाउनुभयो।*

पार्टी निर्माणको सन्दर्भमा नवीन दृष्टिकोणको रूपमा प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने मूल नीति अघि सार्नुभयो। सोही नीतिका आधारमा पार्टी निर्माणको लोकतान्त्रिक मान्यतालाई अघि बढाउनुभयो। उहाँले पार्टीका गुण–अवगुणहरूमात्र होइन; नेता, कार्यकर्ता र सदस्यका गुण–अवगुणहरूलाई समेत जनताको मूल्याङ्कनको विषय बनाउनुपर्ने कुरामा जोड दिनुभयो। उहाँले सिंगो पार्टीका निश्चित तहहरूका बीच अन्तरसम्बन्ध भएको शृङ्खलाबद्ध कमिटी प्रणाली हुनुपर्ने विषयमा जोड दिनुभयो। पार्टीमा निर्धारित गुण र मापदण्डको ग्यारेन्टी गर्दै सबै जाति, भाषा, धर्म, सम्प्रदाय र भौगोलिक क्षेत्रहरूमा पार्टीलाई विस्तार गर्न तथा पार्टीलाई व्यापक जनतामा आधारित बनाउन जोड दिनुभयो। उपरोक्त दृष्टिकोण र मान्यतासमेतका आधारमा सबल र सुदृढ पार्टी निर्माणका सन्दर्भमा निम्न विषयमा जोड दिनु आवश्यक छ :

**एक–** पार्टीको सिद्धान्त, नीति र कार्यक्रमका आधारमा पार्टीपङ्क्तिलाई वैचारिक र राजनीतिक रूपमा सबल र सक्षम बनाउने।

**दुई–** श्रमजीवी वर्गीय दृष्टिकोणमा आधारित रहँदै सबै जाति, भाषा, धर्म, सम्प्रदाय र भौगोलिक क्षेत्रमा पार्टी कामलाई विस्तार गर्ने। सम्बन्धित क्षेत्रको कामको नेतृत्व गर्नसक्ने सक्षम र योग्य कार्यकर्ता पङ्क्ति तयार गर्ने।

**तीन–** नेतृत्व, कमिटी, कार्यकर्ता र जनताका बीचमा गहिरो अन्तरसम्बन्ध भएको शृङ्खलाबद्ध कमिटी प्रणालीको विकास गर्ने। आवधिक रूपमा पार्टी कमिटी र कार्यकर्ताको विधिसम्मत मूल्याङ्कन गर्ने।

**चार–** पार्टी नीतिअनुरूप राष्ट्रिय हित र जनसरोकारका विषयमा पार्टीपङ्क्तिको व्यापक परिचालन गर्ने। पार्टीसम्बद्ध जनसंगठनलाई सम्बन्धित वर्ग र समुदायआधारित बनाउँदै बहुसंख्यक जनताका बीचमा पार्टीलाई स्थापित गर्ने।

**पाँच–** आर्थिक–सामाजिक विकास र रूपान्तरणको राजनीतिक कार्यदिशा कार्यान्वयन गर्ने गरी उद्यमशीलता, उत्पादकत्व वृद्धि र सामाजिक सुधारको काममा पार्टी कमिटी र कार्यकर्तालाई परिचालित गर्ने। उत्पादन र उद्यमशीलता आधारित श्रम संस्कृतिको विकास गर्ने।

**छ–** पार्टीपङ्क्तिलाई आमजनताका बीचमा घनिष्ठरूपमा स्थापित गर्दै संघ, प्रदेश र स्थानीय, तीनै तहको निर्वाचनमा विजय हासिल गर्न सक्ने गरी पार्टीपङ्क्तिलाई सुदृढ बनाउने। पार्टीको नेतृत्व र सहभागिता रहेका तीनै तहका सरकार र जनप्रतिनिधिहरूका कामलाई राजनीतिक कार्यदिशाअनुरूप प्रभावकारी बनाउने।

**सात–** शक्तिसंचयको कार्यनीतिअनुरूप शक्ति सुदृढ गर्दै पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिमा बदल्ने। आमनिर्वाचनमा लोकप्रिय जनादेश प्राप्त गरी बहुमतको सरकारको नेतृत्व गर्दै शान्तिपूर्ण र वैधानिक बाटोबाट नेपाली विशेषताको समाजवाद निर्माणको आधार तयार गर्ने।

# ग.

# संगठनात्मक सिद्धान्त र जबज

१. हाम्रो पार्टी नेकपा (एमाले)ले मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासको बाटोबाट आजको अवस्थामा आइपुगेको हो। मार्क्सवादको प्रतिपादनमा मार्क्स र एंगेल्सको नेतृत्वकारी भूमिका रह्यो। तर संगठनात्मक सिद्धान्तका प्रश्नमा उहाँहरूले खासै ध्यान दिनुभएन। लेनिनले विगतका अनुभवहरूबाट सिक्दै बोल्सेभिक क्रान्तिलाई अघि बढाउने क्रममा विकसित गर्नुभएका संगठनात्मक कामका अनुभवहरू लेनिनवादी संगठनात्मक सिद्धान्तका रूपमा स्थापित भए। त्यही लेनिनवादी संगठनात्मक सिद्धान्त क्रमश: विश्व कम्युनिष्ट आन्दोलनमा मात्र होइन आमरूपमा पार्टी निर्माण र सञ्चालनको वैज्ञानिक सिद्धान्त बन्न पुग्यो। अन्य सबै प्रकारका संघ, संगठन सञ्चालनमा समेत यस सिद्धान्तको अनुशरण हुँदै आयो। माथि नै चर्चा गरिसकिएको छ, नेपाल कम्युनिष्ट पार्टीले स्थापनाकालदेखि नै त्यसलाई आत्मसात गर्दै आएको छ। मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासका क्रममा **जनताको बहुदलीय जनवाद**को मौलिक कार्यक्रम र सिद्धान्तको विकासपछि भने लेनिनवादी संगठनात्मक सिद्धान्तलाई लोकतान्त्रिकरणको नवीन मान्यताका आधारमा परिष्कृत गर्दै अघि बढ्ने काम हुँदै आएको छ।

२. लेनिनवादी संगठनात्मक सिद्धान्तअन्तर्गत व्यक्तिहरू संगठनको मातहत हुन्छन्, तल्ला कमिटीहरू माथिल्ला कमिटीको मातहत हुन्छन्। केन्द्रीय कमिटी र केन्द्रीय निकायहरू महाधिवेशनको मातहत हुन्छन्। अधिवेशन र महाधिवेशन पार्टी सदस्यहरूका मातहत हुन्छन्। पार्टी सदस्यहरूले आफूमा

नीहित सम्प्रभूताको प्रयोग गरी महाधिवेशनका माध्यमबाट नीति, विधि र नेतृत्व निर्माणमा निर्णायक भूमिका खेल्छन्। महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटी दुई महाधिवेशनका बीचको सर्वोच्च नेतृत्वदायी अंगका रूपमा रहन्छ। केन्द्रीय कमिटीले महाधिवेशनका माध्यमबाट कार्यकर्ताले प्रत्यायोजन गरेका अधिकारको प्रयोग गर्दछ। तर त्यसरी अधिकारको प्रयोग गरिरहँदा महाधिवेशनले पारित गरेका नीति र विधिको पालना गर्नुपर्ने हुन्छ।

३. लेनिनको नेतृत्वमा बोल्सेभिक क्रान्तिको समयमा विकास भएको लेनिनवादी संगठनात्मक सिद्धान्त प्रयोगमा आएको एक सय वर्षभन्दा बढी भइसकेको छ। यस अवधिमा सोभियत क्रान्तिबाट स्थापित भएको समाजवाद विघटनसमेत भएको लामो समय बितिसकेको छ। क्रान्तिकालमा गरिएका संगठनात्मक अभ्यासहरू क्रान्तिपश्चात्को शान्तिकालमा समेत सोहीरूपमा लागू गर्न पुग्दा अन्तरपार्टी जनवाद कमजोर हुने र सर्वसत्तावाद हावी हुने स्थिति उत्पन्न भयो। रुसी क्रान्तिको सफलता र त्यसको लोकप्रियताले विश्वका धेरै कम्युनिष्ट पार्टीहरूमा रुसी कम्युनिष्ट पार्टीको अन्धानुकरणको प्रवृत्तिसमेत मौलायो। लेनिनको निधनपछि सोभियत सत्तामा सर्वसत्तावादको अभ्यास हुनथाल्यो र त्यसैलाई लेनिनवाद भनेर बुझ्ने र व्याख्या गर्ने प्रवृत्ति पनि बढ्न पुग्यो। यद्यपि, पहिलो र दोस्रो विश्वयुद्धमा नाजीवाद र फासीवादलाई पराजित गर्नका लागि सोभियत संघ र सोभियत जनताले निकै ठूलो मूल्य चुकाउनु पर्‍यो। त्यसक्रममा अवलम्बन गरिएको नीति र सफलताले पनि राज्यसत्ता र पार्टी सञ्चालनमा गहिरो प्रभाव पर्न गयो। विश्वयुद्धको समाप्तिपश्चात् मानव समाजमा नयाँ मूल्य–मान्यताहरू स्थापित भए। संयुक्त राष्ट्र संघजस्ता संस्थाको जन्म भयो, जसले विश्वमा शान्ति र सुरक्षा कायम गर्ने उद्देश्यलाई प्रमुख जिम्मेवारीका रूपमा लियो। राष्ट्रहरूबीचको समानता, मानवअधिकारको संरक्षण, अन्तर्राष्ट्रिय सहयोग, विवादहरूको शान्तिपूर्ण समाधान र त्यसका लागि आवश्यक संरचनाहरूको प्रबन्ध आदिलाई संयुक्त राष्ट्रसंघको दायित्व र भूमिकाका रूपमा स्वीकार गरियो। मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी

*दोस्रो विश्वयुद्धको अन्त्य, अक्टुबर समाजवादी क्रान्तिको सफलता र संयुक्त राष्ट्र संघजस्ता विश्व संस्थाहरूको निर्माणजस्ता विषयले राज्यसत्ता, वर्गसंघर्ष, पूँजीवादी एवं साम्राज्यवादी शोषण र उत्पीडनका तरिकाहरूमा बदलावहरू आए। यस्तो स्थितिमा लेनिनवादी संगठनात्मक सिद्धान्तको अभ्यासमा बदलाव आवश्यक बन्नुपर्दथ्यो।*

गरियो, जसले सभ्य समाज निर्माणका लागि बलियो आधार प्रदान गर्‍यो। यद्यपि, शक्ति राष्ट्रहरूका लागि यी विषयहरू आफ्नो स्वार्थअनुकूल व्याख्या र प्रयोग गर्ने विषय बन्ने गरेकै छन्। तर पनि यसले विश्व जनमत निर्माण गर्ने र हरेक देशका सरकारहरूलाई आधारभूत मूल्यहरू कायम गर्नका लागि एक प्रकारको नैतिक दबाब सिर्जना गर्न पुग्यो। दोस्रो विश्वयुद्धको अन्त्य, अक्टुबर समाजवादी क्रान्तिको सफलता र संयुक्त राष्ट्र संघजस्ता विश्व संस्थाहरूको निर्माणजस्ता विषयले राज्यसत्ता, वर्गसंघर्ष, पूँजीवादी एवं साम्राज्यवादी शोषण र उत्पीडनका तरिकाहरूमा बदलावहरू आए। यस्तो स्थितिमा लेनिनवादी संगठनात्मक सिद्धान्तको अभ्यासमा बदलाव आवश्यक बन्नुपर्दथ्यो। जनताका स्वतन्त्र आकाङ्क्षा र चाहनाहरूलाई विधिसम्मत हिसाबले सम्बोधन गर्नसक्नु पर्दथ्यो। तर उल्लेखित पक्षलाई कम्युनिष्ट आन्दोलन र समाजवादी राज्यहरूले समयमै ठीक ढङ्गले ग्रहण गर्न नसक्दा आफैंले ल्याएका उपलब्धिहरूबाट आफैं आरोपित हुने दुःखद् अवस्थासमेत सिर्जना भयो। त्यसमाथि पछिल्ला दिनहरूमा विज्ञान, प्रविधि र व्यवस्थापनका क्षेत्रमा भएका उपलब्धिहरूले मानवीय स्वतन्त्रता र गरिमाको प्रश्न निकै महत्वपूर्ण बन्न पुगेका छन्। यी र यस्तै परिवेशहरूका कारणले लेनिनवादी संगठनात्मक सिद्धान्तको सिर्जनात्मक अभ्यास गर्नुपर्ने आवश्यकता बन्न पुगेको हो।

४. नब्बेको दशकमा सोभियत संघको विघटन र सोभियत मोडेलको समाजवादको असफलतापछि विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक बन्न पुग्यो। त्यसपछि विश्व कम्युनिष्ट आन्दोलनमा दुई प्रकारका गलत प्रवृत्ति हावी बन्न पुगे। एकातिर विगततिर फर्किने जडसूत्रवादी मान्यता देखियो भने अर्कोतिर अब कम्युनिष्ट पार्टीको नाम र झण्डा बोकेर अघि बढ्न सकिंदैन भन्ने विसर्जनवादी मान्यताको विकास भयो। नेपालको कम्युनिष्ट आन्दोलनले जननेता मदन भण्डारीको नेतृत्वमा यी दुवै मान्यताको वैचारिक रूपमा प्रतिवाद गर्‍यो। **जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं** भन्ने मूल नाराका साथ कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको मान्यतालाई अघि सारियो। यही मान्यताको जगमा नेपाली क्रान्तिको मौलिक कार्यक्रम र सिद्धान्तका रूपमा **जनताको बहुदलीय जनवाद**को विकास भयो। सशस्त्र क्रान्ति र सशस्त्र क्रान्तिको सफलतापश्चात् कम्युनिष्ट पार्टीको एकल नेतृत्वमा राज्यसत्ता सञ्चालन गरिरहेका कम्युनिष्ट पार्टीहरूको संगठन सञ्चालनका अभ्यास र जनआन्दोलनको नेतृत्व गरेर अघि बढेको तथा प्रतिस्पर्धा, पहलकदमीका आधारमा सरकारको नेतृत्वमा समेत पुग्ने गरेको पार्टीका लागि पार्टी सञ्चालनका विधि र पद्धति एउटै हुन सम्भव हुँदैनथ्यो। यसअर्थमा **जनताको बहुदलीय जनवाद**को मौलिक कार्यक्रम र सिद्धान्तले लेनिनवादी संगठनात्मक सिद्धान्तको सिर्जनात्मक प्रयोग र विकासको आधार तयार गर्‍यो।

५. नेपालको कम्युनिष्ट आन्दोलन वैचारिक र सांगठनिक रूपमा त्यति स्पष्ट नहुँदा पनि जनसंगठन र जनसंघर्षको नीति अवलम्बन गर्दै अघि बढ्यो। २००७ सालको आन्दोलनको सफलतापश्चात् सम्पन्न भएको काठमाडौँ नगरपालिकाको निर्वाचनमा नेकपा सहभागी भयो र त्यसको नेतृत्व गर्न पुग्यो। उक्त आन्दोलनको सफलतापश्चात् राजा त्रिभुवनबाट घोषणा गरिएको संविधान निर्माणका लागि पहिले विधानसभाको चुनाव हुनुपर्दछ भन्ने मान्यताका पक्षमा उभियो। तर राजाबाट जारी गरिएको संविधानका आधारमा २०१५ सालमा

*संयुक्त जनआन्दोलन र जनताको बहुदलीय जनवादको मौलिक कार्यक्रम एवं सिद्धान्त निर्माणका आधार सोही महाधिवेशनका माध्यमबाट अवलम्बन गरिएका नवीन सोचहरू बन्न पुगे। यसरूपमा नेपालको कम्युनिष्ट आन्दोलनका आफ्नै अभ्यास र अनुभवहरू नै पार्टीको लोकतान्त्रिकरणको आधार तयार गर्न सफल भएको हो।*

सम्पन्न पहिलो संसदीय निर्वाचनमा पनि सहभागी भयो। निर्वाचनमा सहभागी हुने कि नहुने भन्ने अन्योलका बीच चुनावमा भाग लिएका कारणले नेकपाले अपेक्षित सफलता पाउन सकेन। राजा महेन्द्रले २०१७ सालमा सैनिक बलमा संसद विघटन गरी सम्पूर्ण सत्ता आफ्नो हातमा लिने काम गरेपछि नेकपाले निरन्तर रूपमा संयुक्त जनआन्दोलनको पैरवी गऱ्यो। २०३५/०३६ को विद्यार्थी आन्दोलन र त्यसको जगमा भएको जनमत संग्रहजस्ता घटनाले नेपालको राजनीतिक आन्दोलनमा नयाँ जागरण ल्यायो। नेकपा (माले) ले पनि आफ्ना उग्रवामपन्थी र जडसूत्रवादी चिन्तन र व्यवहारलाई सच्याउँदै जनआन्दोलन र जनसंघर्षको नीति अवलम्बन गर्न पुग्यो। २०४३ सालमा सम्पन्न स्थानीय निर्वाचन र राष्ट्रिय पञ्चायतको निर्वाचनमा जनपक्षीय उम्मेदवार खडा गर्ने, चुनावका माध्यमबाट जनमत निर्माण गर्ने, निरंकुश सत्ताको विरोध र भण्डाफोर गर्दै अघि बढ्ने नीति अवलम्बन गऱ्यो। यी र यस्तै प्रयासहरूबाट नेपालमा वाममोर्चा र नेपाली कांग्रेसका बीचमा संयुक्त जनआन्दोलका लागि सहकार्यको आधार तयार भयो। यसप्रकारको स्थिति निर्माणमा राजबन्दीहरूको रिहाइ, जनपक्षको रूपमा निर्वाचित जनप्रतिनिधिहरूको बढ्दो लोकप्रियता, २०४६ सालमा सम्पन्न नेकपा (माले) को चौथो महाधिवेशनले लिएका नीतिहरूको महत्वपूर्ण योगदान रहेको छ। संयुक्त जनआन्दोलन र **जनताको बहुदलीय जनवाद**को मौलिक कार्यक्रम एवं सिद्धान्त निर्माणका आधार सोही महाधिवेशनका माध्यमबाट अवलम्बन गरिएका नवीन सोचहरू बन्न पुगे।

यसरूपमा नेपालको कम्युनिष्ट आन्दोलनका आफ्नै अभ्यास र अनुभवहरू नै पार्टीको लोकतान्त्रिकरणको आधार तयार गर्न सफल भएको हो।

६. पार्टीको **पाँचौ राष्ट्रिय महाधिवेशन**को राजनीतिक प्रतिवेदनका माध्यमबाट जननेता मदन भण्डारीले पार्टी निर्माणसम्बन्धी नवीन दृष्टिकोण प्रस्तुत गर्नुभयो। तर उक्त दृष्टिकोणका आधारमा पार्टीको संगठनात्मक ढाँचा भने त्यतिबेला निर्माण हुनसकेको थिएन। पार्टीको संगठनात्मक ढाँचा र संगठन प्रणाली यथावत नै रहेको थियो। **पाँचौ राष्ट्रिय महाधिवेशन** सम्पन्न भएको केही समयपछि नै दासढुंगामा रहस्यमय जीप दुर्घटनामा उहाँको हत्या भएपछि लामो समयसम्म पार्टी पुरानै ढाँचामा अघि बढ्यो। पार्टीको **सातौं राष्ट्रिय महाधिवेशन**मा पहिलोपटक वर्तमान अध्यक्ष कमरेड केपी शर्मा ओलीले जनताको बहुदलीय जनवादको नीतिअनुसार पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई अघि बढाउनुभयो। अध्यक्षात्मक प्रणालीका रूपमा चर्चित बन्नपुगेको उक्त प्रस्तावलाई पार्टीको सातौँ राष्ट्रिय महाधिवेशनले आत्मसात गर्न सकेन।

पार्टीको **आठौं राष्ट्रिय महाधिवेशन**मा आइपुग्दा भने राष्ट्रिय राजनीतिमा उल्लेख्य परिवर्तन आइसकेको थियो। बाह्रबुँदे सहमतिको जगमा संयुक्त जनआन्दोलनका माध्यमबाट राजा ज्ञानेन्द्रको अधिनायकवादी शासन पराजित भएको थियो। उक्त जनआन्दोलनबाट पुन:स्थापित भएको प्रतिनिधिसभाको बैठकले जनआन्दोलनको भावनाअनुरूप ऐतिहासिक घोषणा गऱ्यो। उक्त ऐतिहासिक घोषणाबाट जननेता मदन भण्डारीको अगुवाइमा २०४७ सालको संविधानमा राखिएका २७ बुँदे असहमतिहरू अनुमोदित भएका थिए। त्यस्तो अवस्थामा आयोजना गरिएको **आठौँ राष्ट्रिय महाधिवेशन**ले वर्तमान पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले अघि सार्नुभएको मान्यतालाई पार्टी जीवनको लोकतान्त्रिकरणको प्रस्तावका रूपमा सर्वसम्मतिले ग्रहण गर्न पुग्यो। आज हाम्रो पार्टीको निर्माण र सञ्चालन सोही नीतिका आधारमा हुने गरेको छ।

*हाम्रो पार्टी नेकपा (एमाले)को मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद हो। यही सिद्धान्त नै पार्टी निर्माणको मूल आधार हो। नेपालको कम्युनिष्ट आन्दोलनका विशिष्ट अनुभवहरूको संश्लेषणका आधारमा मार्क्सवादको सिर्जनात्मक प्रयोगका क्रममा जनताको बहुदलीय जनवादको मौलिक कार्यक्रम र सिद्धान्तको विकास भयो।*

७ हाम्रो पार्टी नेकपा (एमाले)को मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद हो । यही सिद्धान्त नै पार्टी निर्माणको मूल आधार हो । नेपालको कम्युनिष्ट आन्दोलनका विशिष्ट अनुभवहरूको संश्लेषणका आधारमा मार्क्सवादको सिर्जनात्मक प्रयोगका क्रममा जनताको बहुदलीय जनवादको मौलिक कार्यक्रम र सिद्धान्तको विकास भयो । जनताको बहुदलीय जनवादले अघि सारेको पार्टी निर्माणका नविन मान्यताको जगमा वर्तमान पार्टी अध्यक्ष केपी शर्मा ओलीको अगुवाइमा पार्टी जीवनको लोकतान्त्रिकरण संगठनात्मक नीति र संरचनाहरू विकसित हुन पुगे । यतिबेला नेकपा (एमाले) सोही नीतिका आधारमा जनताको रोजाईंको पहिलो पार्टीका रूपमा राष्ट्रिय राजनीतिमा स्थापित छ ।

# घ.

# जबज र पार्टीको लोकतान्त्रिकरण

१. **जनताको बहुदलीय जनवाद**का थप १४ विशेषताहरू नै कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणका मूलभूत मान्यताहरू हुन् । सोही मान्यताको जगमा नै **जनताको बहुदलीय जनवाद**ले पार्टी निर्माणका सन्दर्भमा नवीन मान्यता अघि सारेको छ । **जनताको बहुदलीय जनवाद**ले शान्तिपूर्ण प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्न सक्नेगरी पार्टी निर्माणमा जोड दिएको छ। पार्टीका नेता, कार्यकर्ता र कमिटीको ढाँचासमेत सोहीअनुरूप तयार हुनुपर्ने कुरामा जोड दिएको छ। प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने कुरा पार्टी जीवन र वर्गसंघर्षका दुवै मोर्चामा उत्तिकै जरुरी हुन्छ भन्ने कुरामा जोड दिएको छ। आजको समयको वर्गसंघर्ष राजनीतिक संघर्षमा र राजनीतिक संघर्ष चुनावी संघर्षमा परिणत भएको अवस्थामा त्यसमा कसरी सफलता हासिल गर्ने भन्ने कुरासँग सम्बन्धित छ– पार्टीको लोकतान्त्रिकरणको संगठनात्मक सिद्धान्त। पार्टीको लोकतान्त्रिकरणका सन्दर्भमा जननेता मदन भण्डारीले पार्टीका गुण अवगुणहरू, नेता, कार्यकर्ता र सदस्यका गुण अवगुणहरू जनताको मूल्याङ्कनको विषय बनाइनुपर्ने मान्यता अघि सार्नुभएको छ। उहाँले पार्टीले माथिबाट नियुक्त गरिदिएको होइन, वर्गसंघर्षमा आफ्नो विश्वासयोग्य अगुवाका रूपमा स्वयं जनताद्वारा समेत स्वीकार गरिएका नेताहरू भएको पार्टीपङ्क्ति तयार गर्नुपर्ने कुरामा जोड दिनुभएको छ । प्रतिस्पर्धाका आधारमा श्रेष्ठता हासिल गर्ने मान्यतालाई सफल र सार्थक बनाउनका लागि उहाँले पार्टीलाई सबै जात, धर्म, समुदाय र क्षेत्रका

*क्रान्तिपूर्व बनेको सरकारको कार्यनीति कस्तो हुनुपर्दछ भन्ने कुराको पहिलो बहस पार्टीमा सुरु भयो । प्रगतिशील सुधार कि शक्तिसञ्चयको कार्यनीति भन्ने बहसको नेतृत्व पार्टीको संस्थापन पक्षका तर्फबाट कमरेड केपी शर्मा ओलीले गर्नुभएको थियो । पार्टीभित्र जनताको बहुदलीय जनवादलाई कार्यक्रमका रूपमा मात्र सीमित गर्नु हुँदैन भन्ने मान्यता प्रस्तुत भयो ।*

जनताका बीचमा स्थापित भएको शृङ्खलाबद्ध कमिटी प्रणालीको विकासमा जोड दिनु भएको छ। पार्टीसम्बद्ध जनसंगठनहरूलाई व्यापक जनताका बीचमा पार्टीलाई पुऱ्याउने गरी सबै वर्ग र समुदायमा स्थापित गर्नुपर्ने कुरामा जोड दिनुभएको छ।

२. **जनताको बहुदलीय जनवाद** पार्टीको **पाँचौ राष्ट्रिय महाधिवेशनमा पार्टीको कार्यक्रम**का रूपमा प्रस्तुत भई पारित भएको थियो। **जनताको बहुलीय जनवाद**को कार्यक्रमले छोटो समयमा नेपाली राजनीतिमा पारेको गहिरो प्रभाव, जननेता मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय जीप दुर्घटनामा भएको रहस्यमय हत्याले नेपाली जनमानसमा छोडेको गहिरो प्रभाव र २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको नेकपा (एमाले) को एकल सरकारको लोकप्रियताको जगमा नेकपा (एमाले) नेपाली राजनीतिमा सर्वाधिक लोकप्रिय शक्ति बन्न पुग्यो। सोही समयमा पार्टीभित्र उत्पन्न अन्तरसंघर्षले जबजको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो। क्रान्तिपूर्व बनेको सरकारको कार्यनीति कस्तो हुनुपर्दछ भन्ने कुराको पहिलो बहस पार्टीमा सुरु भयो। प्रगतिशील सुधार कि शक्तिसञ्चयको कार्यनीति भन्ने बहसको नेतृत्व पार्टीको संस्थापन पक्षका तर्फबाट कमरेड केपी शर्मा ओलीले गर्नुभएको थियो। पार्टीभित्र **जनताको बहुदलीय जनवाद**लाई कार्यक्रमका रूपमा मात्र सीमित गर्नु हुँदैन भन्ने मान्यता प्रस्तुत भयो। **छौटौं राष्ट्रिय**

**महाधिवेशन**सम्म आइपुग्दा पार्टीले **जनताको बहुदलीय जनवाद**लाई नेतृत्वकारी विचारका रूपमा ग्रहण गर्‍यो ।

पार्टीको **सातौं राष्ट्रिय महाधिवेशन** विचार निर्माणका दृष्टिकोणबाट प्रभावकारी रहन सकेन । महाधिवेशनमा प्रस्तुत फरक मतहरू महाधिवेशनबाट पारित हुन नसके पनि ती मान्यताहरू समयक्रममा पार्टीमा स्थापित भए । पार्टीको **आठौँ राष्ट्रिय महाधिवेशन**ले पार्टी निर्माणका सन्दर्भमा जबजलाई पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यताका रूपमा ग्रहण गर्‍यो । सोही महाधिवेशनले जबजलाई पार्टीको **मार्गदर्शक सिद्धान्त**का रूपमा समेत ग्रहण गर्न पुग्यो । यस हिसाबले जबजको महत्वलाई सहीरूपमा विश्लेषण र स्थापित गर्ने कुरामा पार्टीको **आठौं राष्ट्रिय महाधिवेशन**को महत्वपूर्ण योगदान रहेको छ ।

पार्टीको **नवौँ राष्ट्रिय महाधिवेशन**ले २०६२/०६३ को जनआन्दोलनको सफलतापश्चात् जबजको सान्दर्भिकता सकिएको भन्ने भ्रमपूर्ण प्रचारलाई अस्वीकार गर्दै त्यसलाई आजको सन्दर्भमा कसरी अघि बढाउने भन्ने मान्यतालाई अघि सार्ने काम गर्‍यो । पार्टीको **दशौं राष्ट्रिय महाधिवेशन**ले आजको सन्दर्भमा जबजको सिद्धान्तमा आधारित राजनीतिक कार्यदिशा निरूपण गर्ने महत्वपूर्ण काम गरेको थियो । यतिबेला हाम्रो पार्टी निर्णायक राष्ट्रिय शक्ति निर्माणको उद्देश्यसहित **मिशन चौरासी**लाई सफल पार्ने काममा जुटिरहेका बेलामा पार्टी जीवनको लोकतान्त्रिकरणको मूल मर्मलाई आत्मसात गर्दै त्यसका अभ्यास र अनुभवका आधारमा संगठनात्मक सिद्धान्तलाई थप परिस्कार र परिमार्जन गर्दै अघि बढ्नुपर्दछ ।

३. नेकपा (एमाले) ले **जनताको बहुदलीय जनवाद**लाई **मार्गदर्शक सिद्धान्त**का रूपमा ग्रहण गर्नुको अर्थ लोकतन्त्रका सन्दर्भमा अत्यन्तै महत्वपूर्ण छ । यसको अर्थ हो, लोकतन्त्र – पार्टी र समाज दुवैका लागि जीवन पद्धति हो । नेकपा (एमाले) ले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यताअनुरूप अधिवेशनबाट

*पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनले २०६२/०६३ को जनआन्दोलनको सफलतापश्चात् जबजको सान्दर्भिकता सकिएको भन्ने भ्रमपूर्ण प्रचारलाई अस्वीकार गर्दै त्यसलाई आजको सन्दर्भमा कसरी अघि बढाउने भन्ने मान्यतालाई अघि सार्ने काम गर्‍यो।*

कमिटी र नेतृत्व चयन गर्ने बहुपदीय प्रणाली अवलम्बन गरेपछि नेपालका सबै राजनीतिक दलहरूले सोहीअनुरूपको मान्यतालाई अनुसरण गर्दै गएको देखिन्छ। महाधिवेशनबाट मुख्य नेतृत्वमात्र चयन गर्ने बुर्जुवा वर्गका राजनीतिक दलहरूले समेत महाधिवेशनबाट बहुपदसहितका पदाधिकारी र बहुसंख्यक कमिटी सदस्य निर्वाचित गर्ने व्यवस्था अवलम्बन गरेको देखिन्छ। महाधिवेशनबाट केन्द्रीय कमिटी र केन्द्रीय कमिटीबाट पार्टीमा एकल नेतृत्व चयन गर्ने नेपालका अन्य वामपन्थी पार्टीहरूले पनि महाधिवेशनबाट बहुपदाधिकारी समेत चयन गर्ने अभ्यास सुरु गरेका छन्। हाम्रो पार्टीका लागि यसप्रकारको स्थिति उत्पन्न हुनु सुखद र गौरवपूर्ण अवस्था हो। तर कुनै पनि नीति र कार्यक्रम अत्यन्त लोकप्रिय बन्दै जानेक्रममा त्यसमा जडता कायम हुने जोखिम रहन्छ। त्यस प्रवृत्तिबाट भने हाम्रो आन्दोलन जोगिनु पर्दछ किनकी **जनताको बहुदलीय जनवाद** मार्क्सवादको सिर्जनात्मक प्रयोगका क्रममा स्थापित भएकोले यसको प्रयोग र विकासका सन्दर्भमा पनि सिर्जनात्मकताको खाँचो पर्दछ। सूचना प्रविधिको तीव्र विकास भएसँगै मानव समाजमा त्यसको गहिरो प्रभाव पर्दै गएको छ। पछिल्लो समयमा विकास भएको एआई (कृत्रिम बौद्धिकता) को प्रयोगले उत्पादक शक्ति र उत्पादन पद्धतिमा समेत गहिरो प्रभाव पार्ने सम्भावना देखिन्छ। यसबाट उत्पादन सम्बन्धमा समेत असर पर्ने अनुमान गर्न सकिन्छ। त्यसमाथि आधुनिक ज्ञान, सिद्धान्त, विज्ञान र प्रविधिका क्षेत्रमा भएको नवीनतम् विकासले मानव सभ्यतामा निकै गहिरो प्रभाव पारेको छ।

प्रविधिको विकास र उपयोगसँगै नयाँ पुस्ताको सोंच र व्यवहारमा उल्लेख्य परिवर्तनहरू आएका विश्लेषणहरू सार्वजनिक भइरहेका छन् । हाम्रो समाजमा नयाँ पुस्तालाई मूलधारको राजनीतिसँग जोड्ने कुरामा यस्ता पक्षलाई समेत ध्यान दिनुपर्ने भएको छ । पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई पनि सोही परिप्रेक्ष्यमा सिर्जनात्मक रूपमा अवलम्बन गर्न सक्नुपर्दछ ।

४. पार्टीको **आठौं राष्ट्रिय महाधिवेशन**ले पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आत्मसात गरेको हो । आजको सन्दर्भमा पार्टीको लोकतान्त्रिकरणका मूलभूत नीति र मान्यतालाई यसरूपमा अघि बढाउनु पर्दछ :

— पार्टीका सिद्धान्त, नीति, विधि तथा कार्यक्रमहरू लोकतान्त्रिक हुनु र लोकतान्त्रिक विधि र प्रक्रियाबाटै तिनको निरूपण गरिनु ।
— पार्टीका नेता, कार्यकर्ता र सिङ्गो पार्टी निरन्तररूपमा जनताबाट अनुमोदित भइरहनु र जनअनुमोदनको विधिसम्मत प्रणाली स्थापित गरिनु ।
— जनताका बीचमा घनिष्ठ सम्बन्ध कायम हुने गरी पार्टीका नेता र कार्यकर्ताको जीवन शैली र आचरण जनपक्षीय हुनु ।
— पार्टीको सम्प्रभुता पार्टी सदस्यमा निहीत रहनु र त्यसको सही प्रयोग गर्न सक्नेगरी वैचारिक र राजनीतिक रूपमा सक्षम बन्नु ।
— नीति र नेतृत्व निर्माणको वास्तविक थलो बनाउने गरी सबै तहमा नियमित रूपमा अधिवेशनको आयोजना गरिनु ।
— पार्टीभित्र सिर्जनात्मक सोंच र पहलकदमीलाई निरन्तर रूपमा प्रोत्साहित गरिनु र पार्टीमा आन्तरिक रूपमा जीवन्त छलफल र बहसको प्रणाली स्थापित गरिनु ।
— निर्धारित गुण र मापदण्डको सुनिश्चिता गर्दै पार्टीलाई समावेशी बनाउनु ।
— पार्टीका सबै तहका कमिटी र अङ्गहरूका बीचमा नियन्त्रण र सन्तुलनको विधिसम्मत प्रणाली कायम गरिनु ।

*प्रविधिको विकास र उपयोगसँगै नयाँ पुस्ताको सोंच र व्यवहारमा उल्लेख्य परिवर्तनहरू आएका विश्लेषणहरू सार्वजनिक भइरहेका छन्। हाम्रो समाजमा नयाँ पुस्तालाई मूलधारको राजनीतिसँग जोड्ने कुरामा यस्ता पक्षलाई समेत ध्यान दिनुपर्ने भएको छ। पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई पनि सोही परिप्रेक्ष्यमा सिर्जनात्मक रूपमा अवलम्बन गर्न सक्नुपर्दछ।*

— पार्टीको प्रमुख नेतृत्वमा केन्द्रीकृत हुनेगरी बहुपदीय प्रणाली र सामूहिक नेतृत्वको अभ्यास गर्नु।
— पार्टी सामूहिक रूपमा, नेता र कार्यकर्ताहरू व्यक्तिगत रूपमा आफ्ना कामप्रति उत्तरदायी हुनु।
— लोकतान्त्रिक विधिअनुरूप नेतृत्व विकास र हस्तान्तरणको सहज प्रणाली स्थापित गर्नु।
— पार्टीमा अनुगमन र मूल्याङ्कनको विधिसम्मत प्रणाली स्थापित गरिनु।
— पार्टीको राजनीतिक कार्यदिशाअनुरूप उद्देश्य हासिल गर्नका लागि पार्टीका नेता र कार्यकर्ताहरू स्व–परिचालित हुनु।

पार्टी जीवनको लोकतान्त्रिकरणका यी मान्यताहरू जडतामा होइन, सिर्जनात्मकतामा प्रयोग र विकास गर्दै अघि बढ्नुपर्ने हुन्छ।

५. विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेका बेलामा पनि नेपालमा **जनताको बहुदलीय जनवाद** जस्तो मौलिक कार्यक्रम र सिद्धान्त तथा पार्टीको लोकतान्त्रिकरणको नवीन मान्यताको प्रयोगका कारणले हाम्रो पार्टी नेकपा (एमाले) राष्ट्रिय राजनीतिको केन्द्रभागमा छ र सरकारको नेतृत्वसमेत गरिरहेको छ। अनेकपटक षड्यन्त्रपूर्ण तरिकाबाट यस पार्टीलाई कमजोर बनाउने कोशिसहरू भए पनि प्रतिकूलताहरूको सामना गर्दै अघि बढ्न हाम्रो पार्टी सफल भएको छ। यतिबेला नेकपा (एमाले) नेपालका राजनीतिक

दलहरूमा संगठनात्मकरूपमा सबैभन्दा व्यवस्थित पार्टी हो। यस पार्टीमा आन्दोलन र अनुभवबाट खारिएका अनुशासित, सक्षम र समर्पित कार्यकर्ताको विशाल पङ्क्ति छ। यस अर्थमा शृङ्खलाबद्ध कमिटी प्रणाली र लोकतान्त्रिक अभ्यासका दृष्टिकोणबाट यो पार्टी एशियाकै अग्रणी पार्टी हो। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठनका समयमा नेकपा (एमाले) को संगठन प्रणाली एकहदसम्म प्रभावित हुनपुग्यो। नेकपा विघटित भएपछि पुनर्स्थापित भएको नेकपा (एमाले) लाई षड्यन्त्रपूर्ण तरीकाबाट विभाजित गरेर कमजोर बनाउने कोशिस समेत भयो। त्यस परिस्थितिको सामना गर्दै यतिबेला नेकपा (एमाले) जनताको रोजाइको पहिलो पार्टी बनेको छ। पार्टी विभाजनको लगत्तै विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशनको आयोजना गरेर पार्टीलाई पुनर्गठित गर्ने काम सम्पन्न गरिएको छ। महाधिवेशनसँगै आधारभूत तहमा एकैपटक वडा, पालिका र जिल्ला अधिवेशन आयोजना गर्ने नीति अवलम्बन गरियो। त्यसक्रममा आन्तरिक एकतामा जोड दिइयो। त्यस समयमा आयोजना भएका अधिवेशनहरूबाट आमरूपमा सहमतिमै नेतृत्वहरू चयन हुन पुगे। पार्टीको संगठनात्मक जीवन पूर्णरूपमा व्यवस्थित हुन नपाउँदै भएको स्थानीय निर्वाचन र आमनिर्वाचनमा गठबन्धनका विरुद्धमा प्रतिस्पर्धा गरेर पार्टीले आफ्नो बलियो उपस्थिति कायम गर्न सफल भयो। दुवै निर्वाचनमा जनताको मतका दृष्टिले नेकपा (एमाले) देशको पहिलो पार्टी बन्न सफल भयो। तत्पश्चात् पार्टीले **मिशन चौरासी**लाई दृष्टिगत गरी समयअगावै अधिवेशन आयोजना गर्ने नीति अवलम्बन गऱ्यो। यतिबेला अधिकांश तहका अधिवेशनहरू सम्पन्न भएका छन्। अधिकांश ठाउँमा प्रतिस्पर्धाबाट नेतृत्व चयन गरिएको छ। पार्टी संगठनात्मक रूपमा विधिसम्मत र व्यवस्थित बनेको छ। दुवै समयका अधिवेशनहरूमा भएका सहमति र प्रतिस्पर्धाका अभ्यास एवं अनुभवहरू हाम्रा लागि भविष्यमा कसरी अघि बढ्ने भन्ने कुराको शिक्षाका विषय बनेका छन्।

*नेकपा (एमाले) नेपालका राजनीतिक दलहरूमा संगठनात्मकरूपमा सबैभन्दा व्यवस्थित पार्टी हो। यस पार्टीमा आन्दोलन र अनुभवबाट खारिएका अनुशासित, सक्षम र समर्पित कार्यकर्ताको विशाल पङ्क्ति छ। यस अर्थमा शृङ्खलाबद्ध कमिटी प्रणाली र लोकतान्त्रिक अभ्यासका दृष्टिकोणबाट यो पार्टी एशियाकै अग्रणी पार्टी हो।*

६. पार्टी जीवनको लोकतान्त्रिकरणको अभ्यासका क्रममा केही जटिल समस्या पनि देखिएका छन्। पार्टीको **नवौं महाधिवेशन**मा दुई अलगअलग प्यानल बनाएर मतपत्रमा अलग्गै नाम राख्ने जस्तो गलत अभ्यास पनि अवलम्बन गरियो। त्यसको परिणाम सुखद रहन सकेन। **नवौँ महाधिवेशन**मा लामो समय पार्टीको नेतृत्व गर्नुभएका माधवकुमार नेपाल वर्तमान पार्टी अध्यक्ष केपी शर्मा ओलीसँग अध्यक्ष पदको प्रत्यासी बन्नुभयो। पराजयपछि उहाँले पार्टीमा समानान्तर गतिविधि सञ्चालन गर्नुभयो। पार्टी एकतापश्चात् नेकपा गठन भएसँगै महाधिवेशनबाट निर्वाचित आफ्नै पार्टीको नेतृत्वलाई विस्थापन गर्ने अभियानमा जुट्नुभयो। नेकपा विघटन भएसँगै पुनर्स्थापित नेकपा (एमाले) लाई षड्यन्त्रपूर्ण तरिकाले विभाजन गर्ने कामको नेतृत्व गर्न पुग्नुभयो। पार्टीको **दशौं महाधिवेशन**मा अध्यक्षका उम्मेदवार बन्नुभएका भीम रावल निरन्तर पार्टी नीति र नेतृत्वका विरुद्धमा परिचालित हुनुभयो। अन्ततः पार्टी अनुशासन कायम गर्नका लागि कारबाही गर्नुपर्ने बाध्यकारी स्थिति उत्पन्न भयो।

पछिल्लो समयमा पार्टीमा सहमतिका लागि नेतृत्वले भूमिका निर्वाह गर्दा हस्तक्षेपको रूपमा बुझ्ने र प्रतिस्पर्धापछि परिणामलाई सहजरूपमा स्वीकार गर्न तयार नहुने अवस्था आन्तरिक लोकतन्त्रका लागि चुनौतीको विषय बन्न पुगेको छ। पार्टीले प्रतिस्पर्धा गर्दा व्यक्तिगत रूपमा गर्नका लागि दिएका निर्देशनहरू पालना भएको देखिंदैन। नेतृत्वमा पुग्नका लागि समूह बनाउने र

पराजित भएको अवस्थामा त्यसलाई कायमै राख्न चाहने प्रवृत्ति देखिन थालेको छ। जित्ने पक्षले पनि प्रतिस्पर्धीलाई समेटेर अघि बढ्ने कुरामा समस्या देखिने गरेको छ। कतिपय जिल्लामा विभिन्न प्रतिष्ठान र फाउन्डेशनलाई प्रयोग गरेर गुटबन्दीपूर्ण गतिविधि गर्न खोजेको देखिन्छ। यस्ता कुराप्रति सम्बन्धित प्रतिष्ठान र फाउन्डेशनहरूको ध्यान पुग्नसकेको देखिंदैन। पदाधिकारीमा प्रतिस्पर्धा गर्दा सदस्यमा समेत उम्मेदवार हुने केन्द्रको व्यवस्था प्रदेश र जिल्ला तहमा अभ्यास नगरिंदा सक्षम नेतृत्वको एउटा हिस्सा अधिवेशनपछि कामबाट बाहिरिने स्थिति समेत उत्पन्न भएको छ। नेतृत्वमा हुने प्रतिस्पर्धाले नीति–निर्माणमा प्रतिकूल असर पुगेको महसुस गरी केन्द्रीय तहमा दुई महाधिवेशनको मान्यता अघि सारियो। **प्रथम विधान महाधिवेशन** नीति–निर्माणमा नै केन्द्रित रह्यो। **दोस्रो विधान महाधिवेशन**को पूर्वसन्ध्यामा आइपुग्दा पुन: नीति–निर्माणको विषय ओझेलमा पर्ने गरी नेतृत्वको बहसलाई चर्चामा ल्याउने कोशिश भयो। **नवौँ महाधिवेशन**का समयमा अघि सारिएको दुई कार्यकाल र उमेरहदको विषयलाई जबज र पार्टी जीवनको लोकतान्त्रिकरणसँग जोडेर मुख्य नेतृत्वलाई कमजोर बनाउने गरी चर्चामा ल्याउने काम भयो। **जनताको वहुदलीय जनवाद**ले प्रतिस्पर्धालाई खुम्च्याउने गरी कार्यकाल र उमेरहदको कुरा गरेको छैन। जबजले त प्रतिस्पर्धालाई खुला नै राखेको छ। प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने नीति नै जबजको मूल पक्ष हो। त्यसलाई संकुचन गर्ने मान्यतालाई आवश्यक नठानेर नै हटाइएको हो।

७. पार्टीको आन्तरिक जीवनमा देखिएका समस्याहरू पार्टी जीवनको लोकतान्त्रिकरणका कारणले सिर्जना भएका समस्याहरू हुन् भन्नु गलत हुनेछ किनकि लोकतान्त्रिक अभ्यासमा निकै संकुचित भएका राजनीतिक दलहरूमा हाम्रो पार्टीको भन्दा जटिल समस्या र अन्तरविरोधहरू देखिन्छन्। पटकपटक फूट र विभाजनबाट गुज्रिएका देखिन्छन्। तसर्थ हामीले पार्टी जीवनमा उत्पन्न समस्यालाई लोकतान्त्रिकरणका कारणले नै समस्या उत्पन्न भएको भनेर लोकतान्त्रिक अभ्यासलाई संकुचन गर्ने होइन, बरु त्यसमा आवश्यक सुधार

*लोकतान्त्रिकरणको अर्थ नेतृत्व निर्माणमा प्रतिस्पर्धाको विषयमात्र हो भने जसरी बुझ्ने गल्ती पनि गर्नुहुँदैन। यो सामूहिक रूपमा नीति–निर्माण गर्ने र पार्टी सञ्चालन गर्ने सबैभन्दा वैज्ञानिक बाटो हो। लोकतान्त्रिक व्यवस्थामा हुने आवधिक निर्वाचनले पार्टी र पार्टीको नेतृत्वलाई जनताका बीचमा घनिष्ठरूपमा जोड्न सहयोग पुर्‍याउने गर्दछ।*

गरेर अघि बढ्नु पर्दछ। पार्टीमा बहुपदको सिर्जना गर्नुको अर्थ बहुकेन्द्र बनाउने भन्ने होइन र हुन दिनु हुँदैन। पार्टीको आन्तरिक जीवनलाई लोकतान्त्रिक विधि र प्रक्रियाबाट नै स्वस्थ र जीवन्त बनाउन सक्नुपर्दछ। लोकतन्त्रको विकल्प निरंकुशतन्त्र नभएझैं पार्टी जीवनको लोकतान्त्रिकरणको पनि विकल्प खोज्न सकिंदैन। बरु त्यसको अभ्यासमा रहेका त्रुटिहरूलाई सच्याएर स्वस्थ, पारदर्शी र मर्यादित बनाउन जोड दिनु पर्दछ। लोकतान्त्रिकरणको अर्थ नेतृत्व निर्माणमा प्रतिस्पर्धाको विषयमात्र हो भने जसरी बुझ्ने गल्ती पनि गर्नुहुँदैन। यो सामूहिक रूपमा नीति–निर्माण गर्ने र पार्टी सञ्चालन गर्ने सबैभन्दा वैज्ञानिक बाटो हो। लोकतान्त्रिक व्यवस्थामा हुने आवधिक निर्वाचनले पार्टी र पार्टीको नेतृत्वलाई जनताका बीचमा घनिष्ठरूपमा जोड्न सहयोग पुर्‍याउने गर्दछ। त्यसरी नै पार्टीभित्रको आन्तरिक लोकतान्त्रिक अभ्यासले नेतृत्वलाई कार्यकर्ताका बीचमा घनिष्ठरूपमा जोड्ने काम गर्दछ। तसर्थ हामीले अवलम्बन गर्दैआएको पार्टी जीवनको लोकतान्त्रिकरणको नीतिलाई समयानुकूल बनाउँदै कमिकमजोरीहरू उत्पन्न हुन नदिने गरी लोकतान्त्रिक संस्कृति निर्माणमा जोड दिनुपर्दछ। हामीले अवलम्बन गर्दै आएको संगठन प्रणाली र जनताआधारित कार्यकर्ता पार्टी निर्माण गर्ने जबजको मान्यताअनुरूप पार्टी निर्माणमा पार्टी कार्यकर्ताको सम्प्रभुता कमजोर नहुने गरी समयानुकूल परिमार्जन र सुधार गर्दै अघि बढ्नु पर्दछ।

# ङ.

# पार्टी कार्यदिशा र पार्टी काम

पार्टीको **दशौं राष्ट्रिय महाधिवेशन**ले पार्टीसामू उत्पन्न चुनौती र पार्टीको राजनीतिक कार्यदिशालाई मूर्तरूपमा अभिव्यक्त हुनेगरी मूल नारा अघि सारेको थियो, **दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गरौं**। यतिबेला हाम्रो पार्टी **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई राष्ट्रिय गन्तव्य बनाएर त्यसको प्राप्तिको दिशामा क्रियाशील छ। क्रान्तिपछि राज्यसत्ता एउटा वर्गबाट अर्को वर्गको नियन्त्रणमा पुग्ने र त्यही वर्गको नेतृत्व गर्ने राजनीतिक शक्तिले सरकार र राज्यको नेतृत्व गर्ने परम्पराका विपरीत हामीकहाँ दुई फरक स्वार्थ बोकेका वर्गहरूका सहकार्यमा राजनीतिक क्रान्ति सम्पन्न भयो। राजनीतिक क्रान्तिबाट सरकार र राज्यसत्तामा कुनै एक वर्गको नेतृत्व र प्रभुत्व कायम हुनसकेको छैन। यतिबेला सरकारमा समेत दुई भिन्न शक्तिहरू सहकार्यको अवस्थामा छन्। यद्यपि यो अवस्था विशिष्ट परिस्थितिको उपज हो। भविष्यमा हाम्रो पार्टी प्रमुख शक्तिहरूका बीचमा स्वस्थ प्रतिस्पर्धा हुने वातावरण तयार गर्नुपर्ने मान्यताका पक्षमा दृढ छ। चुनावका समयमा गठबन्धनको राजनीतिले नीतिगत बहस र वैचारिक धुरवीकरणलाई कमजोर बनाउने गरेको छ। नेपालको संविधानले समाजवादको आधार तयार गर्ने कुरालाई प्रस्तावनाको महत्वपूर्ण विषयका रूपमा अङ्गीकार गरेको भए पनि समाजमा अझै पनि ठूलो संख्यामा समाजवादको विपक्षमा रहेका शक्तिहरू क्रियाशील रहेको अवस्था छ। नेपालमा सम्पन्न पछिल्लो जनआन्दोलनले शान्तिपूर्ण रूपमा राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक

*दशौं राष्ट्रिय महाधिवेशनको लगत्तै पार्टी स्थानीय तहको निर्वाचनमा होमिनु पर्‍यो। षड्यन्त्रपूर्ण ढङ्गले सरकारबाट बाहिर पारिएको र पार्टी विभाजनसमेत गरिएको अवस्थामा भएको स्थानीय तहको निर्वाचन हाम्रा लागि अग्निपरीक्षा बन्नपुगेको थियो।*

शासन व्यवस्था स्थापना गर्‍यो। जनआन्दोलनको बलमा सामन्तवादको अन्त्य भए पनि राजतन्त्रले समेत संरक्षण गर्दैआएको दलाल नोकरशाही पूँजीवादको प्रभाव नेपाली समाजमा यथावत छ। यस्तो अवस्थामा पछौटे निर्वाहमुखी उत्पादन ढाँचामा परिवर्तन गर्नुका साथै दलाल नोकरशाही पूँजीवादको नियन्त्रणबाट नेपाली अर्थतन्त्रलाई मुक्त गरी स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नुपर्दछ। त्यसका लागि नीतिगत नेतृत्वसहितको बलियो र निर्णायक राष्ट्रिय शक्तिका रूपमा पार्टीको विकास गर्नुपर्ने हुन्छ। पार्टीको **प्रथम राष्ट्रिय महधिवेशन प्रतिनिधि परिषद्**को बैठकले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने संकल्प गरेको छ। त्यसका लागि पार्टीको एकल बहुमतको सरकार बनाउने गरी **मिशन चौरासी**को अभियानमा सिङ्गो पार्टी जुटेको छ। यस अवधिमा पार्टीले सञ्चालन गरेका प्रमुख गतिविधि र अभियानहरूको समीक्षा गर्दै त्यसका आधारमा आगामी कार्ययोजना अघि बढाउनुपर्ने हुन्छ। यस अवधिमा पार्टीले सञ्चालन गरेका प्रमुख अभियान र गतिविधिहरू यसप्रकार रहेका छन् :

## १. स्थानीय निर्वाचन, आमनिर्वाचन र उपनिर्वाचनहरू

**दशौं राष्ट्रिय महाधिवेशन**को लगत्तै पार्टी स्थानीय तहको निर्वाचनमा होमिनु पर्‍यो। षड्यन्त्रपूर्ण ढङ्गले सरकारबाट बाहिर पारिएको र पार्टी विभाजनसमेत गरिएको अवस्थामा भएको स्थानीय तहको निर्वाचन हाम्रा लागि अग्निपरीक्षा बन्नपुगेको थियो। स्थानीय तहको निर्वाचन २०७९ वैशाखमा दुई चरणमा

सम्पन्न भएको थियो। उक्त निर्वाचनमा हाम्रो पार्टीका विरुद्धमा सत्तापक्षले अधिकांश ठाउँमा चुनावी तालमेल र गठबन्धन गरेको थियो। **म जिताउँछु मेरो वडा, हामी जिताउँछौ हाम्रो पालिका** भन्ने नीतिका आधारमा हाम्रो पार्टीका तर्फबाट जनशक्ति परिचालनको योजना बनाइएको थियो। महानगर, उपमहानगरपालिका प्रमुख र उपप्रमुखका उम्मेदवारहरूको टुङ्गो स्थानीय कमिटीको सिफारिसमा पार्टी केन्द्रले लगाएको थियो। नगरपालिका र गाउँपालिका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष तथा महानगर र उपमहानगरपालिकाका वडाध्यक्षका उम्मेदवार चयनको जिम्मेवारी प्रदेश कमिटीलाई दिइएको थियो। त्यसभन्दा बाहेकका उम्मेदवार चयनको जिम्मेवारी जिल्ला कमिटीलाई प्रदान गरिएको थियो। केन्द्रका तर्फबाट स्थानीय चुनावको घोषणापत्र जारी गरिएको थियो। सम्बन्धित स्थानीय पालिकालाई प्रतिबद्धता–पत्र तयार गरी जारी गर्न लगाइएको थियो। उक्त निर्वाचनमा ७ सय ५३ पालिकामध्ये पार्टीले २ सय ६ पालिकामा प्रमुख र अध्यक्ष तथा २ सय ४१ पालिकामा उपप्रमुख र उपाध्यक्ष जित्न सफल भयो। स्थानीय तहका ६ हजार ७ सय ४३ वडाहरूमध्ये २ हजार १ सय ३० वडाको नेतृत्व जित्न सफल भयो। हाम्रो पार्टीबाट विभाजित भएर बनेको एकीकृत समाजवादीले गठबन्धनको सहारामा २० स्थानमा प्रमुख/अध्यक्ष जितेको थियो। २०७४ सालको स्थानीय निर्वाचनमा प्रमुख पदका उम्मेदवारले ३३ प्रतिशत मत प्राप्त गरेकोमा यसपटकको निर्वाचनमा त्यो मत बढेर ३४ प्रतिशत पुगेको थियो। अघिल्लो चुनावको तुलनामा विभाजनका बावजूद ६ लाख १९ हजार मत बृद्धि भयो। स्थानीय तहको निर्वाचनमा गठबन्धनका कारण नेपाली कांग्रेसले बढी सीटमा विजय हासिल गर्‍यो।

स्थानीय तहको निर्वाचन सम्पन्न भएको ६ महीनाभित्र २०७९ मङ्सिर ४ मा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भयो। स्थानीय तहको निर्वाचनको अनुभवलाई ध्यानमा राखेर निर्वाचनका समयमा सत्ता गठबन्धनलाई भत्काउने कोशिस भयो। जनता समाजवादी पार्टीमात्र हामीसँगको सहकार्यमा

*स्थानीय निर्वाचनका समयमा काठमाडौँ महानगरलगायतका केही ठाउँमा स्वतन्त्र उम्मेदवारले जितेको कुरालाई आधार बनाएर स्वतन्त्रका नाममा अलग पार्टी खडा गर्ने काम गरियो। तराई–मधेशमा क्षेत्रीय पार्टीबाट जनता विमुख भइरहेको अवस्थाको आङ्कलन गरेर नयाँ क्षेत्रीय पार्टी खडा गर्ने काम भयो। यसरी नेकपा (एमाले) तर्फ आकर्षित भएको र हुनसक्ने जनमतलाई अलग गर्ने षडयन्त्र गरियो।*

आयो। तराई–मधेशका ३० निर्वाचन क्षेत्रमा जसपासँग तालमेल सम्भव भयो। राप्रपासँग झापा, रूपन्देही र बाँकेमा चुनावी तालमेल भयो। चितवन, मकवानपुर, नवलपरासी पश्चिम र डडेल्धुरामा स्वतन्त्र उम्मेदवारलाई सहयोग गरिएको थियो। बाँकी सबै निर्वाचन क्षेत्रमा नेकपा (एमाले) एक्लै निर्वाचनमा होमिएको थियो।

स्थानीय निर्वाचनमा हामीलाई प्राप्त भएको जनमतबाट सशङ्कित बन्न पुगेको सत्तापक्षले आमनिर्वाचनका समयमा गठबन्धनलाई थप कसिलो बनाउने काम गऱ्यो। आमनिर्वाचनमा बहुमत ल्याउनका लागि पार्टीका तर्फबाट ६ प्रतिशत मत बृद्धि गर्नुपर्ने योजना बनाइयो। त्यसका लागि प्रत्येक सदस्यले २ मत बृद्धि गर्ने प्रस्ताव अघि बढाइएको थियो। सत्ता गठबन्धन दिन प्रतिदिन अलोकप्रिय बन्दैगएको र उनीहरूभित्र गठबन्धनका कारणले असन्तुष्टिसमेत बढिरहेको अवस्थामा हामीले निर्धारण गरेको योजना सही नै थियो। तर निर्वाचनका समयमा सत्ताको विपक्षमा रहेको जनमत नेकपा (एमाले) तिर आउन नदिन नयाँ विकल्प खडा गर्न हाम्रा विरुद्धमा नियोजित प्रचार गरियो। जातीय र धार्मिक अतिवादलाई भड्काएर जनमतलाई बिथोल्ने कोशिस गरियो। स्थानीय निर्वाचनका समयमा काठमाडौँ महानगरलगायतका केही ठाउँमा स्वतन्त्र उम्मेदवारले जितेको कुरालाई आधार बनाएर स्वतन्त्रका नाममा अलग पार्टी खडा गर्ने काम गरियो। तराई–मधेशमा क्षेत्रीय पार्टीबाट जनता विमुख

भइरहेको अवस्थाको आङ्कलन गरेर नयाँ क्षेत्रीय पार्टी खडा गर्ने काम भयो। यसरी नेकपा (एमाले) तर्फ आकर्षित भएको र हुनसक्ने जनमतलाई अलग गर्ने षडयन्त्र गरियो। यसका बाबजुद हाम्रो पार्टीले प्रत्यक्षतर्फ ४४ स्थानमा विजय हासिल गऱ्यो। हाम्रा पार्टी अध्यक्षले आमनिर्वाचनमा देशभरकै मत परिणामअनुसार सर्वाधिक मत ल्याएर चुनाव जित्नुभयो। गठबन्धनको सहयोगमा नेपाली कांग्रेस सीटका आधारमा पहिलो स्थानमा रह्यो। नेपाली कांग्रेससँग हाम्रो पार्टीको सीटको अन्तर ११ मात्र रह्यो। हाम्रो पार्टी प्रदेशतर्फ कोशीमा ४० सीटसहित पहिलो स्थानमा, मधेशमा २३ सीटसहित पहिलो स्थानमा, बागमतीमा २७ सीटसहित दोस्रो स्थानमा, गण्डकीमा २२ सीटसहित दोस्रो स्थानमा, लुम्बिनीमा २९ सीटसहित पहिलो स्थानमा, कर्णाली र सुदूरपश्चिममा १० सीटसहित तेस्रो स्थानमा रह्यो। तर समानुपातिकतर्फ ७७ जिल्लामध्ये ४४ जिल्लामा पहिलो स्थानमा रह्यो। त्यस्तै, ७ प्रदेशमध्ये ६ प्रदेशमा पहिलो स्थानमा रह्यो। २०७४ को आमनिर्वाचनमा नेपाली कांग्रेससँगको लोकप्रिय मतको अन्तर ४५ हजारमात्र बढी रहेकोमा यसपटक त्यो मत बढेर १ लाख ३० हजारको हाराहारीमा पुगेको छ। यसअर्थमा अहिले पनि नेकपा (एमाले) जनताको पहिलो रोजाइको पार्टी हो। विगतको समानुपातिक मतको तुलनामा ६ प्रतिशत मत कम आउनु चिन्ताको विषय हो। तर पनि सत्तापक्षीय गठबन्धनसहित अनेकन षडयन्त्र र जालझेलका बाबजुद हामीले प्राप्त गरेको सफलता महत्वपूर्ण छ। यसले मुलुकको विकास र समृद्धिका लागि बलियो र निर्णायक राष्ट्रिय शक्ति निर्माणको सामर्थ्य नेकपा (एमाले) राख्न सक्दछ भन्ने कुराको संकेत गरेको छ।

२०७९ को स्थानीय र आमनिर्वाचनपछि तीनपटक उपनिर्वाचन सम्पन्न भएका छन्। आमनिर्वाचनमा स्वतन्त्र पार्टीले प्राप्त गरेको आकस्मिक सफलताको चर्चा सेलाउन नपाउँदै भएको पहिलो उपनिर्वाचनको परिणाम त्यति सुखद रहेन। चितवन र तनहुँमा सम्पन्न उपनिर्वाचनमा दुवै ठाउँमा राष्ट्रिय स्वतन्त्र पार्टीले जित्न पुग्यो। इलामको प्रतिनिधिसभा र बझाङको प्रदेशसभामा भएको

*आमनिर्वाचन सम्पन्न भएको केही समयपश्चात् नै केन्द्रीय सचिवालय बैठकको निर्णयअनुसार मिशन ग्रासरुट (संगठन सुदृढीकरण र विस्तार) अभियान अघि बढाइयो। फागुन र चैत महिनासम्म सञ्चालन गर्ने भनिएको यस अभियानका लागि समय अपुग भएपछि स्थानीय आवश्यकताअनुसार समय थप गरिएको थियो।*

दोस्रो उपनिर्वाचनमा हामी दुवै ठाउँमा सफल भयौं। स्थानीय तहका लागि भएको तेस्रो उपनिर्वाचनमा हामीले हाम्रो पार्टीको विगतको हैसियतमा केही वृद्धि गर्न सफल भयौं। हामीले जितेका ७ वटा वडाध्यक्षको ठाउँमा चुनाव भएकोमा हामीले पालिका अध्यक्ष र उपप्रमुख सहित ८ सीटमा सफलता पाउन सक्यौं। तर उपचुनाव भएको कूल सीटको हिसाबले हामीले आशातित सफलता पाउन सकेनौं। बरु पहिले जितेका वडा गुमाउने र पहिले हारेका ठाउँमा चुनाव जित्ने स्थिति देखियो। यसले जनप्रतिनिधिप्रतिको स्थानीय जनताको नकारात्मक रुझानलाई संकेत गर्दछ। यसबाट सिङ्गो पार्टीपङ्क्तिले सचेत भएर जनप्रतिनिधिहरूका कामलाई प्रभावकारी बनाउन र जनताका बीचमा उनीहरूलाई स्थापित गर्न जोड दिनुपर्ने देखिन्छ।

## २. मिशन ग्रासरुट (पार्टी सुदृढीकरण तथा विस्तार अभियान)

आमनिर्वाचन सम्पन्न भएको केही समयपश्चात् नै केन्द्रीय सचिवालय बैठकको निर्णयअनुसार **मिशन ग्रासरुट** (संगठन सुदृढीकरण र विस्तार) अभियान अघि बढाइयो। फागुन र चैत महिनासम्म सञ्चालन गर्ने भनिएको यस अभियानका लागि समय अपुग भएपछि स्थानीय आवश्यकताअनुसार समय थप गरिएको थियो। अभियानमा केन्द्रीय कमिटीका तर्फबाट केन्द्रीय प्रतिनिधि, प्रदेशका तर्फबाट प्रदेश प्रतिनिधि र जिल्लाका तर्फबाट जिल्ला प्रतिनिधिहरू खटिनुभएको थियो। प्रदेश, जिल्ला र पालिका तहमा समेत

अभियानका बारेमा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिए। कतिपय वडा तहमा समेत अभिमुखीकरण प्रकृतिका कार्यक्रमहरू भए। जहाँ बैठक र योजनामा जोड दिइयो, त्यहाँ अभियान बढी प्रभावकारी रह्यो। राम्रो योजना बनाइएका अधिकांश जिल्लामा वडा तहमा अभियान पुग्न सफल भयो।

यस अभियानका क्रममा भौतिक उपस्थितिमा सदस्यता नवीकरण गरेर सदस्यता अभिलेखलाई व्यवस्थित गर्ने योजना अघि बढाइएको थियो। अभियानका क्रममा कतिपय पालिकाले वास्तविक सदस्यहरू पहिचान गरी नवीकरणको काम अघि बढाए। यस अभियानमा अनुपस्थित सदस्यहरू (परिचय नखुलेका), दोहोरिएका, पार्टी छोडेकाहरू र मृत्यु भएकाहरूको पहिचान गरी तिनीहरूलाई अभिलेखबाट हटाउने काम भएको छ। अभियानबाट नयाँ सदस्यको अनुपातमा उल्लेख्य रूपमा बृद्धि भएको छ। नवप्रवेशीहरूलाई सदस्यता प्रदान गर्ने काम पनि यस अभियानका क्रममा भएको छ। अभियानको मुख्य काममध्ये धेरैभन्दा धेरै टोल कमिटी गठन गर्ने रहेको थियो। टोल कमिटी गठनका सन्दर्भमा अपेक्षाअनुसार उपलब्धि हुन सकेन। अभियानका क्रममा धेरैजसो पालिकामा सभादल गठन भए। कतिपय वडामा समेत सभादल गठन गरिए। पार्टी र जनप्रतिनिधिका बीचमा संयन्त्र गठन गरी कामलाई व्यवस्थित गर्ने काम भने सीमित ठाउँमा मात्र हुन सक्यो। विषयगत रूपमा तोकिएअनुसारका प्रशिक्षणहरू केही ठाउँमा सम्पन्न भए। अधिकांश ठाउँमा परम्परागत ढाँचामा समसामयिक विषयमा आधारित प्रशिक्षण कार्यक्रम आयोजना गरिए। जहाँ प्रशिक्षण कार्यक्रम आयोजना गरियो, त्यसको प्रभाव सकारात्मक रह्यो।

यस अभियानका क्रममा पार्टीसम्बद्ध जनसंगठनहरूका आधारभूत तहको कामलाई व्यवस्थित गर्ने योजना बनाइएको थियो। त्यसका लागि जनसंगठनको सम्बन्धित तहको नेतृत्वलाई जोड्न भनिएको थियो। प्रमुख जनसंगठनहरू अधिवेशनको तयारीमा रहेका कारणले पनि अभियानका क्रममा यसलाई प्रभावकारी रूपमा जोड्न सकिएन। तर पनि, जनसंगठनको भेला आयोजना गर्ने

*अभियानका क्रममा नेतृत्व विकासको सम्भावना भएका युवाहरूको पहिचान गर्ने विषयलाई पनि प्राथमिकतामा राखिएको थियो । त्यो रूपमा काम अघि बढ्न सकेन । अभियानका क्रममा जनता के चाहन्छन् भनेर बुझ्ने प्रयास गरिएको थियो । विभिन्न विषयमा आधारित जनसरोकारका मुद्दाहरूको प्राथमिकीकरण गर्न लगाइएको थियो ।*

र उनीहरूको अवस्थाका बारेमा जानकारी लिने काम अधिकांश ठाउँमा भयो। कतिपय ठाउँमा गठन, पुनर्गठन र सम्मेलन/अधिवेशनहरूको आयोजनासमेत गरियो। अभियानका क्रममा नेतृत्व विकासको सम्भावना भएका युवाहरूको पहिचान गर्ने विषयलाई पनि प्राथमिकतामा राखिएको थियो। त्यो रूपमा काम अघि बढ्न सकेन। अभियानका क्रममा जनता के चाहन्छन् भनेर बुझ्ने प्रयास गरिएको थियो। विभिन्न विषयमा आधारित जनसरोकारका मुद्दाहरूको प्राथमिकीकरण गर्न लगाइएको थियो। यो काम एक हदसम्म भएको छ। उपलब्ध सबै प्रतिवेदनहरूमा यस विषयलाई महत्वका साथ समावेश गरिएको छ। यसको विश्लेषणको काम विज्ञहरूको सहयोगमा प्रदेशस्तरमा र केन्द्रस्तरमा समेत गरिएको छ।

अभियानका क्रममा स्थानीय अन्तरविरोधको पहिचान गर्ने काम भयो। तिनको समाधानका प्रयासहरू अघि बढे। अभियानले अन्तरविरोधको अवस्थाबाट सहकार्यको अवस्थामा बदल्न सहयोग पुऱ्यायो। अभियानबाट पहिचान भएका समस्यालाई नियमित संगठनात्मक कामका माध्यमबाट समाधान गर्न जोड दिइएको छ। अभियानबाट पार्टीको संगठनात्मक जीवन व्यवस्थित हुने प्रक्रिया सुरु भयो। पार्टीपङ्क्तिमा देखिएको शिथिलता एकहदसम्म तोडियो। पार्टीमा सक्रिय र निष्क्रियको पहिचान हुन पुग्यो। कमिटी प्रणालीमा

देखिएका समस्याहरू उजागर भएका छन् । निष्क्रिय कमिटीको पुनर्गठन र नयाँ अधिवेशनका माध्यमबाट समाधानको प्रयास अघि बढाउने काम भएको छ ।

अभियानको क्रममा पालिका, जिल्ला र प्रदेश तहमा अभियानको समीक्षाको योजना बनाइएको थियो । अभियान घोषित उद्देश्यप्रति अलमलिएको देखेपछि मध्यावधि समीक्षाको योजना बनाइयो। प्रदेशस्तरमा आयोजना गरिएको मध्यावधि समीक्षाबाट अभियानलाई उद्देश्यमूलक बनाउन सहयोग पुगेको थियो। समीक्षाका लागि समीक्षाको ढाँचा उपलब्ध गराइएपछि अभियान अझ बढी प्रभावकारी बन्न पुगेको थियो। यस अभियानले केन्द्रीय सदस्य र प्रतिनिधिहरूलाई प्रतिवेदन लेखनको काममा प्रेरित गर्‍यो। अभियानका क्रममा तयार भएका आधाआधी प्रतिवेदनहरू भविष्यको पार्टी कामका आधार दस्तावेजका रूपमा रहेका छन् । यस अभियानका क्रममा ७ सय ५३ पालिकास्तरका, ८८ वटा जिल्लास्तरका र ९ वटा प्रदेशस्तरका गरी ८ सय ५० भन्दा बढी प्रतिवेदनहरू तयार गरिएका थिए ।

## ३. प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठक

पार्टी विधानको धारा २३ ले ‘महाधिवेशनका प्रतिनिधिहरू अर्को महाधिवेशनका लागि प्रतिनिधिहरू निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का सदस्य रहने’ र विधान महाधिवेशनको हैसियतमा बाहेक परिषद्को बैठक ‘दुई महाधिवेशनका बीचमा आवश्यकताअनुसार आयोजना गरिने’ व्यवस्था गरेको छ । पार्टीको सर्वोच्च निकाय, महाधिवेशन प्रतिनिधिका रूपमा नीति र नेतृत्व निर्माणमा निर्णायक योगदान गर्नुहुने कमरेडहरूलाई अर्को महाधिवेशनसम्म क्रियाशील बनाइराख्न र पार्टी कामको आवधिक समीक्षा र दिशानिर्देशनको भूमिकामा स्थापित गर्न सकियोस् भनेर यस्तो व्यवस्था गरिएको हो। नेकपा (एमाले) को जीवनमा यो नयाँ व्यवस्था हो। विधानले राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का तीनवटा कार्यादेश निर्धारण गरेको छ; केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल

*विधानले राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का तीनवटा कार्यादेश निर्धारण गरेको छ; केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने, केन्द्रीय कमिटी र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने तथा यस विधानमा उल्लेख भएबमोजिम विधान महाधिवेशनको हैसियतमा काम गर्ने।*

गरी पारित गर्ने, केन्द्रीय कमिटी र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने तथा यस विधानमा उल्लेख भएबमोजिम विधान महाधिवेशनको हैसियतमा काम गर्ने ।

विधानको यसै व्यवस्थाअनुरूप **निर्णायक राष्ट्रिय शक्तिका रूपमा पार्टीको विकास हाम्रो संकल्प : सुशासन, समृद्धि, स्वाभिमान र समाजवाद हाम्रो गन्तव्य** भन्ने मूल नाराका साथ राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गरिएको थियो । बैठकमा अध्यक्ष कमरेड केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन र महासचिव शंकर पोखरेलले संगठनात्मक कामको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसका साथै केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष कमरेड अमृतकुमार बोहरा, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड केशव बडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष कमरेड पुष्प कँडेल र केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष कमरेड विजय सुब्बाले आफूसम्बद्ध केन्द्रीय निकायका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

प्रतिवेदनको प्रस्तुतिपश्चात् सबै परिषद् सदस्यहरूलाई ६ समूहमा विभाजन गरेर पार्टी संगठन तथा सुदृढीकरणका सम्बन्धमा विभिन्न विषय र प्रश्नमा कार्यशालाको आयोजना गरिएको थियो । पार्टी निर्माणका समस्या र चुनौतीहरू पहिल्याउन तथा आगामी दिनमा तिनको समाधान गर्न कार्यशालामा भएको

जीवन्त छलफल र सक्रिय सहभागिता निकै उपयोगी रहेको थियो। बैठकमा 'लोकतान्त्रिक भित्तो' स्थापना गरेर आफूलाई लागेका महत्वपूर्ण सुझावहरू उल्लेख गर्न प्रोत्साहन गरिएको थियो, जसमार्फत् पनि महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए। कार्यशालाका निष्कर्षहरूलाई समेत समेटेर उपमहासचिव कमरेड प्रदीप ज्ञवालीले संगठन सुदृढीकरण तथा शुद्धीकरणसम्बन्धी विशेष प्रस्ताव प्रस्तुत गर्नुभएको थियो, जसलाई परिषद्ले सर्वसम्मत रूपमा पारित गरेको थियो।

बैठकमा उपमहासचिव कमरेड विष्णु रिमालले १५ बुँदामा समसामयिक प्रस्तावहरू प्रस्तुत गर्नुभएको थियो, जसलाई बैठकले सर्वसम्मत रूपमा पारित गरेको थियो। **दशौं राष्ट्रिय महाधिवेशन**यताको अवधिमा पार्टी उपाध्यक्ष एवं संविधानसभा अध्यक्ष कमरेड सुवासचन्द्र नेम्बाङसहित निधन हुनुभएका १२ जना परिषद् सदस्यहरूप्रति बैठकले उच्च सम्मानसहित श्रद्धासुमन अर्पण गरेको थियो। **प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठक**बाट नेकपा स्थापनाको ७५ वर्ष पूरा भएको अवसरमा आयोजना गरिएको विशेष समारोहमा निवर्तमान राष्ट्रपति सम्माननीय विद्यादेवी भण्डारीलाई **गणतन्त्र गौरव** सम्मान प्रदान गर्ने निर्णय गरिएको थियो। पार्टी जीवनबाट अलग भएका, निष्क्रिय रहेका र सम्पर्कबाहिर रहेका परिषद्का केही सदस्यहरू बाहेक बैठकमा सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। पार्टी जीवनमा पहिलोपल्ट आयोजना गरिएको **राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्**को बैठक निकै जीवन्त, महत्वपूर्ण र उपलब्धिमूलक रहन पुगेको छ।

## ४. झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि संकल्प यात्रा

२०८० साल मङ्सिर १४ देखि पुस १ गतेसम्म सुदूरपश्चिमको झुलाघाटदेखि सुदूरपूर्वको चिवाभञ्ज्याङसम्म **समृद्धिका लागि संकल्प यात्रा** सम्पन्न गरिएको थियो। पहाडको विकासका सम्भावनाहरूको खोजी गर्ने, तीव्ररूपमा भइरहेको बसाइँसराइलाई न्यून गर्ने उपायहरूका बारेमा विमर्श गर्ने, लोकतन्त्र, सामाजिक सद्भाव एवं राष्ट्रिय एकतालाई सम्बर्द्धन गर्ने र

*प्रतिकूल मौसम र जटिल भौगोलिक अवस्थितिका बाबजूद संकल्प यात्रामा प्रकट भएको स्वत:स्फूर्त जनसहभागिता, अभूतपूर्व जनसमर्थन, उच्च राजनीतिक संस्कार र सांस्कृतिक विविधताको प्रदर्शनबाट पार्टीको अभियान सिङ्गो राष्ट्रको अभियान बन्न सफल रह्यो।*

समाजमा व्याप्त निराशा अनि 'देश समृद्ध हुन सक्दैन, सुशासन पनि कायम हुँदैन' भन्ने नकारात्मक भाष्यलाई चिर्दै जनतामा आशा, आत्मविश्वास र भरोसा जागृत गर्ने उद्देश्यसहित यो अभियान सञ्चालन गरिएको थियो। प्रतिकूल मौसम र जटिल भौगोलिक अवस्थितिका बाबजूद संकल्प यात्रामा प्रकट भएको स्वत:स्फूर्त जनसहभागिता, अभूतपूर्व जनसमर्थन, उच्च राजनीतिक संस्कार र सांस्कृतिक विविधताको प्रदर्शनबाट पार्टीको अभियान सिङ्गो राष्ट्रको अभियान बन्न सफल रह्यो। यस अभियानका क्रममा हाम्रो पार्टीका अध्यक्ष कमरेडप्रति समाजका सबै तप्काका समुदायले देखाएको हार्दिकता र सम्मानलाई हाम्रो पार्टी र आन्दोलनप्रतिको सम्मानका रूपमा हामीले बुझ्नुपर्दछ, नेपाली जनताको आशा र विश्वासका रूपमा लिनुपर्दछ। अभियानमा जनताको समर्थन र अभूतपूर्व सहभागितालाई लोकतान्त्रिक गणतन्त्र, संवैधानिक व्यवस्था र मुलुकको भविष्यप्रतिको जनताको भरोसाका रूपमा लिनुपर्दछ। **सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय** भन्ने योजनाका साथ सुरु गरिएको संकल्प यात्रा अपेक्षा गरिएभन्दा बढी स्थानमा जनताको बाक्लो उपस्थिति भएका कारणले समय व्यवस्थापनमा निकै ठूलो समस्या उत्पन्न भयो। सकेसम्म साँझ ५/७ बजेसम्म कार्यक्रम सम्पन्न गरिसक्ने योजना अछामदेखि नै खल्बलिन पुग्यो। कतिपय जिल्लामा कार्यक्रम स्थलमा लस्कर आइपुग्दा रातको १०/११ बज्दथ्यो। चिसो मौसममा, रातको समयमा लामो प्रतीक्षा गरेर बसेको जनसमुदायलाई सम्बोधन गरेर विश्राम लिनपुग्दा रातको

१२/१ बज्न पुग्दथ्यो। **समृद्धिका लागि संकल्प यात्रा**को क्रममा प्रकट भएको त्यो भावना र सद्भाव हाम्रो पार्टीका लागि प्रेरणा र मार्गदर्शक विषय रहेका छन्, जसले यात्राको थकानलाई बिर्साएर अर्को दिनको यात्राका लागि ऊर्जा प्रदान गर्ने काम गरे। संकल्प यात्रा कोशी प्रदेशमा प्रवेश गर्न नदिने भनेर पहिचानवादीका नाममा अनेकन् प्रकारका दुष्प्रचारहरू गरिए। लाठी र घरेलु हातहतियारसहितको प्रदर्शन, कोशी प्रदेश बन्द आह्वान र कार्यक्रममा सहभागी नहुनका लागि दबाब सिर्जना गर्नेसम्मका कामहरू भए। हाम्रो तर्फबाट अभियानका क्रममा कुनै प्रकारको मुठभेड वा क्षति नहोस् भनेर हदैसम्मको संयमता अपनाउने काम भयो। अतिवादलाई जनताले रुचाउँदैनन् भन्ने कुरा यात्राका क्रममा कोशी प्रदेशका जनताले प्रमाणित गरे। कोशी प्रदेशका सभाहरूमा जनताको ऐतिहासिक र अभूतपूर्व सहभागिता देखियो। कोशी प्रदेशको नामकरणमा आफै संलग्न भएर पुन: भड्काउन खोज्ने तत्कालीन सत्ताधारी गठबन्धनलाई पनि कोशीका जनताले व्यापक सहभागितामार्फत् जवाफ दिने काम गरे। यसबाट ‘हाम्रा भगवान् भनेका जिउँदा जनता हुन्’ भन्ने जननेता मदन भण्डारीको भनाइलाई कोशी प्रदेशका जनताले सार्थक बनाए।

हाम्रो पार्टीलाई विभिन्न राजनीतिक दल, संघ–संस्था, स्थानीय तहहरू, व्यावसायिक क्षेत्र र व्यक्तिगत रूपमा समेत सयौं ज्ञापनपत्र, ध्यानाकर्षण, माग र सुझावहरू प्राप्त भए। सर्वदलीय बैठकबाट पारित भएरसमेत प्राप्त भएका ती मागहरूलाई हामीले जनताको नासो ठानेका छौँ। **समृद्धिका लागि संकल्प यात्रा**को सफलताले पार्टीको प्रतिष्ठामा उल्लेख्य बृद्धि भयो। समाजमा फैलिंदै गरेको निराशा र कुण्ठालाई चिरेर भविष्यप्रतिको आशाको दियो बाल्ने काम अभियानका क्रममा भयो। यसका प्रभाव र उपलब्धिहरूलाई अभिलेखीकरण गर्ने कामसमेत गरिएको छ।

### ५. जाजरकोट भूकम्पमा पार्टीको तर्फबाट स्वयंसेवा

जाजरकोट केन्द्रबिन्दू भएर २०८० कार्तिक १७ गते मध्यरातको समयमा गएको विनाशकारी भूकम्पमा परी १ सय ५७ जनाको मृत्यु भयो। २ सय

*समृद्धिका लागि संकल्प यात्राको सफलताले पार्टीको प्रतिष्ठामा उल्लेख्य बृद्धि भयो। समाजमा फैलिँदै गरेको निराशा र कुण्ठालाई चिरेर भविष्यप्रतिको आशाको दियो बाल्ने काम अभियानका क्रममा भयो। यसका प्रभाव र उपलब्धिहरूलाई अभिलेखीकरण गर्ने कामसमेत गरिएको छ।*

७५ जनाभन्दा बढी घाइते हुन पुगे। उक्त भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा सबैभन्दा धेरै मानवीय र भौतिक क्षति हुन पुग्यो। सरकारले तयार पारेको तथ्याङ्कअनुसार ९ हजार ७ सय ९४ निजी घर पूर्णरूपमा क्षति भए। जाजरकोटमा २४ हजार ७ सय ७ घर आंशिक क्षति भए। रुकुम पश्चिममा १६ हजार ५ सय ७० वटा निजी घर पूर्णरूपमा क्षति भए। ९ हजार ९ सय ६१ घर आंशिक रूपमा क्षति भए। तर पछिल्लो समय उक्त तथ्याङ्कमा बृद्धि भएको देखिन्छ। जाजरकोट भूकम्पपश्चात् राष्ट्रपतिदेखि राज्यका विभिन्न ओहोदाका व्यक्तिहरू हेलिकप्टरमा जाने र राहत तथा उद्धारमा लाग्ने कुराले प्रहरी प्रशासन स्वागत सत्कारमा लाग्नुपर्ने अवस्था सिर्जना भयो। त्यसप्रकारको भ्रमण ‘विपद् पर्यटन’ को नाममा आलोचित बन्न पुग्यो। तर, हाम्रो पार्टी सुरुदेखि नै त्यहाँको वस्तुगत अवस्था बुझ्ने, तथ्याङ्क संकलन गर्ने र पीडामा परेका जनसमुदायलाई तत्काल राहत उपलब्ध गराउने कुरामा केन्द्रित रह्यो। राज्यले समयमा राहत र पुनर्स्थापनाको काम अघि बढाउन नसक्दा चिसोबाट सुत्केरी महिला, बालबालिका र ज्येष्ठ नागरिकहरूको मृत्यु हुन थालेपछि हतोत्साहित भएका जनतालाई आफैं केही गर्नुपर्दछ भन्ने भावना जागृत गर्नका लागि बाहिरी जिल्लाबाट स्वयंसेवक परिचालित गर्ने योजना अघि बढाइयो। जाजरकोट र रुकुम पश्चिममा पार्टीले पहिचान गरेका स्थानमा स्थानीय जनतालाई कुनै प्रकारको बोझ नहुने गरी सबै प्रकारका लजिस्टिक सामानसहित १ हजार स्वयंसेवक परिचालन गर्ने योजना केन्द्रीय कार्यालयका तर्फबाट तयार गरियो।

विपद् व्यवस्थापन विभागको व्यवस्थापकीय संयोजनमा प्रदेश तहका पार्टी कमिटी र जनसंगठनका तर्फबाट तोकिएअनुसारका स्वयंसेवक पठाउन निर्देशन गरियो। सोहीअनुसार कार्तिक ३० गतेदेखि मङ्सिर १८ गतेसम्म २५ जनाका दरले ४० समूह बनाएर जाजरकोटमा २५ र रुकुम पश्चिममा १५ समूहहरू परिचालन गरिएका थिए। सबैभन्दा जोखिमपूर्ण र कठीन भौगोलिक स्थानमा पुगेर पार्टीका स्वयंसेवकहरूबाट ५ सय ३ वटा भग्नावशेषको सुरक्षित रूपमा व्यवस्थापन गर्ने र दबिएका सामग्रीहरू निकालेर घरधनीलाई बुझाउने काम भयो। स्वयंसेवक टोलीहरूले ८ सय १३ अस्थायी आवास बनाउने काम गरे। १६ वटा विद्यालयको असुरक्षित भग्नावशेष हटाउनुका साथै अस्थायी विद्यालय बनाएर हस्तान्तरण गर्ने काम गरिएको थियो, जसले गर्दा ती विद्यालयहरूमा पुन: पठनपाठन सञ्चालन गर्न सम्भव भयो। केन्द्रीय स्वयंसेवकहरू फर्किने बेला आफ्ना लजिस्टिकहरू स्थानीय स्वयंसेवकलाई उपलब्ध गराएर पुनर्स्थापनाको कामलाई निरन्तरता दिन प्रेरित गरेका थिए। अभियानका क्रममा पार्टीका स्वयंसेवकहरूले गरेका कामबाट स्थानीय जनता, प्रहरी र प्रशासनसमेत प्रभावित बन्न पुगे। बिना कुनै राजनीतिक विभेद प्राथमिकता निर्धारण गरेर गरिएको कामबाट अन्य राजनीतिक दलका नेता र कार्यकर्ताले समेत हाम्रा स्वयंसेवकहरूको खुलेर प्रशंसा गरेका थिए। स्वयंसेवकका रूपमा सुदूरपश्चिमबाट ५०, कर्णाली प्रदेशबाट १ सय ५०, लुम्बिनी प्रदेशबाट २ सय, गण्डकी प्रदेशबाट ५०, बागमती प्रदेशबाट ५०, मधेश प्रदेशबाट २५, कोशी प्रदेशबाट २५, उपत्यका विशेषबाट २५, सम्पर्क समन्वयबाट १ सय जना स्वयंसेवक परिचालन गरिएका थिए। जनसंगठनहरूमा अनेरास्ववियूबाट १ सय, युवा संघबाट १ सय ५०, जिफन्टबाट १ सय, भूपू सैनिकबाट ५० र खेलकूद महासंघबाट ५० स्वयंसेवक परिचालन गरिएका थिए। अभियानका क्रममा किसान महासंघले थप २ सय स्वयंसेवक परिचालन गरेको थियो। यसरी कूल १ हजार ३ सय २५ केन्द्रीय स्वयंसेवकहरू भूकम्प प्रभावित क्षेत्रमा पन्ध्र दिनभन्दा बढी खटेका थिए। स्थानीय पार्टी कमिटीका तर्फबाट त्यसलाई सहजीकरण गर्नका लागि थप स्थानीय स्वयंसेवक परिचालन गरिएका थिए।

*जाजरकोट र रुकुम पश्चिममा पार्टीले पहिचान गरेका स्थानमा स्थानीय जनतालाई कुनै प्रकारको बोझ नहुने गरी सबै प्रकारका लजिस्टिक सामानसहित १ हजार स्वयंसेवक परिचालन गर्ने योजना केन्द्रीय कार्यालयका तर्फबाट तयार गरियो।*

उक्त अवधिमा स्वास्थ्यकर्मीहरूको टिमसमेत परिचालित थियो। राहत नपुगेका ठाउँमा केन्द्र र जनसंगठन तथा स्थानीय कमिटीको सहयोगमा विशेष योजना बनाएर राहतसमेत वितरण गरिएको थियो। यसरी परिचालित भएका स्वयंसेवकहरूलाई समृद्धिका लागि संकल्प यात्राका क्रममा भव्य समारोहका बीचमा पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले सम्बोधन गर्दै धन्यवाद दिनुभएको थियो। जाजरकोट भूकम्पका क्रममा जाजरकोट र रुकुम पश्चिममा परिचालित स्वयंसेवकहरूको कामबाट **नेकपा (एमाले) सदैव एक कदम अगाडि** भन्ने मान्यता पुन: पुष्टि भएको थियो। पार्टी नेतृत्वको सरकार गठन भएपछि जाजरकोटमा भूकम्पबाट क्षतिग्रस्त बनेका भवनको पुनर्निर्माणको काम पनि अघि बढेको छ।

### ६. वडाकेन्द्रित अभियान: पार्टीलाई जरासम्म पुऱ्याउने प्रयास

केन्द्रीय संगठन विभागको आयोजनामा सम्पन्न राष्ट्रिय कार्यशालाको निष्कर्षसमेतका आधारमा पार्टीको केन्द्रीय सचिवालयको ४४औं बैठकले २०८१ माघदेखि चैतसम्म तीन महिने वडाकेन्द्रित अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो। निर्णायक राष्ट्रिय शक्ति निर्माणको वार्षिक कार्ययोजनाको अङ्गका रूपमा सञ्चालन गरिएको तीन महिने अभियानमा आ–आफ्नो प्रदेशका केन्द्रीय तहदेखिका सम्पूर्ण नेता र कार्यकर्ता परिचालनको योजना

प्रदेश र जिल्ला कमिटीले बनाउने गरी निर्देशन गरिएको थियो। अभियान मूलत: निम्नानुसारका काममा केन्द्रित थियो:

— पार्टी सदस्यतासम्बन्धी काम सुव्यबस्थित गर्ने (नवीकरण, विस्तार, अनलाइन अभिलेखीकरण, प्रशिक्षण र परिचालन)

— कम्तिमा वडा तहसम्म कमिटीका अधिवेशनहरू सम्पन्न गरिसक्ने। टोलहरूमा पार्टी कमिटीहरू बनाउने र सुचारू गर्ने।

— संगठनात्मक अराजकता र अवसरवादलाई परास्त गर्न गहिरो वैचारिक कामका साथै कमिटी जीवनमा व्यापक शुद्धीकरण गर्ने।

— पार्टीको नीति र नेतृत्वका विरुद्ध भइरहेको प्रायोजित मिथ्या–प्रचारको (साइवर हमलाको) जमेर प्रतिवाद गर्ने। भ्रम पार्नै नदिने गरी कार्यकर्तालाई प्रशिक्षित गर्ने।

— कार्यकर्तामा आत्मविश्वास जगाएर पार्टीलाई घरघर पुऱ्याउने, जनगुनासो सुन्ने र जनतामा आशा जगाउने।

— जनताका माग–मुद्दा तथा समस्यामा अग्रसरता लिने र आर्थिक–सामाजिक तथा सांस्कृतिक रूपान्तरणलाई तीव्रता दिने।

— युवामा पहुँच बढाउने र युवा नेतृत्व विकासको योजनाबद्ध थालनी गर्ने।

— अबको पार्टी काममा डिजिटल माध्यम अपनाउन वडा तहसम्मका पार्टी कमिटीहरूलाई सचेत पार्ने।

— **जनतासँग जनसंगठन** अभियान चलाउने (वडासम्म जनसंगठनका कमिटी निर्माण, सदस्यता विस्तार, प्रशिक्षण र सम्बन्धित समुदायका समस्या समाधानमा अग्रसरता लिने।)

— वडा तहसम्म पार्टी कार्यालयहरू सुव्यवस्थित रूपमा सञ्चालन गर्ने।

*वडाकेन्द्रित जरा अभियान देशव्यापी रूपमा चल्यो। भूगोल तथा गैर–भूगोलका सबै प्रदेश, जिल्ला, पालिका तथा वडा तहका कमिटीहरूले कार्यादेशबमोजिम योजनाहरू बनाए र परिचालित भए। जनसंगठनका केन्द्रीय कमिटीहरूले छलफल चलाए र केही योजनाहरू पनि बनाए। तर राष्ट्रिय महाधिवेशनमा लाग्नु परेका कारण जनतासँग जनसंगठन अभियान अपेक्षितरूपमा अघि बढ्न सकेन।*

वडाकेन्द्रित जरा अभियान देशव्यापी रूपमा चल्यो। भूगोल तथा गैर–भूगोलका सबै प्रदेश, जिल्ला, पालिका तथा वडा तहका कमिटीहरूले कार्यादेशबमोजिम योजनाहरू बनाए र परिचालित भए। जनसंगठनका केन्द्रीय कमिटीहरूले छलफल चलाए र केही योजनाहरू पनि बनाए। तर राष्ट्रिय महाधिवेशनमा लाग्नु परेका कारण **जनतासँग जनसंगठन अभियान** अपेक्षितरूपमा अघि बढ्न सकेन। तथापि, यस अवधिमा जनसंगठनका आधारभूत तहका कमिटीहरू बढेका छन् र उल्लेखनीय रूपमा सदस्यता विस्तार भएको छ। अभियानमा पार्टी सदस्य संख्या दुई लाख बृद्धि गर्ने लक्ष्य राखिएकोमा डेढ लाख सदस्य थप भएका छन्। अपेक्षित संख्यामा नै पुराना सदस्यहरूको पार्टी सदस्यता नवीकरण भएको छ। कूल सदस्य संख्या ५ लाखबाट बढेर साढे ६ लाख पुगेको छ। त्यसमध्ये १ लाख ६० हजारको अनलाइन अभिलेखीकरण पनि भएको छ। त्यसैगरी भूगोलका वडामा ३ हजार १ सय ४१ र गैर–भौगोलिक वडामा १ हजार ७२ सहित यो अभियानमा ४ हजार २ सय १३ वडा स्तरका पार्टी अधिवेशनहरू सम्पन्न भएका छन्। जिल्ला अधिवेशनमा भएको ढिलाइका कारण मधेशमा ठूलो संख्यामा वडा तहका अधिवेशनहरू गर्न बाँकी रहेको भए पनि अभियानका क्रममा कमिटी नबनेका वडाहरूमा कमिटी बनेका छन्। तीन महिने अभियानमा ५ हजार टोल कमिटी निर्माण गर्ने लक्ष्य राखिएकोमा ९ हजार नयाँ टोल कमिटीहरू बनेका छन्। भूगोल र गैर–भूगोलका गरी अब टोलस्तरका कमिटीको कूल संख्या १९

हजार ८ सय ५ पुगेको छ । टोल कमिटीहरूमध्ये ५० प्रतिशतको हाराहारीमा टोल अधिवेशनहरू सम्पन्न भएका छन् । माथिल्ला कमिटीका अधिवेशनहरू समयमा आयोजना हुन नसक्दा टोल अधिवेशन भएको संख्या मधेशमा अत्यन्त न्यून छ । वडा अभियानकै सिलसिलामा भूगोलका २ सय ८२ र गैर–भूगोलका १ सय ६० सहित ४ सय ४२ पालिकास्तरका अधिवेशनहरू मात्र होइन विविध कारणले अधिवेशन हुन नसकेका मोरङ, सिराहा, सप्तरी, अछाम र धनुषा जिल्ला कमिटीका पार्टी अधिवेशनहरू पनि सम्पन्न भएका छन्। कतिपय वडामा कमिटीको बैठक र सदस्यता नवीकरणमा मात्रै अभियान सीमित रह्यो भने कतिपय वडामा जनताको घरघर पुगेर समस्या बुझ्ने तथा समाधानमा पहल गर्ने काममा पनि अग्रसरता रह्यो । प्रशिक्षणमार्फत कार्यकर्तामा आत्मविश्वास भर्ने, एमालेको नीति र नेतृत्वप्रति रहेको भ्रम चिर्ने, साइबर हमलाको प्रतिवाद गर्ने तथा जनतामा आशा जगाउने उल्लेखनीय कामहरू भएका छन् ।

समग्रमा, अभियानपछि स्थानीय कमिटीहरूमा पार्टी गतिविधिहरू बढेका, कमिटीका अधिवेशनहरू सम्पन्न भएका, पार्टी सदस्यताको नवीकरण निर्धारित समयमै सकिएको, जनतासँग पार्टी नेता/कार्यकर्ताको सम्बन्धमा सुधार आएको, समय पुगेका जनसंगठनका अधिवेशनहरू सम्पन्न भएका तथा ती संगठनहरू क्रमश: आफ्नो समुदायमा स्थापित हुँदै गएका छन् । अभियानले नेता/कार्यकर्ताहरूलाई आफ्नो परिभाषित काममा सक्रिय बनाएको छ। अभियानको पछिल्लो अवधिमा राजावादी र प्रतिक्रियावादीहरूका प्रतिगामी क्रियाकलापका विरुद्ध तथा लोकतान्त्रिक गणतन्त्रका पक्षमा जागरण अभियान सञ्चालन गर्नुपरेका कारण अभियान प्रभावित भयो। घरदैलो अभियानका समयमा पार्टी शहर बजारका गतिविधिमा केन्द्रित हुनुपर्‍यो। मौसमी प्रतिकूलताले हिमाली क्षेत्रमा भने आमरूपमा अभियान अघि बढाउन सकिएन। **मिशन चौरासी**मा सफलता प्राप्त गर्नका लागि मुख्य आधार निर्णायक तहमा सबल पार्टी संगठन निर्माण गर्नु नै हो र जनतासँगको सम्बन्धमा घनिष्ठता कायम गर्नसक्नु नै हो। पार्टीको जनआधार विस्तारको महत्वपूर्ण

*मिशन चौरासीमा सफलता प्राप्त गर्नका लागि मुख्य आधार निर्णायक तहमा सबल पार्टी संगठन निर्माण गर्नु नै हो र जनतासँगको सम्बन्धमा घनिष्ठता कायम गर्नसक्नु नै हो। पार्टीको जनआधार विस्तारको महत्वपूर्ण क्षेत्रका रूपमा रहेका पार्टीसम्बद्ध जनसंगठनहरू सुदृढ र सबल हुनु नै हो।*

क्षेत्रका रूपमा रहेका पार्टीसम्बद्ध जनसंगठनहरू सुदृढ र सबल हुनु नै हो। जनसंगठनहरूको आजको आकार, चेतना, गति र समर्पणमा गुणात्मक बृद्धि नगरी तथा उनीहरूभित्र विश्वासको कुण्डलिनी नजगाई पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन सकिन्न। तसर्थ बाँकी अवधिमा संगठन सुदृढीकरण तथा शुद्धीकरणको काममा पार्टीपङ्क्ति असाधारण ढङ्गले सक्रिय हुनु आवश्यक देखिन्छ।

**७. यूथ सेलिब्रेशन: वैशाख ११, जनताले जितेको दिन**

संघीय लोकतान्त्रिक गणतन्त्र एउटा व्यवस्थामात्र हैन, आधुनिक युगको गौरव हो। जनता पूर्णरूपमा सार्वभौम भएको जनसार्वभौम सत्ताको प्रतीक पनि हो। **वैशाख ११** नेपालमा पारिवारिक र परम्परागत राजतन्त्र जनआन्दोलनबाट पराजित भएको दिन हो। सामन्ती राजा र रजौटाहरूको युग समाप्त भएर जनताको युग सुरु भएको दिन हो। अर्थात् नेपाली जनताले जितेको दिन हो। यस दिनलाई युवाहरूका बीचमा युवाहरूसँगै मनाउने निर्णय पार्टीको केन्द्रीय सचिवालयले गरेको थियो। कार्यक्रमका माध्यमबाट नयाँ पुस्तालाई लोकतन्त्रप्रतिको गौरवबोध गराउने र जनआन्दोलनले मिल्काएको राजतन्त्रलाई पुनर्स्थापित गर्ने प्रतिगामी तथा प्रतिक्रियावादीहरूको कुचेष्टा कुनै पनि हालतमा पूरा हुन सक्दैन भन्ने सन्देश दिने उद्देश्य राखिएको थियो। ४० वर्षमुनिका युवा लक्षित **यूथ सेलिब्रेशन: वैशाख ११, जनताले जितेको**

**गौरवपूर्ण दिन**मा काठमाडौँको भृकुटीमण्डपमा आयोजना गरिएको थियो। नयाँ शैलीमा आयोजना गरिएको युवालक्षित उक्त कार्यक्रमले युवाहरूमा मात्र होइन आमजनतामा नयाँ सन्देश दिन सफल भएको छ। उक्त कार्यक्रमले युवा समुदायमा हाम्रो पार्टीप्रति आशा र आकर्षण पैदा गरेको छ। ४० वर्षमुनिका हजारौं युवाहरूको सहभागिताले कार्यक्रम वास्तवमै उत्सवमय बन्न पुगेको थियो। कार्यक्रममा युवाहरूका बीचमा लोकप्रिय रहेका ब्यान्ड र कलाकारहरूले साङ्गीतिक प्रस्तुति दिएका थिए। कार्यक्रमको अन्त्यमा लाइटिनिङसहित विशेष ढङ्गले सेलिब्रेट गरिएको थियो। पार्टीको तर्फबाट अध्यक्ष र महासचिवले सम्बोधन गर्नुभएको थियो। उक्त कार्यक्रमको आयोजना पार्टीले गरेको भए पनि व्यवस्थापन र सञ्चालन युवाहरूका तर्फबाट गरिएको थियो। युवाहरूका तर्फबाट अनेरास्ववियूका अध्यक्ष समिक बडालले स्वागत र राष्ट्रिय युवा संघ नेपालका अध्यक्ष क्षितिज थेवेले धन्यवाद दिनुभएको थियो। उक्त कार्यक्रममा युवा आवाजहरू लोकतान्त्रिक गणतन्त्रका पक्षमा मुखरित भएका थिए। शर्मिला भण्डारी (सुदूरपश्चिम), विमल पुन मगर (कर्णाली), शिवकुमारी चौधरी (लुम्बिनी), विष्णु पोखरेल (गण्डकी), सुनिता डंगोल (बागमती), डा. आनन्द सिंह (मधेश), आश्मिन शेष र प्रकाश सुनारले युवाहरूलाई सम्बोधन गर्नुभएको थियो। कार्यक्रममा युवाहरूका अतिरिक्त उल्लेख्य मात्रामा पार्टी कार्यकर्ता र जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## ८. लोकतान्त्रिक गणतन्त्रका पक्षमा जागरण अभियान

पूर्व राजा ज्ञानेन्द्र शाहले फागुन ७ को सन्दर्भ पारेर पुन: सत्ता लिन तयार भएको उद्घोषसहितको भिडियो सन्देश सार्वजनिक गरेसँगै प्रतिगामी र प्रतिक्रियावादी तत्वहरूले अस्थिरता सिर्जना गर्ने उद्देश्यसहित अराजक गतिविधिहरू सुरु गर्न लागिरहेकै समयमा पार्टीले लोकतान्त्रिक गणतन्त्रका पक्षमा जागरण कार्यक्रम अघि बढाउने निर्णय गऱ्यो। उक्त निर्णयअनुरूप चैत ११ गतेका दिन देशभर एकसाथ वडास्तरमा जागरण कार्यक्रम सञ्चालन गरियो। चैत १८

*संघीय लोकतान्त्रिक गणतन्त्र एउटा व्यवस्थामात्र हैन, आधुनिक युगको गौरव हो। जनता पूर्णरूपमा सार्वभौम भएको जनसार्वभौम सत्ताको प्रतीक पनि हो। वैशाख ११ नेपालमा पारिवारिक र परम्परागत राजतन्त्र जनआन्दोलनबाट पराजित भएको दिन हो । सामन्ती राजा र रजौटाहरूको युग समाप्त भएर जनताको युग सुरु भएको दिन हो। अर्थात् नेपाली जनताले जितेको दिन हो।*

गतेका दिन जिल्ला सदरमुकाममा लोकतान्त्रिक गणतन्त्रका पक्षमा प्रदर्शन तथा जागरण भेलाहरू आयोजना गरिए। शहरी क्षेत्र, विशेषगरी तराईका जिल्लाहरूमा मोटरसाइकल ऱ्यालीहरू निकालिएका थिए। चैत १५ गतेका दिन राजावादीहरूले आगजनी, लूटपाट र हिंसा मच्चाएर आतङ्कको वातावरण सिर्जना गरेको काठमाडौंको तीनकुनेबाट चैत १८ गतेका दिन विशाल मोटरसाइकल ऱ्याली निकालिएको थियो। पार्टी अध्यक्षसहित केन्द्रीय नेताहरूको उपस्थितिमा देशका विभिन्न भागमा प्रदेशस्तरका जनसभाहरू आयोजना गरिएका थिए। बुटवल र दमकमा आयोजना गरिएको जागरण सभामा पार्टी अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली, पोखरामा पार्टीका बरिष्ठ उपाध्यक्ष कमरेड ईश्वर पोखरेल, बुटवलमा उपाध्यक्ष तथा उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेल, धनगढीमा उपाध्यक्ष कमरेड युवराज ज्ञवाली, सुर्खेत र धनगढीको सभामा महासचिव शंकर पोखरेललगायतले सम्बोधन गर्नुभएको थियो। विगतमा जेठ १५ को गणतन्त्र दिवसको कार्यक्रम सरकारीस्तरमा मात्र मनाउने गरिएकोमा यस वर्ष पार्टीले विभिन्न कार्यक्रमहरू आयोजना गरी देशभर मनाउने निर्णय गरेको थियो। गणतन्त्र दिवसको दिनबाटै राजावादीहरूले काठमाडौंमा अनिश्चितकालीन आन्दोलनको घोषणासमेत गरेका थिए। सोही दिन पार्टीले काठमाडौं उपत्यकाका पार्टी कमिटी र पार्टीसम्बद्ध जनसंगठनहरूको सहभागितामा बाजागाजा र सांस्कृतिक झाँकीहरूसहित उत्सवमय वातावरणमा गणतन्त्र दिवस मनाउने योजना अघि

साऱ्यो। भृकुटीमण्डपबाट सुरु भएको सांस्कृतिक ऱ्याली शहीदगेट–रत्नपार्क हुँदै पुनः भृकुटीमण्डपमा आएर संक्षिप्त सम्बोधनसहित समापन भएको थियो। पार्टीका तर्फबाट आयोजना गरिएको लोकतान्त्रिक गणतन्त्रका पक्षको जागरण सभा र गणतन्त्र दिवसका दिन काठमाडौँमा आयोजना गरिएको सांस्कृतिक ऱ्यालीले राजावादीहरूको आन्दोलनलाई कमजोर बनाउन महत्वपूर्ण भूमिका खेलेको थियो। उल्लेखित कार्यक्रमका सन्दर्भमा कतिपयले सरकारमा रहेको पार्टी सडकमा आएको भनेर खिसिट्यूरी गरे पनि नेकपा (एमाले) लोकतन्त्र र गणतन्त्रप्रति प्रतिबद्ध छ र आवश्यक पर्दा त्यसको रक्षाका लागि सडकमा उत्रिन पनि तयार छ भन्ने सन्देश दिने काम भएको छ। भविष्यमा पनि राष्ट्र र जनताको हितका विरुद्धमा प्रतिगामी, प्रतिक्रियावादी र अराजकतावादीले गर्नसक्ने अराजक र अपराधिक हरकतका विरुद्धमा हाम्रो पार्टीको तर्फबाट सजगता र खबरदारी जरुरी देखिन्छ।

# च.

# पार्टीको संगठनात्मक अवस्था

**दशौं राष्ट्रिय महाधिवेशन**का समयमा पार्टीको संगठनात्मक जीवन निकै अस्तव्यस्त थियो। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विघटन र पुनर्स्थापित नेकपा (एमाले) मा भएको षडयन्त्रपूर्ण विभाजनका कारणले पार्टी जीवन प्रभावित बन्न पुगेको थियो। प्रथम विधान महाधिवेशनको आयोजनासँगै सुरु भएको पार्टी पुनर्व्यवस्थित गर्ने काम यतिबेला आएर आधारभूत रूपमा सम्पन्न भएको छ। पार्टी संगठनात्मक जीवन विधिसम्मत र व्यवस्थित बन्न पुगेको छ। तर राष्ट्रिय आवश्यकता र निर्णयक राष्ट्रिय शक्तिका रूपमा पार्टीको विकासका दृष्टिकोणबाट अझै संगठनात्मक कामलाई थप व्यवस्थित र सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ। समग्रतामा अहिले पार्टीको संगठनात्मक अवस्था यसप्रकार रहेको छ:

## १. पार्टीको बैठक, कार्ययोजना र कार्यविभाजन

दशौं राष्ट्रिय महाधिवेशनयता केन्द्रीय कमिटीका ९ वटा, पोलिटब्यूरोका ४ वटा, स्थायी कमिटीका ३ वटा र केन्द्रीय सचिवालयका ५४ वटा बैठकहरू सम्पन्न भएका छन्। केन्द्रीय कमिटीको बैठक नीति–निर्माणका सवालमा बस्ने गरेको छ भने सचिवालयको बैठक पार्टीले गर्नुपर्ने नियमित काममा आधारित रहेर आवश्यकताअनुसार बस्ने गरेको छ। केन्द्रीय कमिटीदेखि सचिवालयको बैठकले गरेका महत्वपूर्ण निर्णयहरूको जानकारी तथा कार्यान्वयनका लागि अन्तरपार्टी निर्देशन जारी गर्ने गरिएको छ। अहिलेसम्म पार्टी केन्द्रका तर्फबाट १२ वटा अन्तरपार्टी निर्देशनहरू जारी गरिएका छन्। पार्टीका केन्द्रीय निकाय,

केन्द्रीय विभाग र पार्टी निर्णयको कार्यान्वयनका लागि विभिन्न समयमा केन्द्रीय कार्यालयका तर्फबाट परिपत्र जारी गर्ने गरिएको छ। पार्टी निर्णय र पार्टीको कार्ययोजना कार्यान्वयन तथा विभाग, फाँट र मातहत कमिटीलाई वैचारिक नेतृत्व प्रदान गर्ने गरी तीनपटक कार्यविभाजनमा हेरफेर गरिएको छ। अभियानअन्तर्गत दुईपटक केन्द्रीय सदस्यहरूलाई विभिन्न जिम्मेवारीमा खटाउने काम भएको छ। पार्टी कामलाई योजनाबद्ध र व्यवस्थित ढङ्गले अघि बढाउन दुईपटक वार्षिक कार्ययोजना तयार गरी मातहत कमिटीमा पठाउने काम भएको छ। **दशौं राष्ट्रिय महाधिवेशन**यता आमरूपमा कमिटीका बैठकहरू नियमित र व्यवस्थित बनेका छन्। निर्वाचन, अभियान र सत्तासमीकरण परिवर्तनजस्ता घटनाक्रमहरूले सचिवालय बाहेकका बैठकको आयोजनामा एकहदसम्म असर पर्न गएको देखिन्छ। **दशौं राष्ट्रिय महाधिवेशन**यता एकपटक राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकसमेत सम्पन्न गरिएको छ। पार्टी केन्द्रका तर्फबाट विभिन्न समयमा लिइएका निर्णय र जारी गरिएका अन्तरपार्टी निर्देशन एवं परिपत्रहरूले पार्टी जीवनलाई व्यवस्थित र गतिशील बनाउन महत्वपूर्ण भूमिका खेलेका छन्।

## २. पार्टी सदस्यता नवीकरण र विस्तार

दशौं राष्ट्रिय महाधिवेशनयता पार्टी सदस्यता नवीकरणको काम वार्षिक रूपमा सम्पन्न गर्ने नीति अवलम्बन गरिएको छ। महाधिवेशनलगत्तै पार्टी स्थानीय र आमनिर्वाचनमा सहभागी हुनुपरेका कारणले एक वर्षको नवीकरणको काम प्रभावित बन्न पुगेको थियो। **मिशन ग्रासरुट** अभियानअन्तर्गत भौतिक उपस्थितिमा सदस्यता नवीकरण गर्ने योजनाअन्तर्गत दुई वर्षको सदस्यता नवीकरण गर्ने काम एकसाथ सम्पन्न गरिएको थियो। तत्पश्चात् प्रत्येक वर्ष नवीकरण गर्ने काम भएको छ। नयाँ सदस्यता प्रदान गर्दा र पार्टी प्रवेशबाट आएकाहरूको सदस्यताको अभिलेख तयार गर्दा एक वर्षको सदस्यता शुल्क लिने गरिएको छ। सदस्यता विस्तार र नवीकरणको काम सम्पन्न भएपछि केन्द्रले पाउनुपर्ने शुल्क प्राप्त गरेरमात्र संगठन विभागका तर्फबाट सदस्यता

*पार्टी केन्द्रका तर्फबाट विभिन्न समयमा लिइएका निर्णय र जारी गरिएका अन्तरपार्टी निर्देशन एवं परिपत्रहरूले पार्टी जीवनलाई व्यवस्थित र गतिशील बनाउन महत्वपूर्ण भूमिका खेलेका छन्।*

प्रमाणीकरण गर्ने व्यवस्था मिलाइएको छ। यस वर्षको सदस्यता नवीकरणको काम असार मसान्तमा सम्पन्न गरिएको छ। यस वर्ष सदस्यता नवीकरण र विस्तारमा उल्लेख्य प्रगति भएको छ। कोशी प्रदेशको सदस्य संख्या १ लाख १४ हजार ७ सय ६६, मधेश प्रदेशको १ लाख ५६ हजार १ सय ९५, बागमती प्रदेशको १ लाख १४ हजार ५ सय ६६, गण्डकी प्रदेशको ५६ हजार ०५२, लुम्बिनी प्रदेशको ८० हजार ५ सय ७९, कर्णाली प्रदेशको ४८ हजार ५ सय ३८, सुदूरपश्चिम प्रदेशको ६३ हजार १ सय १०, उपत्यका विशेष प्रदेशको १२ हजार ३ सय ३, सम्पर्क समन्वयअन्तर्गत १३ हजार ७ सय ८३, भारत प्रवास १ हजार ७ सय ५२ र अन्य प्रवासको ४ हजार ६ सय २० रहेको छ। केन्द्रीय कार्यालयमा रहेको सदस्य संख्या ८ सय ५० रहेको छ। यस वर्ष मधेश प्रदेशका दुई जिल्ला धनुषा र महोत्तरीमा पार्टी सदस्य संख्या निकै बृद्धि भएको देखिन्छ। यस वर्षको कूल पार्टी सदस्य संख्या ६ लाख ६७ हजार १ सय १४ पुगेको छ। समग्रतामा गत वर्षको तुलनामा यस वर्ष पार्टी सदस्यता नवीकृत र नयाँ गरी करीब ३२.८५ प्रतिशतले बृद्धि भएको छ। *(यसको विस्तृत जानकारी परिशिष्ट–१ मा उपलब्ध छ।)*

## ३. प्रदेश, जिल्ला र स्थानीय कमिटीका अधिवेशनहरू

**दशौं महाधिवेशन**यता प्रदेश कमिटीको अधिवेशन एकपटक र जिल्ला तह र सोभन्दा तलका अधिवेशनहरू प्राय: दुईपटक सम्पन्न भएका छन्। विधान महाधिवेशन लगत्तै एकैपटक वडा र पालिका अधिवेशन गर्ने योजनाअनुरूप पार्टी अध्यक्षबाट भर्चुअल माध्यमबाट अधिवेशन उद्घाटन गरिएको थियो। **दशौं राष्ट्रिय महाधिवेशन**पछि जिल्ला अधिवेशन एकैपटक उद्घाटन गरिएको थियो। उक्त समयमा जिल्ला र सोभन्दा तलका अधिवेशनहरू आमरूपमा सहमतिमा सम्पन्न भए। वडा र पालिकाको संरचना नयाँ भएका कारणले सबैतिर प्रथम अधिवेशन आयोजना गरिएको थियो। प्रदेश अधिवेशन, **मिशन ग्रासरुट** पछि भौतिक उपस्थितिमा सदस्यता नवीकरण गरी प्रमाणीकरण भएको सदस्यताका आधारमा सम्पन्न गरिएको थियो। यतिबेला प्रदेश तहका सबै अधिवेशन सम्पन्न भएका छन्। ७ वटा भौगोलिक प्रदेशमध्ये २ वटामा सहमति र ५ प्रदेशमा निर्वाचनको विधिबाट नेतृत्व चयन भएको छ। उपत्यका विशेषमा सहमतिका आधारमा नेतृत्व चयन भएको छ। भारत प्रवास र बाँकी प्रवासको कामसँग सम्बद्ध प्रवासी नेपाली संघ भारत र प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका अधिवेशनहरू पनि सम्पन्न भएका छन्।

निरन्तरको प्रयासपश्चात् जिल्ला तहका सबै कमिटीका अधिवेशन सम्पन्न भएका छन्। दुई तिहाइ जिल्ला कमिटीका अधिवेशनहरू चुनावी प्रक्रियाबाट नेतृत्व चयन भई सम्पन्न भएका छन्। बाँकीमा सहमतिका आधारमा नेतृत्व चयन भएको छ। कूल ७ सय ५३ पालिकामध्ये ६ सय ५३ पालिकाका अधिवेशन सम्पन्न भएका छन्, जसअन्तर्गत सुदूरपश्चिमका ८८, बागमतीका १ सय १९, गण्डकीका ८५, लुम्बिनीका १ सय ९ पालिकाका अधिवेशन सम्पन्न भएका छन्। कोशीका १ सय ३७ मा १ र कर्णालीका ७९ मा ३ पालिकाको अधिवेशन बाँकी रहेको छ। मधेश प्रदेशका १ सय ३६ पालिकामध्ये ५० पालिकामा मात्र अधिवेशन सम्पन्न भएको छ।

*विधान महाधिवेशन लगत्तै एकैपटक वडा र पालिका अधिवेशन गर्ने योजनाअनुरूप पार्टी अध्यक्षबाट भर्चुअल माध्यमबाट अधिवेशन उद्घाटन गरिएको थियो। दशौं राष्ट्रिय महाधिवेशनपछि जिल्ला अधिवेशन एकैपटक उद्घाटन गरिएको थियो। उक्त समयमा जिल्ला र सोभन्दा तलका अधिवेशनहरू आमरूपमा सहमतिमा सम्पन्न भए।*

यस अवधिमा मधेश प्रदेशलाई छोडेर अन्य प्रदेशमा ९० प्रतिशतभन्दा बढी वडामा वडा अधिवेशन सम्पन्न भएका छन्। बागमतीका १ हजार १ सय २१ वडामा २३, कोशीका १ हजार १ सय ५७ मा ८९, गण्डकीका ७ सय ५९ मा ७३, लुम्बिनीका ९ सय ८३ मा ३८, कर्णालीका ७ सय १८ मा १०४ र सुदूरपश्चिमका ७ सय ३४ मा ५२ वडाका अधिवेशन हुन बाँकी रहेका छन्। मधेश प्रदेशमा भने १ हजार २ सय ८० वडामध्ये १ सय ३० वडामा मात्र अधिवेशन भएको रिपोर्ट छ। मधेश प्रदेशमा तीन जिल्लाको अधिवेशन यस वर्षमात्रै सम्पन्न भएको र पालिका तथा वडा अधिवेशन नयाँ सदस्यता नवीकरणपछि गर्ने योजना प्रदेश कमिटीले बनाएका कारणले पनि कम भएको देखिन्छ। यसरी कूल ६ हजार ७ सय ४३ वडामध्ये ५ हजार २ सय ३३ वडामा वडा अधिवेशन सम्पन्न भएका छन्। यस अभियानका क्रममा ५० प्रतिशत जति टोलमा टोल अधिवेशन भएको अनुमान छ। उपत्यका विशेषअन्तर्गत इलाकास्तरका ५५ वटा कमिटीमध्ये ५२ वटामा अधिवेशन सम्पन्न भएको छ।

(वडास्तर)/शाखा तहका २ सय ४ कमिटीमध्ये १ सय ७५ मा अधिवेशन सम्पन्न भएको छ। टोल तहमा ४ सय ८ मध्ये ४८ वटा कमिटीमा मात्र अधिवेशन भएको छ। सम्पर्क समन्वयअन्तर्गत ७ वटै प्रदेश सम्पर्क कमिटीको अधिवेशन सम्पन्न भएको छ। जिल्ला सम्पर्क मञ्च ७४ रहेकामा सबैको

अधिवेशन सम्पन्न भएको छ। पालिका सम्पर्क मञ्च ७ सय ४३ रहेकामा ५ सय ३७ मा अधिवेशन सम्पन्न भएको छ। प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीअन्तर्गतका राष्ट्रिय कमिटीको संख्या ३६ रहेकामा ३२ वटामा अधिवेशन सम्पन्न भएको छ। राज्य/क्षेत्रीय/नगर कमिटीको संख्या ७० रहेकोमा ५९ वटा कमिटीमा अधिवेशन सम्पन्न भएको छ। भारत प्रवासमा प्रवासी नेपाली संघ भारतअन्तर्गत १० वटा राज्यस्तरका कमिटी क्रियाशील छन्। तिनमा करीब ६ हजारभन्दा बढी नेपालीहरू संगठित छन्। विगतको तुलनामा पार्टी अधिवेशनको आयोजनामा उल्लेख्य सफलता प्राप्त भएको छ। तर आधारभूत तहमा पार्टीलाई स्थापित गर्न भने अझै बाँकी नै देखिन्छ। त्यसका लागि अधिवेशन गर्न बाँकी रहेका वडा र टोलमा राष्ट्रिय महाधिवेशनअगावै अधिवेशन सम्पन्न गरिनु पर्दछ। *(यसको विस्तृत जानकारी परिशिष्ट–२ मा उपलब्ध छ।)*

## ४. पार्टीको संगठित शक्ति

केन्द्रीय कमिटीको सदस्य संख्या ३ सय ५७ रहेको छ। तीनवटा केन्द्रीय निकायका कूल सदस्य संख्या ९० रहेको छ। केन्द्रीय सल्लाहकार परिषद्मा संगठित रहेको संख्या ३ सय ८१ रहेको छ। केन्द्रीय विभागमा संगठित संख्या करीब ८ सय २५ रहेको छ। यसरी केन्द्रीय कमिटी र केन्द्रीय निकायमा संगठित रहेको कूल संख्या १ हजार ६ सय ५२ रहेको छ। प्रदेश/विशेष प्रदेश कमिटीमा संगठित रहेको संख्या ४ हजार ३९ रहेको छ, जसमा १ हजार ८ सय १४ प्रदेश कमिटीमा, १ हजार ५ सय ८४ सल्लाहकार परिषद्मा, ६ सय ४१ ज्येष्ठ कम्युनिष्ट मञ्चमा, २ सय २६ विभागमा रहेका छन्। विभागमा संगठित सदस्यको विवरण अपूर्ण रहेकोले यसमा केही संख्या बृद्धि हुनसक्दछ। यसरी नै जिल्ला/विशेष जिल्ला कमिटीमा संगठित रहेको संख्या ९ हजार ७ सय ७४ रहेको छ। पालिका वा सो सरहको कमिटीमा संगठित रहेको संख्या ४१ हजार ६ सय ३३ रहेको छ। वडा र वडा तहको कमिटीमा संगठित संख्या १ लाख ७४ हजार ७ सय ३६ रहेको छ। टोल वा सो सरहको कमिटीमा संगठित रहेको

*पार्टी नियमावलीले व्यवस्था गरेअनुरूप केन्द्रीय नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानका अतिरिक्त ३३ वटा केन्द्रीय विभागहरू रहेका छन्। पार्टीसम्बद्ध प्रतिष्ठानहरूको समन्वय गर्नका लागि एक समन्वय संयन्त्रसमेत गठन गरिएको छ। पार्टी विधानको व्यवस्थाअनुरूप पार्टी नियमावलीमा विभागहरूका नाम र अधिकार तथा कर्तव्य किटान गरिएका छन्।*

संख्या २ लाख ६६ हजार २ सय ४५ रहेको छ। यसरी जिल्ला र जिल्लाभन्दा तलका कमिटीहरूको कूल संख्या २९ हजार २ सय २३ र कमिटीमा आबद्ध कूल संख्या ४ लाख ३३ हजार ३ सय ८७ रहेको छ। यसरी पार्टीमा कूल संगठित सदस्य संख्या ४ लाख ३९ हजार ७८ को हाराहारीमा रहेको छ। नयाँ र पुरानासमेत गरी करीब २ लाखको संख्यामा पार्टी सदस्यहरूलाई कमिटीमा संगठित गर्न बाँकी रहेको देखिन्छ। यसको एउटा महत्वपूर्ण हिस्सा पार्टीसम्बद्ध जनसंगठन र सरोकारवाला संगठनमा आबद्ध रहेको हुनसक्छ। तर पार्टीसम्बद्ध जनसंगठनमा कति पार्टी सदस्य आबद्ध छन् भन्ने कुराको अभिलेख तयार हुनसकेको छैन। जनसंगठनमा समेत आबद्ध नरहेको, जिम्मेवारी प्राप्त गर्न बाँकी हिस्सालाई पार्टी काममा अनिवार्य रूपमा जोड्नुपर्ने देखिन्छ। *(यसको विस्तृत जानकारी परिशिष्ट–३ मा उपलब्ध छ।)*

## ५. केन्द्रीय विभागहरू

पार्टी नियमावलीले व्यवस्था गरेअनुरूप केन्द्रीय नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानका अतिरिक्त ३३ वटा केन्द्रीय विभागहरू रहेका छन्। पार्टीसम्बद्ध प्रतिष्ठानहरूको समन्वय गर्नका लागि एक समन्वय संयन्त्रसमेत गठन गरिएको छ। पार्टी विधानको व्यवस्थाअनुरूप पार्टी नियमावलीमा विभागहरूका नाम र अधिकार तथा कर्तव्य किटान गरिएका छन्। विभागहरूमा पार्टीसम्बद्ध विभाग र राज्यका निकायसम्बद्ध विभाग गरी दुई प्रकारका विभागहरू रहेका

छन् । पार्टीका केन्द्रीय विभागहरूलाई ७ वटा समूहमा विभाजन गरी प्रत्येक समूहको संयोजनको जिम्मेवारी बरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष कमरेडहरूलाई प्रदान गरिएको छ । यसमा समूह (१) नीति तथा योजना, (२) पूर्वाधार निर्माण तथा विकास, (३) कृषि तथा उद्यमशीलता, (४) सामाजिक विकास, (५) मानव स्रोत, (६) सुशासन र सेवा प्रवाह र ७ पार्टीसम्बद्ध विभागहरू रहेका छन् । नीति, योजना अन्तर्गत ३ र बाँकी सबैमा ५–५ वटा विभागहरू रहेका छन् । विभागहरूले वार्षिक कार्ययोजना तयार गरी विभागीय कामलाई अघि बढाउने गरेका छन् । विभागहरूले पार्टी नियमावलीले व्यवस्था गरेअनुरूपका कामका क्षेत्रको समस्या पहिचान गरी सोको समाधानका लागि नीतिगत प्रस्ताव तयार गर्ने काम गर्दछन् । राज्यसम्बद्ध विभागहरूले राज्यका कामको अनुगमन गर्ने र सुधारका उपायहरू सुझाउने कामसमेत गर्दैआएका छन् । त्यस्तै, सरकारको नीति, कार्यक्रम र बजेट तर्जुमाका समयमा विषयगत सुझाव दिने गरेका छन् । चुनावी घोषणापत्रको तयारी र पार्टीको नीति–निर्माणमा समेत विभागहरूले आवश्यक सुझाव दिने गर्दछन् । पार्टीसम्बद्ध विभागहरूले पार्टीको योजनाअनुरूपका काममा भूमिका खेल्दैआएका छन् । संगठन विभागले पार्टीको संगठनात्मक कामलाई व्यवस्थित बनाउन भूमिका खेल्दैआएको छ । संगठनात्मक कामको अनुगमनका साथै संगठनात्मक काममा उत्पन्न विवादको निरूपणमा समेत यस विभागले भूमिका खेल्दैआएको छ । केन्द्रीय पार्टी स्कूल विभागले प्रशिक्षणसम्बन्धी कामको नेतृत्व गर्ने गरेको छ । यस विभागले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागू गर्दैआएको छ । यस वर्षदेखि केन्द्रीय पार्टी स्कूल विभागले मदन आश्रित प्रतिष्ठानसँगको सहकार्यमा नियमित पार्टी स्कूल सञ्चालन गर्ने योजना अघि बढाएको छ । प्रचार विभागले प्रचारात्मक कामको नेतृत्व र संयोजन गर्ने गर्दछ । यस विभागले पार्टीका प्रकाशनको संयोजनसमेत गर्ने गरेको छ । निर्वाचन विभागले पार्टीको तर्फबाट निर्वाचन आयोगसँग समन्वय गर्नुका साथै निर्वाचनको तयारीको काममा सहजीकरण गर्दैआएको छ । वित्त तथा कोष विभागले पार्टीको आम्दानी र खर्चको व्यवस्थापन गर्दछ । वार्षिक बजेट तयार गर्ने, सो अनुसार आम्दानी र खर्चको

*राज्यसम्बद्ध विभागहरूले राज्यका कामको अनुगमन गर्ने र सुधारका उपायहरू सुझाउने कामसमेत गर्दैआएका छन्। त्यस्तै, सरकारको नीति, कार्यक्रम र बजेट तर्जुमाका समयमा विषयगत सुझाव दिने गरेका छन्। चुनावी घोषणापत्रको तयारी र पार्टीको नीति–निर्माणमा समेत विभागहरूले आवश्यक सुझाव दिने गर्दछन्।*

व्यवस्थापन गर्ने काम पनि यस विभागले गर्दछ। साथै नियमित रूपमा लेखापरीक्षण गर्ने कामको संयोजनसमेत यस विभागले गर्दछ। **दशौं राष्ट्रिय महाधिवेशन**यता पार्टीले विभागको काममा समेत जोड दिंदै आएको छ। पार्टी अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरूले प्रत्यक्ष रूपमा विभागहरूलाई दिशानिर्देश गर्दै आउनुभएको छ। केही विभागलाई छोडेर अधिकांश केन्द्रीय विभागहरू क्रियाशील छन्। यी विभागहरूले नियमितरूपमा बैठक बस्ने, कार्ययोजना बनाउने, कार्ययोजनाअनुरूप गतिविधि गर्ने र तिनको रिपोर्ट केन्द्रीय कार्यालयमा बुझाउने काम गर्दै आएका छन्। *(यसको विस्तृत जानकारी परिशिष्ट–४ मा उपलब्ध छ।)*

## ६. पार्टीसम्वद्ध जनसंगठनहरू

पार्टीसम्बद्ध जनसंगठनहरूको संख्या २३ रहेको छ। पार्टीसम्बद्ध जनसंगठनको कामलाई समन्वय गर्नका लागि केन्द्रमा एक समन्वय संयन्त्र रहेको छ। केन्द्रीय समन्वय संयन्त्रले जनसंगठनको कामलाई व्यवस्थित गर्न आवश्यक सहजीकरण गर्ने गरेको छ। पार्टीको योजनाअनुरूप विभिन्न समयमा कार्यशालाको आयोजना गरेर कामलाई व्यवस्थित गर्ने प्रयास गर्दैआएको छ। पार्टीसम्बद्ध जनसंगठनहरूलाई ‘क’ वर्ग र ‘ख’ वर्ग गरी दुई भागमा विभक्त गरिएको छ। पछिल्लो समय निर्देशिका संशोधन गरी ‘क’ वर्गका जनसंगठनहरूको केन्द्रीय कमिटीको आकार बढीमा १ सय ५१ हुने र ‘ख’ वर्गका जनसंगठनहरूको

केन्द्रीय कमिटीको आकार ९९ सदस्यीय हुने व्यवस्था गरिएको छ। महासंघको हकमा समेत बढीमा ९९ सदस्यीय हुने व्यवस्था गरिएको छ। पदाधिकारी संख्या ९ मा सीमित गरिएको छ। पार्टीसम्बद्ध जनसंगठनहरूको केन्द्रीय तहमा कूल ३ हजार १८ कार्यकर्ता संगठित छन्। जनसंगठनका प्रदेश तहका कमिटीको संख्या १ सय ५६ रहेको छ, जसमा १ सय २१ वटा प्रदेश अधिवेशनहरू सम्पन्न भएका छन्। जिल्ला तहका कमिटीहरूको संख्या १ हजार ६ सय ४२ रहेको छ, जसमा १ हजार २ सय ७७ ले अधिवेशन सम्पन्न गरेका छन्। पालिका तहका कमिटीको संख्या १० हजार ३ सय ९६ रहेकोमा ४ हजार ९६ वटा कमिटीका मात्र अधिवेशनहरू सम्पन्न भएका छन्। यस हिसाबले केन्द्रीय तहमा सबै कमिटीका अधिवेशन सम्पन्न भएका छन्। नयाँ निर्देशिका जारी भएपछि १६ वटा जनसंगठनका अघिवेशनहरू पार्टीको राष्ट्रिय महाधिवेशनयता दोस्रोपटक सम्पन्न भएका छन्। अधिकांश महासंघीय ढाँचाका जनसंगठनको अधिवेशनको अवधि बाँकी रहेको छ। यसै वर्षभित्र अधिवेशन गर्ने गरी ती संगठनहरू तयारीमा जुटेको अवस्था छ। समग्रतामा हेर्दा प्रदेश र जिल्ला तहमा ७८ प्रतिशत कमिटीले आफ्नो अधिवेशन सम्पन्न गरेको देखिन्छ। पालिका तह वा सो सरहका कमिटीमध्ये ३९ प्रतिशतको मात्र अधिवेशन भएको देखिन्छ। पालिका तहसम्म अधिवेशन आयोजना गर्ने प्रमुख संगठनहरूमा राष्ट्रिय युवा संघ नेपालले ७० प्रतिशत, अनेमसंघले ६५ प्रतिशत, नेपाल उद्योग तथा व्यवसाय महासंघले ६० प्रतिशत, नेपाल बौद्धिक परिषद्ले ५१ प्रतिशत अधिवेशन सम्पन्न गरेका छन्। अन्य संगठनहरूको पालिका तहको अधिवेशनको अनुपात ५० प्रतिशतभन्दा निकै तल रहेको छ। प्रतिष्ठान र क्याम्पस आधारित संगठन संरचना भएका संघ–संगठनहरूको संगठनात्मक विवरण यसमा संलग्न छैन। यद्यपि भूगोलआधारित सबै संगठनहरू सबै क्षेत्र र भूगोलमा एकसमान पुग्नसक्ने अवस्था छैन। पिछडा वर्ग तराईका जिल्लामा रहनुपर्ने अवस्था छ। अन्य कतिपय सामुदायिक संगठन सम्बद्ध समुदायको बसोबास सबै भोगोलिक क्षेत्रमा एकसमान नरहेका कारणले एक समानरूपमा संगठनको ढाँचा निर्माण गर्नसक्ने अवस्था छैन। कतिपय

*पार्टीको संगठन संरचनाको तुलनामा उदार सदस्यताको वैधानिक व्यवस्था भएका जनसंगठनमा आबद्ध भएको सदस्य संख्या निकै कम हो। मिशन चौरासीलाई सफल बनाउनका लागि पार्टीले जनआधार विस्तारको महत्वपूर्ण क्षेत्रका रूपमा पार्टीसम्बद्ध जनसंगठनको सदस्यता र संगठनात्मक सञ्जाल निर्माणको कामलाई थप प्रभावकारी बनाउनु आवश्यक छ।*

पेशागत र व्यावसायिक संघ–संगठनहरू पालिका तहसम्म पुग्नसक्ने अवस्था छैन। तर आधारभूत तहका अन्य सबै संगठनहरू भने कम्तिमा वडा तहसम्म नै पुग्न सक्नुपर्दछ। तर अहिले त्यसो हुनसकेको देखिंदैन। त्यसरी नै पार्टीसम्बद्ध जनसंगठनमा आबद्ध सदस्यको संख्या पनि राम्ररी एकिन हुनसकेको छैन। अधिकांश जनसंगठनमा विवरण संकलन गर्ने र अद्यावधिक गर्ने काम खासै हुने गरेको छैन। पछिल्लो समयमा उपलब्ध रिपोर्टका आधारमा पार्टीसम्बद्ध जनसंगठनमा करीब १२ लाख ६९ हजार १ सय ६१ सदस्य आबद्ध रहेको देखिन्छ। पार्टीको संगठन संरचनाको तुलनामा उदार सदस्यताको वैधानिक व्यवस्था भएका जनसंगठनमा आबद्ध भएको सदस्य संख्या निकै कम हो। मिशन चौरासीलाई सफल बनाउनका लागि पार्टीले जनआधार विस्तारको महत्वपूर्ण क्षेत्रका रूपमा पार्टीसम्बद्ध जनसंगठनको सदस्यता र संगठनात्मक सञ्जाल निर्माणको कामलाई थप प्रभावकारी बनाउनु आवश्यक छ। बनेका सबै तहका कमिटीहरूका नियमित बैठक, भेला, प्रशिक्षणका साथै तोकिएको समयमा सम्बन्धित तहको अधिवेशनको आयोजना गर्नुपर्दछ। पार्टीसम्बद्ध जनसंगठनको काममा सम्बन्धित तहको पार्टीले सहजीकरण गर्नु पर्दछ र सम्बन्धित समुदायको नेताका रूपमा जनसंगठनको नेतृत्वलाई स्थापित गरिनु पर्दछ। *(यसको विस्तृत जानकारी परिशिष्ट–५ मा छ।)*

## ७. सामुदायिक, पेसागत र सामाजिक संगठनहरू

साझा प्रकृतिका संघ–संगठनहरू सामाजिक र सामुदायिक कामका महत्वपूर्ण क्षेत्र हुन्। त्यस्ता संघ–संगठनहरू सामाजिक प्रतिष्ठा आर्जन गर्ने र नेतृत्व विकास गर्ने महत्वपूर्ण क्षेत्र पनि हुन्। उपरोक्त संगठनहरूमध्ये ग्रामीण क्षेत्रका संगठनहरूमा हाम्रो उपस्थिति बलियो देखिन्छ भने तुलनात्मक रूपमा शहरी क्षेत्रमा कमजोर देखिन्छ। राष्ट्रियस्तरमा प्रभावकारी भूमिका खेल्नसक्ने साझा प्रकृतिका सामुदायिक, पेशागत र सामाजिक संगठनमा हाम्रो पार्टीको सहभागिता र भूमिका सुरुदेखि नै उल्लेख्य रहँदैआएको हो। राष्ट्रिय राजनीतिमा हाम्राविरुद्धको गठबन्धनको राजनीति कसिंदै गएको बेला कतिपय त्यस्ता संगठनमा हाम्रो नेतृत्व र सहभागिता कमजोर बन्न पुगेको थियो। यसअघिको सत्तासमीकरण भत्किएसँगै सामुदायिक, पेसागत र सामाजिक संघ–संगठनमा पार्टीको नेतृत्व र सहभागिता पुन: बृद्धि हुँदै गएको छ। विशेषगरी स्थानीयस्तरका व्यवस्थापन समिति र उपभोक्ता समितिमा पार्टी कार्यकर्ता र समर्थकहरूको सहभागिता उल्लेख्य मात्रामा बृद्धि भएको छ। तर पार्टीको प्रभाव बलियो भएका कतिपय स्थानीयस्तरका उपभोक्ता समिति र व्यवस्थापन समितिमा गठबन्धन बनाएर हामीलाई कमजोर बनाउने नीति अवलम्बन गरेको पाइन्छ। यस्ता कुराप्रति पार्टीपङ्क्ति सचेत बन्नु पर्दछ। योजनाबद्ध पहलकदमीबाट त्यस्ता संघ–संगठनहरूमा पार्टीको उपस्थिति र भूमिका कायम गर्नुपर्दछ। **जहाँ नेपाली, त्यहाँ नेकपा (एमाले)** भन्ने नीतिका आधारमा जनस्तरका सबै साझा संघ–संस्थाहरूमा हाम्रो सहभागिता र नेतृत्व स्थापित गर्ने कोशिस गरिनु पर्दछ। ती संस्थाहरूमा पुग्न सफल हाम्रो पार्टी सम्बद्ध नेता तथा कार्यकर्ताले उक्त संस्थाको गरिमा र प्रतिष्ठालाई माथि उठाउन भूमिका खेल्नुपर्दछ। आफूसम्बद्ध त्यस्ता संघ–संस्थाका माध्यमबाट जनसेवा र जनकार्यलाई प्रभावकारी बनाउँदै उदाहरणीय बन्ने कोशिश गर्नुपर्दछ। ती संघ–संगठनका माध्यमबाट पार्टीको प्रतिष्ठा र जनआधार विस्तार गर्ने कुरामा समेत यथोचित ध्यान दिनु पर्दछ।

# छ.

# पार्टी निर्माणका चुनौतीहरू

हाम्रो पार्टीले **दशौं राष्ट्रिय महाधिवेशन**बाट दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई नेपाली राजनीति र पार्टी निमार्णको चुनौतीको रूपमा अघि सारेको थियो। अवसरवाद र अराजकतावाद माथि विजय हासिल गर्नका लागि वैचारिक र संगठनात्मक काममा जोड दिने नीति पार्टीले अवलम्बन गर्दैआएको छ। **राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को**बैठकबाट पार्टी शुद्धीकरण र सुदृढीकरणको विषयलाई महत्वपूर्ण एजेन्डा बनाएर अघि बढाउने काम भयो। तर त्यसलाई पार्टी जीवनमा प्रभावकारी ढंगले लागू गर्न सकिएको छैन। समग्रतामा पार्टीको संगठनात्मक जीवन पहिलेको तुलनामा विधिसम्मत र व्यवस्थित बन्दै गएको भए पनि निर्णायक राष्ट्रिय शक्ति निर्माणका दृष्टिकोणबाट पार्टी अझै सुदृढ र सबल बनिसकेको छैन। अझै पनि निर्णायक शक्ति निर्माणका क्षेत्रमा थुप्रै चुनौतीहरू विद्यमान छन्। त्यसलाई सामना र समाधान गरेर मात्र हामीले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न सक्दछौ। **मिशन चौरासी**लाई सफल बनाउन सक्दछौं। उपरोक्त उद्देश्य प्राप्तिका लागि पार्टीसामू उपस्थित प्रमुख चुनैतीहरू यसप्रकार छन्:

## १. जीवनशैली र आचरणमा सुधार

नेकपा (एमाले) कठीन समयमा जनताको बीचमा हुर्किएको पार्टी हो। त्यसक्रममा यस पार्टीका नेता र कार्यकर्ताले उदाहरणीय जनशैलीको विकास गरे। पार्टी काममा उक्त जनशैलीलाई स्थापित गर्ने काम गरे। पार्टीले विकास गरेको सोही जीवनशैलीको बलमा जनतासँगको घनिष्ठ सम्बन्ध कायम गर्न

पार्टी सफल रहँदैआएको छ। आज पनि पार्टी र नेतृत्वका विरुद्धमा चौतर्फी घेराबन्दी र आक्रमण भइरहँदा सोही जीवनशैलीसँग परिचित जनताको पङ्क्तिले नेकपा (एमाले) र यसको नेतृत्वको दृढतापूर्वक रक्षा गर्ने गरेको छ। तर पछिल्लो समयमा हाम्रो पार्टीका कतिपय नेता–कार्यकर्ताको जीवनशैली भड्किलो बन्दै जानु र आचरणमा समेत स्खलन देखिनु दु:खद् विषय हो। केही कमजोरी नहुँदा त आरोपित गर्ने जत्था खडा भएको अवस्थामा सामान्य कमजोरी भेटेपछि तिललाई पहाड बनाउने अवस्था छ। यस्ता कुरामा पार्टीपङ्क्तिले ध्यान पुऱ्याउन नसक्दा त्यसले पार्टीलाई समेत गम्भीर असर पुऱ्याउने गरेको छ। पार्टीका नेता र कार्यकर्ताहरू हरदम जनताको निगरानीमा हुन्छन् भन्ने तथ्यलाई हृदयंगम् गर्नु पर्दछ। जनता आफूले मन पराएका नेता र पार्टीका बारेमा आरोप लाग्दा चिन्तित बन्ने गर्छन्। नकारात्मक प्रचारले पार्टी पक्षको जनमतलाई समेत प्रभावित गर्दछ। तसर्थ, पार्टीका नेता र कार्यकर्ताले हरदम जनपक्षीय जीवनशैली र असल आचरण अवलम्बन गर्नुपर्ने हुन्छ। पछिल्ला दिनमा पार्टीले जीवनशैली र अचारणका प्रश्नमा सुधारको योजना अघि बढाउन खोजे पनि त्यसलाई प्रभावकारी बनाउन सकिएको छैन। यस्ता कुरामा पार्टीपङ्क्तिको ध्यान जानु आवश्यक छ।

## २. वैचारिक राजनीतिक स्तर उठाउने

सूचना प्रविधिको विकाससँगै पठन संस्कृतिमा ह्रास आएको छ। त्यसमाथि सामाजिक सञ्जालको बढ्दो प्रयोगले सूचना प्रविधिको दुरूपयोग पनि बढिरहेको छ। त्यसले समाजमा नकारात्मकता बढाउने काम गरिरहेको छ। यस्तो अवस्थामा पार्टीका नेता र कार्यकर्ताहरूले सूचना प्रविधिका माध्यमबाट आफ्नो वैचारिक स्तर माथि उठाउन सक्नुपर्दछ। तर पार्टीका पुराना कार्यकर्ताहरू पुरानै अध्ययनमा सीमित रहेको देखिन्छ भने नयाँ कार्यकर्ताहरूको सैद्धान्तिक पक्ष निकै कमजोर देखिन्छ। पुराना कार्यकर्ताले विज्ञान, प्रविधि र ज्ञान, सिद्धान्तका क्षेत्रमा भएका पछिल्ला उपलब्धिसँग आफूलाई जोड्नुपर्ने आवश्यकता देखिन्छ भने नयाँ पुस्ताले दार्शनिक र

*पछिल्लो समयमा हाम्रो पार्टीका कतिपय नेता–कार्यकर्ताको जीवनशैली भड्किलो बन्दै जानु र आचरणमा समेत स्खलन देखिनु दु:खद् विषय हो। केही कमजोरी नहुँदा त आरोपित गर्ने जत्था खडा भएको अवस्थामा सामान्य कमजोरी भेटेपछि तिललाई पहाड बनाउने अवस्था छ।*

सैद्धान्तिक विषयको आधारभूत ज्ञानका साथै आधारभूत विषयको विषयगत ज्ञान हासिल गर्नु आवश्यक छ । तर पछिल्लो समयमा पार्टीपङ्क्तिमा पार्टीका दस्तावेज र अन्तरपार्टी निर्देशनहरू समेत अध्ययन गर्ने परिपाटीमा समेत कमी आएको देखिन्छ । सामाजिक सञ्जालमा प्रवाह हुने सतही सूचना र विचारका आधारमा धारणा बनाउने प्रवृत्ति बढ्दै गएको छ । आर्थिक–सामाजिक विकास र परिवर्तनको नेतृत्व गर्ने पार्टीका नेता र कार्यकर्ताहरू पार्टीको सिद्धान्त, नीति र कार्यक्रमका बारेमा जानकार हुनुपर्दछ। बदलिंदो परिस्थितिमा उत्पन्न हुने समस्यालाई अध्ययन र विश्लेषण गर्ने क्षमता आफैँभित्र विकसित गर्नुपर्दछ। मार्क्सवादी दर्शन र सिद्धान्तको आधारभूत ज्ञानविना सामाजिक परिवर्तनका लागि नेतृत्वकारी भूमिका निर्वाह गर्न सकिंदैन। यतिबेला पुरानो पुस्तालाई गतिशील बनाउनु र नयाँ पुस्तालाई अनुशासिन एवं धैर्यवान बनाउनु आवश्यक छ। त्यसका लागि समयानुकूल अध्ययन र प्रशिक्षणको खाँचो छ। पार्टीका नेता र कार्यकर्ताहरूमा अध्ययनप्रतिको रुचि पैदा नगरी उत्पन्न चुनौतीको सामना गर्ने सामथ्र्य निर्माण गर्न सकिदैन।

### ३. सदस्यताको मापदण्ड पालना र त्यसको निरन्तरता

पार्टी र आन्दोलनको विकासमा पार्टी सदस्यको भूमिका अहम् हुने गर्दछ। हाम्रो पार्टीले पार्टी निर्माणमा पार्टी सदस्यको सम्प्रभुताको मान्यतालाई अङ्गीकार गरेको छ। वैचारिक र राजनीतिक रूपमा असचेत पार्टी सदस्यले

उक्त भूमिका निर्वाह गर्न सक्दैनन्। पार्टीभित्रका अवसरवादी र गलत तत्वले त्यस्ता सदस्यहरूलाई आफ्नो स्वार्थका लागि दुरूपयोग गर्ने खतरा सदैव रहन्छ। लोकप्रियतावाद र अराजकतावादले सबैभन्दा पहिले त्यस्ता कार्यकर्ताहरूलाई असर पुऱ्याउँछ। पछिल्लो समयमा पार्टी सदस्य बनाउने क्रममा निर्धारित मापदण्डको पालनामा खासै ध्यान पुगेको देखिंदैन र कतिपय पार्टी सदस्यले पार्टी सदस्यताको महत्वसमेत बुझेको पाइँदैन, जसले गर्दा पार्टी सदस्यताको निरन्तरतामा पनि समस्या देखिन्छ। पुराना सदस्य निष्क्रिय हुँदै जाने र त्यसको ठाउँ नयाँ सदस्यबाट पूर्ति हुने गरेको छ। निर्णायक राष्ट्रिय शक्ति बनाउने गरी अझै पार्टीलाई सबै जात, धर्म, समुदाय र क्षेत्रमा पुऱ्याउने गरी काम अघि बढाउन सकिएको छैन। पार्टी सदस्यता निश्चित भौगोलिक क्षेत्र र समुदायमा केन्द्रित हुँदा सबै समुदायका जनताका बीचमा पार्टीलाई स्थापित गर्न समस्या देखिने गरेको छ। परिवर्तनको वैचारिक नेतृत्व गर्नसक्ने सक्षम कार्यकर्तापङ्क्तिको विकास र निर्णायक शक्ति निर्माणका लागि जनआधार विस्तार गर्ने हिसाबले दुई भिन्न तरिकाले पार्टी सदस्यताको पुन:व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ। विना कुनै विलम्ब मिशन चौरासी पूर्व यस विषयमा प्रभावकारी सुधार आवश्यक देखिन्छ।

## ४. पार्टी प्रवेश र पार्टीका अगुवा कार्यकर्ताको व्यवस्थापन

पार्टी विधानले प्रत्येक पार्टी सदस्यलाई पार्टीको कुनै न कुनै कमिटीमा संगठित गर्नुपर्ने व्यवस्था गरेको छ। तर पार्टी सदस्यको महत्वपूर्ण हिस्सा अझै पनि असंगठित अवस्थामा छ। कुनै समय पार्टीका कमिटीहरू ठूला आकारका बने। पुराना कार्यकर्ताहरू क्रमश: माथिल्लो कमिटीमा पुग्ने स्थिति बन्यो। तर कमिटीको कामलाई प्रभावकारी बनाउने सन्दर्भमा कमिटीको संख्यालाई सीमित बनाउने काम भएपछि माथिल्लो कमिटीमा सहभागी भएका कार्यकर्ता तल जान तयार नहुने अवस्था सिर्जना भयो। यसले पार्टीका अनुभवी कार्यकर्ताहरूलाई पार्टी कामको जिम्मेवारी प्रदान गर्ने कुरामा समस्या देखिएको छ। त्यसमाथि अधिवेशनका समयमा प्यानल बनाएर हुने चुनावले पार्टीको

*पछिल्लो समयमा पार्टी सदस्य बनाउने क्रममा निर्धारित मापदण्डको पालनामा खासै ध्यान पुगेको देखिँदैन र कतिपय पार्टी सदस्यले पार्टी सदस्यताको महत्वसमेत बुझेको पाइँदैन, जसले गर्दा पार्टी सदस्यताको निरन्तरतामा पनि समस्या देखिन्छ। पुराना सदस्य निष्क्रिय हुँदै जाने र त्यसको ठाउँ नयाँ सदस्यबाट पूर्ति हुने गरेको छ।*

क्रियाशील पङ्क्तिको एउटा महत्वपूर्ण हिस्सा कमिटीबाट बाहिरिने गरेको छ । अर्कोतिर अन्य पार्टीबाट हाम्रो पार्टीमा ठूलो संख्यामा नेता र कार्यकर्ताहरू प्रवेश गरेको र अरू धेरैले प्रवेश गर्ने चाहना राखेको अवस्था छ । तर उनीहरूको व्यवस्थापन चुनौतीको विषय बन्ने गरेको छ । कमिटीको कूल संख्याको १० प्रतिशतलाई मात्र पार्टी प्रवेशका नाममा व्यवस्थापन गर्न सकिने वैधानिक व्यवस्था छ । कतिपय जिल्लामा प्रवेश गर्ने अगुवा तथा पुराना कार्यकर्ताको संख्या त्योभन्दा निकै बढी छ । राजनीतिमा लामो समयसम्म क्रियाशील रहेका नेता तथा कार्यकर्ताहरूलाई व्यवस्थापन गर्न नसक्दा त्यसले पार्टी निर्माणमा नै समस्या उत्पन्न गर्ने गरेको छ ।

## ५. अधिवेशन र कमिटी बैठकको नियमितता

पछिल्लो समयमा अधिवेशन र बैठकको नियमिततामा बृद्धि भएको छ । तर त्यसका लागि माथिल्लो कमिटीको योजना र निर्देशन अपरिहार्य बनेको छ । आधारभूत तहका कमिटीका अधिवेशन र ती कमिटीको सञ्चालनमा हिमाली क्षेत्रमा निकै समस्या देखिने गरेको छ । निश्चित समयसम्म मात्र हिमाली क्षेत्रमा मानिसको बसोबास हुने र बाँकी समय अन्य सुगम क्षेत्रमा जाने भएका कारणले ती क्षेत्रमा पार्टीको नियमित काममा समस्या हुने गरेको छ । तराई–मधेशमा कमिटी प्रणाली नै स्थापित हुनसकेको छैन । नेता र समुदायआधारित राजनीतिको प्रभाव ज्यादा छ । जनआधारित कार्यकर्ता पार्टी निर्माण मधेश प्रदेशको मुख्य

चुनौती रहेको छ । पार्टीलाई निर्णायक शक्ति बनाउन यस प्रकारको अवस्थामा सुधार ल्याउनु आवश्यक छ। अर्कोतिर अधिवेशनका समयमा नेतृत्वमा आउन र कमिटीमा बस्न मरिहत्ते गर्ने र अधिवेशनपछि निष्क्रिय बस्ने प्रवृत्ति आम समस्याका रूपमा देखिन्छ । पछिल्लो समय कमिटीमा रहेकाहरू समेत वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले कमिटी सञ्चालनमा समस्या आउने गरेको छ । काठमाडौँ उपत्यका आसपासका जिल्लाका कार्यकर्ताहरूको भूगोलको उपस्थिति घट्दै गएको देखिन्छ। यसले पनि त्यहाँको पार्टी कमिटीको जनतासँगको सम्बन्ध पातलिन पुगेको देखिन्छ । यी र यस्तै कारणले अधिवेशन र बैठकको नियमित सञ्चालनमा समस्या उत्पन्न हुने गरेको देखिन्छ । यस्ता विषयमा समस्या आधारित समाधान खोज्नुपर्ने भएको छ ।

## ६. अवसरवाद, अराजकतावाद र गुटबन्दी

पार्टीको दशौं राष्ट्रिय महाधिवेशनले दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई अन्त्य गर्ने उद्घोष गरेको भए पनि त्यो समस्या खासै हल हुनसकेको छैन। नीति र नेतृत्वका प्रश्नमा पछिल्लो समय पार्टीमा खासै समस्या नभए पनि स्थानीय तहका अन्तरविरोधले गुटबन्दीको स्वरूप ग्रहण गर्ने जोखिम बढेको छ । वैचारिक राजनीतिक कामको अभावमा दक्षिणपन्थी अवसरवाद मौलाउने र त्यसले पार्टी जीवनलाई समेत प्रभावित गर्ने अवस्था देखिन्छ । वैचारिक राजनीतिक स्तर र संगठनात्मक अनुभव कमजोर भएका कार्यकर्ताहरू कमिटीको महत्वपूर्ण जिम्मेवारीमा पुग्दा त्यसबाट पार्टी पद्धति र अनुशासनको पक्ष कमजोर बन्न पुगेको छ। पछिल्लो समयमा त्यस्ता कार्यकर्ताहरूबाट समर्थनमा होस् वा विरोधमा, अनुशासनको सीमा भत्काउने प्रवृत्ति देखिन्छ। पार्टीमा अवसरवाद र अराजकता गुटबन्दीका स्रोत हुन्। त्यस्ता कुरालाई समयमै समाधान गर्नुपर्दछ। मिशन चौरासीको सफलताका लागि अवसरवाद र संगठनात्मक अराजकताका विरुद्धको संघर्षमा सफलता हासिल गर्नु अपरिहार्य छ ।

*वैचारिक राजनीतिक कामको अभावमा दक्षिणपन्थी अवसरवाद मौलाउने र त्यसले पार्टी जीवनलाई समेत प्रभावित गर्ने अवस्था देखिन्छ। वैचारिक राजनीतिक स्तर र संगठनात्मक अनुभव कमजोर भएका कार्यकर्ताहरू कमिटीको महत्वपूर्ण जिम्मेवारीमा पुग्दा त्यसबाट पार्टी पद्धति र अनुशासनको पक्ष कमजोर बन्न पुगेको छ।*

## ७. काठमाडौँ उपत्यकामा पार्टी कामको संयोजन

काठमाडौँ उपत्यकामा लामो समयसम्म अस्थायी रूपमा बसोबास गर्ने ठूलो समुदाय उपस्थित छ । विभिन्न पेशा र व्यवसायमा संलग्न समुदाय पनि त्यतिकै ठूलो छ। पार्टीसम्बद्ध जनसंगठनहरूको कामको नेतृत्व गर्ने पङ्क्ति पनि काठमाडौं उपत्यकामै केन्द्रित छ । भूगोलको काममा प्रत्यक्षरूपमा नजोडिएको र भूगोलको कामलाई परोक्षरूपमा प्रभाव पार्नसक्ने कामका क्षेत्रहरू पनि यहाँ उल्लेख्य मात्रामा रहेका छन्। यहाँ भूगोलआधारित कमिटीका अतिरिक्त गैर–भौगोलिक कमिटीहरूमा ठूलो संख्यामा पार्टी सदस्यहरू संगठित छन्। उपत्यका विशेष कमिटी र सम्पर्क समन्वय कमिटीअन्तर्गत पार्टीको ठूलो हिस्सा आबद्ध छ । बागमती प्रदेशका पहाडी जिल्लाका कार्यकर्ता र समर्थकको ठूलो हिस्सा सम्पर्क समन्वय कमिटी र मंचहरूमा आबद्ध छ । यस्तो स्थितिमा त्यस पङ्क्तिलाई पार्टी काममा कसरी जोड्ने भन्ने कुरा पार्टी निर्माणको चुनौती बन्न पुगेको छ । उपत्यकामा सञ्चालन गरिने अभियानहरूमा गैर–भौगोलिक कमिटीहरूको सहभागिता उल्लेख्य हुने र निर्वाचनका समयमा त्यसलाई प्रत्यक्षरूपमा जोड्न नसक्दा निर्वाचन अभियान प्रभावित हुने गरेका छन्। विगतमा उपत्यकाको कामका सन्दर्भमा विशेष व्यवस्था गर्ने गरिएको थियो । प्रादेशिक ढाँचामा गएपछि उपत्यकाको पार्टी कामलाई प्रदेश कमिटीको कामसँग जोड्नुपर्ने भयो। यस्तो अवस्थामा काठमाडौँ उपत्यकामा रहेको

भौगोलिक र गैर–भौगोलिक क्षेत्रको कामलाई संयोजन गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ। आगामी दिनमा भौगोलिक र गैरभौगिक क्षेत्रको कामलाई संयोजन गर्नेगरी विशेष कमिटीको व्यवस्था गर्नु आवश्यक देखिन्छ।

## ८. पार्टी काम र कार्यकर्ताको मूल्याङ्कन

पार्टी काम र कार्यकर्ताको मूल्याङ्कनको विषय सदैव समस्याका रूपमा रहँदैआएको छ। कमिटीको भूमिका प्रभावकारी नहुँदा आधारभूत तहमा स्थापित र क्रियाशील कार्यकर्ताहरू अवसर र जिम्मेवारीबाट बञ्चित हुने गरेको गुनासो आउने गरेका छन्। पछिल्लो समयमा कार्यकर्ताको ठूलो हिस्सा पार्टीको मुख्य जिम्मेवारीको क्षेत्रमा उपस्थित नभएर जिल्ला सदरमुकाम, प्रदेश राजधानी र केन्द्रीय राजधानी काठमाडौँमा केन्द्रित हुने प्रवृत्ति बढ्दो छ। जनसंगठनका पदाधिकारीमात्र होइन भूगोलको जिम्मेवारीमा रहेका जनसंगठन र पार्टीका नेता कार्यकर्तासमेत राजधानीमा बस्ने गरेको देखिन्छ। पार्टी काममा आधारित रहेर नेता र कार्यकर्ताको मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्न नसक्ने हो भने यस्तो अवस्थामा सुधार ल्याउन सकिदैन। साथै, भूगोलमै रहेर जनस्तरमा काम गर्ने कार्यकर्ताको सही मूल्याङ्कन हुन पनि सक्दैन। तसर्थ पार्टी कमिटी र नेता तथा कार्यकर्ताको मूल्याङ्कनको विधिसम्मत प्रणालीको विकास अपरिहार्य बन्दै गएको छ।

## ९. जनसरोकारका मुद्दामा हुने समस्या

पार्टी निर्माणको महत्वपूर्ण आधार भनेको आधारभूत तहका जनताका दुःख र सुखमा पार्टीलाई जोड्ने कुरा नै हो। विगतमा हाम्रो पार्टी यस्ता सवालहरूमा निकै सक्रिय र प्रभावकारी थियो। विभेद, अन्याय र उत्पीडनमा परेकाहरूको न्याय खोज्ने पहिलो गन्तव्य पार्टीका नेता र पार्टी कार्यालय बन्दथ्यो। कतिपय घटनामा स्थानीय कार्यकर्ता पनि त्यस्तो गन्तव्यमा पर्दथे। तर पछिल्लो समय त्यसमा कमी आएको छ। त्यसको ठाउँ सोसल मिडिया र अनलाइनहरूले लिन थालेका छन्। जनताका हित र सरोकारका विषयमा सामूहिक रूपमा

*पछिल्लो समयमा कार्यकर्ताको ठूलो हिस्सा पार्टीको मुख्य जिम्मेवारीको क्षेत्रमा उपस्थित नभएर जिल्ला सदरमुकाम, प्रदेश राजधानी र केन्द्रीय राजधानी काठमाडौँमा केन्द्रित हुने प्रवृत्ति बढ्दो छ। जनसंगठनका पदाधिकारीमात्र होइन भूगोलको जिम्मेवारीमा रहेका जनसंगठन र पार्टीका नेता कार्यकर्तासमेत राजधानीमा बस्ने गरेको देखिन्छ।*

पहल गर्ने प्रचलन कमजोर बन्दै गएको छ। पार्टीका तर्फबाट भन्दा व्यक्तिगत रूपमा भूमिका खेलेको देखाउने र भूमिका खेल्न खोज्ने प्रवृत्ति बढ्दै गएको छ। यस्तो प्रवृत्तिको विकासले जनसरोकारको विषयमा पार्टीको संस्थागत सहभागिता कमजोर देखिन थालेको छ। आगामी दिनमा यसप्रकारको अवस्थामा सुधार गरी सामूहिक पार्टी भावनाको विकास गर्नु आवश्यक छ। पार्टीलाई जनसरोकारका मुद्दामा सघनरूपमा सक्रिय बनाउनु आवश्यक छ।

## १०. पार्टी काममा दोहोरोपनको समस्या

पार्टी काममा दोहोरोपनको समस्या समाधानका लागि पार्टीले निरन्तर पहल गर्दैआएको छ। तर अझै पनि कतिपय कामका क्षेत्रमा त्यो समस्या हट्नसकेको छैन। पार्टीसम्बद्ध श्रमजीवी वर्गको एउटै ट्रेड युनियन बनाउने पार्टीको नीति पनि व्यवहारमा लागू गर्न सकिएको छैन। एउटै प्रकृतिको कामको क्षेत्रमा पार्टीसम्बद्ध अलग संगठन र महासंघका घटकहरू क्रियाशील रहेको अवस्था छ। दुई भिन्न महासंघले पनि एकै प्रकृतिको कामको संयोजन गरिरहेको अवस्था छ। महासंघ र राष्ट्रिय संघअन्तर्गत एकै प्रकृतिको पेशा र समुदायलाई आवद्ध गर्ने गरिएको छ। दोहरोपनको समस्याले सम्बन्धित क्षेत्रको कामको प्रभावकारीतामा समेत गम्भीर असर पुगिरहेको छ। यसप्रकारको अवस्थालाई ध्यानमा राखेर पार्टीले स्पष्ट दृष्टिकोण निर्माण गर्नु र तदनुरूप समाधानको दिशामा अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ।

## ११. कार्यविभाजनको जटिलता र जिम्मेवारीबोधको अभाव

पार्टीमा कार्यविभाजनको विषय सदैव जटिलताको विषयका रूपमा रहँदै आएको छ। नेतृत्वमा रहने सबैमा एकसमान क्षमता नहुने र पार्टी कामलाई प्रभावकारी ढङ्गले सम्पादन गर्नका लागि खास व्यक्तिको भूमिका महत्वपूर्ण बन्ने गरेको छ। कतिपय भौगोलिक क्षेत्रमा नेतृत्वको ठूलो संख्या रहँदा पनि चाहनाअनुसारको जिम्मेवारी पाउन नसक्ने समस्या देखिन्छ। पछिल्लो समय भौगोलिक क्षेत्रको काममा जोडिन चाहने प्रवृत्ति बढ्नाले गैर–भौगोलिक क्षेत्रको जिम्मेवारीलाई गुनासोको रूपमा लिने प्रवृत्ति देखिन्छ। माथिल्लो कमिटीबाट खटाइएका इन्चार्ज र सम्बन्धित कमिटीका बीचमा तालमेल नहुँदा पनि पार्टी काममा समस्या आउने गरेको छ। कतिपय कमिटीको ठूलो आकार र कामका खास क्षेत्रमा कार्यकर्ताको आकर्षणले पनि कार्यविभाजनमा समस्या आउने गरेको छ। पार्टी कामको जिम्मेवारी प्राप्त गरेका व्यक्तिले आफ्नो कामको क्षेत्रमा भूमिका निर्वाह गर्न नसक्दा पनि समस्या उत्पन्न हुने गरेको छ। पछिल्लो समयमा नेता र कार्यकर्ताको एउटा महत्वपूर्ण हिस्सा जिम्मेवारी प्राप्त क्षेत्रभन्दा बाहिर रहने गरेको र बैठक तथा भेलामा मात्र उपस्थित हुने गरेको देखिन्छ। यस प्रकारको अवस्थाले पार्टीको गतिशीलतामा र प्रभावकारीतामा प्रत्यक्ष असर परेको देखिन्छ।

## १२. जनसंगठनलाई वर्ग र समुदायकेन्द्रित गर्ने समस्या

केन्द्रीय तहमा पार्टीसम्बद्ध जनसंगठनका गतिविधिहरू पहिलेको तुलनामा नियमित र व्यवस्थित हुँदैगएका छन्। तर पार्टीको ठूलो जनशक्ति जनसंगठनको काममा संलग्न भए पनि पार्टीसम्बद्ध जनसंगठहरूलाई अझै पनि समुदायकेन्द्रित वा समुदायआधारित गर्न सकिएको छैन। जनसंगठनमा जति माथि त्यति बढी सक्रियता र गतिविधि, जति तल त्यति कम सक्रियता र न्यून गतिविधि देखिन्छ। कामलाई समुदायकेन्द्रित वा समुदायआधारित गर्ने हो भने तलका गतिविधिमा उल्लेख्य वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ। पार्टीका आधारभूत तहसम्म पुग्नसक्ने जनसंगठनहरू पालिकाभन्दा तल खासै जानसकेका छैनन्।

*पछिल्लो समयमा नेता र कार्यकर्ताको एउटा महत्वपूर्ण हिस्सा जिम्मेवारी प्राप्त क्षेत्रभन्दा बाहिर रहने गरेको र बैठक तथा भेलामा मात्र उपस्थित हुने गरेको देखिन्छ। यस प्रकारको अवस्थाले पार्टीको गतिशीलतामा र प्रभावकारीतामा प्रत्यक्ष असर परेको देखिन्छ।*

गतिविधिका हिसाबले जिल्लाभन्दा तल खासै पुग्नसकेका छैनन् । पार्टीसम्बद्ध जनसंगठनहरू पार्टी सदस्य र कार्यकर्ता व्यवस्थापन गर्ने क्षेत्रजस्ता भएका छन् । जनसंगठनको सदस्यताका माध्यमबाट पार्टी सदस्य निर्माण गर्ने योजना खासै प्रभावकारी हुनसकेको छैन। यी सबैको कारण पार्टीसम्बद्ध जनसंगठनहरू आमरूपमा समुदाय र आधारभूत तहमा पुग्न नसक्नु नै हो। त्यहाँ आफ्ना गतिविधिहरूलाई विस्तार गर्न नसक्नु नै हो । यस प्रकारको अवस्थामा सुधार आवश्यक देखिन्छ ।

## १३. प्रवासको कामलाई विस्तार गर्ने समस्या

प्रवासको काम पहिलेको तुलनामा व्यवस्थित भएको देखिन्छ । गतिविधिहरू नियमित र व्यवस्थित बन्दै गएका छन् । तर प्रवासमा नेपालीहरूको उपस्थिति जुन मात्रामा बढ्दै गएको छ, त्यसको अनुपातमा त्यहाँ कामको विस्तार हुनसकेको छैन। प्रवासी नेपाली मञ्च र प्रवासी नेपाली संघ भारतअन्तर्गत संगठित भएको संख्यालाई आधार बनाएर हेर्ने हो भने त्यो निकै कम देखिन्छ । नेपालमा हामीले कुल मतदाताको ६ प्रतिशत पार्टी सदस्य पुऱ्याउने र उनीहरूलाई पार्टी काममा जोड्ने नीति लिएका छौं। पहाडी जिल्लाहरूले त्यस योजनाको नजीक आफूलाई पुऱ्याइरहेका पनि छन् । तर प्रवासको हकमा मञ्च र संघका माध्यमबाट संगठित गर्ने नीति लिए पनि त्यो निकै कमजोर अवस्थामा छ । छरिएर रहेका क्षेत्रमा संगठित गर्ने कुरा कठीन रहे पनि सघन

उपस्थिति रहेका ठाउँमा भने अनुकूलता नै देखिन्छ। तर किन र के का लागि संगठित हुने भन्ने प्रश्नको उत्तर भने त्यहाँकै सन्दर्भमा खोजिनु पर्दछ। त्यसको औचित्य पनि पुष्टि हुनुपर्दछ। त्यस हिसाबले प्रवासको कामलाई त्यहींको समस्या र विशेषताका आधारमा नयाँ शिराबाट अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ।

## १४. नयाँ पुस्तामा पार्टी कामको विस्तार

पछिल्लो आमनिर्वाचनका समयमा गरिएको सर्वेक्षणले नयाँ पुस्तामा राजनीतिप्रतिको आकर्षण कम हुँदै गएको र लोकप्रियतावाद तथा अराजकतावादले उनीहरूलाई प्रभावित गर्दै गएको देखाएपछि हाम्रो पार्टीले नयाँ पुस्ताका बीचमा पार्टी कामलाई अघि बढाउने नीति अवलम्बन गर्दै आएको छ। मिशन ग्रासरुटको समयमा प्रत्येक वडामा १० युवा पहिचान गरी नेतृत्व विकासको योजना अघि बढाउने भनिएको थियो। तर त्यो काम खासै अघि बढ्न सकेन। पार्टी कमिटीमा युवाहरूको सहभागिता बृद्धि गर्ने गरी कोटा निर्धारण गर्ने र समय अगावै अधिवेशनको आयोजना गरेर नेतृत्वमा नयाँका लागि अवसर प्रदान गर्ने नीति अवलम्बन गरियो। त्यसले नेतृत्वमा युवाको सहभागिता पहिलेको तुलनामा बृद्धि भए पनि युवाका बीचको राजनीतिक काम भने विस्तार हुनसकेको छैन। पछिल्लो समयमा सूचना–प्रविधिको विकाससँग हुर्केको नयाँ पुस्ताको मनोविज्ञान र अपेक्षा फरक हुने विश्लेषण बाहिर आएसँगै त्यसमा आधारित रहेर युवाहरूबीचको कामलाई अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ। गत वैशाख ११ मा आयोजना गरिएको यूथ सेलिब्रेशनको सफलताले युवाहरूलाई एकहदसम्म राजनीतिप्रति आकर्षित गर्न सफल भएको थियो। निश्चित समयका केन्द्रिकृत अभियानबाट मात्र युवाहरूको बीचको काम प्रभावकारी ढंगले अघि बढ्न सक्तैन। त्यसका लागि स्थानीय तहदेखि नै युवा लक्षित राजनीतिक गतिविधि र अभियान अघि बढाउनुपर्ने हुन्छ।

## ज.

## निर्णायक शक्ति निर्माणको संगठनात्मक योजना

यतिबेला हाम्रो पार्टी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार तयार गर्दै नेपाली विशेषताको समाजवाद निर्माणको लक्ष्यसहित अघि बढिरहेको छ। त्यसका लागि समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्य निर्धारण गरेर अघि बढिरहेको छ। पार्टी निर्माणका सन्दर्भमा जनताको बहुदलीय जनवादले आत्मसात गरेको सैद्धान्तिक मान्यताको जगमा पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आजको सन्दर्भमा सिर्जनात्मकरूपमा लागू गर्दै अघि बढिरहेको छ। नेपाली समाजमा विद्यमान राजनीतिक अस्थिरता र सामाजिक अराजकताको अन्त्य गर्दै मुलुकलाई आर्थिक–सामाजिक विकासको दिशामा तीव्रताका साथ अघि बढाउनका लागि पार्टीलाई निर्णायक शक्तिका रूपमा विकास गर्नु आवश्यक छ। पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकले पार्टीलाई निर्णायक शक्ति बनाउने संकल्पसहित पार्टी नेतृत्वको एकल बहुमतको सरकार बनाउने गरी मिशन चौरासीमा जुट्ने निर्णय गरेको थियो। यतिबेला पार्टीको समग्र काम सोही दिशातर्फ केन्द्रित रहँदै आएको छ। आगामी दिनमा सिङ्गो पार्टीपङ्क्ति "निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली र राष्ट्रिय गन्तव्य" मूल नाराअन्तर्गत एकताबद्ध रूपमा निर्णायक राष्ट्रिय शक्ति निर्माणको दिशामा केन्द्रित हुनुपर्दछ। त्यसका लागि निम्नानुसारको संगठनात्मक कामको योजना प्रभावकारी ढङ्गले अघि बढाउनु पर्दछ :

## १. पार्टी सदस्यता विस्तार र अभिलेखीकरण

जिल्ला र पालिकामा कूल मतदाताको ६ प्रतिशत र प्रत्येक वडामा कूल मतदाताको कम्तिमा ३ प्रतिशत पुऱ्याउनका लागि पार्टीमा दुई प्रकारका सदस्यताको व्यवस्था पुन: कार्यान्वयनमा लैजानु आवश्यक छ, पार्टी सदस्य र संगठित सदस्यका रूपमा। पार्टी सदस्यता ५० प्रतिशत र संगठित सदस्यता ५० प्रतिशत हुनेगरी कूल मतदाता संख्याको कम्तिमा ६ प्रतिशत पुऱ्याउने गरी पार्टी कामलाई अघि बढाउनु पर्दछ। पार्टी सदस्यको राजनीतिक प्रतिबद्धता र क्षमता विस्तार गरी संगठित सदस्यमा रूपान्तरण गर्ने योजना अघि बढाउनु पर्दछ। पार्टी सदस्यलाई टोल भेलामा अनिवार्य रूपमा सहभागी बनाउने र सम्भावना बोकेका पार्टी सदस्यलाई टोल कमिटीमा र संगठित सदस्य कम भएका वडाका हकमा वडा तहका कमिटीमा संगठित गर्ने नीति अवलम्बन गरिनु पर्दछ।

## २. नियमितरूपमा अधिवेशन आयोजना र व्यवस्थापन

गएको वर्ष अधिवेशनको वर्ष जस्तो बन्न पुग्यो। मिशन चौरासीलाई ध्यानमा राखेर समयअगावै अधिवेशन गर्ने नीति पार्टीले अवलम्बन गऱ्यो। अबदेखि निर्धारित समयमा अधिवेशन आयोजना गरिनुपर्दछ। टोल कमिटीदेखि प्रदेश तहका अधिवेशनहरू समयमै आयोजना गरिनुपर्दछ। अधिवेशन आयोजना गर्दा सदस्यताको प्रमाणित अभिलेख तयार गर्ने, प्रतिनिधि छनोट समयमै गर्ने र विधिसम्मत ढंगले प्रमाणिकरण गरेर मात्र उद्घाटन समारोह आयोजना गर्ने गर्नुपर्दछ। उद्घाटन समारोह सम्पन्न गरेपछि अधिवेशन सम्पन्न गर्न लामो समय नलागोस् भन्ने कुरामा विशेष ध्यान दिनुपर्दछ। समयमा सहमति जुट्न नसकेमा निर्वाचनको विधिबाट नेतृत्व निर्वाचित गर्नुपर्दछ। अधिवेशनबाट बिदा भएका वा निर्वाचनबाट पराजित भएका नेता र कार्यकर्ताहरूलाई पार्टी काममा जोड्ने नीति अवलम्बन गरिनु पर्दछ। निर्वाचनका कारणले अन्तरविरोध र गुटबन्दी सिर्जना नहोस् भन्ने कुरामा सचेत हुनुपर्दछ।

*पार्टीमा शुद्धीकरण र सुदृढीकरण नियमित कामको विषय बनाइनु पर्दछ। पार्टीका नेता तथा कार्यकर्ताहरूमा बेलाबखत देखिने आर्थिक, नैतिक तथा चारित्रिक विचलनले पार्टी जीवनलाई गम्भीर असर पुऱ्याउने गर्दछ। एउटा व्यक्तिको कमजोरीका कारणले सिङ्गो पार्टी त्यसबाट आक्रान्त बन्ने स्थिति आउने गरेको छ।*

## ३. पार्टी शुद्धीकरण र सुदृढीकरण

पार्टीमा शुद्धीकरण र सुदृढीकरण नियमित कामको विषय बनाइनु पर्दछ। पार्टीका नेता तथा कार्यकर्ताहरूमा बेलाबखत देखिने आर्थिक, नैतिक तथा चारित्रिक विचलनले पार्टी जीवनलाई गम्भीर असर पुऱ्याउने गर्दछ। एउटा व्यक्तिको कमजोरीका कारणले सिङ्गो पार्टी त्यसबाट आक्रान्त बन्ने स्थिति आउने गरेको छ। तसर्थ विकृति, विसंगति र विचलनका घटनाप्रति पार्टी गम्भीर बन्नुपर्दछ। गम्भीर प्रकृतिका विषयहरू जानकारीमा आउनसाथ समयमै अनुसन्धान गरिनुपर्दछ र कमिकमजोरी गर्नेहरूलाई अनुशासनात्मक कारबाहीको विषय बनाउनु पर्दछ। यसरी नै पार्टी सुदृढीकरणका लागि पार्टी काममा नियमित रूपमा सहभागी नहुने कार्यकर्ताको अभिलेख तयार गरी काममा क्रियाशील हुन प्रेरित गरिनुपर्दछ। काममा जुट्न नसक्ने परिस्थिति देखिएमा स–सम्मान कमिटीबाट बिदा दिने र समय दिनसक्ने अवस्थामा पुन: काममा जोड्ने नीति अवलम्बन गर्नुपर्दछ। बिना कुनै कारण लगातार ३ पटक बैठकमा अनुपस्थित हुनेको हकमा कमिटीबाट बिदा दिने वैधानिक व्यवस्थालाई कार्यान्वयन गरिनुपर्दछ। पार्टी कमिटी काम गर्नेहरूका लागि हो भन्ने कुरा व्यवहारमा स्थापित गर्नुपर्दछ।

## ४. वैचारिक राजनीतिक स्तर उठाउने

पार्टीका नेता र कार्यकर्ताको वैचारिक स्तर माथि उठाउनका लागि पठनसंस्कृतिको विकास आवश्यक छ। पार्टीका नेता र कार्यकर्ता सबैका लागि नियमित रूपमा प्रशिक्षण र छलफल कार्यक्रम सञ्चालन गरिनुपर्दछ। केन्द्र र प्रदेशस्तरमा नियमित पार्टी स्कुल संचालन गरिनुपर्दछ। पार्टी स्कूल विभागको योजनामा प्रशिक्षण र पार्टी कमिटीको योजनामा विषयगत छलफल गर्ने पद्धति विकास गर्नुपर्दछ। सूचना प्रविधिको प्रयोगबाट नेता र कार्यकर्ताको क्षमता बृद्धि गर्ने कुरामा विशेष जोड दिनुपर्दछ। कमिटी पदाधिकारी र सदस्यहरू आफ्नो तहको पार्टी स्कूलमा वर्षमा एकपटक अनिवार्य सहभागी हुने व्यवस्था गरिनुपर्दछ। कमिटीको नेतृत्वमा आउनका लागि प्रशिक्षणमा अनिवार्यरूपमा सहभागी भएको हुने व्यवस्था गरिनुपर्दछ।

## ५. चुनावकेन्द्रित पार्टी काम

पछिल्लो समय पार्टीले कमिटी आधारित रहेर मिशन चौरासीको तयारीको योजना अघि बढाएको छ। केन्द्रले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको तयारी गर्ने गरी त्यसको नेतृत्व गर्ने, प्रदेश कमिटीले पालिकाको निर्वाचनको तयारी गर्ने गरी त्यसको नेतृत्व गर्ने र जिल्लाले वडाको निर्वाचनको तयारी गर्ने गरी त्यसको नेतृत्व गर्ने योजना अघि बढाइएको छ। केन्द्रीय जनशक्ति नपुगेका ठाउँमा प्रदेशले प्रदेशसभा निर्वाचन क्षेत्रको कामको संयोजन गर्ने जिम्मेवारी प्रदान गरिएको छ। वडाले टोल र टोलले जनताका घरसम्म प्रत्यक्ष सम्पर्क गर्ने गरी निर्वाचनको तयारीको काममा अहिलेदेखि नै जुट्नु पर्दछ। निर्वाचनको परिणामसमेतका आधारमा सम्बन्धित कमिटी र नेतृत्वको मूल्याङ्कन गर्ने परिपाटी विकास गरिनुपर्दछ।

*अवसरवाद समाज परिवर्तनको उद्देश्य पूरा गर्नका लागि प्रमुख चुनौती हो भन्ने कुरालाई वैचारिक र राजनीतिकरूपमा स्थापित गर्नुपर्दछ। त्यस्ता प्रवृत्तिहरू देखिने बित्तिकै सुधारको प्रयास गरिनुपर्दछ। दक्षिणपन्थी अवसरवाद गुटबन्दी, अनुशासनहीनता र अन्तर्घातको रूपमा प्रकट हुन नपाओस् भन्ने कुरामा सदैव सजग हुनुपर्दछ। प्रकट हुनासाथ कारबाहीको विषय बनाउनु पर्दछ।*

## ६. अवसरवादविरुद्ध वैचारिक संघर्ष

अवसरवाद के हो ? अवसरवादले पार्टी र आन्दोलनलाई कसरी क्षति पुऱ्याउँछ र त्यसको समाधानको उपाय के हो ? भन्ने कुरामा पार्टीपङ्क्तिलाई प्रशिक्षित गर्नु आवश्यक छ। पार्टीमा एकता, अनुशासन र सामूहिकता भएन भने पार्टीको उद्देश्य पूरा गर्न सकिंदैन। अवसरवाद समाज परिवर्तनको उद्देश्य पूरा गर्नका लागि प्रमुख चुनौती हो भन्ने कुरालाई वैचारिक र राजनीतिकरूपमा स्थापित गर्नुपर्दछ। त्यस्ता प्रवृत्तिहरू देखिने बित्तिकै सुधारको प्रयास गरिनुपर्दछ। दक्षिणपन्थी अवसरवाद गुटबन्दी, अनुशासनहीनता र अन्तर्घातको रूपमा प्रकट हुन नपाओस् भन्ने कुरामा सदैव सजग हुनुपर्दछ। प्रकट हुनासाथ कारबाहीको विषय बनाउनु पर्दछ।

## ७. संगठनात्मक अराजकतामाथि नियन्त्रण

संगठनात्मक अराजकताले संगठनको मूल मर्मलाई नै आघात पुऱ्याइरहेको हुन्छ। विधिसम्मत ढङ्गले पार्टी सञ्चालनको माध्यमबाट नै संगठनात्मक अराजकतालाई नियन्त्रण गर्न सकिन्छ। पार्टीमा निर्णयपूर्व पर्याप्त परामर्श र छलफल गर्ने, निर्णयपश्चात् त्यसको पालना गर्ने कुरालाई अनिवार्य विषय बनाइनुपर्दछ। पार्टीको हितका विरुद्धमा अराजक ढङ्गले प्रस्तुत हुने प्रवृत्तिमाथि रोक लगाइनु पर्दछ। पार्टीको आन्तरिक छलफलको विषय र

विवादलाई सामाजिक सञ्जालमा पोख्ने प्रवृत्तिलाई नियन्त्रण गरिनुपर्दछ। पार्टी कार्यकर्ताले सामाजिक सञ्जालमा प्रस्तुत गरेको सामग्रीलाई पनि कार्यकर्ताको मूल्याङ्कनको विषय बनाइनु पर्दछ। यस प्रकारको प्रयासबाट नै संगठनात्मक अराजकतालाई नियन्त्रण गर्न सम्भव हुनेछ।

## ८. श्रम संस्कृतिको निर्माण/अभ्यासमा जोड

पार्टीको राजनीतिक कार्यदिशाअनुरूप देशको आर्थिक–सामाजिक विकास र रूपान्तरणको कामलाई प्रभावकारी ढङ्गले अघि बढाउनका लागि श्रम संस्कृतिको विकास र विस्तार अपरिहार्य छ। नेपालमा श्रम संस्कृतिको अभावका कारणले स्वदेशमा नरुचाएको काम विदेशमा गएर चाहिं गर्ने प्रवृत्ति देखिन्छ। मुलुकको श्रमशक्ति विदेश पठाएर समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सकिंदैन। तसर्थ श्रम संस्कृतिको विकासका लागि समय–समयमा पार्टीका नेता कार्यकर्ताहरूको सहभागितामा श्रमदानको कार्यक्रम सञ्चालन गरिनुपर्दछ। वडा र टोल कमिटीलाई नमूना उद्यम र सामूहिक उत्पादनको काममा लाग्न प्रेरित गर्नुपर्दछ। पार्टी कमिटीहरूले पनि आफ्नो नियमित आम्दानीको स्रोत बनाउने गरी उद्यम र उत्पादनको कामलाई अघि बढाउनुपर्दछ। अब पार्टीका कार्यकर्ताहरू नयाँ प्रविधि, सीप, तथा व्यवस्थापन कौशल प्रयोग गरी उत्पादन र उद्यमशीलतामा उदाहरणीय साथै अनुसरणयोग्य बन्नुपर्दछ।

## ९. पार्टीसम्बद्ध जनसंगठनलाई समुदायकेन्द्रित गर्ने

पार्टीसम्बद्ध प्रत्येक संगठनले आफ्नो संगठनअन्तर्गतको कार्यक्षेत्रका वर्ग र समुदायको कुल संख्या आङ्कलन गर्नुपर्दछ। त्यो संख्या कुन भूगोलमा कहाँ कसरी रहेको छ, पहिचान गर्नुपर्दछ। सो अनुसार कहाँ, कसरी र कहिलेसम्म कति सदस्यता विस्तार गर्न सकिन्छ ? कहाँ कसरी, कति कमिटी बनाउन सकिन्छ ? भन्ने योजना तयार गर्नुपर्दछ। सोहीअनुसार वार्षिक कार्ययोजना बनाएर संगठनको कामलाई बहुसंख्यक वर्ग र समुदायमा

*पार्टीको आन्तरिक छलफलको विषय र विवादलाई सामाजिक सञ्जालमा पोख्ने प्रवृत्तिलाई नियन्त्रण गरिनुपर्दछ। पार्टी कार्यकर्ताले सामाजिक सञ्जालमा प्रस्तुत गरेको सामग्रीलाई पनि कार्यकर्ताको मूल्याङ्कनको विषय बनाइनु पर्दछ। यस प्रकारको प्रयासबाट नै संगठनात्मक अराजकतालाई नियन्त्रण गर्न सम्भव हुनेछ।*

पुऱ्याउने गरी अघि बढ्नुपर्दछ। त्यस काममा पार्टी कमिटीहरूले सम्बन्धित जनसंगठनका अगुवाहरूसँग बसेर योजना निर्माणमा सहयोग गर्नुपर्दछ। आफ्नो तहका जनसंगठनलाई सम्बन्धित तहको पार्टी कमिटीले संयोजन र सहजीकरण गर्नुपर्दछ। सम्बन्धित तहको जनसंगठनको नेतृत्वलाई समुदायका बीचमा स्थापित गर्नका लागि पार्टी नेतृत्वले सहयोगी भूमिका खेल्नुपर्दछ। जनसंगठनमा आबद्ध नेता र कार्यकर्तालाई सम्बन्धित तहको पार्टी कमिटीले पार्टी कार्यकर्ताको रूपमा विकास गर्न भूमिका खेल्नुपर्दछ। यस प्रकारको कामका लागि पालिका तहसम्म जनसंगठन समन्वय संयन्त्रको निर्माण र परिचालन गरिनुपर्दछ।

## १०. युवापुस्ताको नेतृत्व विकास

वडा तहदेखि नै युवाहरूबीचमा पार्टी कामको विकास र विस्तारको योजना बनाउनुपर्दछ। सम्भावना बोकेका युवाहरू पहिचान गरी नेतृत्व विकासको तालिम प्रदान गर्नुपर्दछ। हाम्रो पार्टीले चुनाव जितेका पालिकाहरूमा युवालक्षित कार्यक्रम अघि बढाउन जोड दिनुपर्दछ। केन्द्र र प्रदेश सरकारले पनि नीति, कार्यक्रम र बजेटका माध्यमबाट युवाहरूलाई उत्पादन, उद्यमशीलता र नवप्रवर्तनका काममा जोड्नु पर्दछ। युवाहरूका बीचमा कार्यरत पार्टीसम्बद्ध जनसंगठनहरूसँगको सहकार्यमा युवापुस्ताको नेतृत्व विकासको योजना अघि बढाउनुपर्दछ। सबै तहका पार्टी कमिटीहरूले युवाहरूलाई राजनीतिमा

आकर्षित गर्दै नेतृत्व क्षमताको विकास गर्नका लागि सहयोगी र अनुकूल वातावरण प्रदान गर्नुपर्दछ ।

## ११. जनसम्बन्धको विकास र विस्तार

पार्टी कमिटी र पार्टीसम्बद्ध जनसंगठनहरूले आधारभूत तहसम्म जनसम्बन्ध विकास र विस्तारको योजना बनाएर काम गर्नुपर्दछ। सम्बन्धित क्षेत्र र समुदायका समस्या समाधानमा जोड दिनुपर्दछ। घरदैलो कार्यक्रम गर्ने, जनसरोकारका विषयमा छलफल चलाउने, सामाजिक र मानवीय कार्यका माध्यमबाट जनतासँगको घनिष्ठ सम्बन्ध बनाउने कुरामा जोड दिनुपर्दछ। संविधानत: वर्जित मानिएका छुवाछुत, जातिय र लैंगिक विभेद, वर्गीय उत्पीडनजस्ता समस्याहरूको प्रभावकारी समाधानमा अग्रसरता लिनु पर्दछ। यसरी नै कामका भिन्नभिन्न क्षेत्रमा विशिष्ट काम गरेका स्थापित व्यक्तित्व, अग्रज र नवप्रतिभाहरूलाई सम्मान र प्रोत्साहन गर्नुपर्दछ। समय–समयमा जनताका अपेक्षा र गुनासा सुन्नेगरी सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्नुपर्दछ। यस प्रकारको कामबाट सम्बन्धित वर्ग र समुदायका बीचमा पार्टीको सम्बन्ध घनिष्ट हुनगई प्रभावसमेत विस्तार हुन पुग्दछ।

## १२. कामका नयाँ क्षेत्रमा कार्यकर्ता परिचालन

पार्टीका अनुभवी र सक्षम कार्यकर्ताहरूलाई पार्टी कामको जिम्मेवारीबाट बाहिर रहेको अवस्था अन्त्य गरिनुपर्दछ। यसका लागि सम्बन्धित तहको पार्टी कमिटीले पार्टी कामका नयाँ क्षेत्रहरू पहिचान गरी त्यस्ता कामका क्षेत्रहरूमा ती कार्यकर्ताहरू परिचालन गर्ने नीति कार्यान्वयन गर्नुपर्दछ। सामुदायिक, पेसागत र सामाजिक संगठनहरूमा कामको प्रकृति र वैधानिक व्यवस्थाअनुरूप ती क्षेत्रको कामको नेतृत्व गर्ने गरी कार्यकर्ता परिचालनको योजना बनाउनुपर्दछ। जिल्ला तहको राजनीतिक, सामाजिक र मानवीय कामका क्षेत्रमा महत्वपूर्ण भूमिका खेलिरहेका संघ–संस्थाहरूमा पार्टीको उपस्थिति र सहभागिता

*युवाहरूका बीचमा कार्यरत पार्टीसम्बद्ध जनसंगठनहरूसँगको सहकार्यमा युवापुस्ताको नेतृत्व विकासको योजना अघि बढाउनुपर्दछ। सबै तहका पार्टी कमिटीहरूले युवाहरूलाई राजनीतिमा आकर्षित गर्दै नेतृत्व क्षमताको विकास गर्नका लागि सहयोगी र अनुकूल वातावरण प्रदान गर्नुपर्दछ।*

बढाउने नीति अवलम्बन गर्नुपर्दछ । हाम्रो सहभागीताबाट ती क्षेत्रका काम थप प्रभावकारी होऊन् भन्ने कुरामा विशेष ध्यान दिनुपर्दछ ।

**१३. प्रवासको कामलाई प्रभावकारी बनाउने**

प्रवासको काममा अहिलेसम्म प्रवासी नेपाली संघ भारत र प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीको नेतृत्वमा काम हुँदैआएको छ । प्रवासको काम पहिलेको तुलनामा व्यवस्थित हुँदै गएको भए पनि बढ्दो संख्या र प्रवासमा मूलधारको राजनीतिप्रतिको बढ्दो वितृष्णा चिर्नसक्ने गरी त्यहाँको काम अघि बढ्नसकेको छैन। मिशन चौरासीलाई समेत दृष्टिगत गरी प्रवासका कामलाई रचनात्मक र प्रभावकारी ढङ्गले विस्तार गर्नु आवश्यक छ। अब प्रवासी नेपाली मञ्चका राष्ट्रिय कमिटीअन्तर्गत सम्भावनाको आङ्कलन गरी युवा, विद्यार्थी, श्रमिक, आदिवासी जनजाति, उद्यमी, महिला र बुद्धिजीवीहरूका बीचमा राष्ट्रिय कमिटीहरू बनाएर ती क्षेत्रको कामलाई विस्तारित रूपमा अघि बढाउनुपर्दछ। मध्यपूर्व र मलेशियाजस्ता देशहरूमा नेपाली श्रमिकहरू असुरक्षित र असंगठित भएकै कारणले हिंसा र शोषणमा परिरहेको कुरालाई ध्यानमा राखेर विशेष योजनाअनुरूप काम अघि बढाउनु पर्दछ। त्यसका लागि पार्टीका तर्फबाट त्यहाँको आवश्यकताका आधारमा थप जनशक्ति परिचालन गरिनु पर्दछ ।

## १४. पार्टी नेतृत्वको सरकार र जनप्रतिनिधिमूलक निकायको काम

यतिबेला हाम्रो पार्टी निर्णायक राष्ट्रिय शक्ति निर्माणको उद्देश्यसहित **मिशन चौरासी**मा जुटेको छ । जनप्रतिनिधिहरू भनेका जनताले पार्टीलाई नजिकबाट हेर्ने र बुझ्ने आँखीझ्याल जस्तै हुन् । जनप्रतिनिधिको भूमिकाले पार्टीको प्रतिष्ठा र प्रभाव विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यतिबेला हाम्रो पार्टी स्थानीय, प्रदेश र संघ तीनवटै तहको सरकारको नेतृत्व गरिरहेको छ। तीनै तहका सरकारका सकारात्मक कामलाई जनताका बीचमा लगेर स्थापित गर्न सकियो भने त्यसले प्रत्यक्षरूपमा **मिशन चौरासी**लाई सफल बनाउन भूमिका खेल्दछ। आगामी दिनमा पार्टी कमिटीहरूले सरकारले गरेका राम्रा कामलाई जनताका बीचमा लगेर स्थापित गर्ने काम योजनाबद्ध रूपमा अघि बढाउनुपर्दछ। त्यस प्रकारको योजनामा जनप्रतिनिधिहरूलाई परिचालन गर्नुपर्दछ। जनप्रतिनिधि र जनताका बीचको अन्तरसम्बन्धलाई राम्रो बनाउनका लागि ‘जनतासँग जनप्रतिनिधि’ कार्यक्रम सञ्चालन गर्नुपर्दछ। केन्द्र र प्रदेश सरकारका तर्फबाट आफ्नो प्रदेशमा भएका राम्रा कामको प्रदेश कमिटीले, जिल्लामा भएका राम्रा कामको जिल्ला कमिटीले र तीन तहका सरकारका तर्फबाट पालिकास्तरमा भएका कामको प्रचार–प्रसार पालिका कमिटीले हातेपुस्तिकालगायत अन्य आवश्यक श्रब्य–दृश्य सामग्रीहरू समेत तयार गरी सम्प्रेषण गर्नुपर्दछ ।

## १५. सूचना प्रविधि आधारित प्रचारको काम

सूचना प्रविधिको विकासले प्रचार–प्रसारका परम्परागत तरिकाहरू कम प्रभावकारी बन्दै गएका छन् । पछिल्लो समयमा अनलाइन मिडिया र सामाजिक सञ्जालको प्रभाव बढ्दै गएको छ। सामाजिक सञ्जालमा प्रभावकारी सामग्री (कन्टेन्ट) निर्माण र सम्प्रेषणको महत्व बढ्दै गएको छ । पार्टी कमिटी र पार्टीका नेता तथा कार्यकर्ताहरू अब सूचना प्रविधिमैत्री बन्नु अत्यावश्यक छ । पार्टी काममा त्यसको अधिकतम् उपयोग गर्नुपर्दछ। पार्टी कार्यालयहरू सूचना प्रविधिमैत्री बनाइनुपर्दछ । अनलाइन मिडिया र सामाजिक सञ्जालको

*पार्टी कार्यालयहरू सूचना प्रविधिमैत्री बनाइनुपर्दछ। अनलाइन मिडिया र सामाजिक सञ्जालको अनुगमन गर्ने, त्यसका आधारमा पार्टीका पक्षमा सामग्री उत्पादन र सम्प्रेषण गर्ने काम गर्नुपर्दछ। यसका लागि सबै तहका कमिटीअन्तर्गत प्रचार तथा प्रकाशन विभाग र सूचना प्रविधिमा दक्ष आइटी (इन्फर्मेशन टेक्नोलोजी) टिम निर्माण गरी परिचालन गर्नुपर्दछ।*

अनुगमन गर्ने, त्यसका आधारमा पार्टीका पक्षमा सामग्री उत्पादन र सम्प्रेषण गर्ने काम गर्नुपर्दछ। यसका लागि सबै तहका कमिटीअन्तर्गत प्रचार तथा प्रकाशन विभाग र सूचना प्रविधिमा दक्ष आइटी (इन्फर्मेशन टेक्नोलोजी) टिम निर्माण गरी परिचालन गर्नुपर्दछ। यस कामको नेतृत्व गर्नेगरी केन्द्रीयस्तरमा पनि विशेष संयन्त्र निर्माण गरिनुपर्दछ।

## १६. विभागीय कामलाई प्रभावकारी बनाउने

पार्टी कामको आवश्यकताअनुरूप पार्टीले विभागीय काममा जोड दिँदै आएको छ। पार्टीका केन्द्रीय विभागहरूले वार्षिक कार्ययोजना बनाएर काम गर्दै आएका छन्। नीति, कार्यक्रम र बजेट निर्माणमा आफ्नो तर्फबाट सुझाव प्रस्तुत गर्दै आएका छन्। आमचुनाव र स्थानीय चुनावका समयमा चुनावी घोषणा–पत्र तयार गर्ने कुरामा सहयोगी भूमिका निर्वाह गर्ने गर्दछन्। पार्टीसम्बद्ध विभागहरू पार्टी नीतिअनुरूप पार्टी काममा संलग्न हुँदै आएका छन्। राज्यको कामसँग सम्बद्ध विभागहरूलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ। त्यस्ता विभागहरूले आफूसँग सम्बद्ध मन्त्रालय र निकायको कामको समग्र अध्ययन गर्ने र सोका आधारमा आवश्यक दृष्टिकोण बनाउने गरेका छन्। अबदेखि संसदीय समितिहरूसँगको कामसँग पनि ती विभागहरूलाई जोड्ने काम गरिनुपर्दछ। समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्य पुरा गर्ने कुरामा आवश्यक

नीति तथा कार्यक्रम तयार गर्ने कुरामा समेत केन्द्रीय विभागहरूलाई परिचालन गरिनुपर्दछ ।

## १७. बजेट निर्माण र स्रोत परिचालन

पार्टी केन्द्रीय कमिटीले वार्षिक बजेट तयार गरी सोका आधारमा आम्दानी र खर्चको व्यवस्था र लेखाजोखा गर्दै आएको छ । केन्द्रबाहेकका कमिटीहरूमा वार्षिक बजेट तयार गर्ने र सोका आधारमा आम्दानी र खर्चको व्यवस्थापन गर्ने काम हुनसकेको छैन । आगामी वर्षदेखि पालिका तहसम्मका कमिटीहरूले वार्षिक बजेट तयार गर्ने र सो अनुसार आम्दानी र खर्च गर्ने परिपाटी सुरु गर्नुपर्दछ । यसले पार्टी कार्यकर्ताको क्षमता बृद्धिमा सहयोग पुऱ्याउनुका साथै पार्टी कामलाई समेत व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुग्दछ ।

## १८. पार्टी कार्यालयको व्यवस्थापन

पार्टीले कार्यालय व्यवस्थापनको कामलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ । केन्द्रीय कार्यालय भाडामा सञ्चालन भइरहेको अवस्थामा पनि हाम्रो पार्टी कार्यालयको व्यवस्थापन अन्य पार्टीको तुलनामा राम्रो मानिन्छ । आगामी वर्ष हामी हाम्रो आफ्नै पार्टी कार्यालयमा सर्नेगरी दाताको सहयोगमा भवन निर्माणको काम अघि बढेको छ। नयाँ भवन निर्माण भएसँगै पार्टी कार्यालयमार्फत् पार्टीको कामलाई थप व्यवस्थित गर्न सहज हुनेछ। प्रदेश र जिल्ला तहमा अधिकांश ठाउँमा पार्टी कार्यालय सञ्चालनमा रहेका छन्। केही जिल्लालाई छोडेर प्रदेश र जिल्ला कार्यालयहरू पार्टी कामको आवश्यकताअनुरूप अझै व्यवस्थित हुनसकेका छैनन्। पालिका तहमा पार्टी कार्यालय र वडा तहमा सम्पर्क कार्यालय सञ्चालन गर्ने योजनालाई आगामी दिनमा अनिवार्यरूपमा कार्यान्वयन गरिनुपर्दछ। कार्यालय भवन र प्राङ्गणको साजसज्जा, सरसफाइ, सूचना सम्प्रेषण, जनसम्पर्क र अभिलेख व्यवस्थापनजस्ता कुरामा पार्टी कार्यालयलाई नमूना बनाउनुपर्दछ। पार्टी

*पालिका तहमा पार्टी कार्यालय र वडा तहमा सम्पर्क कार्यालय सञ्चालन गर्ने योजनालाई आगामी दिनमा अनिवार्यरूपमा कार्यान्वयन गरिनुपर्दछ। कार्यालय भवन र प्राङ्गणको साजसज्जा, सरसफाइ, सूचना सम्प्रेषण, जनसम्पर्क र अभिलेख व्यवस्थापनजस्ता कुरामा पार्टी कार्यालयलाई नमूना बनाउनुपर्दछ।*

कार्यालयमा जिम्मेवार पदाधिकारीहरू नियमित रूपमा उपस्थित हुने व्यवस्था मिलाउनु पर्दछ।

## १९. टोलकेन्द्रित घरदैलो अभियान

पार्टीले **मिशन चौरासी**लाई लक्षित गरेर जनतासँगको घनिष्ठ सम्बन्ध कायम गर्ने योजनाका साथ वडा/शाखा अभियान चलाएको भए पनि त्यो आधारभूत तहसम्म पुग्नसकेको छैन। अब सम्बन्धित तहका पार्टी कमिटीहरूले जनतासँग प्रत्यक्ष सम्बन्ध कायम हुनेगरी घरदैलो अभियान सञ्चालन गर्नुपर्दछ। प्रत्येक घरधुरीलाई लक्षित गरेर पार्टी कामलाई टोलमा केन्द्रित गर्नुपर्दछ। निर्वाचन बुथका आधारमा टोलको कामलाई संयोजन गर्नुपर्दछ।

## २०. तराई–मधेश जागरण यात्रा

मिशन चौरासीलाई समेत मध्यनजर राख्दै २०८३ सालको हिउँदमा तराई–मधेश जागरण यात्रा सञ्चालन गरिनुपर्दछ। त्यसक्रममा जिल्ला–जिल्लामा व्यापक जनपरिचालनको योजना बनाउनुपर्दछ। यात्राको क्रममा **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्य पुरा गर्ने सन्दर्भको पार्टीको योजना र कार्यक्रमका विषयमा व्यापक अन्तर्क्रिया गरिनुपर्दछ। **समृद्धिका लागि संकल्प** यात्राको समयमा जस्तै जनतामा उत्पन्न निराशालाई चिरेर आशा जगाउने काम गर्नुपर्दछ।

## २१. पार्टी कामको नियमित रिपोर्टिङ, अनुगमन र मूल्याङ्कन

पार्टीको कामलाई व्यवस्थित बनाउनका लागि मातहतको कमिटीबाट माथिल्लो कमिटीलाई नियमित रिपोर्टिङ गर्ने प्रणालीको विकास गरिनुपर्दछ। सम्बन्धित तहको कमिटीले कामको जिम्मेवारी तोकेका नेता र कार्यकर्ताले आफूले गरेको कामको रिपोर्ट सम्बन्धित कमिटीमा बुझाउने थिति बसाल्नुपर्दछ। माथिल्लो कमिटीका तर्फबाट आवश्यकताअनुरूप मातहतका कमिटीको अनुगमन गर्ने र त्यसका आधारमा परिषद्को बैठकमा मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्ने काम गर्नुपर्दछ।

●

# परिशिष्टहरू

परिशिष्ट–१

**नेकपा (एमाले)**

## नविकृत पार्टी सदस्यको कूल विवरण, ०८२

| क्र.सं. | प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश | ३२४१७ | ८२३४९ | ११४७६६ |
| २ | मधेश प्रदेश | ५५८०२ | १००३९३ | १५६१९५ |
| ३ | बागमती प्रदेश | ३१९७५ | ८२५९१ | ११४५६६ |
| ४ | गण्डकी प्रदेश | १७४७४ | ३८५७८ | ५६०५२ |
| ५ | लुम्बिनी प्रदेश | २५१३१ | ५५४४८ | ८०५७९ |
| ६ | कर्णाली प्रदेश | १४२७५ | ३४२६३ | ४८५३८ |
| ७ | सुदुरपश्चिम प्रदेश | १९३९१ | ४३७१९ | ६३११० |
| ८ | उपत्यका विशेष प्रदेश | ३५१४ | ८७८९ | १२३०३ |
| ९ | सम्पर्क | ४३९० | ९३९३ | १३७८३ |
| १० | भारत प्रवास | ४७६ | १२७६ | १७५२ |
| ११ | प्रवास | ९२० | ३७०० | ४६२० |
| १२ | केन्द्रीय कार्यालय | १८५ | ६६५ | ८५० |
| | **जम्मा** | **२०५९५०** | **४६११६४** | **६६७११४** |

## जिल्ला अनुसार नविकृत पार्टी सदस्यता विवरण

### कोशी प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | १ | १७३४ | ५३५३ | ७०८७ |
| २ | पाँचथर | १ | ५८९ | २६८३ | ३२७२ |
| ३ | ईलाम | २ | २७५५ | ८२९४ | ११०४९ |
| ४ | झापा | ५ | ५६७४ | १२६५९ | १८३३३ |
| ५ | संखुवासभा | १ | ७१७ | २३६५ | ३०८२ |
| ६ | तेह्रथुम | १ | १०३९ | २९८८ | ४०२७ |
| ७ | भोजपुर | १ | ९६९ | २९८८ | ३९५७ |
| ८ | धनकुटा | १ | २४२१ | ५८१५ | ८२३६ |
| ९ | मोरङ | ६ | ६९४८ | १६२३१ | २३१७९ |
| १० | सुनसरी | ४ | ३९४४ | ७९९३ | ११९३७ |
| ११ | सोलुखुम्बु | १ | ५७७ | १७९२ | २३६९ |
| १२ | खोटाङ | १ | ९९० | ४०७० | ५०६० |
| १३ | ओखलढुंगा | १ | २१८० | ४९५५ | ७१३५ |
| १४ | उदयपुर | २ | १८८० | ४१६३ | ६०४३ |
| | **जम्मा** | | **३२४१७** | **८२३४९** | **११४७६६** |

### मधेश प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | सप्तरी | ४ | २९३५ | ७३४० | १०२७५ |
| २ | सिराहा | ४ | ५२५७ | ९१२४ | १४३८१ |
| ३ | धनुषा | ४ | २१०३२ | २८६३४ | ४९६६६ |
| ४ | महोत्तरी | ४ | १२५४० | २०७४५ | ३३२८५ |
| ५ | सर्लाही | ४ | ३३२८ | ६०१५ | ९३४३ |
| ६ | रौतहट | ४ | २७८० | ७४०६ | १०१८६ |
| ७ | बारा | ४ | २९६७ | ७९४२ | १०९०९ |
| ८ | पर्सा | ४ | ४९६३ | १३१८७ | १८१५० |
| | **जम्मा** | | **५५८०२** | **१००३९३** | **१५६१९५** |

## बागमती प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | सिन्धुली | २ | २३०७ | ७०२० | ९३२७ |
| २ | रामेछाप | १ | १६८० | ५८७३ | ७५५३ |
| ३ | दोलखा | १ | ३३९९ | १०५६ | ४४५५ |
| ४ | रसुवा | १ | ७७४ | २५७८ | ३३५२ |
| ५ | नुवाकोट | २ | १५५९ | ५५६५ | ७१२४ |
| ६ | सिन्धुपाल्चोक | २ | १९४९ | ७४२९ | ९३७८ |
| ७ | काभ्रे | २ | ३७५९ | ११३४८ | १५१०७ |
| ८ | ललितपुर | ३ | १४५९ | ३७७८ | ५२३७ |
| ९ | भक्तपुर | २ | २००३ | ५०५४ | ७०५७ |
| १० | काठमाण्डौं | १० | ४५६६ | ९९०४ | १४४७० |
| ११ | मकवानपुर | २ | २११४ | ६५४४ | ८६५८ |
| १२ | चितवन | ३ | ४०८७ | ८३११ | १२३९८ |
| १३ | धादिङ | २ | २३१९ | ८१३१ | १०४५० |
| | **जम्मा** | | **३१९७५** | **८२५९१** | **११४५६६** |

## गण्डकी प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | नवपरासी पूर्व (नवलपुर) | २ | २६६६ | ५००९ | ७६७५ |
| २ | गोरखा | २ | ६९७ | १४७३ | २१७० |
| ३ | लमजुङ | १ | १७७९ | ३६९४ | ५४७३ |
| ४ | मनाङ | १ | ३३ | १०४ | १३७ |
| ५ | तनहुँ | २ | १७२५ | ३९३० | ५६५५ |
| ६ | कास्की | ३ | ३७७० | ७९९८ | ११७६८ |
| ७ | स्याङ्जा | २ | २२२५ | ५४४७ | ७६७२ |
| ८ | पर्वत | १ | २३६९ | ५५१७ | ७८८६ |
| ९ | बागलुङ | २ | १३७५ | ३३३९ | ४७१४ |
| १० | म्याग्दी | १ | ७४४ | १८२० | २५६४ |
| ११ | मुस्ताङ | १ | ९१ | २४७ | ३३८ |
| | **जम्मा** | | **१७४७४** | **३८५७८** | **५६०५२** |

## लुम्बिनी प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | नवलपरासी पश्चिम | २ | ९२९ | २९१५ | ३८४४ |
| २ | रूपन्देही | ५ | ५६१७ | ९८२९ | १५४४६ |
| ३ | कपिलवस्तु | ३ | १८४४ | ३९८९ | ५८३३ |
| ४ | बाँके | ३ | १४९२ | ३६२० | ५११२ |
| ५ | बर्दिया | २ | २२८६ | ४५९९ | ६८८५ |
| ६ | दाङ | ३ | ३५०३ | ७३६३ | १०८६६ |
| ७ | अर्घाखाँची | १ | २५६२ | ५२७१ | ७८३३ |
| ८ | रुकुम पूर्व | १ | २८० | ९५८ | १२३८ |
| ९ | रोल्पा | १ | ४९३ | १७७१ | २२६४ |
| १० | पाल्पा | २ | १८७४ | ४७५६ | ६६३० |
| ११ | प्यूठान | १ | ११३२ | ३२१२ | ४३४४ |
| १२ | गुल्मी | २ | ३११९ | ७१६५ | १०२८४ |
| | **जम्मा** | | **२५१३१** | **५५४४८** | **८०५७९** |

## कर्णाली प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | पश्चिम रुकुम | १ | ६०९ | १४५३ | २०६२ |
| २ | सल्यान | १ | ८८१ | ३१३७ | ४०१८ |
| ३ | डोल्पा | १ | १०३३ | २८६६ | ३८९९ |
| ४ | मुगु | १ | ६२७ | १७३१ | २३५८ |
| ५ | जुम्ला | १ | ५९७ | १६८५ | २२८२ |
| ६ | हुम्ला | १ | ६९८ | १४७३ | २१७१ |
| ७ | कालीकोट | १ | १२३६ | ३०८९ | ४३२५ |
| ८ | सुर्खेत | २ | ३७९४ | ६९०० | १०६९४ |
| ९ | दैलेख | २ | ३१०१ | ७१४८ | १०२४९ |
| १० | जाजरकोट | १ | १६९९ | ४७८१ | ६४८० |
| | **जम्मा** | | **१४२७५** | **३४२६३** | **४८५३८** |

## सुदुरपश्चिम प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | बझाङ | १ | १६९३ | ४३१३ | ६००६ |
| २ | बाजुरा | १ | ३१२२ | ६४११ | ९५३३ |
| ३ | अछाम | २ | १६०२ | ४९९८ | ६६०० |
| ४ | डोटी | १ | १७३१ | ३५२७ | ५२५८ |
| ५ | कैलाली | ५ | ४९७३ | ८३९१ | १३३६४ |
| ६ | दार्चुला | १ | १८४१ | ४५७५ | ६४१६ |
| ७ | बैतडी | १ | २१५२ | ६०२२ | ८१७४ |
| ८ | डडेलधुरा | १ | ४२४ | १३०१ | १७२५ |
| ९ | कञ्चनपुर | ३ | १८५३ | ४१८१ | ६०३४ |
| | **जम्मा** | | **१९३९१** | **४३७१९** | **६३११०** |

## उपत्यका विशेष प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | पेशागत विशेष | १ | ११११ | ३२६० | ४३७१ |
| २ | मजदूर विशेष | १ | ६७८ | १३६५ | २०४३ |
| ३ | विद्यार्थी विशेष | १ | १३९३ | ३१०९ | ४५०२ |
| ४ | उद्योग व्यवसायी विशेष | १ | ३३२ | १०५५ | १३८७ |
| | **जम्मा** | | **३५१४** | **८७८९** | **१२३०३** |

## प्रदेश सम्पर्क कमिटी

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश सम्पर्क कमिटी | १ | १३७० | २४८९ | ३८५९ |
| २ | मधेश प्रदेश सम्पर्क कमिटी | १ | १६१ | ५३० | ६९१ |
| ३ | बागमती प्रदेश सम्पर्क कमिटी | १ | १०४८ | २२११ | ३२५९ |
| ४ | गण्डकी प्रदेश सम्पर्क कमिटी | १ | ८५८ | १४८८ | २३४६ |
| ५ | लुम्बिनी प्रदेश सम्पर्क कमिटी | १ | ५३५ | १५३५ | २०७० |
| ६ | कर्णाली प्रदेश सम्पर्क कमिटी | १ | २९५ | ७२४ | १०१९ |
| ७ | सुदूर पश्चिम सम्पर्क कमिटी | १ | १२३ | ४१६ | ५३९ |
| | **जम्मा** | | **४३९०** | **९३९३** | **१३७८३** |

## भारत प्रवास ०८१/०८२

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | दिल्ली राज्य समिती | १ | ४० | १६२ | २०२ |
| २ | हरियाणा–राजस्थान राज्य समिती | १ | ६१ | १५९ | २२० |
| ३ | पञ्जाब–हिमाञ्जल, चडिगढ संयुक्त राज्य समिति | १ | १०७ | १६४ | २७१ |
| ४ | उत्तर प्रदेश राज्य समिती | १ | ० | ० | ० |
| ५ | महाराष्ट्र राज्य समिती | १ | ८० | ३११ | ३९१ |
| ६ | गुजरात राज्य समिती | १ | ३४ | १२३ | १५७ |
| ७ | कर्णटक–केरला राज्य समिती | १ | ५३ | १०० | १५३ |
| ८ | तामिलनाडु–पांदुचेरी राज्य समिती | १ | १४ | ५६ | ७० |
| ९ | आन्ध्र तेलांगाना संयुक्त राज्य समिती | १ | ० | १५ | १५ |
| १० | पूर्वोत्तर राज्य समिती | १ | १ | ० | १ |
| ११ | पश्चिम बंगाल झारखण्ड संयुक्त राज्य समिती | १ | १८ | ५८ | ७६ |
| १२ | मध्य प्रदेश–छत्तिसगढ राज्य समिती | १ | ६८ | १२८ | १९६ |
| १३ | उत्तराखण्ड राज्य समिती | १ | ० | ० | ० |
| | **जम्मा** | | **४७६** | **१२७६** | **१७५२** |

## प्रवासी नेपाली मञ्च

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | मेट्रो डिसी, अमेरिका | १ | २२४ | ६३९ | ८६३ |
| २ | क्यानाडा | १ | ३ | ६९ | ७२ |
| ३ | हङकङ | १ | ६ | ८० | ८६ |
| ४ | जापान | १ | ११५ | ३८२ | ४९७ |
| ५ | दक्षिण कोरिया | १ | ९ | १०१ | ११० |
| ६ | मकाउ | १ | १ | ३० | ३१ |
| ७ | मलेशिया | १ | ३६ | ३०७ | ३४३ |
| ८ | बेलायत प्रवास कमिटी | १ | ५१ | १४८ | १९९ |
| ९ | नेदरल्याण्ड | १ | ९ | २२ | ३१ |
| १० | रसिया | १ | २ | ३५ | ३७ |
| ११ | चेक रिपब्लिक | १ | ४ | ११ | १५ |
| १२ | अस्ट्रीया | १ | ५ | १४ | १९ |
| १३ | पोल्याण्ड | १ | १५ | ७९ | ९४ |
| १४ | फ्रान्स | १ | ८ | २५ | ३३ |
| १५ | बेल्जियम | १ | ४० | ८५ | १२५ |
| १६ | स्वीजरल्याड | १ | ३ | ९ | १२ |
| १७ | जर्मनी | १ | ४१ | ७८ | ११९ |
| १८ | नर्वे | १ | १ | ९ | १० |
| १९ | डेनमार्क | १ | ६५ | २४ | ८९ |
| २० | पोर्चुगल | १ | ११ | ६० | ७१ |
| २१ | स्पेन | १ | २५ | ९८ | १२३ |
| २२ | स्विडेन | १ | १ | ४ | ५ |
| २३ | साइप्रस | १ | ३ | ३ | ६ |
| २४ | आयरल्याण्ड | १ | ३ | १२ | १५ |
| २५ | माल्टा | १ | १ | १५ | १६ |
| २६ | रोमानिया | १ | ० | २ | २ |
| २७ | कतार | १ | ३३ | ३०० | ३३३ |
| २८ | यू.ए.ई | १ | ४३ | २६३ | ३०६ |
| २९ | कुवेत | १ | ९ | ३२ | ४१ |

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| ३० | ओमन | १ | ८ | ४७ | ५५ |
| ३१ | बहराइन | १ | ४६ | २०५ | २५१ |
| ३२ | इजरायल | १ | ५४ | ६४ | ११८ |
| ३३ | साउदी अरव | १ | ४ | १७५ | १७९ |
| ३४ | अष्ट्रेलीया | १ | ३५ | २३० | २६५ |
| ३५ | न्युजलैण्ड | १ | ५ | २९ | ३४ |
| ३६ | इटाली | १ | ० | ० | ० |
| ३७ | फिनलैण्ड | १ | ० | ० | ० |
| ३८ | कम्बोडिया | १ | ० | ९ | ९ |
| ३९ | स्लोभेनिया | १ | १ | ५ | ६ |
| | **जम्मा** | | **९२०** | **३७००** | **४६२०** |

## केन्द्रीय कार्यालय

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय | १ | १८५ | ६६५ | ८५० |

परिशिष्ट–२

## नेकपा (एमाले)

# पार्टी कमिटीका अधिवेशनहरूको विवरण

असार २०८२

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | अधिवेशन भएका | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १. कोशी | १४ | १३७ | १३६ | १ | ११५७ | १०६८ | ८९ | ५७७७ | ४३९६ | १३८१ |
| २. मधेश | ८ | १३६ | ५० | ८६ | १२७१ | १३० | ११४१ | ६५१५ | – | ६५१५ |
| ३. वागमती | १३ | ११९ | ११९ | ० | ११२१ | १०९८ | २३ | १४२०६ | ४५६४ | ९६४२ |
| ४. गण्डकी | ११ | ८५ | ८५ | ० | ७५९ | ६८६ | ७३ | ५७९४ | २१०९ | ३६८५ |
| ५ लुम्विनी | १२ | १०९ | १०९ | ० | ९८३ | ९४५ | ३८ | ९५५६ | ५४२२ | ४१३४ |
| ६. कर्णाली | १० | ७९ | ७६ | ३ | ७१८ | ६१४ | १०४ | ६४५३ | २०२७ | ४४२६ |
| ७ सुदुरपश्चिम | ९ | ८८ | ८८ | ० | ७३४ | ६९२ | ४२ | ५८५० | २५४० | ३३१० |
| ८. उपत्याका | ४ | ५५ | ५० | ५ | २०४ | १७५ | २९ | ४०८ | ४८ | ३६० |
| ९. सम्पर्क समन्वय | ७ | ७४ | ७३ | १ | ७४३ | ५३७ | २०६ | – | – | – |
| १०. प्रवासी नेपाली मञ्च | ५ | ३७ | ३२ | ५ | ७० | ५९ | ११ | – | – | – |
| ११. प्रवासी नेपाली संघ भारत | १० | १४९ | ९९ | ५० | ४१६ | – | ४१६ | – | – | – |
| **जम्मा** | **१०३** | **१०६८** | **९१७** | **१५१** | **८१७६** | **६००४** | **२१७२** | **५४५५९** | **२११०६** | **३३४५३** |

## १. कोशी प्रदेश

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ ताप्लेजुङ | २०८१-०१-२४,२५ | ९ | ९ | ० | ६१ | ६० | १ | ३३० | २४१ | ८९ |
| २ पाँचथर | २०८०-१२-१७,१८ | ८ | ८ | ० | ६० | ६० | ० | ३६९ | २०० | १६९ |
| ३ ईलाम | २०८१–०७–२९,३० | १० | १० | ० | ८१ | ७९ | २ | ३५६ | २४९ | १०७ |
| ४ झापा | २०८०-१२-१३,१४ | १५ | १५ | ० | १३१ | १३१ | ० | ८८२ | ८८२ | ० |
| ५ संखुवासभा | २०८०-११-२१,२२ | १० | १० | ० | ७६ | ७६ | ० | १५५ | १५५ | ५०० |
| ६ तेह्रथुम | २०८१–०८–०४,५ | ६ | ६ | ० | ४३ | ३६ | ७ | ८१५ | ८१५ | ४५० |
| ७ भोजपुर | २०८१-१-२०,२१ | ९ | ९ | ० | ८१ | ७९ | २ | ३५९ | ३५४ | ५ |
| ८ धनकुटा | २०८१-२-१२,१३ | ७ | ७ | ० | ६० | ६० | ० | २८८ | १६५ | १२३ |
| ९ मोरङ | २०८१–११–१७,१८ | १७ | १६ | १ | १५९ | १०५ | ५४ | २८१ | २३९ | १४२ |
| १० सुनसरी | २०८१-०२-५,६ | १२ | १२ | ० | १२४ | १२१ | ३ | ४०० | २२२ | १७८ |
| ११ सोलुखुम्बु | २०८०-१२-२३,२४ | ८ | ८ | ० | ५२ | ३७ | १५ | ३०७ | ६० | २४७ |
| १२ खोटाङ | २०८०-१२-२८,२९ | १० | १० | ० | ७९ | ७६ | ३ | ३५० | २२५ | १२५ |
| १३ ओखलढुंगा | २०८०-१२-२४,२५ | ८ | ८ | ० | ७५ | ७३ | २ | ३५० | २२५ | १२५ |
| १४ उदयपुर | २०८०-१२-१३,१४ | ८ | ८ | ० | ७५ | ७५ | ० | ५३५ | ३६४ | १६१ |
| | **जम्मा** | **१३७** | **१३६** | **१** | **११५७** | **१०६८** | **८९** | **५७७७** | **४३९६** | **२४२१** |

## २. मधेश प्रदेश

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ सप्तरी | २०८१ चैत्र २८–३० | १८ | २ | १६ | १६४ | १६ | १४८ | ११४८ | – | – |
| २ सिराह | २०८१ चैत्र २६–२८ | १७ | ० | १७ | १६३ | १६ | १४७ | ११४८ | – | – |
| ३ धनुषा | २०८२ वैशाख २०–२२ | १८ | १४ | ४ | १७९ | १८ | १६१ | ७१६ | – | – |
| ४ महोत्तरी | २०८० माघ २२,२३ | १५ | ० | १५ | १३८ | १४ | १२४ | ६९० | – | – |
| ५ सर्लाही | २०८१ वैशाख ३०,३१ | २० | ८ | १२ | २०० | २० | १८० | १००० | – | – |
| ६ रौतहट | २०८० माघ २४,२५ | १८ | ५ | १३ | १५७ | १६ | १४१ | ५८५ | – | – |
| ७ वारा | २०८० चैत्र १९,२० | १६ | ९ | ७ | १६७ | १८ | १४९ | ६६८ | – | – |
| ८ पर्सा | २०८१ वैशाख १७,१८ | १४ | १२ | २ | ११२ | १२ | १०० | ५६० | – | – |
| | **जम्मा** | **१३६** | **५०** | **८६** | **१२८०** | **१३०** | **११५०** | **६५१५** | **–** | **–** |

## ३. बागमती प्रदेश

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ सिन्धुली | २०८० चैत्र २८,२९ | ९ | ९ | ० | ७९ | ७६ | ३ | ४०७ | २८४ | १२३ |
| २ रामेछाप | २०८१वैशाख २६–२८ | ८ | ८ | ० | ६४ | ६४ | ० | ४९५ | ४९५ | ० |
| ३ दोलखा | २०८० माघ २२–२४ | ९ | ९ | ० | ७४ | ७४ | ० | ६०० | २५० | ३५० |
| ४ रसुवा | २०८१ वैशाख २२,२३ | ५ | ५ | ० | २७ | २७ | ० | ८३७ | १३ | ८२४ |
| ५ नुवाकोट | २०८१ जेष्ठ २२,२३ | १२ | १२ | ० | ८८ | ८७ | १ | ३२५ | २२० | १०५ |
| ६ सिन्धुपाल्चोक | २०८० चैत्र १९,२० | १२ | १२ | ० | १०३ | ९६ | ७ | ९३७ | ४३५ | ५०२ |
| ७ काभ्रे | २०८१ जेष्ठ२८,२९ | १३ | १३ | ० | १३५ | ११७ | १८ | ६७६ | ३०० | ३७६ |
| ८ ललितपुर | २०८० चैत्र २३,२४ | ६ | ६ | ० | ७१ | ७१ | ० | ४६३ | २०६ | २५७ |
| ९ भक्तपुर | २०८१ जेष्ठ ३ र ४ | ४ | ४ | ० | ३८ | ३८ | ० | ११७८ | २११ | ९६७ |
| १० काठमाण्डौं | २०८१ जेष्ठ २६–२८ | ११ | ११ | ० | १३८ | १३७ | १ | १३२६ | ६८० | ६४६ |
| ११ मकवानपुर | २०८१ जेष्ठ १८,१९ | १० | १० | ० | १०२ | १०२ | ० | ७०० | २५० | ४५० |
| १२ चितवन | २०८१ जेष्ठ १२–१४ | ७ | ७ | ० | ९८ | ९८ | ० | ३०३८ | १००३ | २०३५ |
| १३ धादिङ | फाल्गुण १,२, ३ २०८० | १३ | १३ | ० | १०४ | १०४ | ० | ३२२४ | २१७ | ३००७ |
| | **जम्मा** | **११९** | **११९** | **०** | **११२१** | **१०९८** | **२३** | **१४२०६** | **४५६४** | **९६४२** |

## ४. गण्डकी प्रदेश

| जिल्ला | | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ | नवलपुर | २०८० चैत्र २६,२७ | ८ | ८ | ० | ९२ | ९१ | १ | ५८८ | ३४८ | २४० |
| २ | गोरखा | २०८० फाल्गुण २५,२६ | ११ | ११ | ० | ९४ | ६७ | १७ | ६८५ | १३७ | ५४८ |
| ३ | लमजुङ | २०८० चैत्र १६, १७ | ८ | ८ | ० | ७५ | ६७ | ८ | ४५६ | २७० | १८६ |
| ४ | मनाङ | २०८१ कार्तिक २१–२२ | ४ | ० | ० | २८ | १२ | १६ | २५२ | ० | २५२ |
| ५ | तनहुँ | २०८१ वैशाख २८,२९ | १० | १० | ० | ८५ | ८४ | १ | ७३५ | २३० | ५०५ |
| ६ | कास्की | २०८० चैत्र १०, ११ | ५ | ५ | ० | ७२ | ६९ | ३ | ५५२ | २२० | ३३२ |
| ७ | स्याङ्जा | २०८० चैत्र २३,२४ | ११ | ११ | ० | ९७ | ८६ | ११ | ९९५ | ५५६ | ४३९ |
| ८ | पर्वत | २०८० चैत्र २७,२८ | ७ | ७ | ० | ६१ | ५९ | २ | ४६८ | २१६ | २५२ |
| ९ | बागलुङ | २०८० चैत्र २९, ३० | १० | १० | ० | ८५ | ७८ | ७ | ६६६ | १६५ | ५०१ |
| १० | म्याग्दी | २०८० चैत्र १२, १३ | ६ | ६ | ० | ४५ | ४० | ५ | २५३ | ३३ | २८६ |
| ११ | मुस्ताङ | २०८१ वैशाख २५,२६ | ५ | ० | ० | २५ | २३ | २ | १४४ | ० | १४४ |
| | | **जम्मा** | **८५** | **८५** | **०** | **७५९** | **६८६** | **७३** | **५७९४** | **२१०९** | **३६८५** |

## ५. लुम्बिनी प्रदेश

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ नवलपरासी पश्चिम | ०८१ बैशाख २१, २२ | ७ | ६ | ० | ७४ | ६३ | ११ | ८८८ | ३४२ | ५४६ |
| २ रूपन्देही | ०८१ जेष्ठ २३, २४ | १६ | १६ | ० | १५५ | १५५ | ० | १३९९ | १२६४ | १३५ |
| ३ कपिलवस्तु | ०८१ जेष्ठ २६, २७ | १० | १० | ० | ९६ | ८६ | १० | ९६५ | २६२ | ७०३ |
| ४ बाँके | ०८१ जेष्ठ ४, ५ | ८ | ८ | ० | ८१ | ८१ | ० | ८५६ | ४२७ | ४२९ |
| ५ बर्दिया | ०८१ बैशाख १८, १९ | ८ | ८ | ० | ७५ | ७४ | १ | ४४३ | ३१८ | १२५ |
| ६ दाङ | ०८१ जेष्ठ ६, ७ | १० | १० | ० | १०० | १०० | ० | १९९५ | ९१९ | १०७६ |
| ७ अर्घाखाँची | ०८१ जेष्ठ २६, २७ | ६ | ६ | ० | ६१ | ६१ | ० | ३८८ | ३५४ | ३४ |
| ८ रुकुम पूर्व | ०८० चैत्र २९, ३० | ३ | ३ | ० | ३१ | २७ | ४ | १४३ | ७३ | ७० |
| ९ रोल्पा | ०८० फागुन २९, ३० | १० | १० | ० | ७२ | ६० | १२ | ४६८ | २६५ | २०३ |
| १० पाल्पा | ०८१ जेष्ठ ११, १२ | १० | १० | ० | ८१ | ८१ | ० | ८२६ | ४८३ | ३४३ |
| ११ प्यूठान | ०८१ जेष्ठ २०, २१ | ९ | ९ | ० | ६४ | ६४ | ० | ३४८ | १८८ | १६० |
| १२ गुल्मी | ०८१ जेष्ठ २९, ३१ | १२ | १२ | ० | ९३ | ९३ | ० | ८३७ | ५२७ | ३१० |
| | **जम्मा** | **१०९** | **१०९** | **०** | **९८३** | **९४५** | **३८** | **९५५६** | **५४२२** | **४१३४** |

## ६. कर्णाली प्रदेश

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ पश्चिम रुकुम | २०८० चैत्र १६,१७ | ६ | ६ | ० | ७३ | ६६ | ९ | ६५७ | ७२ | ५८५ |
| २ सल्यान | २०८० चैत्र १८-२० | १० | १० | ० | ८३ | ८२ | १ | ७४७ | २०० | ५४७ |
| ३ डोल्पा | २०८१ कार्तिक २७-२९ | ८ | ५ | ३ | ६५ | ४४ | २१ | ५८५ | ५४७ | ३८ |
| ४ मुगु | २०८० मंसिर १४,१५ | ४ | ४ | ० | ४५ | ९ | ३६ | ४०५ | १३५ | २७० |
| ५ जुम्ला | २०८१ वैशाख १५,२१ | ८ | ८ | ० | ६० | ४१ | १९ | ५४० | ६३ | ४७७ |
| ६ हुम्ला | २०८० चैत्र २८-३० | ७ | ७ | ० | ४४ | ४३ | १ | ३८७ | ८० | ३०७ |
| ७ कालीकोट | २०८० चैत्र २१,२३ | ९ | ९ | ० | ८२ | ८२ | ० | ७३८ | १९२ | ५४६ |
| ८ सुर्खेत | २०८० चैत्र ८-१० | ९ | ९ | ० | ९९ | ९८ | १७ | ८९१ | २१८ | ६७३ |
| ९ दैलेख | २०८० माघ २७,२९ | ११ | ११ | ० | ९० | ९० | ० | ८१० | ४७३ | ३३७ |
| १० जाजरकोट | २०८० चैत्र २५,२६ | ७ | ७ | ० | ७७ | ७७ | ० | ६९३ | ४७ | ६४६ |
| | **जम्मा** | **७९** | **७६** | **३** | **७१८** | **६१४** | **१०४** | **६४५३** | **२०२७** | **४४२६** |

## ७. सुदुरपश्चिम प्रदेश

| जिल्ला | | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ | बझाङ | २०८१ फाल्गुण १२–१३ | १२ | १२ | ० | ९४ | ७१ | २३ | ८४६ | ० | ८४६ |
| २ | बाजुरा | २०८१ जेष्ठ १,२,३ | ९ | ९ | ० | ६९ | ६७ | २ | ६२१ | १८८ | ४३३ |
| ३ | अछाम | २०८२ वैशाख १३–१५ | १० | १० | ० | ९१ | ८८ | ३ | ८१९ | ४५२ | ३६७ |
| ४ | डोटी | २०८१ चैत्र २८–२९ | ९ | ९ | ० | ६५ | ५८ | ७ | ५८५ | १५ | ५७० |
| ५ | कैलाली | २०८० फाल्गुण ६,७ | १३ | १३ | ० | १३६ | १२३ | १३ | ११३४ | ५११ | ६२३ |
| ६ | दार्चुला | २०८० माघ १९,२० | ९ | ९ | ० | ६१ | ५८ | ३ | ५४९ | ४०६ | १४३ |
| ७ | बैतडी | २०८० फाल्गुण २८,२९ | १० | १० | ० | ८४ | ८४ | ० | ७५६ | ५११ | २४५ |
| ८ | डडेलधुरा | २०८० चैत्र ५,६ | ७ | ७ | ० | ५२ | ५१ | १ | ४६८ | ११२ | ३५६ |
| ९ | कञ्चनपुर | २०८० चैत्र १,२,३ | ९ | ६ | ० | ९२ | ९२ | ० | ८२८ | ३४५ | ४८३ |
| | | **जम्मा** | **८८** | **८८** | **०** | **७४४** | **६९२** | **५२** | **५८५०** | **२५४०** | **३३१०** |

## ८. उपत्यका विशेष प्रदेश

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ पेशागत विशेष | २०८० फागुण ५,६ | १५ | १५ | ० | ८८ | ५९ | २९ | १७६ | ४४ | १३२ |
| २ युवा विद्यार्थी | २०८१ कार्तिक २८–२९ | १५ | १५ | ० | ६२ | ६२ | ० | १२४ | ० | १२४ |
| ३ मजदुर विशेष | २०८० चैत्र २४,२५ | १३ | १० | ३ | ३२ | ३२ | ० | ६४ | ४ | ६० |
| ४ उद्योग व्यवसाय विशेष | २०८१ जेष्ठ २६,२७ | १२ | १० | २ | २२ | २२ | ० | ४४ | ० | ४४ |
| | **जम्मा** | **५५** | **५०** | **५** | **२०४** | **१७५** | **२९** | **४०८** | **४८** | **३६०** |

नोट: उपत्याका विशेष कमिटीलाई प्रदेश सरहको मान्यता प्रदान गरेकोले इलाकाहरूलाई पालिका र शाखाहरूलाई वडा सरह मान्यता प्रदान गरी डाटा व्यवस्थापन गरिएको छ ।

### ९. सम्पर्क समन्वय कमिटी

| जिल्ला | | पालिका | | | वडा | | |
|---|---|---|---|---|---|---|---|
| नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ कोशी प्रदेश | २०८० मंसिर २३,२४ | १४ | १४ | ० | १३५ | ११७ | १८ |
| २ मधेश प्रदेश | २०८० पौष १४,१५ | ८ | ८ | ० | १३६ | ५० | ८६ |
| ३ वागमती प्रदेश | २०८० पौष ७,८,९ | १० | १० | ० | ९८ | ७९ | १९ |
| ४ गण्डकी प्रदेश | २०८० चैत्र ९,१० (वै–४) | ११ | १० | १ | ८५ | ७४ | ११ |
| ५ लुम्वीनी प्रदेश | २०८० मंसिर ३०,३१ | १२ | १२ | ० | १२२ | ११३ | ९ |
| ६ कर्णाली प्रदेश | २०८० माघ २७,२८ | १० | १० | ० | ७९ | ६४ | १५ |
| ७ सुदुरपश्चिम प्रदेश | २०८० पौष ७,८,९ | ९ | ९ | ० | ८८ | ४० | ४८ |
| | **जम्मा** | **७४** | **७३** | **१** | **७४३** | **५३७** | **२०६** |

### १०. प्रवासी नेपाली मञ्च अन्तराष्ट्रिय कमिटी

| महादेश राष्ट्रिय कमिटी | राज्य/क्षेत्रीय कमिटी | | | प्रान्तीय /नगर कमिटी | | |
|---|---|---|---|---|---|---|
| नाम | कमिटी संख्या | अधिवेशन भएको | अधिवेशन हन बाँकी | कमिटीको कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ युरोप | २० | १८ | २ | १९ | १५ | ४ |
| २ अमेरिका | २ | २ | ० | १६ | १६ | ० |
| ३ मध्यपूर्व | ७ | ६ | १ | १३ | १३ | ० |
| ४ पुर्वि एशिया | ६ | ५ | १ | १४ | १० | ४ |
| ५ ओसिनिया | २ | १ | १ | ८ | ५ | ३ |
| **जम्मा** | **३७** | **३२** | **५** | **७०** | **५९** | **११** |

**११. प्रवासी नेपाली मञ्च भारत**

| राज्य /संयुक्त समिति | | नगर समिति | | | प्रारम्भिक समिति |
|---|---|---|---|---|---|
| | नाम | कमिटी संख्या | कमिटी भएको | वनाउन वाँकी | प्रारम्भिक समिति संख्या |
| १ | महाराष्ट्र राज्य समिति | २५ | १८ | ७ | १५९ |
| २ | पंजाज–हिमाचल–चण्डिगढ संयुक्त राज्य समिति | २१ | १२ | ९ | ३८ |
| ३ | हरियाणा–राजस्तान संयुक्त राज्य समिति | १८ | १२ | ६ | ४२ |
| ४ | दिल्लि राज्य समिति | १५ | १२ | ३ | ३९ |
| ५ | मध्य प्रदेश–छत्तिसगढ संयुक्त राज्य समिति | ११ | ८ | ३ | २५ |
| ६ | गुजरात राज्य समिति | १० | ७ | ३ | १८ |
| ७ | कर्नाटक केराला संयुक्त राज्य समिति | १० | ६ | ४ | २५ |
| ८ | पश्चिम वंगाल–झारखण्ड संयुक्त राज्य समिति | ८ | ५ | ३ | १५ |
| ९ | तामिलनाडु–पण्डेष्वरी संयुक्त राज्य समिति | ७ | ५ | २ | १३ |
| १० | आन्द्र प्रदेश–तेलंगना संयुक्त राज्य समिति | ८ | ६ | २ | १८ |
| ११ | छुटपुट | १६ | ८ | ८ | २४ |
| | **जम्मा** | **१४९** | **९९** | **५०** | **४१६** |

परिशिष्ट–३

## नेकपा (एमाले)

# समग्र संगठनात्मक विवरण

### क. प्रदेश कमिटी, सल्लाहकार र जेष्ठ कम्युनिष्ट मञ्चमा संगठित विवरण

| प्रदेश | अधिवेशन मिति | अध्यक्ष | सदस्य संख्या | सल्लाहकार | जेष्ठ कम्युनिष्ट मञ्च | विभागहरू |
|---|---|---|---|---|---|---|
| १. कोशी | २०८० अशोज १२–१३ | धनश्याम खतिवडा | २५७ | २५५ | ७१ | २७ |
| २. मधेश | २०८० अशोज २४–२५ | चन्द्रेश्वर मण्डल | २३९ | १५१ | ० | १७ |
| ३. वागमती | २०८० अशोज ८–९ | कैलाश ढुंगेल | २८८ | २८८ | १२३ | २८ |
| ४. गण्डकी | २०८० अशोज १५–१६ | नवराज शर्मा | १८९ | १६५ | १११ | २६ |
| ५. लुम्वीनी | २०८० भाद्र १६–१७ | राधाकृष्ण कंडेल | २३५ | २३५ | २०१ | ३१ |
| ६. कर्णाली | २०८० अशोज १०–११ | गुलावजंग शाह | १५० | १४१ | ० | २९ |
| ७. सुदुर पश्चिम | २०८० अशोज २१–२२ | कृष्णप्रसाद जैशी | १६९ | १६७ | १३५ | २८ |
| ८. उपत्याका विशेष | २०८० अशोज १९–२० | प्रेमकुमार पाराजुली | ८२ | ३६ | ० | ९ |
| ९. सम्पर्क समन्वय | अधिवेशन नहुने | श्याम वस्नेत | ८७ | ७८ | ० | ३१ |
| १० प्रवासी नेपाली मञ्च अन्तराष्ट्रिय कमिटी | २०७९ कार्तिक १९–२० (२०२२/११/५–६ एडि) | सञ्जय थापा | ३५ | ० | ० | ० |
| ११ प्रवासी नेपाली मञ्च भारत | २०८० फाल्गुण ७–९ (२०२३/०२/१९–२१ एडि) | नारायणप्रसाद हुमागाँई | ८३ | ६८ | ० | ० |
| | | **जम्मा** | **१८१४** | **१५८४** | **६४१** | **२२६** |

**प्रदेश कमिटीमा संगठित: ४०३९**

## ख. जिल्ला, पालिका, वडा र टोलहरूको प्रदेशगत एकमुष्ठ संगठित विवरण

| प्रदेश | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कमिटी संख्या | कमिटीमा आवद्ध | कुल संख्या | पालिका कमिटी | आबद्ध संख्या | कुल संख्या | वडा कमिटी | आबद्ध संख्या | कुल संख्या | टोल कमिटी | कमिटीमा आबद्ध |
| १. कोशी | १४ | १६८४ | १३७ | १३६ | ८२८५ | ११६९ | १०७९ | २८३८६ | ७१०१ | ४२१२ | ४८८२४ |
| २. मधेश | ८ | १२९६ | १३७ | ५० | ६१५६ | १२८० | १०४८ | २७४७५ | ६५१५ | ८८५ | ११५१५ |
| ३. वागमती | १३ | १७०२ | ११९ | ११९ | ५४५७ | ११२१ | १०९८ | ३३६५९ | १४२०६ | ४५६४ | ६८४५० |
| ४. गण्डकी | ११ | १०५६ | ८६ | ८५ | ४४१९ | ७५९ | ६३० | १८९७२ | ५५६० | १६८१ | २५२१५ |
| ५. लुम्वीनी | १२ | १४५४ | १०९ | १०९ | ५५०८ | ९८३ | ९४५ | २९२९५ | ९२६७ | ५४२२ | ८०६०१ |
| ६. कर्णाली | १० | ११११ | ७१ | ६८ | ३८३६ | ७१८ | ६६८ | १२१०९ | ६४५३ | २०२७ | २४५३४ |
| ७. सुदुरपश्चिम | ९ | ९२८ | ८८ | ८८ | ४१८८ | ७४४ | ६९२ | १७०९५ | ५८५० | २५४० | २१९०४ |
| ८. उपत्याका | ४ | २१२ | ५५ | ५० | १३१८ | २०४ | १७५ | १९३६ | ४०८ | ४८ | ९२२ |
| ९. सम्पर्क समन्वय | ७ | ३२३ | ७४ | ७४ | १८२६ | ७४३ | ५३७ | ४३३९ | | | |
| १० प्रवासी नेपाली मञ्च | ५ | ४४ | ३६ | ३२ | ६४० | ७० | ५९ | ९७९ | | | |
| ११ प्रवासी नेपाली संघ भारत | १० | (१० राज्य) ४१८ | | | | | | | | | सदस्य ६३७१ |
| **जम्मा** | **१०३** | **९७७४** | **९१२** | **८११** | **४१६३३** | **७७९१** | **६९२०** | **१७४२४५** | **५५३६०** | **२१३७९** | **२०१३६४** |

## ग. जिल्ला, पालिका, वडा र टोलहरूको कमिटीको अलग अलग प्रदेशगत विवरण आवद्ध संख्या

| **१. कोशी प्रदेश** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | | |
| **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ ताप्लेजुङ | ९९ | ९ | ९ | ५०२ | ६१ | ६० | १८६० | ३३० | २३९ | ३५८५ |
| २ पाँचथर | १०० | ८ | ८ | २९२ | ६८ | ६८ | १०६३ | ३६९ | २२२ | १५८१ |
| ३ इलाम | १२७ | १० | १० | ५५३ | ८५ | ८२ | १३९४ | ४०९ | २१८ | २२३२ |
| ४ झापा | १७५ | १५ | १५ | १०९३ | १३१ | १३० | ४०३० | ८९२ | ६८९ | ६२०१ |
| ५ मोरङ | १६७ | १७ | १६ | १११५ | १५९ | १०५ | २६७५ | ६४० | १४० | १५४० |
| ६ सुनसरी | १६१ | १२ | १२ | ७७५ | १२४ | १२१ | ३७५१ | १२६५ | ८६५ | १२९७५ |
| ७ भोजपुर | ९९ | ९ | ९ | ४२८ | ८१ | ७९ | १६९२ | ४०० | २२२ | २१२० |
| ८ संखुवासभा | १०३ | १० | १० | ६१५ | ७६ | ७६ | १५२० | ३७९ | २३९ | २३९० |
| ९ तेह्रथुम | १०३ | ६ | ६ | ३३२ | ४३ | ३७ | ११४७ | २८८ | ११७ | १७५५ |
| १० धनकुटा | १०९ | ७ | ७ | ४९६ | ६० | ६० | १८६० | ३५९ | ३५२ | ५२८० |
| ११ सोलुखुम्बु | ९६ | ८ | ८ | ५७६ | ५२ | ३७ | ११४७ | ३०५ | ६० | ९०० |
| १२ ओखलढुंगा | १०९ | ८ | ८ | ४०८ | ७५ | ७३ | २२६३ | ३५० | २२५ | ३३७५ |
| १३ खोटाङ | १०९ | १० | १० | ४९६ | ७९ | ७६ | १६५९ | ५८० | २६० | १८२० |
| १४ उदयपुर | १२७ | ८ | ८ | ६०४ | ७५ | ७५ | २३२५ | ५३५ | ३६४ | ५४६० |
| **जम्मा** | **१६८४** | **१३७** | **१३६** | **८२८५** | **११६९** | **१०७९** | **२८३८६** | **७१०१** | **४२१२** | **४८८२४** |

**२. मधेश प्रदेश**

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | जि क सदस्य संख्या | कुल संख्या | पालिका कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | वडा कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | टोल कमिटी | कमिटीमा आबद्ध संख्या |
| १ सप्तरी | ११८ | १८ | १८(२) | ६३० | १६४ | १६४ | ४१०० | ११४८ | २० | २२० |
| २ सिराह | १३५ | १७ | १७ | ५९५ | १६३ | १४१ | ३५२५ | ११४८ | ६०० | ७८०० |
| ३ धनुषा | १३२ | १८ | १८(१४) | ९१८ | १७९ | १७९ | ४४७५ | ७१६ | ० | ० |
| ४ महोत्तरी | १११ | १५ | १५ | ५२५ | १३८ | १३७ | ३४२५ | ६९० | २०० | २६०० |
| ५ सर्लाही | १२४ | २० | २०(८) | ९०० | २०० | १०० | २५०० | १००० | २५ | ३२५ |
| ६ रौतहट | ११३ | १८ | १८(५) | ९१८ | १५७ | १४० | ३५०० | ५८५ | १० | १३० |
| ७ वारा | १३५ | १६ | १६(९) | ८१६ | १६७ | ९० | ३१५० | ६६८ | ० | ० |
| ८ पर्सा | १३५ | १४ | १६(१२) | ८५४ | ११२ | ८० | २८०० | ५६० | ४० | ४४० |
| **जम्मा** | **१२९६** | **१३७** | **५०** | **६१५६** | **१२८०** | **१०४८** | **२७४७५** | **६५१५** | **८८५** | **११५१५** |

**३. वागमती प्रदेश**

| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | जि क सदस्य संख्या | कुल संख्या | पालिका कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | वडा कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | टोल कमिटी | कमिटीमा आबद्ध संख्या |
| १ सिन्धुली | १२५ | ९ | ९ | ४५९ | ७९ | ७६ | २३५६ | ४०७ | २८४ | ४२६० |
| २ रामेछाप | १०८ | ८ | ८ | ४०८ | ६४ | ६४ | १९८४ | ४९५ | ४९५ | ७४२५ |
| ३ दोलखा | १०३ | ९ | ९ | ४५९ | ७४ | ७४ | २२९४ | ६०० | २५० | ३७५० |
| ४ रसुवा | ९९ | ५ | ५ | २५५ | २७ | २७ | ६७५ | ८३७ | १३ | १९५ |
| ५ नुवाकोट | १२१ | १२ | १२ | ६१२ | ८८ | ८७ | २६९७ | ३२५ | २२० | ३३०० |
| ६ सिन्धुपाल्चोक | १२२ | १२ | १२ | ६६३ | १०३ | ९६ | २९७६ | ९३७ | ४३५ | ६५२५ |
| ७ काभ्रे | ११६ | १३ | १३ | ६६३ | १३५ | ११७ | ३६२७ | ६७६ | ३०० | ४५०० |
| ८ ललितपुर | १३६ | ६ | ६ | ३०६ | ७१ | ७१ | २२०१ | ४६३ | २०६ | ३०९० |
| ९ भक्तपुर | १०७ | ४ | ४ | २०४ | ३८ | ३८ | ११७८ | ११७८ | २११ | ३१६५ |
| १० काठमाण्डौं | २७१ | ११ | ११ | ५६१ | १३८ | १३७ | ४२४७ | १३२६ | ६८० | १०२०० |
| ११ मकवानपुर | १२७ | १० | १० | ५१० | १०२ | १०२ | ३१६२ | ७०० | २५० | ३७५० |
| १२ चितवन | १४३ | ७ | ७ | ३५७ | ९८ | ९८ | ३०३८ | ३०३८ | १००३ | १५०४५ |
| १३ धादिङ | १२४ | १३ | १३ | ६६३ | १०४ | १०४ | ३२२४ | ३२२४ | २१७ | ३२५५ |
| **जम्मा** | **१७०२** | **११९** | **११९** | **५४५७** | **११२१** | **१०९८** | **३३६५९** | **१४२०६** | **४५६४** | **६८४५०** |

| ३. गण्डकी प्रदेश | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
| नाम | जि क सदस्य संख्या | कुल संख्या | पालिका कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | वडा कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | टोल कमिटी | कमिटीमा आबद्ध संख्या |
| १ मुस्ताङ | २७ | ५ | ५ | १५५ | २५ | २३ | ५७५ | १४४ | ० | ० |
| २ मनाङ | ४१ | ४ | ४ | १२४ | २८ | १२ | ३०० | २५२ | ० | ० |
| ३ म्याग्दी | ९९ | ६ | ६ | ३०६ | ४५ | ४० | १२४० | २५३ | ३३ | ४९५ |
| ४ लमजुङ | ९७ | ८ | ८ | ४०८ | ७५ | ६७ | २०७७ | ४५६ | २७० | ४०५० |
| ५ बाग्लुङ | ९८ | ११ | ११ | ५६१ | ८५ | ७८ | २४१८ | ६६६ | १६५ | २४७५ |
| ६ गोरखा | १०१ | ११ | १० | ५१० | ९४ | ६७ | २०७७ | ६८५ | १३७ | २०५५ |
| ७ पर्वत | ९९ | ७ | ७ | ३५७ | ६१ | २ | ६२ | ४६८ | २१६ | ३२४० |
| ८ तनहू | ११७ | १० | १० | ५१० | ८५ | ८४ | २६०४ | ७३५ | २३० | ३४५० |
| ९ कास्की | १४० | ५ | ५ | २५५ | ७२ | ६९ | २१३९ | ५५२ | २२० | ३३०० |
| १० स्याङ्जा | १०५ | ११ | ११ | ८२५ | ९७ | ९७ | २६५९ | ९९५ | १०३ | १५४५ |
| ११ नवलपुर | १३२ | ८ | ८ | ४०८ | ९२ | ९१ | २८२१ | ५८८ | ३४८ | ५२२० |
| **जम्मा** | **१०५६** | **८६** | **८५** | **४४१९** | **७५९** | **६३०** | **१८९७२** | **५५६०** | **१६८१** | **२५२१५** |

| ५. लुम्वीनी प्रदेश | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
| नाम | जि क सदस्य संख्या | कुल संख्या | पालिका कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | वडा कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | टोल कमिटी | कमिटीमा आबद्ध संख्या |
| १ नवलपरासी पश्चिम | ११६ | ७ | ६ | ३०६ | ७४ | ६३ | १९५३ | ८८८ | ३४२ | ५१३० |
| २ रूपन्देही | १९५ | १६ | १६ | ८१६ | १५५ | १५५ | ४८०५ | १३९९ | १२६४ | १८९६० |
| ३ कपिलवस्तु | १३६ | १० | १० | ५१० | ९६ | ८६ | २६६६ | ९६५ | २६२ | ३९३० |
| ४ बाँके | १२१ | ८ | ८ | ४०८ | ८१ | ८१ | २५११ | ५६७ | ४६४ | ४१७६ |
| ५ बर्दिया | ११६ | ८ | ८ | ४०८ | ७५ | ७४ | २२९४ | ४४३ | ३१८ | ४७७० |
| ६ दाङ | १४४ | १० | १० | ५१० | १०० | १०० | ३१०० | १९९५ | ९१९ | १३७८५ |
| ७ अर्घाखाँची | १०७ | ६ | ६ | ३०६ | ६१ | ६१ | १८९१ | ३८८ | ३५४ | ५३१० |
| ८ रुकुम पूर्व | ९१ | ३ | ३ | १५३ | ३१ | २७ | ८३७ | १४३ | ७३ | १०९५ |
| ९ रोल्पा | ८७ | १० | १० | ५१० | ७२ | ६० | १८६० | ४६८ | २६५ | ५४७५ |
| १० पाल्पा | ११८ | १० | १० | ५१० | ८१ | ८१ | २५११ | ८२६ | ४८३ | ७२४५ |
| ११ प्यूठान | १०१ | ९ | ९ | ४५९ | ६४ | ६४ | १९८४ | ३४८ | १८८ | २८२० |
| १२ गुल्मी | १२२ | १२ | १२ | ६१२ | ९३ | ९३ | २८८३ | ८३७ | ५२७ | ७९०५ |
| **जम्मा** | **१४५४** | **१०९** | **१०९** | **५५०८** | **९८३** | **९४५** | **२९२९५** | **९२६७** | **५४२२** | **८०६०१** |

| ६. कर्णाली प्रदेश | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | |
| **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ मुगु | ९० | ४ | ४ | १७३ | ४५ | ४५ | ८५१ | ४०५ | १३५ | १४८५ |
| २ दैलेख | १२८ | ११ | ११ | ५२१ | ९० | ९० | १६२२ | ८१० | ४७३ | ५६७६ |
| ३ डोल्पा | ८० | ८ | ५ | १८२ | ६५ | ४४ | ७१७ | ५८५ | ५४७ | ५५४७ |
| ४ हुम्ला | ९६ | ७ | ७ | ४५४ | ४४ | ४३ | १२१८ | ३८७ | ८० | ८८० |
| ५ जुम्ला | ९० | ८ | ८ | २९६ | ६० | ४१ | ६०५ | ५४० | ६३ | १८०० |
| ६ जाजरकोट | १०५ | ७ | ७ | ४४६ | ७७ | ७७ | १३४४ | ६९३ | ४७ | ७५० |
| ७ कालिकोट | १०७ | ९ | ९ | ५७५ | ८२ | ८२ | १८४८ | ७३८ | १९२ | २११२ |
| ८ सल्यान | ९८ | १० | १० | ४२७ | ८३ | ८२ | १२७७ | ७४७ | २०० | २६५० |
| ९ सुर्खेत | १०२ | ९ | ९ | ५७९ | ९९ | ९८ | १७१७ | ८९१ | २१८ | २८३४ |
| १० रुकुम पश्चिम | ७३ | ६ | ६ | १८३ | ७३ | ६६ | ९१० | ६५७ | ७२ | ८०० |
| **जम्मा** | **१११९** | **७१** | **६८** | **३८३६** | **७१८** | **६६८** | **१२१०९** | **६४५३** | **२०२७** | **२४५३४** |

| ७. सुदरपश्चिम प्रदेश | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | |
| **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ बझाङ | ६५ | १२ | १२ | ६१२ | ९४ | ७१ | २२०१ | ८४६ | ० | ० |
| २ बाजुरा | ८९ | ९ | ९ | ५१७ | ६९ | ६७ | २१३९ | ६२१ | १८८ | २५४१ |
| ३ अछाम | ११५ | १० | १० | ३९४ | ९१ | ८८ | १३२० | ८१९ | ४५२ | ३१६४ |
| ४ डोटी | ८५ | ९ | ९ | ४५९ | ६५ | ५८ | १७९८ | ५८५ | १५ | २२५ |
| ५ कैलाली | १७३ | १३ | १३ | ७३६ | १२६ | १२३ | २६४६ | ११३४ | ५११ | २५५५ |
| ६ दार्चुला | ९१ | ९ | ९ | ४५९ | ६१ | ५८ | १७९८ | ५४९ | ४०६ | ६०९० |
| ७ बैतडी | १०८ | १० | १० | ४३९ | ८४ | ८४ | १७६४ | ७५६ | ५११ | ४५९९ |
| ८ डडेलधुरा | ७० | ७ | ७ | १७१ | ५२ | ५१ | १५८१ | ४६८ | ११२ | १६८० |
| ९ कञ्चनपुर | १३२ | ९ | ९ | ४०१ | ९२ | ९२ | १८४८ | ८२८ | ३४५ | १०५० |
| **जम्मा** | **९२८** | **८८** | **८८** | **४१८८** | **७४४** | **६९२** | **१७०९५** | **५८५०** | **२५४०** | **२१९०४** |

| **८. उपत्यका बिशेष** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जिल्ला** | | **पालिकास्तरका कमिटी** | | | **वडास्तरका कमिटी** | | | **टोलस्तरका कमिटी** | | |
| **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **इलाका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ पेशागत विशेष | ५९ | १५ | १५ | ३८३ | ८८ | ५९ | ६६० | १७६ | ४४ | ९२० |
| २ युवा विद्यार्थी | ४८ | १५ | १५ | २५५ | ६२ | ६२ | ६८२ | १२४ | ० | ० |
| ३ मजदुर विशेष | ४६ | १३ | १० | १७० | ३२ | ३२ | ३५२ | ६४ | ४ | २८ |
| ४ उद्योग व्यवसाय विशेष | ५९ | १२ | १० | ५१० | २२ | २२ | २४२ | ४४ | ० | ० |
| **जम्मा** | **२१२** | **५५** | **५०** | **१३१८** | **२०४** | **१७५** | **१९३६** | **४०८** | **४८** | **९२२** |

| **९. सम्पर्क समन्वय कमिटी** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **जिल्लास्तरका कमिटी** | | **जिल्ला सम्पर्क मञ्चहरू** | | | **पालिका सम्पर्क मञ्चहरू** | | |
| **नाम** | **प्रदेश सम्पर्क कमिटी** | **कुल संख्या** | **कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ कोशी प्रदेश | ७० | १४ | १४ | ३९२ | १३५ | ११७ | ७०७ |
| २ मधेश प्रदेश | ३७ | ८ | ८ | १९२ | १३६ | ५० | ४५० |
| ३ वागमती प्रदेश | ६१ | १० | १० | ३२२ | ९८ | ७९ | ११३७ |
| ४ गण्डकी प्रदेश | ५१ | ११ | ११ | २७५ | ८५ | ७४ | ६६६ |
| ५ लुम्वीनी प्रदेश | ५३ | १२ | १२ | २७१ | १२२ | ११३ | ५७१ |
| ६ कर्णाली प्रदेश | ३१ | १० | १० | १८५ | ७९ | ६४ | ४४८ |
| ७ सुदुरपश्चिम प्रदेश | २० | ९ | ९ | १८९ | ८८ | ४० | ३६० |
| **जम्मा** | **३२३** | **७४** | **७४** | **१८२६** | **७४३** | **५३७** | **४३३९** |

| १०. प्रवासी नेपाली मञ्च अन्तराष्ट्रिय कमिटी | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| महादेश समन्वय कमिटी | | महादेश राष्ट्रिय कमिटी | | | राज्य/ क्षेत्रीय/ नगर कमिटी | | |
| नाम | कुल सदस्य संख्या | कमिटी संख्या | अधिवेशन भएको | कमिटीमा आवद्ध | कमिटीको संख्या | अधिवेशन भएका | कमिटीमा आवद्ध |
| १ युरोप | ११ | २० | १८ | ३०५ | १९ | १५ | २३६ |
| २ अमेरिका | ७ | २ | २ | ४७ | १६ | १६ | १४६ |
| ३ मध्यपूर्व | १० | ७ | ६ | १४४ | १३ | १३ | २३४ |
| ४ पुर्वि एशिया | १० | ६ | ५ | ९१ | १४ | १० | २०८ |
| ५ ओसिनिया | ६ | २ | १ | ५३ | ८ | ५ | १५५ |
| **जम्मा** | **४४** | **३६** | **३२** | **६४०** | **७०** | **५९** | **९७९** |

| ११. प्रवासी नेपाली संघ भारत | | | | |
|---|---|---|---|---|
| राष्ट्र र संयुक्त राज्य समिति | | | | |
| नाम | राज्य समिती | सल्लाहकार | पार्टी सदस्य संख्या | मञ्चको सदस्य संख्या |
| १ महाराष्ट्र | ८० | २१ | ३९१ | १३०० |
| २ पंजाज–हिमाचल–चण्डिगढ | ७५ | १५ | २७१ | ५५७ |
| ३ हरियाणा–राजस्तान | ३२ | १५ | २२० | १४०० |
| ४ दिल्लि | ६५ | ७ | २०२ | ६१० |
| ५ मध्य प्रदेश–छत्तिसगढ | ६७ | ४ | १९६ | ७४७ |
| ६ गुजरात | २१ | ५ | १५७ | ३०७ |
| ७ कर्नाटक केराला | २५ | ७ | १५३ | ५१५ |
| ८ पश्चिम वंगाल–झारखण्ड | १५ | ३ | ७६ | ३२० |
| ९ तामिलनाडु–पण्डेष्वरी | २३ | १ | ७१ | ३१५ |
| १० आन्द्र प्रदेश–तेलंगना | १५ | २ | १५ | ३०० |
| **जम्मा** | **४१८** | **८०** | **१७५३** | **६३७१** |

परिशिष्ट–४

# प्रतिष्ठान, विभाग र विशेष कामको क्षेत्र

## • नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान

नेकपा (एमाले) नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानले २०८० असार १ गते पहिलो बैठकबाटै वार्षिक कार्ययोजना तयार गरी कार्यलाई व्यवस्थित ढङ्गले अघि बढाएको छ। बैठकमार्फत 'समाज अध्ययन, बाह्य सम्बन्ध र राष्ट्रिय सुरक्षा', 'जबज र यसको विकास, सङ्घीयता र सुशासन, सामाजिक–आर्थिक रूपान्तरण', 'समाजवादको आधार निर्माण र समृद्ध नेपाल, सुखी नेपाली', 'इतिहास तथा जलवायु परिवर्तन र मानव सुरक्षा' जस्ता विषयमा निर्देशक समिति सदस्यहरूको संयोजकत्वमा विभिन्न डेस्कहरू गठन गरिएको छ। यी डेस्कहरूको उद्देश्य सम्बन्धित विषयमा अनुसन्धान, छलफल र नीतिगत सुझाव तयार पार्दै पार्टीको नीति निर्माण प्रक्रियालाई सुदृढ बनाउनु रहेको छ।

प्रतिष्ठानले समसामयिक र रणनीतिक विषयमा बौद्धिक बहसलाई प्रोत्साहन गर्न 'विश्वको अर्थ–राजनीति, शक्ति सन्तुलन र नेपालको समाजवाद मार्ग' विषयक छलफल कार्यक्रम आयोजना गरेको छ, जसमा 'के विश्व बहुध्रुवीय हुँदैछ ?' जस्ता महत्वपूर्ण प्रश्नहरूलाई समेत उठाइएको थियो। यससँगै जनसङ्ख्या विकास र सामरिक क्षमता, विश्व अर्थ–राजनीतिमा लुप्त सामरिक स्वार्थ र नेपाल तथा समाजवादको आधार निर्माणमा पर्ने सम्भावित प्रभावहरूबारे गहन विचार–विमर्श गरिएको छ। हालसम्म प्रतिष्ठानका औपचारिक तथा अनौपचारिक गरी दशवटा बैठक सम्पन्न भइसकेका छन्, जसमा विभिन्न विषयका विज्ञहरूको सक्रिय सहभागिता रही, विज्ञद्वारा तयार गरिएका कार्यपत्रहरूमा आधारित विस्तृत छलफल भएको छ।

यस्तै, 'संविधान कार्यान्वयनको दश वर्ष: अनुभव, चुनौती र अबको बाटो' शीर्षकमा विभिन्न राजनीतिक दलका प्रतिनिधि र बौद्धिक व्यक्तित्वहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। आन्तरिक छलफल र निष्कर्षका आधारमा कार्यपत्रहरू परिमार्जन गरी पार्टीसमक्ष प्रस्तुति दिने निर्णयअनुसार 'विश्वको अर्थ–राजनीति, शक्ति सन्तुलन र नेपालको समाजवाद मार्ग' विषयमा प्रस्तुति सम्पन्न भइसकेको छ। आगामी दिनमा

प्रतिष्ठानले 'पोलिसी डायलग' अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ। हाल प्रतिष्ठानमा अध्यक्ष, सात जना निर्देशक समिति सदस्य र कार्यकारी निर्देशक रहेका छन्, जसमा प्रत्येक निर्देशक समिति सदस्यले एक–एक डेस्कको संयोजन गरिरहेका छन्। विभिन्न डेस्कहरूमा आवश्यकता अनुसार सदस्य सङ्ख्या भिन्न भए पनि समग्रमा करिब ३० जना सदस्य सक्रिय रूपमा संलग्न रहेका छन्।

### १. अर्थ तथा योजना विभाग

वार्षिक कार्ययोजना अनुसार अर्थ र योजनाका क्षेत्रमा पार्टीले निर्वाह गर्नुपर्ने भूमिकासम्बन्धी स्पष्ट नीतिगत धारणा विभागले तयार पारेको छ। अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति र दिगो विकास लक्ष्य (SDGs)कार्यान्वयनको वर्तमान अवस्था तथा आवश्यक सुधारका प्रस्तावबारे निरन्तर छलफल भइरहेको छ। यसअन्तर्गत, पन्ध्रौं पञ्चवर्षीय योजनाको समीक्षा तथा सोह्रौं पञ्चवर्षीय योजना निर्माणका लागि आवश्यक प्रस्तावहरूबारे विज्ञहरूसँग गहन परामर्श गरी पार्टीलाई सिफारिश गरिएको छ। साथै, स्थानीय तहहरूमा योजना तर्जुमा गर्ने प्रक्रियालाई व्यवस्थित बनाउन आवश्यक पाठ्यक्रम निर्माणसम्बन्धी प्रारम्भिक छलफल पनि सम्पन्न गरिएको छ, जसले दीर्घकालीन विकास रणनीतिलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

पुस १० गतेदेखि विभागीय प्रमुख निलम्बनमा रहेकाले करिब छ महिनासम्म औपचारिक गतिविधिहरू सीमित भए पनि आवश्यकता अनुसार अनौपचारिक बैठकहरू सञ्चालन गरिएको छ। २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट निर्माणका सन्दर्भमा विभागभित्र गहन छलफल तथा अन्तरक्रिया गरी सरकारलाई दिने सुझावहरूको दस्तावेज तयार पारेर पार्टी महासचिवलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको छ। हाल विभागमा २२ जना सदस्यहरू सक्रिय रूपमा क्रियाशील रहँदै पार्टीको नीति निर्माण र कार्यान्वयन प्रक्रियामा योगदान पुर्‍याइरहेका छन्।

### २. उद्योग, वाणिज्य तथा आपूर्ति विभाग

यस विभागले वार्षिक कार्ययोजना पारित गर्दै उद्योग, वाणिज्य, आपूर्ति क्षेत्र लगायत अर्थतन्त्रका विविध विषयमा विशेषज्ञहरूसँग प्रभावकारी अन्तरक्रिया सम्पन्न गरेको छ। निजी क्षेत्रका उद्योगी, व्यापारी तथा मझौला र साना उद्योगीहरूले भोगिरहेका समस्याबारे गहिरो छलफल गरी समाधानका उपाय पहिचान गरिएको छ। यस क्रममा पूर्वअर्थमन्त्री र

अर्थ–विज्ञहरूसँगको प्रत्यक्ष सम्वादमार्फत आर्थिक सुधारका लागि सुझावहरू सङ्कलन गरी सरकारको ध्यानाकर्षण गराइएको छ, जसले नीतिगत सुधारका प्रयासमा ठोस आधार प्रदान गरेको छ ।

जाजरकोट र रुकुम जिल्लामा गएको भूकम्पबाट उत्पन्न मानवीय तथा भौतिक क्षतिको स्थलगत अवलोकन विभागका प्रतिनिधिहरूले सम्पन्न गरेका छन् । पीडित समुदायको तत्काल राहत आवश्यकतालाई सम्बोधन गर्न पार्टीका तर्फबाट एक करोड रूपैयाँ बराबरको राहत सामग्री उपलब्ध गराइएको छ । स्वाधीन अर्थतन्त्र निर्माणको लक्ष्यलाई ध्यानमा राख्दै विभागले भेला, बैठक तथा नियमित गतिविधिहरू निरन्तर सञ्चालन गर्दै आएको छ, जसले संगठनको आर्थिक दृष्टिकोणलाई स्पष्ट र परिणाममुखी बनाउन सहयोग पुऱ्याएको छ । हाल विभागमा २० जना सदस्यहरू रहेका छन् ।

**३. उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग**

वार्षिक कार्ययोजना अनुरूप विभागले उपभोक्ता अधिकार र सुशासनका क्षेत्रमा आफ्नो भूमिका व्यवस्थित रूपमा अघि बढाइरहेको छ । महङ्गी, अनियमितता, कालाबजारी र भ्रष्टाचारका कारण नेपाली जनता आक्रान्त भइरहेका बेला, विभागले उपभोक्ताको हितमा काम गर्दै सर्वसाधारणको अधिकारको पक्षमा सरकारको ध्यानाकर्षण गराउँदै आएको छ । विषयगत कार्यविधि र स्रोत पुस्तिकाको मस्यौदा तयार भइरहेको छ भने उपभोक्ता हित र सुशासनबारे सांसदहरूसँग नीतिगत छलफल निरन्तर जारी छ । साथै, बिषयगत विद्वान र विज्ञका लेखहरू, उपभोक्ता अधिकारको इतिहास र यस क्षेत्रमा भएका गतिविधिहरूलाई समेटेर 'उपभोक्ता सन्देश' नामक वार्षिक बुलेटिन प्रकाशनका लागि सामग्री सङ्कलनको कार्य अगाडि बढाइएको छ ।

विभागले विभिन्न वस्तु तथा सेवाका उपभोक्ताले भोगिरहेका समस्याको अध्ययन र समाधान खोजीलाई प्राथमिकतामा राखेको छ । यस क्रममा, सम्बन्धित संघ–संस्था र सरोकारवालासँग समन्वय गर्दै पार्टीको तर्फबाट लबिङको पहल गरिँदै आएको छ । आम उपभोक्ताले खेपिरहेका महङ्गी, कालोबजारी, कृत्रिम अभाव र बजार बेथितिबारे सरोकारवाला मन्त्री, संघ–संस्था, स्थानीय जनप्रतिनिधि र उपभोक्ता समूहबीच विभिन्न समयमा अन्तरसम्वाद कार्यक्रम आयोजना गरिएका छन्, जसबाट नीतिगत सुधार र

व्यवहारगत समाधानका लागि ठोस सुझावहरू सङ्कलन भएको छ। हाल विभागमा २१ जना सदस्यहरू रहेका छन्।

### ४. ऊर्जा, जलस्रोत तथा सिंचाइ विभाग

विभागले बार्षिक कार्ययोजना पारित गरी कार्ययोजना अनुरूप सातै प्रदेशमा भेलाहरू सम्पन्न भएका छन्। सहकारी क्षेत्रमा भएका समस्या समाधान गर्न पार्टीले विशेष चासो दिंदै आएको छ। सहकारी क्षेत्रका समस्या समाधान गर्न र पीडितहरूलाई न्याय दिने गरी प्रभावकारी कदम चाल्न सरकारलाई ध्यानाकर्षण गराएको छ। राष्ट्रिय सहकारी महासंघ र नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघसँग समेत निरन्तर समन्वय र परामर्श जारी राखिएको छ।

बार्षिक कार्ययोजना अनुसार विभागले गर्नुपर्ने कामको सन्दर्भमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाइएको छ। जलस्रोतको क्षेत्रमा पार्टीले खेल्नुपर्ने भूमिकाका विषयमा विभागले विज्ञहरूसँग छलफल र अन्तरक्रिया गर्दै आएको छ। नेपाल र भारत सरकारबीच हस्ताक्षर भएको दीर्घकालीन विद्युत व्यापार सम्झौताका विविध पक्षहरूका सम्बन्धमा पार्टीको तर्फबाट विभागले आफ्नो धारणा तयार पारेको थियो। त्यसमा विद्युतको अन्तरदेशीय आयात र निर्यातका बारेमा दुबै देशका विद्यमान कानून, प्रक्रिया र निर्देशिका लागू हुने भनिए पनि सम्झौताका बुँदाले भारतीय पक्ष बढी हावी हुने अवस्था देखिन्छ। यस विषयमा विभागले दीर्घकालीन असरका बारेमा नियमित छलफल र अन्तरक्रिया गरिरहेको छ। हाल विभागमा ३० जना सदस्य रहेका छन्।

### ५. कृषि तथा पशुपन्छी विकास विभाग

यस विभागबाट बार्षिक कार्ययोजना पारित गरी कृषि क्षेत्रका नीति निर्माणमा योगदान गर्नुका साथै यस क्षेत्रका समस्या समाधान गर्न पहल गरिएको छ । कृषि र भूमिको अन्तर सम्बन्ध, कृषिको व्यवसायीकरण, रैथाने वालीको संरक्षण, कृषिउपजको मूल्य निर्धारण र बजारीकरण, कृषिमा उद्यमशीलता र वित्त व्यवस्थापन, लगानी मैत्री वातावरण सिर्जना गर्ने एवं कृषि शिक्षा र अनुसन्धानका विषयमा पार्टीले लिनुपर्ने नीति सम्बन्धमा विज्ञहरूसँग अन्तक्र्रिया गरी सुझाव दिएको छ। कृषिक्षेत्रका समस्याहरू जस्तै दुग्ध किसानको समस्या, उखु किसानको भुक्तानी, रासायनिक मलको समस्या, किसानलाई कृषि प्रविधिमा पहुँच, कृषि सामग्री तथा कृषि उत्पादनको बजार, जलवायु परिवर्तनको कृषिमा प्रभाव सम्बन्धी

समस्याको समाधान गर्न पटक पटक सरकारको ध्यानाकर्षण गरिएको छ। कृषिको विकासका लागि विज्ञहरूको रोष्टर तयार पार्ने काम भएको छ। कृषिसम्बन्धी नीति निर्माण र कृषि क्षेत्रको व्यावसायीकरणका लागि पार्टीले निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा कृषि क्षेत्रका वैज्ञानिक तथा विज्ञहरूसँग अन्तरक्रिया तथा छलफल गरिएको छ। विभाग गठनको पहिलो वर्ष 'केपी ओलीसँग कृषि वैज्ञानिक' दोस्रो बर्ष 'समृद्धिको आधार : सम्मानित किसान र कृषिमा रूपान्तरण' र तेस्रो बर्ष 'रैथाने बीउ– रैथाने पशु संरक्षण र विकास : कृषिमा आत्मनिर्भर, आर्थिक समृद्धि र स्वाभिमानको आधार' बिषयक राष्ट्रिय बहस कार्यक्रम सम्पन्न गरी पार्टी र सरकारलाई सुझाव दिएको छ। समग्र कृषि तथा पशुपालन क्षेत्रमा नेपाल सरकारले अवलम्बन गर्नुपर्ने नीतिहरू समयानुकूल परिमार्जन गर्नुपर्ने बिषयमा छ ओटा बिषयगत विज्ञहरूको टोलीमार्फत विभागले समग्र कृषि नीतिहरूको सँगालो प्रकाशन गर्ने तयारी गरेको छ। हाल विभागमा १७ जना सदस्य रहेका छन्।

### ६. कानून विभाग

कानून विभागले आफ्नो बार्षिक कार्ययोजना अनुसार पार्टी विरुद्धमा परेका मुद्दाहरूको प्रतिरक्षा गर्दै पार्टीको तर्फबाट निरन्तर प्रतिनिधित्वको काम गर्दै आएको छ। विभागले संसदमा विचाराधीन विधेयक र प्रस्तावित संशोधनहरूबारे राय, परामर्श र आवश्यक दस्तावेज तयार गर्ने कार्य पनि नियमित रूपमा सञ्चालन गरिरहेको छ। आवश्यक परे कानूनी राय, निर्वाचनसम्बन्धी परामर्श र आवश्यक कागजात तयार गर्ने काम निरन्तर जारी रहँदै आएको छ।

विभागले न्यायपालिकाको न्याय सम्पादन र अभियोजन प्रतिरक्षासम्बन्धी विषयमा सरकारी वकिलबाट हुनुपर्ने कामको विश्लेषण गरी अदालतका फैसला र आदेशहरूको अध्ययन गरी पार्टीको तर्फबाट आवश्यक दृष्टिकोण तय गर्ने कार्य गर्दै आएको छ। अन्तर्राष्ट्रिय, बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय साझेदारी, परियोजना र सन्धि–सम्झौताको अध्ययन गरी पार्टीको नीति र दृष्टिकोण निर्माण गर्ने काम पनि विभागले जिम्मेवारीपूर्वक सम्पन्न गरिरहेको छ। विशेष उदाहरणका रूपमा, कोशी प्रदेशमा संसदीय कदमको विरुद्धमा दायर रिटदेखि फैसलासम्मको सम्पूर्ण प्रक्रिया कानून विभागको नेतृत्वमा प्रभावकारी रूपमा व्यवस्थापन गरिएको थियो।

नेपाल बार एसोसिएसनको निर्वाचनमा महासचिव लगायत प्रमुख पदहरू जिताउन विभागले मुख्य भूमिका खेलेको थियो। साथै, नेपाल बार एसोसिएसन तथा मातहतका बार इकाईहरूमा पार्टी सम्बद्ध कानुन व्यवसायीहरूको प्रतिनिधित्व सुनिश्चित गर्न पहलकदमी पनि गरिरहेको छ। विभागमा १६ जना सदस्य रहेका छन्।

### ७. पुस्तकालय तथा अभिलेख विभाग

अभिलेख विभागले आफ्नो बार्षिक कार्ययोजना अनुसार अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाउन दश चरणमा कार्यक्रम तयार गरेको छ। यसमध्ये हालसम्म चार चरणका कामहरू सफलतापूर्वक सम्पन्न भइसकेका छन्। विभागले गत वर्ष कार्यालयमा आएको बाढीका कारण पुस्तकालयमा ठूलो क्षति भएको विवरणसमेत सङ्कलन गरेको छ। त्यसमध्ये पुस्तकालयको लेजरमा दर्ता भएका ८,८७८ पुस्तकमध्ये ४,३४१ वटा पुस्तक नष्ट भएका छन् जसले विभागको अभिलेख व्यवस्थापनमा चुनौती थपेको छ।

पुस्तकालयलाई व्यवस्थित राख्न र पुराना दस्तावेज तथा ऐतिहासिक सामग्रीलाई सुरक्षित गर्न नयाँ प्रविधि र आधुनिक उपकरणको प्रयोगको आवश्यकता स्पष्ट देखिएको छ। विभागले यो कार्यलाई प्राथमिकताका आधारमा अघि बढाउँदै अभिलेख संरक्षण र पहुँच सुनिश्चित गर्ने उपायहरू अपनाउने योजना बनाइरहेको छ। यसले केवल ऐतिहासिक सामग्रीको संरक्षण नभई विभागको समग्र प्रशासनिक कार्यक्षमतामा समेत सुधार ल्याउने अपेक्षा गरिएको छ। विभागमा १२ जना सदस्य रहेका छन्।

### ८. खानेपानी तथा सरसफाई विभाग

बार्षिक कार्ययोजना अनुरूप विभागका कामलाई अगाडि बढाएको छ। विभागको कार्ययोजना कार्यान्वयनका सन्दर्भमा विज्ञहरूको रोष्टर तयार गरी तीन समूहमा विभाजन गरिएको छ। खानेपानी तथा सरसफाईका क्षेत्रमा पार्टी र उपभोक्ताबीच सम्बन्ध विस्तार गर्न र उपभोक्ताको हितमा काम गर्न यो विभागले नियमित गतिविधि गरिरहेको छ। यसैक्रममा मेलम्ची खानेपानी आयोजनाको स्थलगत अवलोकन गरेको छ। साथै खानेपानी र सरसफाईका विषयमा विभागले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। वार्षिक कार्ययोजना र वार्षिक बजेट निर्माणका लागि विभागभित्र वृहत छलफल, योजना निर्माण र तयारीका कार्यहरू सम्पन्न गरी पार्टीमा पेश गरिएको छ। विभागबाट तयार गरिएको विज्ञहरूको रोस्टरलाई अझ परिष्कृत गर्दै खानेपानी तथा सरसफाइ क्षेत्रमा

विशेष दक्षता र पार्टीप्रति योगदान पुऱ्याएका व्यक्तिहरूको अद्यावधिक नामावली तयार गरिएको छ। मेलम्ची खानेपानी परियोजनाबाट वर्षभर पानी आपूर्ति गर्न कठिनाइ भइरहेको अवस्थालाई दृष्टिगत गर्दै ललितपुरको सिस्नेरी–कुलेखानी–काठमाडौं खानेपानी परियोजनाको सम्भाव्यता अध्ययनका लागि चार सदस्यीय उपसमिति गठन भई स्थलगत अवलोकन, विज्ञहरूसँगको छलफल र अघिल्ला अध्ययन प्रतिवेदनहरूको समीक्षा गरी डिपिआरसहितको प्रारम्भिक प्रतिवेदन सङ्कलन गरिएको छ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको महाधिवेशनलाई सफल बनाउन अधिवेशनअघि /अधिवेशन अवधिभर पदाधिकारी तथा सदस्यहरूसँग निरन्तर परामर्श गरी विभागको वार्षिक कार्ययोजना कार्यान्वयनका लागि आवश्यक बजेट निर्माण, सदस्यहरूको कार्यविभाजन, नयाँ सदस्यको नामावली पार्टीमा पेश गर्ने तथा प्रदेश र पालिका तहसम्म विभाग गठनका लागि आवश्यक पत्राचार गर्ने काम गरेको छ। विभागले सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटका सम्बन्धमा आवश्यक नीतिगत सुझावहरू प्रस्तुत गरेको छ। विभागका कार्यक्रमहरूलाई व्यवस्थित र अनुसन्धानमुखी बनाउन विभिन्न सेमिनार र गोष्ठीमा सहभागिता जनाउने, जसअन्तर्गत देशभरको खानेपानीको अवस्था अध्ययन गरी आवश्यक सुझाव सङ्कलन गर्ने काम गरेको छ। यस विभागमा १३ जना सदस्य रहेका छन्।

### ९. निर्वाचन विभाग

निर्वाचन विभागले नियमित बैठकमार्फत कार्यहरू सञ्चालन गर्दै वार्षिक कार्ययोजना बनाएर प्रभावकारी कार्यान्वयन गरिरहेको छ। विभाग प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तह निर्वाचन २०७९, इलाम क्षेत्र नं. २ को प्रतिनिधि सभा उपनिर्वाचन, बझाङ प्रदेश सभा क्षेत्र नं. क को उपनिर्वाचन, स्थानीय तह उपनिर्वाचन २०८१ लगायतका निर्वाचन व्यवस्थापन तथा तयारीमा केन्द्रित रहेको थियो। यी सबै प्रक्रियामा विभागले रणनीतिक दृष्टिकोणबाट तयारी र समन्वयको काम गर्दै आएको छ। साथै, निर्वाचन आयोगका कार्यविधिहरू, विदेशस्थित नेपालीको मतदाता नामावली सङ्कलन, स्थानीय तहमार्फत नामावली अद्यावधिक र निर्वाचन/मतदाता शिक्षाका सन्दर्भमा पार्टीको तर्फबाट लिखित सुझाव पेश गरिएको छ। निर्वाचन व्यवस्थापन तथा सञ्चालन ऐन र प्रस्तावित प्रदेश निर्वाचन कानूनबारे पनि विभागले गहन छलफल गरी आवश्यक सुझावहरू दिएको छ।

विभागले दल दर्ता, उम्मेदवारको मापदण्ड र संघीय संरचनाका तीनै तहमा हुने निर्वाचनका कानुनी तथा व्यावहारिक पक्षहरूबारे सुझाव दिने कार्य गरेको छ। यसै सन्दर्भमा, अनुशिक्षणका लागि आवश्यक पाठ्यसामग्री तयार गरी स्कुल विभागलाई उपलब्ध गराइएको छ। निर्वाचन आचारसंहिता, विशेष सर्कुलरको मस्यौदा, शक्ति संरचनाको विश्लेषण तथा धाँधली नियन्त्रणका उपायसम्बन्धी निर्देशिका तयार गरी पार्टी सचिवालयलाई उपलब्ध गराउने गरेको छ। साथै, निर्वाचनमा पार्टीले अवलम्बन गर्नुपर्ने रणनीति र पार्टीपङ्तीले निर्वाह गर्नुपर्ने भूमिकाबारे स्पष्ट जानकारी प्रदान गरिएको छ।

निर्वाचन व्यवस्थापनमा समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्दै विभागले पार्टीभित्र निर्वाचन एकेडेमी स्थापना गर्नुपर्ने प्रस्ताव तयार गरी केन्द्रीय सचिवालयमा पेस गरेको छ। यसका साथै निर्वाचन आयोगले तयार गरेको दलहरूको स्वमूल्याङ्कन कार्यविधिमा राय–सुझाव पेश गरिएको छ। हाल विभाग २०८२ कार्तिक २७ गते रूपन्देही क्षेत्र नं. ३ मा हुन लागेको उपनिर्वाचनका लागि तयारीको अन्तिम चरणमा छ। निर्वाचन विभागमा ११ जना सदस्य रहेका छन्।

### १०. पर्यटन तथा नागरिक उड्डयन विभाग

यस विभागले आफ्नो वार्षिक कार्ययोजना अनुरूप पर्यटन क्षेत्रलाई चलायमान र प्रभावकारी रूपमा अघि बनाउनको लागि अन्तक्र्रिया कार्यक्रमको आयोजना गरेको छ । पर्यटन क्षेत्रले भोगिरहेका समस्याहरूको समाधान गर्न विज्ञहरूसँग छलफल गरी नीति तर्जुमा गर्ने चरणमा रहेको छ । साथै पर्यटन उद्योगको संरक्षण एवं विकासको लागि पार्टीको तर्फबाट विभागले सरोकार निकायसँग निरन्तर छलफल र सम्वाद समेत गरिरहेको छ ।

पर्यटन क्षेत्रका होटल, रिसोर्ट, उद्योग, रोजगारी, आयात, निर्यात, हिमाल आरोहण लगायत क्षेत्रका समस्या समाधान गर्नका लागि कार्यदलहरू गठन भएका छन् । ति कार्यदलहरूले दिने राय अनुसार पर्यटन क्षेत्रका समस्या समाधान गर्न ठोस कदम चालिने छ ।

होटल व्यवसायीहरूको लामो समयदेखिको विद्युतमा उद्योगले पाउनुपर्ने सुविधाका सम्बन्धमा नेपाल सरकारले सम्वोधन गरेको हुँदा नेकपा (एमाले) ले वास्तविकरूपमा व्यवसायीको आवाजलाई उठाएको भनी प्रशंसा समेत भएको छ। त्यसैगरी पर्यटन क्षेत्रका श्रमिकहरूको हक, हित र अधिकारका सम्बन्धमा समेत राज्यले व्यवस्थापन गरेको न्युनतम

सेवा सुविधालाई उपलब्ध गराउनलाई व्यवसायीहरूलाई अनुरोध गरिएको र राज्यले पर्यटन क्षेत्रमा श्रमिकहरूले पाइरहेको सेवा सुविधाको सम्बन्धमा कानुन बनाएर व्यवस्थापन गर्ने भन्ने विषयले समेत विभागको कार्यलाई थप जिम्मेवार बनाएको महसुस भएको देखिन्छ। यस विभागमा २२ जना सदस्य रहेका छन्।

## ११. परराष्ट्र मामिला विभाग

बार्षिक कार्ययोजना अनुरूप विभिन्न मुलुकहरूसँगको विदेश नीति अध्ययन र प्राप्त सूचनाको विश्लेषण गर्न १६ वटा डेक्स निर्माण गरिएको छ। अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा द्विपक्षीय राजनीतिक शक्ति सन्तुलनको अवस्था विश्लेषण गरी पार्टीको आधिकारिक धारणा बनाउने काम निरन्तर रूपमा भइरहेको छ। विभिन्न देशका राजनीतिक शक्ति सन्तुलनको विश्लेषण गर्न नियमित अन्तर्क्रिया र छलफलमार्फत प्राप्त सूचनालाई पार्टी नेतृत्व समक्ष सुझाव दिने काम गरिएको छ।

पार्टीको विदेश सम्बन्धलाई प्रभावकारी बनाउन विभागले नियमित गतिविधि सञ्चालन गरिरहेको छ। साथै नेपालको परराष्ट्र नीतिका बारेमा सुझाव सङ्कलन गरी विज्ञहरूसँग नियमित छलफल हुँदै आएको छ। पार्टीका जनसंगठनहरूले पनि परराष्ट्र सम्बन्ध कायम गर्ने हुँदा विदेश नीतिका विषयमा एकरूपता ल्याउन ती जनसंगठनका परराष्ट्र सम्बन्ध हेर्ने प्रमुखहरूसँग छलफल आयोजना गरिएको छ। पार्टीको वेबसाइटमा अपलोड हुने समाचारहरूको अङ्ग्रेजी अनुवाद गरी वेबसाइटमा राख्ने कार्य भइरहेको छ।

विभिन्न मुलुकका राष्ट्रिय दिवस, स्वतन्त्रता दिवस, संविधान दिवस, राष्ट्र प्रमुख तथा सरकार प्रमुख निर्वाचित हुँदा पार्टीका तर्फबाट बधाई तथा शुभकामना सन्देश पठाउने कार्य निरन्तर भइरहेको छ। साथै विभिन्न मुलुकबाट नेपाल भ्रमणमा आउनुहुने विशिष्ट पाहुनाहरूले पार्टी अध्यक्ष तथा उच्च नेतृत्वसँग गर्ने शिष्टाचार भेटमा विभागका तर्फबाट समन्वय गर्ने र ती भेटका सम्बन्धमा नोट तयार गर्ने कार्य पनि गर्रिंदै आएको छ। हाल विभागमा २५ जना सदस्य रहेका छन्।

## १२. प्रचार तथा प्रकाशन विभाग

केन्द्रीय प्रचार तथा प्रकाशन विभागले बार्षिक प्रचार कार्ययोजना बनाई त्यसको कार्यतालिका समेत निर्धारण गरी कार्यान्वयन गरिरहेको छ । सो अनुसार, सबै प्रदेश तहमा

प्रचार योजना तर्जुमा विस्तारित बैठक तथा प्रचार कार्यशालाहरू सम्पन्न भएका छन् । जनसंगठनका प्रचार विभागसँग प्रचार कामका सम्बन्धमा बैठक सम्पन्न भएको छ । बार्षिक कार्ययोजना कार्यान्वयनका लागि विभाग सदस्यहरूलाई कार्यविभाजन गरिएको छ । नेपालको सञ्चार क्षेत्रलाई व्यवस्थित रूपमा विकास गर्न पार्टीले अङ्गिकार गर्ने सञ्चार नीतिको मस्यौदा तयार गरी पार्टीलाई बुझाइएको छ । यसबाट भविष्यमा सञ्चार क्षेत्रको विकास तथा सम्बर्द्धनमा पार्टीको नीति र धारणा बनाउन योगदान पुग्ने छ ।

पार्टीले पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा आयोजना गरेको समृद्धिका लागि सङ्कल्प यात्रामा पार्टीको प्रचार विभागले प्रेस चौतारी नेपालको सहयोग र सहकार्यमा यात्रा अवधिभर स्थलगत समाचार सङ्कलन तथा सम्प्रेषण प्रभावकारी ढङ्गले गरेको छ । समृद्धिका लागि सङ्कल्प यात्राको प्रभाव, मध्यपहाडको विकास, रोजगारी, उत्पादन लगायतका सम्भावना र स्थानीयका समस्याहरूका बारेमा नेताहरूका अनुभव र विज्ञका सुझावहरू समेत समेटेर विशेष अङ्कका रूपमा नवयुग प्रकाशन भएको छ । यसैगरी सङ्कल्प यात्राका तस्वीरहरू समावेश गरी तस्वीर–पुस्तक प्रकाशित भएको छ । सूर्य खबर डिजिटल पत्रिका (भिडिओ समाचार)लाई नियमित गरिएको छ । पार्टीको वेबसाइट cpnuml.org दैनिक अपडेट गर्ने काम भइरहेको छ ।

गतबर्ष (२०८१)मा सञ्चार क्षेत्रको प्रतिष्ठित र पत्रकारहरूको साझा राष्ट्रिय संस्था नेपाल पत्रकार महासंघको निर्वाचन सम्पन्न भएको छ। उक्त संस्थामा अध्यक्ष, उपाध्यक्षसहित केन्द्रीय समितिमा सम्मानजनक उपस्थिति हुनेगरी विजयी बनाउने काममा विभागको महत्वपूर्ण भूमिका रहेको छ।

सकारात्मक सन्देश जनतामा पुऱ्याउने महत्वपूर्ण भूमिकामा रहेका आम सञ्चारमाध्यमहरूको अहिले पनि प्रभावकारी भूमिका रहेको छ । ती माध्यमहरूलाई पार्टीका सकारात्मक सन्देश प्रवाह गर्न अझ बढी समन्वयको जरूरी रहेको छ । सामाजिक सञ्जाल यतिबेला सूचना प्रवाहको बलियो माध्यम बनेको छ । यसको सही सदुपयोग गरी विकास र समृद्धिका पक्षमा गरिएका कामहरूलाई आम नागरिकसम्म पुऱ्याउन पार्टीले विशेष ध्यान दिँदै आएको छ । न्यू मिडियाका रूपमा रहेका माध्यमलाई प्रभावकारीरूपमा उपयोग गर्नु अहिलेको आवश्यकता हो । यसर्थ पार्टी आवश्यकता अनुसार सामाजिक सञ्जालको प्रभावकारी उपयोग गर्न थप ध्यान दिनुपर्ने जरूरी छ । हाल विभागमा १७ जना सदस्य रहेका छन्।

## १३. पार्टी स्कुल विभाग

केन्द्रीय पार्टी स्कुल विभागले यस अवधिमा पार्टीभित्र प्रशिक्षण, अनुशिक्षण र सहजीकरणका महत्वपूर्ण गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गरेको छ। पार्टीको दशौं महाधिवेशनपश्चात विभाग गठन भई व्यवस्थित रूपमा स्कुल सञ्चालनमा ल्याइएको हो। २०८० जेठ ११ र १२ गते स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूलाई लक्षित दुई दिने अनुशिक्षण कार्यक्रम आयोजना गरिएको थियो, जसमा एक वर्षको अनुभव, उपलब्धि र चुनौतीहरूबारे स्थानीय जनप्रतिनिधिहरूको प्रस्तुति तथा कार्यक्रम छनोट, वित्त व्यवस्थापन, सुशासन सुदृढीकरण र क्षमता अभिवृद्धि विषयमा विज्ञद्वारा प्रशिक्षण दिइयो। सो कार्यक्रममा पार्टीका तर्फबाट निर्वाचित ४४६ मध्ये २७६ जनप्रतिनिधिको सहभागिता रहेको थियो। त्यस्तै, २०८० मा जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखहरूलाई लक्षित एक दिने अनुशिक्षण कार्यक्रम सम्पन्न गरियो, जसमा करिब ३६ जना निर्वाचित जनप्रतिनिधि सहभागी थिए। यी दुवै कार्यक्रमको सफलतामा स्थानीय विकास विभाग सहआयोजकको रूपमा सक्रिय रहेको थियो।

प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरू कर्णाली प्रदेशको सुर्खेत, मधेश प्रदेशको बारा, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशको देउखुरी (दाङ), र सुदूरपश्चिम प्रदेशको धनगढी, कैलालीमा सम्पन्न भए, जसबाट ४०८ जना प्रशिक्षक तयार भए। यसैगरी, जनसङ्गठनहरूका लागि आयोजित प्रशिक्षक प्रशिक्षणबाट हालसम्म ५७७ जना प्रशिक्षक उत्पादन भएका छन्। विभागले तयार पारेको पाठ्यक्रम केन्द्रीय कमिटीबाट पारित भई प्रकाशित भइसकेको छ, साथै आधारभूत तहको पाठ्यपुस्तक, प्रशिक्षक म्यानुअल र माध्यमिक तहका लागि प्रशिक्षणका विस्तृत बुँदाहरू प्रकाशनको अन्तिम तयारीमा छन्।

केन्द्रीय पार्टी स्कुल विभागले विशेष प्रदेश कमिटी, विभिन्न जिल्ला, सम्पर्क कमिटी र जनसङ्गठनहरूले सञ्चालन गर्ने प्रशिक्षणका लागि प्रशिक्षक उपलब्ध गराउने, कोर्स तयार गर्ने र कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने कार्य निरन्तर गरिरहेको छ। पार्टीका विभिन्न तहका प्रशिक्षणका लागि पाठ्यक्रमलाई पूर्णता दिइएको छ, साथै पठन संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले २०८२ साउनदेखि पुस्तक चर्चा कार्यक्रम सुरु गरिएको छ। हाल विभागमा २० जना सदस्य रहेका छन्।

## १४. भूमि व्यवस्था विभाग

नेकपा (एमाले) केन्द्रीय भूमि व्यवस्था विभागले यस अवधिमा पाँच वटा बैठक सम्पन्न गर्दै समसामयिक विषयमा गहन छलफल र आवश्यक निर्णयहरू गरी कार्यान्वयनमा अघि बढाएको छ। विभागले भूमिसम्बन्धी विज्ञहरूको रोष्टर अद्यावधिक गर्दै, नेपालको भूमि व्यवस्थासम्बन्धी पार्टीका दस्तावेजहरूको अध्ययन गरी त्यसमा उल्लेखित मुख्य बुँदाहरू समेटेर पार्टीका निर्णयहरूको टिपोट पुस्तिका तयार गरी केन्द्रीय कार्यालयमा बुझाएको छ, जसलाई विभागभित्र अध्ययनको विषय बनाइएको छ। पार्टी केन्द्रीय कार्यालय समक्ष २०८१ पुस १५ गते १० बुँदे सुझाव प्रस्तुत गर्नुका साथै २०८२ वैशाख २१ गते नेपाल सरकारको आ.ब. २०८२/८३ नीति तथा कार्यक्रममा समावेश हुनुपर्ने बिषय, नयाँ कानुनको तर्जुमा र संरचनागत रूपान्तरणका सम्बन्धमा थप सुझावहरू पेश गरिएको छ। साथै, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई कार्य सम्पादनका सम्बन्धमा, भूमि समस्या समाधान आयोगको गठन प्रक्रिया र नीतिगत सुधारका विषयमा आवश्यक सुझावहरू उपलब्ध गराइएको छ।

यससँगै, नेपालको अन्तर्राष्ट्रिय सिमाना र सीमा सुरक्षा, गुठीको इतिहास र कानुन, सुकुम्बासी तथा भूमिहीनको भूस्वामित्व, आवास र रोजगारीका लागि आवश्यक नीति र संरचनागत व्यवस्थासहितको अवधारणा तथा भूमि व्यवस्था रूपान्तरणको मार्गचित्रसम्बन्धी अवधारणा पत्र तयार गर्ने कार्य पनि प्रगतिमा रहेको छ। हाल विभागमा ११ जना सदस्य रहेका छन्।

## १५. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग

यस विभागले वार्षिक कार्ययोजना अनुरूप मुलुकको समग्र निर्माणको क्षेत्रमा नीति तर्जुमा गर्न विज्ञहरूसँग छलफल र अन्तर्क्रिया गरेको छ । सडक, रेल र जल यातायात, निर्माण व्यवसाय, इन्जिनियरिङ र यातायात व्यवस्थाका क्षेत्रमा काम गर्न विभागले पार्टी नीतिको मस्यौदा गरेको छ । भौतिक पूर्वाधारका क्षेत्रमा पार्टीको स्पष्ट दृष्टिकोण बनाउन नीतिगत मस्यौदालाई विज्ञहरूसँगको छलफलपछि अन्तिम रूप दिइने छ । त्यसका लागि विज्ञ समूहको गठन गरिएको छ भने विज्ञहरूसँग नियमित रूपमा छलफल, अन्तर्क्रिया भइरहेका छन् । हाल विभागमा २९ जना सदस्य रहेका छन्।

### १६. युवा तथा खेलकूद विभाग

युवा तथा खेलकुद विभागले बार्षिक कार्ययोजना तयार गरी खेलकूद क्षेत्रलाई व्यावहारिक रूपमा अगाडि बढाउन सुव्यवस्थित र युवाहरूका समस्या पहिचान तथा समाधानका उपायसहित परिचालन गर्न छलफल तथा अन्तर्क्रिया गर्दै आएको छ । खेलकुदप्रति युवा खेलाडीलाई आकर्षित गर्न, उनीहरूमा खेल क्षमता बृद्धि गर्न तथा खेलाडीलाई आत्मनिर्भर बनाएर अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन आवश्यक नीति निर्माणमा विभाग जुटिरहेको छ । यसका लागि विभागले छ सदस्यीय उपसमिति गठन गरेर काम गरिरहेको छ ।

त्यस्तै खेल पूर्वाधारको क्षेत्रमा नयाँ खेल संरचनाको निर्माण, चालु खेल संरचनाहरूको स्तरउन्नति तथा पुनर्निर्माण लगायतका कामहरू प्रभावकारी ढङ्गले अघि बढाउन सम्बन्धित निकायलाई सुझाव दिंदै आएको छ । राष्ट्रिय युवा नीति, त्यसमा गर्नुपर्ने नीतिगत सुधार , युवाहरूको समस्याको पहिचान र समाधानका उपायहरूको बारेमा वृहत छलफल गरी उपायहरू सुझाउन एक उप समिति गठन गरी काम भैरहेको छ। विभागका नियमित कामहरू चलिरहेका छन्। त्यस्तै खेल पूर्वाधार तथा संरचनाको निर्माण, भएका संरचनाको स्तरउन्नति तथा पुनर्निर्माण लगायतका कामहरू प्रभावकारी ढङ्गले अघि बढाउने सम्बन्धमा सम्बन्धित निकायलाई सुझाव दिइँदै आएको छ । यस विभागमा २२ जना सदस्य रहेका छन्।

### १७. राष्ट्रिय हित तथा सुरक्षा विभाग

बार्षिक कार्ययोजना निर्माण गरी यस विभागका नियमित कामलाई अगाडि बढाइएको छ । राष्ट्रको हित हुने गरी राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डताको रक्षा तथा सामजिक सद्भाव र मानवीय सुरक्षा सुनिश्चित हुने गरी राष्ट्रिय सुरक्षा नीतिको विकास गर्न आवश्यक छ । त्यसका लागि विभागले सुरक्षा नीति र समसामयिक विषयमा छलफल गर्दै आएको छ । पार्टीका विभिन्न बैठक तथा कार्यक्रमहरूमा सुरक्षासँग सम्बन्धित कामको जिम्मेवारी निरन्तर निर्वाह हुँदै आएको छ । विभागमा १० जना सदस्य रहेका छन्।

### १८. वन तथा वातावरण विभाग

यस विभागले बार्षिक कार्ययोजना निर्माण गरी नियमित रूपमा वन, वातावरण तथा जलवायु परिवर्तनको क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। आवश्यकता अनुसार अरु

विभागसँग पनि सहकार्य गर्दै विभिन्न तहका पार्टी नेतृत्वलाई पनि त्यस्ता कार्यक्रममा सहभागी गराउँदै आएको छ। २०७९ सालमा भएको स्थानीय तह, प्रदेश र संघीय चुनावमा पार्टीले तयार पारेको घोषणा पत्रमा वन, वातावरण तथा जलवायु परिवर्तनको क्षेत्रमा पार्टीले लिनुपर्ने नीति तथा कार्यक्रमको सम्बन्धमा विज्ञसँग छलफल गरी केन्द्रीय सचिवालयलाई सुझाव प्रस्तुत गरेको थियो। त्यस्तै नेकपा (एमाले)को नेतृत्वमा गठन भएको वर्तमान सरकारले वन, वातावरण तथा जलवायु परिवर्तनको क्षेत्रमा तत्काल र दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यक्रमको बारेमा विस्तृत प्रतिवेदन पार्टी केन्द्रीय सचिवालयलाई पेश गरेको थियो। जलवायु परिवर्तन र जलवायु न्याय सम्बन्धी हुने विश्व जलवायु सम्मेलन (कोप–२६ देखि २९ सम्मका सबै)मा जलवायु परिवर्तन, जलवायु न्याय र नेपालको सर्वोपरि हित हुने गरी नेपालले उठाउनुपर्ने मुद्दा तथा नेपालले लिनुपर्ने अडानका सन्दर्भमा पार्टीको परराष्ट्र मामिला विभागसँगको सहकार्यमा समेत विज्ञहरूसँग छलफल गरी पार्टी मार्फत नेपाल सरकारलाई सुझाव पेश गर्दै आइरहेको छ। विभागले त्यस्ता विश्व जलवायु सम्मेलनबाट भएका निर्णय र तिनको कार्यान्वयनका लागि नीतिगत बहस, अन्तर सम्वाद र पैरबी सम्बन्धी कार्यक्रमहरू गर्दै आएको छ।

वन तथा वातावरण क्षेत्रका विज्ञहरू बीच पार्टीको प्रचार प्रसार गर्ने तथा यो क्षेत्रका पार्टी कार्यकर्ता पार्टी काममा नियमित संलग्न गराई राख्ने उद्देश्यले समेत जननेता मदन भण्डारी, पुष्पलाल श्रेष्ठ र तुलसीलाल अमात्यको जन्मजयन्ती तथा राष्ट्रिय सामुदायिक वन दिवसको अवसरमा पार्टी अध्यक्षसहितका नेताहरूको उपस्थितिमा हरेक बर्ष वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ । त्यस्तै विभागले वनमा आधारित उद्यम प्रबर्द्धन गर्ने उद्देश्यले २०८० साउन २५ मा प्रदर्शनी समेत आयोजना गरेको थियो।

जलवायु परिवर्तनबाट नेपालले हिमालमा हिउँ पग्लिने समस्याको जोखिम भोग्दै आएको छ । त्यसको बारेमा पार्टीको धारणा बनाउने काम विभागले छलफल र बहस चलाउने गरेको छ । यस विभागमा १२ जना सदस्य रहेका छन्।

### १९. वित्त तथा कोष व्यवस्थापन विभाग

बार्षिक कार्ययोजना अनुसार चालु आर्थिक वर्षको अनुमानित बजेट आय–व्यय योजना तयार गरी विभागले पार्टीको आर्थिक व्यवस्थापनलाई व्यवस्थित बनाएको छ। विगत लामो समयदेखि कमिटी र व्यक्तिका नाममा रहेका सन्दर्भविहीन बेरुजुलाई राइट–अप गरी

मिलान गर्न सिफारिस गरिएको छ। हरेक दिन बेलुका ५ बजेपछि आम्दानी र खर्चको विवरण सम्बन्धित जिम्मेवार व्यक्तिलाई इमेलमार्फत उपलब्ध गराउने प्रणाली लागू गरिएको छ। साथै, भुक्तानी गर्न बाँकी रहेका स्थानमा ताकेता गर्ने कार्य गरिएको छ। सदस्य शुल्क वापत प्राप्त रकमको ३५ प्रतिशत केन्द्र, २० प्रतिशत प्रदेश, २० प्रतिशत जिल्ला, १५ प्रतिशत पालिका र १० प्रतिशत वडा तहमा वितरण गर्ने व्यवस्था गरिएको छ। यस प्रकार सदस्यता शुल्क अनिवार्यरूपले तोकिएअनुसार प्रभावकारी कार्यान्वयन भएको छ। पार्टीमा बुझाउनुपर्ने लेवी विगत केही समयदेखि बाँकी रहेकाहरूको नामावली तयार गरी तिर्न ताकेता गरिएको छ। पार्टी केन्द्रबाट हुने खर्चहरूमा मितव्ययिता अपनाइएको छ।

तुल्सीलाल स्मृति प्रतिष्ठानको भवन निर्माण र मर्मतसम्बन्धी सम्पूर्ण भुक्तानी सम्पन्न गरिएको छ। पार्टीको 'लकेट' बिक्रीबाट प्रतिगोटा एकसय रूपैयाँ आम्दानी सुनिश्चित गरिएको छ भने जाजरकोट र रुकुमका भूकम्प प्रभावित क्षेत्रमा राहतका लागि विभिन्न कमिटीबाट सङ्कलित रकम अभिलेखीकरण गरिएको छ। यसैगरी, स्वयंसेवक परिचालनमा खर्च भएको रकम र बाँकी मौज्दात रकम बैंक खातामा सुरक्षित राखिएको छ। जसले स्रोत व्यवस्थापनमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरेको छ।

केन्द्रीय लेखा सफ्टवेयरलाई व्यवस्थित गर्दै प्रदेश, जिल्ला र पालिकास्तरमा प्रयोग गर्न सकिने सफ्टवेयर निर्माण भई सुरु गरिएको छ। हरेक आर्थिक वर्षको आय–व्यय विवरण तयार गरी लेखा परीक्षण सम्पन्न गराई निर्वाचन आयोगमा पेश गर्ने कार्य निरन्तर जारी छ। साथै, परीक्षण प्रतिवेदन पार्टीको वेबसाइटमार्फत सार्वजनिक गरिएको छ। विभागले पार्टीको चल–अचल सम्पत्तिको खोजबिन, सुरक्षा र संरक्षणमा प्राथमिकता दिएको छ। लेखा प्रणाली दुरुस्त गर्न सतर्कता अपनाएको छ र लेखा आयोगको सुझाव कार्यान्वयनमा सक्रिय रहँदै आएको छ। सम्पूर्ण सदस्यहरूबीच जिम्मेवारी बाँडफाँट गरी कार्य सम्पन्न गर्ने अभ्यास गरिँदै आएको छ। हाल विभागमा प्रमुख सहित ६ जना सदस्य छन्।

### २०. विपद् व्यवस्थापन तथा स्वयंसेवा विभाग

विपद् व्यवस्थापन विभागले आफ्नो वार्षिक कार्ययोजना अनुरूप विपद् व्यवस्थापन र स्वयंसेवा क्षेत्रमा प्रभावकारी काम गर्दै आएको छ। विशेषगरी रुकुम र जाजरकोटमा भूकम्पबाट क्षति भोगेका सर्वसाधारणको राहतका लागि १,१२५ जना पार्टी कार्यकर्ताले सक्रिय रूपमा उद्धार र राहत वितरणमा योगदान दिएका छन्। भूकम्पले क्षति पुऱ्याएका

संरचनाको भग्नावशेष हटाउने, अस्थायी आवास र राहतका लागि टहरा निर्माण गर्ने कार्यहरू विभागद्वारा व्यवस्थित रूपमा सञ्चालन भएका थिए। यसअनुरूप ५०३ वटा भग्नावशेषको व्यवस्थापन, ९२३ व्यक्तिगत अस्थायी आवास निर्माण र १६ विद्यालयमा अस्थायी टहरा निर्माण गरिएको थियो। साथै, विभागले पार्टीका विभिन्न कार्यक्रमहरूमा स्वयंसेवकको भूमिका निर्वाह गर्दै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाएको छ।

२०८१ असोज महिनामा आएको आकस्मिक बाढीका कारण सिर्जित क्षतिलाई समयमै उद्धार र राहत उपलब्ध गराउन पार्टी कार्यकर्ता तथा मातहत कमिटीहरू परिचालित थिए। विभागले आगामी प्रकोपको पूर्वतयारीका लागि प्राकृतिक प्रकोप अघि नेपाल सरकारलाई आवश्यक सुझाव र ध्यानाकर्षण गराउने भूमिका पनि निर्वाह गरेको छ। यसै क्रममा, पार्टीको तर्फबाट प्रधानमन्त्रीको प्रकोप उद्धार कोषमा राहतार्थ रु ५० लाख हस्तान्तरण गरिएको छ। जसले विपद् व्यवस्थापनमा पार्टीको प्रतिबद्धता र दिगो स्वयंसेवा संस्कृति प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। हाल विभागमा २३ जना सदस्य छन्।

### २१. विज्ञान तथा प्रविधि विभाग

यस विभागले बार्षिक कार्ययोजना पारित गरी विज्ञान र प्रविधिको क्षेत्रमा प्रभावकारी भूमिका खेल्न पार्टी नेतृत्वसमक्ष नीतिगत सुझाव दिने काम गरेको छ । प्रविधि प्रयोगको क्षेत्रमा देखिएका समस्या र चुनौतीको अध्ययन गरी सुझाव पेश गर्नुका साथै प्रविधिको विकासको माध्यमबाट उत्पादकत्वको वृद्धि, श्रमको सहजता र सीपमा आधुनिकीकरण गर्ने कार्यमा नीति निर्माण गर्न विभाग लागिपरेको छ । त्यसका लागि विज्ञहरूसँग नियमित छलफल हुँदै आएको छ । विभागले समय समयमा विज्ञान तथा प्रविधिका क्षेत्रमा भइरहेका नयाँ प्रयोग लगायतका विषयमा छलफल, अन्तर्क्रिया गर्दै आएको छ । यस विभागले विज्ञान र प्रविधि नामक पुस्तक प्रकाशन गर्दै आएको छ। नेकपा (एमाले) को विज्ञान प्रविधि र नवप्रवर्तन सम्बन्धी नीति समेत तयारी गरिएको छ। यस विभागले 'एआइ' नीति, डिजिटल नेपाल निर्माणमा हाम्रो भूमिका विषयमा राष्ट्रिय गोष्ठी समेत सम्पन्न गरेको छ। विभागले विभिन्न विषय सम्बद्ध विज्ञहरूसँग नियमित सम्वाद/छलफल गर्दै आवश्यक सुझावहरू पार्टीलाई उपलब्ध गराउँदै आएको छ। विभागले पार्टी केन्द्रीय कार्यालयमा विज्ञान र प्रविधि प्रदर्शनी समेत सम्पन्न गरेको छ। हाल विभागमा २८ जना सदस्य छन्।

## २२. शिक्षा तथा मानवस्रोत विभाग

यस विभागका तर्फबाट वार्षिक कार्ययोजना अनुरूप शिक्षा क्षेत्रको सुधारका लागि नीतिगत सुझाव सङ्कलन गरी पार्टीको स्पष्ट दृष्टिकोण बनाउने काम भएको छ । माध्यमिक तह, कक्षा ११ र १२ को अध्यापन भइरहेका विषयहरूको विश्लेषण, प्रादेशिक जनशक्तिको प्रक्षेपण र शिक्षा तथा जनशक्तिको प्रक्षेपण गर्न अनुसन्धानमूलक कार्यको थालनी गरिएको छ । उच्च शिक्षाका समस्या, चुनौती र सम्भावनाका विषयमा समेत विभागले विज्ञहरूसँग छलफल गरेको छ । साथै शिक्षा क्षेत्रमा प्रभावकारी सुधार र मानवस्रोतको व्यवस्थापनका लागि शिक्षा नीति सम्बन्धमा छलफल हुँदै आएको छ ।

विभागले विभिन्न चरणमा सरोकारवाला तथा विज्ञहरूसँग गहन छलफल गर्दै प्राप्त सुझावको आधारमा आ.व. २०८२/८३ का लागि शिक्षा सम्बन्धी प्रस्ताव नेपाल सरकारको नीति कार्यक्रममा समावेश गराउन पहल गरेको छ। वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयनमा विशेष ध्यान दिँदै, विद्यालय शिक्षा विधेयक निर्माणका क्रममा शिक्षक संगठन, शिक्षा मन्त्रालय, राजनीतिक दल र अन्य सरोकारवाला निकायसँग निरन्तर संवाद गरी विधेयक पारित गराउन पार्टी र सरकारसँग समन्वयकारी भूमिका निर्वाह गरिएको छ। यसबीच नेपाल प्रगतिशील प्राध्यापक संगठनको ११ औं राष्ट्रिय सम्मेलन २०८२ वैशाख ८–९ गते काठमाडौंमा सम्पन्न भएको छ। शैक्षिक क्षेत्रलाई बन्द–हड्तालरहित बनाउने प्रतिबद्धतासहित पार्टी र सरकारसँग सहकार्य गरिएको छ भने प्राविधिक शिक्षाको व्यवस्थापनबारे मन्त्रालयस्तरीय छलफल गरिएको छ। मुलुकको वर्तमान अवस्था र आवश्यकतालाई ध्यानमा राखी आगामी उच्च शिक्षाको रूपरेखा निर्माणका लागि प्राध्यापक संगठन, विभाग, शिक्षा मन्त्री र पार्टीबीच अवधारणा विकासको प्रक्रिया सुरु भएको छ। साथै, शैक्षिक क्षेत्रमा हुने विभिन्न नियुक्तिहरूका सन्दर्भमा पार्टी, मन्त्रालय र विभागबीच सकारात्मक र प्रभावकारी समन्वय कायम गरिएको छ। हाल विभागमा २३ जना सदस्य छन्।

## २३. श्रम तथा रोजगार विभाग

श्रम तथा रोजगार विभागले आफ्नो बार्षिक कार्ययोजना निर्माण गरेको छ । पहिलो चरणमा श्रम तथा रोजगार क्षेत्रका विषयसँग सम्बन्धित विषय विज्ञहरूको नामावली सङ्कलन गर्ने काम सम्पन्न भएको छ । विभागले पार्टीको नीति अनुसन्धान प्रतिष्ठान र पार्टीको पर्यटन

तथा नागरिक उड्डयन विभागद्वारा आयोजना गरिएका दुईवटा छलफल कार्यक्रममा सहभागिता जनाएको छ ।

विभागबाट श्रम तथा रोजगार क्षेत्रसँग सम्बन्धित विभिन्न नीति तथा ऐन संशोधन सम्बन्धमा छलफल आयोजना गर्ने योजना बनाएको छ। हाल विभागमा १२ जना सदस्य छन्।

## २४. संगठन विभाग

यस विभागले नियमित वार्षिक कार्ययोजना अनुरूप पार्टीको संगठनात्मक सुदृढीकरणलाई प्राथमिकतामा राखेर काम गरेको छ। दशौं राष्ट्रिय महाधिवेशन यता पार्टी सदस्यता नवीकरणको काम बार्षिकरूपमा सम्पन्न गर्दै आएको छ। २०८२ सम्मको सदस्यता नवीकरण, अद्यावधिक र अभिलेखीकरण कार्य पुरा भइसकेको छ। पार्टी सदस्यता नवीकरण तथा विस्तारमा सुधार आएको छ। २०८१ को तुलनामा पार्टी सदस्य सङ्ख्यामा ३० प्रतिशत वृद्धि भएको छ।

अहिलेसम्म सबै प्रदेश र जिल्ला अधिवेशन सम्पन्न भइसकेका छन् भने स्थानीय तहमा ७५३ पालिका मध्ये १०० पालिका, ६७४३ वडामध्ये १४०३ वडाका अधिवेशन अझै बाँकी रहेका छन्। प्रारम्भिक विवरण अनुसार, टोलस्तरमा करिब ५० प्रतिशत मात्र पार्टी अधिवेशन सम्पन्न भएका छन्। त्यसैगरी समयावधी पुगेका १६ वटा जनसंगठनको दोश्रोपटक राष्ट्रिय अधिवेशनहरू सम्पन्न भएका छन्।

पार्टी अधिवेशनहरूमा सहजता ल्याउन सदस्यता प्रमाणिकरण, प्रतिनिधि छनोट कार्यविधि र नेतृत्व चयनका लागि समानुपातिक प्रतिनिधित्वको कोटा निर्धारणजस्ता तयारी कार्यहरू संगठन विभागको प्रत्यक्ष समन्वयमा सम्पन्न भएको थियो।

संगठनात्मक कार्यलाई थप व्यवस्थित गर्न विभागले २०७९ सालमा प्रदेश–प्रदेशमा कार्यशालाहरू गरेको थियो भने २०८१ मंसिरमा दुईदिने राष्ट्रिय कार्यशाला सम्पन्न गरेको थियो। स्थानीय तहमा पार्टी कामका समस्या केन्द्रित उक्त राष्ट्रिय कार्यशालाले नै पार्टी वडा–केन्द्रित अभियानमा जानुपर्ने निस्कर्ष निकालेको थियो। विभागको अवधारणा–पत्र सहितको आग्रह बमोजिम केन्द्रीय कमिटीले तीन महिने वडा–केन्द्रित अभियान (जरा अभियान) सञ्चालनगर्ने निर्णय गरेको थियो। अभियानले पार्टीलाई एक हदसम्म भूईंमा पुऱ्याउने काम गरेको छ।

यस अवधिमा संगठन विभागले पार्टीको संगठनात्मक कामको अनुगमन गरेको छ। सम्पूर्ण पार्टी सदस्यहरूलाई अनलाइन अभिलेखिकरणमा ल्याउने काम अघि बढाएको छ। सदस्यहरूको प्रोफाइलिङ र वेबसाइट निर्माणको काम सुरुगरेको छ। विभागका पूर्व प्रमुखहरूसंग अन्तरक्रिया गरेर उहाँहरूका अनुभव लिएको छ। हाल विभागमा १७ जना सदस्य रहेका छन्।

## २५. संसदीय विभाग

संसदीय विभागले आफ्नो बार्षिक कार्ययोजना अनुसार संसदमा पार्टीको तर्फबाट प्रभावकारी भूमिका निर्वाह गर्न निरन्तर छलफल र अन्तर्क्रिया गर्दै आएको छ। विभागले संसदमा पेश हुने कानुनका मस्यौदा, प्रस्तावित विधेयक र अन्य संवेदनशील विषयहरूमा पार्टीको दृष्टिकोण तथा रणनीति निर्धारण गर्ने काम गरिरहेको छ। साथै संसदीय भूमिकालाई प्रभावकारी बनाउन योजना निर्माण र त्यसको कार्यान्वयन सुनिश्चित गरिएको छ। जसले संघीय संसदमा पार्टीको नीति तथा निर्णय प्रक्रियामा योगदान पुर्‍याएको छ।

सांसदहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुई दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ। प्रशिक्षणमा विषय विज्ञहरूले सांसदहरूलाई संघीय शासन प्रणाली, न्यायपालिका तथा संघीय संस्थाहरू बीचको अन्तरसम्बन्ध र संसदीय जिम्मेवारीबारे अभिमुखीकरण गरेका थिए। विभागले संघीय शासनमा अन्तरद्वन्द्व न्यूनीकरण र समन्वय सुदृढ पार्न सहजीकरणको भूमिका पनि निर्वाह गर्दै आएको छ।

साथै, विभागले संघीय संसदमा पेश हुने मस्यौदा विधेयक र यसका अन्तरवस्तुहरूबारे छलफल गरी पार्टीको तर्फबाट आवश्यक सुझाव तथा सल्लाह प्रदान गर्दै आएको छ। मस्यौदा विधेयकमा संशोधन प्रस्ताव तयार गरी विषयगत समितिमा पेश गर्ने कार्य पनि नियमित रूपमा सञ्चालन भइरहेको छ। संघीय सांसदहरूको विदेश भ्रमणका क्रममा संसदीय दलका नेता, उपनेता र प्रमुख सचेतकलाई आवश्यक जानकारी उपलब्ध गराउने कार्य विभागद्वारा व्यवस्थित रूपमा भइरहेको छ। हाल विभागमा १७ जना सदस्य छन्।

## २६. सङ्घीय मामिला तथा सामान्य प्रशासन विभाग

यस विभागले बार्षिक कार्ययोजना बनाई काम अघि बढाएको छ । संघीय प्रशासनका विषयमा विज्ञहरूसँग छलफल गरी पार्टीको धारणा बनाउने काम भएको छ ।

विभागले नेपालको संघीय राज्य व्यवस्था तथा प्रशासनिक सुधारका लागि विज्ञहरूसँग छलफल गर्नुका साथै स्रोत व्यवस्थापन गरी प्रदेश तहमा अन्तर्क्रिया आयोजना गर्ने तयारी गरिरहेको छ । हाल विभागमा १२ जना सदस्य रहेका छन् ।

## २७. सामाजिक सेवा विभाग

यस विभागले वार्षिक कार्ययोजना पारित गरी नेपाल लगायत राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरका प्रगतिशील सामाजिक आन्दोलनको समीक्षा, सामाजिक तथा सामुदायिक संघ संस्थाहरूको व्यवस्थित सञ्चालन र राष्ट्रिय आवश्यकता अनुसार परिचालन र सहजीकरण, विश्वव्यापी रूपमा यस क्षेत्रले भोग्दै आएका समस्याहरूका बिषयमा विश्लेषण गरिएको छ । नेपालमा क्रियाशील राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कामको लागि उपयुक्त वातावरण निर्माण, मूल्याङ्कनका आधारभूत मापदण्डको निर्माणका काम निरन्तर अगाडि बढाइएका छन् । यस क्षेत्रको नीति तर्जुमा गर्नका लागि सुझाव पेश गर्ने काम गरेको छ । दिगो विकास लक्ष्य र सामाजिक क्षेत्रको वास्तविक यथार्थको विश्लेषण गरी राय पेश गर्ने काम भएको छ । जसबाट सामाजिक संघसंस्था र सामुदायिक संस्थाहरूको विकास र यसको संरक्षण र प्रबर्द्धनका लागि पार्टीको भूमिका प्रभावकारी बनाउन नीति तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउने छ । विभागमा १३ जना सदस्य छन् ।

## २८. सामाजिक सुरक्षा र समाज कल्याण विभाग

यस विभागले आफ्नो बार्षिक कार्ययोजना पारित गरी जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित र असहायहरूको सामाजिक जीवनको सुरक्षा प्रदान गर्न आवश्यक नीति बनाउने काम गरिरहेको छ । विभागका सदस्यहरूको कार्य विभाजन गरी काम गरिरहेको छ । समाजको अति संवेदनशील यस क्षेत्र र पार्टी सम्बन्धलाई प्रभावकारी बनाउन ठोस कदम चाल्नुपर्ने आवश्यक छ । त्यसका लागि विभागले अध्ययन अनुसन्धान गरिरहेको छ । विभागले सामाजिक आन्दोलनका सरोकारवालाहरूसँग विभागको कार्यक्षेत्र अनुसार के कसरी अगाडि बढ्नुपर्छ, जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्ताको अवस्था, सामाजिक सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कानुन तथा सन्धि सम्झौताहरू र औपचारिक र अनौपचारिक क्षेत्रका मजदुरका समस्या जस्ता विषयमा गोष्ठी तथा छलफलहरू आयोजना गरेको छ । विभागमा १५ सदस्य छन् ।

## २९. सहकारी तथा गरिबी निवारण विभाग

विभागले वार्षिक कार्ययोजना पारित गर्दै सातै प्रदेशमा भेला सम्पन्न गरेको छ। सहकारी क्षेत्रमा देखिएका समस्या समाधानमा विशेष चासो दिँदै, पीडितलाई न्याय दिलाउन प्रभावकारी कदम चाल्न सरकारको ध्यानाकर्षण गराइएको छ। राष्ट्रिय सहकारी महासंघ र नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघ लि. (नेप्स्कून) का निर्वाचन सफलतापूर्वक सम्पन्न भएका छन्। जसमा राष्ट्रिय सहकारी महासंघमा पार्टीको नेतृत्व स्थापित भएको छ। नेप्स्कून निर्वाचनमा आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिने व्यक्तिहरूविरुद्ध कारबाहीको प्रक्रिया अघि बढाइएको छ। सहकारी अभियानलाई संस्थागत रूप दिन पहिलो पटक नेकपा (एमाले) सहकारी नीति प्रकाशन गरिएको छ भने प्रदेशस्तरका अधिकांश संघहरूमा पनि हाम्रो नेतृत्व कायम भएको छ।

केन्द्रीय तथा प्रदेश सरकारको नीति, कार्यक्रम र बजेटमा सहकारी क्षेत्रका एजेन्डा सम्बोधन गर्न सुझाव दिइएको छ। जसको केही प्रावधान २०७४ सालदेखि ऐन कार्यान्वयनमा समेटिएका छन्। विद्यमान सहकारीका समस्या समाधान गर्न सहकारी ऐन २०७४ को संशोधन गर्नुपर्ने विषयमा प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत गरिएको छ। यो प्रस्ताव मूल पार्टीहरूका संसदीय दलमा समेत बुझाइएको छ। विभागले सहकारी समस्या समाधानका उपायहरू पहिचान गरी सहकारी मन्त्रालय, सम्माननीय प्रधानमन्त्री तथा सम्बन्धित निकायसँग बहस, पैरवी र सुझाव आदान–प्रदान गर्दै आएको छ। साथै, सहकारी समस्या व्यवस्थापन समिति र राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई आवश्यक सिफारिस र सहजीकरण गरिएको छ। विभागमा २३ सदस्य छन्।

## ३०. शहरी विकास विभाग

यस विभागले बार्षिक कार्ययोजना अनुसार शहरी विकासका लागि नीति नियमका बारेमा छलफल गर्दै आएको छ । त्यसका लागि विज्ञहरूको रोष्टर तयार पार्ने काम भएको छ । काठमाडौं उपत्यकाको शहरी विकास अवधारणा बारेमा विभागले विज्ञहरूसँग अन्तर्क्रिया कार्यक्रम समेत गरेको छ ।

विभागले नेपालका शहरहरूको बर्गीकरणका लागि तीन सदस्यीय कार्यदल गठन गरेको छ । कार्यदलले प्रतिवेदन लेखनको कामलाई अन्तिम चरणमा पुर्‍याएको छ । विभागमा १६ जना सदस्य छन्।

### ३१. साहित्य, कला तथा संस्कृति विभाग

यस विभागले बार्षिक कार्ययोजना पारित गरी कला, साहित्य, संगीत, चित्रकला ललितकला, नाट्यशास्त्र भाषा तथा लोक साहित्यको क्षेत्रमा रचनात्मक काम गरिरहेको छ । कार्ययोजना अनुरूप विभागका बैठक र गतिविधि नियमित भइरहेका छन् ।

संविधान दिवसको अवसरमा गत असोज ३ गते पार्टीले गरेको कार्यक्रममा मौलिक नेपाली बाजाहरू र धुन प्रस्तुत गरिएको थियो । कला संस्कृतिको जगेर्नाका लागि राष्ट्रिय जनसांस्कृतिक महासंघको सहयोगमा पार्टीका जनसभा लगायतका कार्यक्रममा जनपक्षीय साँस्कृतिक प्रस्तुति हुँदै आएको छ । साथै कला क्षेत्रको सम्बर्द्धन एवं विकासको लागि देशभरि कलाकारलाई जनपक्षीय अभियान सञ्चालनमा सामेल गर्न नीतिगत नेतृत्व गर्ने काम समेत गरिएको छ ।

नेपाली संस्कृतिको जगेर्नाका रूपमा श्रष्टा भेटघाट, साहित्यिक अन्तर्क्रिया तथा छलफल, साहित्यिक गोष्ठी आयोजना गरिएको छ । साथै, साहित्यिक पत्रिका 'युगदूत' सातौं अङ्क प्रकाशन गरिएको छ । ऐतिहासिक जनआन्दोलन २०४६ चैत ३ गतेको सम्झनामा चैत ९ गते कवि गोष्ठी सम्पन्न गरिएको छ । त्यस्तै, पुष्पलाल स्मृति दिवसका अवसरमा कवि गोष्ठीको आयोजना गरिएको छ। अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा गत फागुन २५ गते नेपाली साहित्यमा महिला लेखनको वर्तमान अवस्था: चुनौती र सम्भावना विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । यस विभागमा २८ जना सदस्यहरू रहेका छन्।

### ३२. स्थानीय विकास विभाग

यस विभागले वार्षिक कार्ययोजना अनुरूप जनप्रतिनिधिहरूलाई दक्ष बनाउन पालिकाका प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्षहरूका लागि स्थानीय विकास तथा आगामी बजेट निर्माण विषयमा अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । नेतृत्व विकासका लागि जिल्ला समन्वयका प्रमुख र उपप्रमुखको राष्ट्रिय भेला सम्पन्न भएको छ । स्थानीय तहलाई बलियो र प्रभावकारी बनाउन सातै प्रदेश स्तरीय भेला सम्पन भएका छन् । स्थानीय सुशासन कायम गर्न र सेवालाई जनमुखी एवं प्रभावकारी बनाउन नीतिगत सुधारका लागि पहल गर्ने काम भइरहेको छ । तीनवटै तहका सरकारलाई आगामी वर्षको नीति कार्यक्रम र बजेटमा समेट्नुपर्ने विषयहरू समावेश गर्न पार्टीलाई सुझाव पेश गरेको छ।

स्थानीय तहका जनप्रतिनिधिहरूको कार्य सम्पादन स्तर अभिबृद्धि गर्नका लागि तीनदिने बन्द प्रशिक्षण शिविर सम्पन्न गरिएको छ । पार्टीबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूको प्रदेश, जिल्ला तथा पालिकागत डेटाबेस तयार गरिएको छ । विज्ञहरूको रोष्टर तयार गरिएको छ । स्थानीय तह सञ्चालन निर्देशिका २०७९ को तयारी गरी केन्द्रीय कमिटीबाट जारी समेत भइसकेको छ । जनप्रतिनिधिहरूको मूल्याङ्कनका लागि सूचकहरूको मस्यौदा तयार गरिएको छ । जनप्रतिनिधिहरूको प्रादेशिक तथा राष्ट्रिय स्तरको प्रशिक्षणमूलक कार्यक्रमको संयोजन गरिएको छ । यस विभागमा ३१ जना सदस्य छन् ।

### ३३. स्वास्थ्य तथा जनसङ्ख्या विभाग

वार्षिक कार्ययोजना अनुरूप विभागका कामलाई योजनावद्ध रूपमा अघि बढाउँदै आइएको छ । स्वास्थ्य क्षेत्रका समस्या समाधान गर्न नीतिगत तहमा विभागले भूमिका खेलिरहेको छ भने स्वास्थ्य क्षेत्रका विकृति र विसङ्गति विरुद्धमा सरकारको ध्यानाकर्षण गराउँदै आएको छ । पार्टीका जेष्ठ नेताहरूको स्वास्थ्य अवस्था बुझ्न र आवश्यक सहयोगका लागि समेत विभागले नियमित रूपमा काम गर्दै आएको छ । साथै विभागले विभिन्न समारोह, भेला तथा कार्यक्रमहरूमा स्वास्थ्य सेवा प्रदान गर्ने काम निरन्तर रूपमा गरिरहेको छ ।

पार्टीको केन्द्रीय कमाण्डमा गरिएको समृद्धिका लागि सङ्कल्प यात्रामा चिकित्सक, स्वास्थ्यकर्मीसहितको टोली पठाई स्वास्थ्य सेवा प्रदान गर्न विभागले नियमित रूपमा कार्यसम्पादन सम्पन्न गरेको थियो । पछिल्लो समयमा नागरिकको आधारभूत स्वास्थ्य अधिकार सुनिश्चित गर्न, अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा शिलान्यास गरिएका ३९६ अस्पताल भवन निर्माणको काम सम्पन्न गर्न, नागरिकको स्वास्थ्य बीमा कार्यक्रमलाई सुचारू गर्न र स्वास्थ्यसँग सम्बन्धित विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराउने काम विभागले निरन्तर रूपमा गरेको छ । यसबीचमा राष्ट्रिय स्वास्थ्यकर्मी महासंघको राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने काम भएको छ। हाल विभागमा २६ जना सदस्य छन् ।

परिशिष्ट— ५

# जनसङ्गठनका सङ्गठनात्मक कामको प्रतिवेदन

## • जनसंगठन समन्वय संयन्त्र

जनससङ्गठन समन्वय संयन्त्रले पार्टीका जनससङ्गठनहरूलाई पार्टीको विचार, सिद्धान्त, कार्यदिशा र निर्णय अनुरूप समन्वय र परिचालन गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। आफ्नो ससङ्गठनको काम गर्नका लागि जनससङ्गठनहरू सासङ्गठनिक स्वायत्त भए पनि तिनलाई बैचारिक–राजनीतिक रूपमा परिचालन गर्नका लागि संयन्त्रले काम गरिरहेको छ। दशौँ राष्ट्रिय महाधिवेशनपश्चात् केन्द्रीय कमिटीको दोस्रो बैठकले कार्यविभाजन गरेबमोजिम जनससङ्गठन समन्वय संयन्त्रले जनससङ्गठनहरूलाई एकीकृत, समन्वयात्मक र सक्रिय रूपमा परिचालन गर्नका लागि गरेका केन्द्रीय तहका कार्यशाला, भेला, अन्तरक्रिया र बैठकहरू परिणाममुखी देखिएका छन्। जनससङ्गठनहरू सासङ्गठनिक, बैचारिक, राजनीतिक र व्यवस्थापकीय रूपमा असाध्यै अस्तव्यस्त रहेको र सबै ससङ्गठनहरूको राष्ट्रिय महाधिवेशनहरूको अवधि गुज्रेको थियो। कतिपय जनससङ्गठनहरूको त राष्ट्रिय महाधिवेशन नभएको एक दशकभन्दा बढी भइसकेको थियो। कमिटीमा पदाधिकारी र केन्द्रीय सदस्यको संख्या समेत कति हो भन्ने विषय नेतृत्व आफैँले एकिन रूपमा भन्न सक्ने अवस्था थिएन। केन्द्र भन्दा तल प्रदेश र जिल्ला तहमा त एकाध बाहेक अरु जनससङ्गठनहरूको अवस्था दयनीय थियो। एकभन्दा बढी जनससङ्गठनको जिम्मेवारीमा रहनेहरूको संख्या निकै ठूलो थियो। यो चार वर्षको अवधिमा जनससङ्गठनको कामलाई ब्यवस्थित गर्दै तिनलाई एउटा लयमा ल्याइपुऱ्याइएको छ।

पार्टी केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकले जनससङ्गठनहरूका राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने कामलाई नै प्राथमिकतामा राखेको हुनाले जनससङ्गठन समन्वय संयन्त्रले आफ्नो बैठकबाट महाधिवेशनहरूलाई नै केन्द्रमा राखेर योजना बनाई काम गरेको थियो। सोही बमोजिम पहिलो चरणमा २३ वटै जनससङ्गठनहरूका राष्ट्रिय महाधिवेशनहरू

सम्पन्न भए भने विधान बमोजिमका कार्यकाल सम्पन्न गरी १६ वटा जनससङ्गठनका दोस्रो चरणमा पनि महाधिवेशन सम्पन्न भइसकेका छन् ।

## १. जनससङ्गठन समन्वय निर्देशिका

ससङ्गठन सञ्चालन र ब्यवस्थापनमा एकरूपता कायम गर्न, ससङ्गठनात्मक प्रणाली, कमिटीको संख्या र संरचनालाई व्यवस्थित गर्नका लागि जनससङ्गठन समन्वय निर्देशिकाको आवश्यकता महसुस गरी मस्यौदा तयार पार्नका निम्ति संयन्त्रका संयोजक कमरेड भानुभक्त ढकालको संयोजकत्वमा गोकुल बाँस्कोटा महेश बस्नेत, पार्वत गुरुङ, माधव ढुङ्गेल, रचना खड्का र विष्णु रिजाल सदस्य रहेको सात सदस्यीय कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलले जनससङ्गठनहरूमा कमिटीको संख्या, पदाधिकारीहरूको संख्या, कार्यक्रमको स्वरूप, अतिथि व्यवस्थापन, पार्टी र जनससङ्गठनबीचको सम्बन्ध र पार्टी हैसियत, आर्थिक व्यवस्थापन र पारदर्शिता, दोहोरो जिम्मेवारीलाई निरुत्साहित गर्ने लगायतका बिषयमा महत्वपूर्ण सुझावहरू सहितको मस्यौदा तयार पारेको थियो । उक्त मस्यौदालाई २०७८ माघ १९ गतेको पार्टी केन्द्रीय सचिवालयको बैठकले आवश्यक संशोधनसहित ‘जनससङ्गठन समन्वय निर्देशिका’ जारी गरेको थियो । यो निर्देशिका जारी भएपश्चात जनससङ्गठनहरूको कामलाई अगाडि बढाउन निकै सहजता महसुस भयो र जनससङ्गठनमा भएका सुधारका कामहरूको सुरुआत नै त्यहीबाट भएको हो ।

हाल जनससङ्गठनका केन्द्रीय तहमा १ अध्यक्ष, २ उपाध्यक्ष (एक महिलासहित), १ महासचिव, १ उपमहासचिव र ४ सचिव गरी जम्मा ९ जना पदाधिकारी रहने व्यवस्था छ । २३ वटै जनससङ्गठमा अनुशासन, लेखा र निर्वाचन आयोग र आयोगमा अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरू रहेका छन् । यस्तै अनुसुची १ का जनससङ्गठनमा १५१ जना र अनुसुची २ मा रहेका जनससङ्गठनहरूमा ९९ जनासम्मको केन्द्रीय कमिटी बनाउने व्यवस्था गरिएको छ । महासङ्घहरूको हकमा ९९ जनासम्मको केन्द्रीय कमिटी बनाउने, घटक ससङ्गठनले मात्र सदस्यता वितरण गर्ने, त्यही सदस्यताका आधारमा महासङ्घमा प्रतिनिधि एवं प्रतिनिधित्वको ब्यवस्था गरी लागू गर्ने नीति तय गरिएको छ । पहिलो चरणमा असीमित पदाधिकारीबाट १७ मा झारिएको संख्या हाल ९ कायम भएपछि जनससङ्गठनको नेतृत्वमा खारिएको नेतृत्व आउने र त्यसरी आउने नेतृत्वले जनससङ्गठनको कामलाई नै आफ्नो मुख्य जिम्मेवारी ठान्ने अपेक्षा गरिएको छ ।

## २. जनससङ्गठन सुदृढीकरण कार्यशाला

बर्षौंदेखि अधिवेशन नै हुन नसकेर जामको अवस्थामा रहेका जनससङ्गठनरुलाई उनीहरूकै नेतृत्वको सहभागितामा समस्या पहिचान गर्न र त्यसका समाधान खोजी गरी ससङ्गठनलाई अघि बढाउन २०७९ पुस २४ र २५ गते धुलिखेलमा ”जनससङ्गठन सुदृढीकरण“ कार्यशाला आयोजना गरेको थियो। उक्त कार्यशालाले सबै जनससङ्गठनहरूको राष्ट्रिय अधिवेशन/सम्मेलनहरूको अवधि घटाउने, जनससङ्गठनहरूको नेतृत्व निर्माणमा प्रतिस्पर्धा र पहलकदमीलाई प्रोत्साहन गर्ने, जनससङ्गठनहरूमा उमेर, पेशा र पदावधिको सीमा कायम गर्ने, एक व्यक्ति एक जनससङ्गठनको नीति पूर्ण रूपमा कार्यान्वयन हुनुपर्ने, एक व्यक्ति दोहोरो कार्यकारी पदमा रहन नहुने, पार्टी केन्द्रीय कमिटी सदस्यहरू आमरूपमा जनससङ्गठनमा बस्न नहुने, एउटा ससङ्गठनमा एकभन्दा बढी सह–इञ्चार्जहरू रहने गरी कार्यविभाजन गर्न नहुने, जनससङ्गठनलाई आ–आफ्नो क्षेत्रको नेता ससङ्गठनका रूपमा स्थापित गर्ने, अतिथि व्यवस्थापनलाई भद्दा बनाउन नहुने, कार्यक्रमको व्यवस्थापन छरितो र आकर्षक हुनुपर्ने, बैठकको सञ्चालन र छलफल जीबन्त हुनुपर्ने, जनससङ्गठनहरूमा आर्थिक परिचालन संस्थागत र पारदर्शी हुनुपर्ने, जनससङ्गठनहरूले सम्बन्धित तहको पार्टीसँग समन्वय गर्नुपर्ने जस्ता १५ बुँदे निर्णय गरेको थियो। तीमध्येका सुझावहरूलाई पार्टीले निर्णय गरी अन्तरपार्टी निर्देशनका रूपमा मातहत कमिटीमा सम्प्रेषण थियो। जनससङ्गठनहरू व्यवस्थित गर्नका लागि उक्त कार्यशालाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

## ३. महिला नेताहरूको राष्ट्रिय भेला

छैटौं राष्ट्रिय महिला अधिकार दिवस–२०८१ को सन्दर्भ पारेर जनससङ्गठन समन्वय संयन्त्रले “जेठ १६ को संकल्प: उपलब्धि र चुनौती” विषयक मूल नाराका साथ जनससङ्गठनको राष्ट्रिय महिला भेला सम्पन्न गर्‍यो। २३ वटा जनससङ्गठनका केन्द्रीय तहका महिला नेताहरू, पार्टीका केन्द्रीय सदस्यहरू, प्रदेश तथा जिल्लाका पदाधिकारीहरू, महिला जनप्रतिनिधिहरू, सम्पर्क समन्वय कमिटीका पदाधिकारीहरू, स्ववियुमा निर्वाचित महिलाहरूसहितको बृहद् सहभागितमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा आयोजित भेलामा पार्टीका श्रद्धेय अध्यक्ष कमेड केपी शर्मा ओली प्रमुख बक्ताका रूपमा यपस्थित भई भेलालाई सम्बोधन गर्नु भएको थियो।

महिला नेता–कार्यकर्ताबीच बुझाइमा एकरूपता कायम गर्ने, हार्दिकता अभिवृद्धि गर्ने र आन्दोलनलाई प्रभावकारी बनाउन सकारात्मक योगदान गरेको छ।

जनताको आन्दोलनको बलमा पुनःस्थापित संसद्बाट २०६३ जेठ १६ गते महिलाको समान अधिकारको सम्बन्धमा पारित संकल्प प्रस्तावबाट प्राप्त उपलब्धिको अगुवाइ हाम्रो पार्टी नेकपा (एमाले) ले गरेकाले त्यसलाई महत्वपूर्ण उपलब्धिका रूपमा स्थापित गर्ने संकल्पका साथ नीतिगत सुधार र विद्यमान कानुनको कार्यान्वयन, प्रतिनिधित्व र सहभागिता, महिला हिंसा अन्त्यको प्रतिबद्धता, नेपाली महिलाको अवस्था र स्थिति सुधारका लागि बिशेष अभियानलगायत २१ बुँदे प्रस्ताव पारित गरेर भेलाले देशभरका महिला कार्यकर्तामा उत्साह र ऐक्यबद्धता जागृत गरेको थियो। पार्टीको आयोजनामा महिला नेताहरूको अलग्गै आयोजना भएको यस प्रकारको सबभन्दा बृहद् कार्यक्रमका रूपमा यो भेला रहेको छ।

## ४. स्थानीय तहमा जनससङ्गठन सुदृढीकरण राष्ट्रिय कार्यशाला

जनससङ्गठनका कामहरूलाई केन्द्रदेखि स्थानीय तहसम्म गति दिनका लागि जनससङ्गठन समन्वय संयन्त्रको आयोजनामा २०८१ भदौ २९–३० मा काठमाडौँको बुढानिलकण्ठमा 'स्थानीय तहमा जनससङ्गठन सुदृढीकरण कार्यशाला' आयोजना गरिएको थियो। उक्त कार्यशालामा जनससङ्गठनका केन्द्रका प्रतिनिधिहरूका साथै पार्टीको केन्द्रीय ससङ्गठन विभागका सदस्यहरू, प्रदेश तथा जिल्लाका अध्यक्षका साथै जनससङ्गठन समन्वय संयन्त्रका प्रमुखहरू एकै ठाउँमा बसेर समस्याहरूको पहिचान र तथा समाधानका बारेमा विमर्श भएको थियो। उक्त कार्यशालाबाट नयाँ सदस्यता बृद्धि सम्बन्धमा, युवालाई पार्टीमा आकर्षण गर्ने सम्बन्धमा, जनससङ्गठनको प्रभावकारिताका सम्बन्धमा, स्थानीय तहका अन्तरविरोधका सम्बन्धमा, जनससङ्गठनबाट पार्टीमा प्रवेश र नेतृत्व निर्माण सम्बन्धमा, जनससङ्गठनका सम्मेलन/अधिवेशनको प्रभावकारिता सम्बन्धमा र जनससङ्गठनमा सैद्धान्तिक/बैचारिक काम सम्बन्धमा पार्टी र जनससङ्गठनहरूले गर्नुपर्ने कामहरू के के हुन सक्छन् भनेर निष्कर्ष निकालिएको थियो। ती निष्कर्षहरू पार्टी र जनससङ्गठनको काममा एकरूपता कायम गर्न महत्वपूर्ण छन्।

## ५. रचनात्मक र एकीकृत सक्रियता

२०७९ असोज १ गते संविधान दिवसको पूर्वसन्ध्यामा काठमाडौँमा वाकाथुनलाई भव्य बनाउन जनससङ्गठनहरूले पहिचानसहित भूमिका निर्वाह गरेका थिए। पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओली स्वयम् कार्यक्रम अवधिभर हिँडेर सहभागी रहेको कार्यक्रमलाई भव्य बनाउन लागि जनससङ्गठनहरूले तयारीदेखि समापनसम्म सक्रिय पहलकदमी लिएका थिए।

त्यसैगरी, माओवादी नेतृत्वको सरकारका जनता तथा राष्ट्रविरोधी क्रियाकलापका विरुद्धमा जनससङ्गठनहरूले राजधानीमा विशाल प्रदर्शन तथा सभा आयोजना गरेर पार्टीका एजेन्डामा महत्वपूर्ण योगदान गरेका थिए।

पछिल्ला दिनमा संविधान, राजनीतिक प्रणाली र गणतन्त्रका विरुद्धमा राजावादी तथा अस्थिरतावादी तत्वहरूले गरेका हर्कतहरूलाई जवाफ दिनका लागि पार्टीले गरेको घोषणा बमोजिम २०८२ बैशाख ११ गते लोकतन्त्र उत्साव र जेठ १५ गते गणतन्त्र दिवस मनाउन जनससङ्गठनहरूले रचनात्मक रूपमा प्रभावकारी भूमिका निर्वाह गरेका थिए। मोटरसाइकल र्‍याली, खबरदारीसभा, सांस्कृतिक कार्यक्रम जस्ता माध्यमबाट पनि जनससङ्गठनहरूले आफ्नो दायित्व निर्वाह गरिरहेका छन्।

## • सङ्गठनात्मक / रचनात्मक काममा जनसङ्गठन

## १. नेपाल ट्रेड युनियन महासङ्घ

नेपाल ट्रेड युनियन महासङ्घले २०७८ साउन ७ देखि १० सम्म राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको छ। वार्षिक कार्ययोजना निर्माण गरी आफ्ना गतिविधिहरू अगाडि बढाउँदै आएको महासङ्घले ससङ्गठनमा चुस्तता कायम गरेको छ। २०८० कात्तिक १६ गते पश्चिम नेपालको जाजरकोट र पूर्वी रुकुममा गएको विनाशकारी भूकम्पपश्चात् उद्दार, राहत र पुन:स्थापनामा जिफन्टले महत्वपूर्ण भूमिका खेलेको थियो। भूकम्प पीडित जनताका साथमा बसेर पुन:स्थापनाको काममा प्रशंसनीय र उदाहरणीय काम गरेको थियो। यो कामले प्रभावित क्षेत्र र अन्यत्र पनि पार्टीका पक्षमा सकारात्मक सन्देश प्रवाह भएको थियो। जिफन्टले पार्टीले आयोजना गरेका हरेक कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै आएको छ। जिफन्टमा पदाधिकारीसहित ७५ सदस्यीय केन्द्रीय कमिटी छ। सातवटै

प्रदेश तहका अधिवेशनहरू सम्पन्न भएका छन्। जिफन्टका ५२ हजार ३ सय ७ जना सदस्य छन्।

## २. अखिल नेपाल किसान महासङ्घ

अखिल नेपाल किसान महासङ्घले २०७९ चैत ३० देखि २०८० बैशाख २ गतेसम्म झपामा खुल्ला जनसभाका साथ राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको छ।

जाजरकोट र पूर्वी रुकुममा गएको विनाशकारी भुकम्पपश्चात् पुन:स्थापना र जनताको अस्थायी आवास बनाउने काममा महासङ्घले महत्वपूर्ण भूमिका खेलेको थियो। महासङ्घको २२१ सदस्यीय केन्द्रीय कमिटी, सात प्रदेश कमिटी, ७४ जिल्ला कमिटी, उत्पादन र समुदायमा आधारित २२ वटा विषयगत घटक सङ्घहरू, ५३९ वटा पालिका कमिटी र १३६५ वडा कमिटी क्रियाशील छन् भने महासङ्घका जिल्ला र विषयगत घटक सङ्घहरूको राष्ट्रिय सम्मेलनहरू भइरहेका छन्।

अबिरल वर्षाले धानसमेत अन्य वालीमा पारेको क्षतिमा राहत, क्षतिपूर्ति उपलब्ध गराउन दबाब, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा र खाद्य अधिकार, दिगो कृषिको विकास जस्ता विषय सामेल गरी किसानमैत्री नीति निर्माण, कृषिजन्य उत्पादनको वर्षे र चैते धानसमेतको मूल्य निर्धारण, निर्धारित मूल्यमा खरिद गर्न दबाब, किसान सूचीकरण, वर्गीकरण गरी किसानलाई परिचयपत्र उपलब्ध गराउन पहल र किसान परिचालन, उखु उत्पादकहरूलाई ५० प्रतिशत अनुदान दिलाउन सफल र शतप्रतिशत प्राप्तिका लागि आन्दोलन जारी, दुग्ध किसानको वक्यौता भूक्तानीका लागि दबाब, एक किस्ता भुक्तानी प्राप्त गर्न सफल, कृषि विमा र कर्जामा किसानको पहुँच बढाउन पहल र दबाब, सबै बक्यौता प्राप्त गर्न आन्दोलन जारी, कृषि विद्ययेक निर्माणको प्रक्रियामा सक्रिय भूमिका जस्ता काम गरेको छ। साथै, रासायनिक मलको अनुदान कटौती विरुद्ध आन्दोलन, अनुदान कायम गर्न र बजेट बढाउन सफल, राष्ट्रिय किसान सञ्जाल गठन र परिचालनमार्फत कृषि क्षेत्रका मुद्दाहरू उठाउँदै दक्षिण एसियाली किसान महासङ्घ निर्माण र यसको नेतृत्व र संयोजन महासङ्घले गरेको छ। खाद्य सम्प्रभुता नियमावली र किसान अधिकारसहितको कृषि नीति ल्याउनमा महासङ्घले सफललता पाएको छ। राज्यद्वारा सञ्चालित कृषि बजारमा किसान र कृषि उत्पादनको पहुँच पुऱ्याउन पहल गरेको भने विश्व सामाजिक मञ्चमा किसान परिचालन

र मुद्दा उठानमा महत्वपूर्ण भूमिका खेलेको छ। किसान महासङ्घमा आवद्ध विषयगत सङ्घहरूका कुल ५० हजार ३४८ जना सदस्य छन्।

### ३. अखिल नेपाल महिला सङ्घ

अखिल नेपाल महिला सङ्घको राष्ट्रिय सम्मेलन २०७९ चैत २५ र २६ काठमाडौंमा सम्पन्न भएको छ। जाजरकोट र पुर्वी रुकुममा गएको विनाशकारी भूकम्पपश्चात अनेमसङ्घको केन्द्रीय टिमले जाजरकोट र रुकुमका गाउँहरूमा पुगेर पीडितहरूलाई राहात बाँड्ने काग रेको थियो। अनेमसङ्घले विभिन्न रचनात्मक कामहरू गर्दै आएको छ। यसबीचमा अनेमसङ्घले सदस्यता वितरण अभियानलाई ब्यापक बनाएको छ। सातवटै प्रदेश तहका अधिवेशनहरू सम्पन्न गरेको छ। ५९ जिल्लामा जिल्ला तहका अधिवेशनहरू र ४८९ वटा पालिका तहका अधिवेशनहरू सम्पन्न गरेको छ। वडा र टोल तहसम्म ससङ्गठनलाई विस्तार गरेको छ। अनेमसङ्घमा पदाधिकारी सहित २५३ जनाको केन्द्रीय कमिटी रहेको छ भने अनेमसङ्घका १ लाख ४१ हजार २८३ सदस्य छन्।

### ४. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन

अनेरास्ववियुले यसबीचमा २३ औं र २४ औं राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। दुवै महाधिवेशनमा निर्वाचन प्रक्रियाद्वारा आफ्नो नेतृत्व छनौट गरेका छन्। २४ औं राष्ट्रिय महाधिवेशन २०८२ जेठ २५–२८ मा काठमाडौँमा सम्पन्न भएको छ। अनेरास्ववियुले यस महाधिवेशनदेखि नेतृत्वमा ३२ वर्षे उम्मेर हद कायम गरी लागू गर्ने जस्तो ऐतिहासकि निर्णय गरेको छ। यो अवधिमा महत्वपूर्ण रचनात्मक कार्यक्रमहरूको सफलतापूर्वक आयोजना गरेको छ। सांस्कृतिक साँझहरू, शिल्पी जस्तो उत्कृष्ट नाटकघरमा ससङ्गठनको तर्फबाट नाटक 'राता अक्षर काला अक्षर' को सफल प्रदर्शन गरेको छ। पार्टीले आयोजाना गरेको वाकाथुन, युथ सेलेब्रेसन जस्ता कार्यक्रममा सक्रिय भूमिका निर्वाह गरेको छ। जाजरकोट र पुर्वि रुकुममा गएको विनाशकारी भूकम्पछि पीडित जनतामन बीचमा पुगेर काम गरेको छ।

त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वद्यिालय अन्तर्गतका क्याम्पसहरूमा लामो समयपश्चात विद्यार्थीहरूको साझा मञ्च स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्पन्न

भएको छ। मुलुकभर ३४३ वटा क्याम्पसमा स्ववियु निर्वाचन भएकोमा १३३ वटामा अनेरास्ववियु अध्यक्षसहित विजयी भएको छ। यसले विद्यार्थी आन्दोलनको मूल प्रवाहको रूपमा अनेरास्ववियु नै रहँदै आएको विरासतलाई कायम गर्न सफल भएको छ। अनेरास्ववियुले आठवटा प्रदेश तहका र ७१ वटा जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको छ। ९ जना पदाधिकारी सहित १५१ सदस्यीय केन्द्रीय कमिटी रहेको छ। अनेरास्ववियुमा कुल चार लाख सदस्यहरू छन्।

## ५. राष्ट्रिय युवा सङ्घ, नेपाल

राष्ट्रिय युवा सङ्घ, नेपालले यसबीचमा नवौं र दशौँ राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। दुवै महाधिवेशन जनसभासहित उद्घाटन भएका थिए। दशौं राष्ट्रिय महाधिवेशन २०८२ जेठ ९–१३ गते पोखरामा सम्पन्न भयो। युवा सङ्घले निर्वाचन प्रक्रियाद्वारा नेतृत्व चयन गरेको छ। सङ्घले महत्वपूर्ण रचनात्मक कार्यक्रमहरूको सफलतापूर्वक आयोजना गर्ने गरेको छ। अन्तराष्ट्रिय रेफ्रीलाई सहभागी गराएर केपी ओली फुटबल कप, मोटरसाइकल र्‍याली, आईटी कन्फरेन्स, एआई सम्मेलन्, अन्तराष्ट्रिय सेमिनार, भ्याली फुटसल च्याम्पियनसिप, बृक्षारोपण, रक्तदान, डिजिटल मिडिया तथा साइबर सेक्युरिटी चेतना कार्यक्रम लगायतका कार्यक्रमहरू सम्पन्न गरेको छ। पार्टीले आयोजाना गरेको वाकाथुन, युथ सेलेब्रेसन जस्ता कार्यक्रममा अग्रपंक्तिमा रहेर काम गरेको थियो। जाजरकोट र पुर्वी रुकुममा गएको विनाशकारी भूकम्पछि स्वयम्सेवकका रूपमा प्रशंसनीय काम गरेको छ। सङ्घले ८ वटा प्रदेश तहका र ७७ वटा जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको छ। ९ जना पदाधिकारी सहित १५१ सदस्यीय केन्द्रीय कमिटी रहेको छ। राष्ट्रिय युवासङ्घमा कुल १ लाख ३० हजार सदस्य छन्।

## ६. राष्ट्रिय जनसाँस्कृतिक महासङ्घ, नेपाल

राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालको नवौँ राष्ट्रिय महाधिवेशन २०८२ बैशाख १८ र १९ मा काठमाडौंमा सम्पन्न भएको छ। माहासङ्घ मातहतका ७ प्रदेश र ७१ जिल्ला समितिले पनि महासङ्घ केन्द्रको नीति निर्देशन, योजना अनुरूप साङ्गठनिक कामहरू अगाडि बढाइरहेका छन्। महासङ्घले कार्ययोजना बमोजिम जिम्मेवारी बाँडफाँट गरी विचारधारात्मक, सङ्गठनात्मक र राजनीतिक क्षेत्रमा सङ्गठनलाई क्रियाशील बनाइरहेको छ।

मदन–आश्रित स्मृति दिवस, पुष्पलाल स्मृति दिवस, विशेष प्रशिक्षण, गणतन्त्र दिवसका सन्दर्भमा विविध सांस्कृतिक कार्यक्रम, गोष्ठी, अन्तरक्रिया जस्ता कामहरू नियमित भइरहेका छन्। महासङ्घले सङ्गठनात्मक कामलाई सात घटक सङ्घ, सात प्रदेश महासङ्घ र जिल्लाहरूलाई गतिशील बनाई देशभर व्यवस्थित रूपमा अगाडि बढाइरहेको छ।

९ जना पदाधिकारी सहित ९९ सदस्य केन्द्रीय कमिटी छ भने कुल ७ हजार सदस्य छन्।

## ७. पेशागत महासङ्घ नेपाल

पेशागत महासङ्घ, नेपालले २०७९ चैत्र २३ र २४ गते काठमाडौंमा राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको छ। महासङ्घ पदाधिकारी सहित ११९ सदस्य केन्द्रीय कमिटी छ। ७ ओटा प्रदेश र ७५ ओटा जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको छ। जाजरकोट र पुर्वी रुकुममा गएको विनाशकारी भूकम्पछि स्वयम्सेवकका रूपमा प्रशंसनीय काम गरेको छ र पिडितको पुस्थापनाकालागी रु १० लाख पार्टी केन्द्रीय कार्यालयमा जम्मा गरेको थियो। पेशागत महासङ्घ, नेपालका कुल ५ लाख सदस्य छन्।

## ८. नेपाल बौद्धिक परिषद्

यसबीचमा नेपाल बुद्धिजीवी परिषद्ले दुईवटा राष्ट्रिय अधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो एघारौँ राष्ट्रिय अधिवेशन २०८२ जेठ १७–१८ मा काठमाडौँमा सम्पन्न भएको छ। परिषद्ले यस अधिवेशनबाट आफ्नो नाम परिवर्तन गरी नेपाल बौद्धिक परिषद् बनाएको छ र निर्वाचन प्रकृयाबाट ९ जना पदाधिकारी सहित ९९ सदस्य केन्द्रीय कमिटी र पाँचवटा आयोग गठन गरेको छ। यस वीचमा दुई ओटा प्रदेश र ७७ जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको छ। एघारौँ राष्ट्रिय अधिवेशन पछाडि दुईटा केन्द्रीय कमिटीको बैठक, तीनवटा बौद्धिक बहस कार्यक्रम र चारवटा विभिन्न विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। नेपाल बौद्धिक परिषदमा कुल १२ हजार २६९ सदस्य छन्।

## ९. प्रेस चौतारी नेपाल

प्रेस चौतारी, नेपालले यसबीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ चैत्र १०–११ मा बिराटनगरमा सम्पन्न गरेको

छ। प्रेस चौतारी नेपालले ९ जना पदाधिकारीसहित ९९ जना सदस्य केन्द्रीय कमिटी सर्वसम्मतिवाट चयन गरेको छ। यसबीचमा प्रेस चौतारी नेपालले १० प्रदेश तहका र ९७ जिल्ला तहका अधिवेशनहरू सम्पन्न गरेको छ।

प्रेस चौतारी नेपालले २०८२ साललाई प्रशिक्षण वर्षको रूपमा अभियान सञ्चालन गरिरहेको छ। यसैगरी पार्टीको समाचारलाई केन्द्रीकृत गर्ने गरी केन्द्रीय समाचार डेस्क सञ्चालन गरेको छ। पार्टीको अभियान, आन्दोलनमा प्रेस चौतारी नेपालले मिडिया मोर्चाको संयोजन गर्दै आएको छ भने पार्टीको नेतृत्वमा भएका कामलाई जनतासमक्ष पुऱ्याउन काम गरिरहेको छ। चौतारीका ६ हजार ९८७ सदस्य छन्।

### १०. राष्ट्रिय मानवधिकार तथा सामाजिक न्याय मञ्च, नेपाल

मानव अधिकार एलायन्सले दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ फागुन २१–२२ मा सम्पन्न गरेको छ। मानव अधिकार एलायन्स, नेपालले ९ जना पदाधिकारी सहित ६६ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। ७ वटा प्रदेश र ५६ वटा जिल्ला अधिवेशनहरू तथा २१ वटा जिल्लाहरूले वार्षिकसभा सम्पन्न गरेको छ। मानव अधिकार एलायन्स, नेपालमा कुल ११८२ संस्थाहरू आबद्ध छन्। 'समुदायसँग सँगसँगै' भन्ने नाराका साथ समुदाय तहसम्म कार्यक्षेत्र विस्तार गर्दै तीनसय पालिका तहसम्म पालिकास्तरीय ससङ्गठन निर्माण गरेको छ। वार्षिक रूपमा मानवअधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन गर्ने, मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न अभियान चलाउने, मानवअधिकारको रक्षा र प्रवर्द्धनका लागि कार्य गर्ने र सामाजिक क्षेत्रको ससङ्गठन निर्माणमा सहजीकरण गर्ने तथा समसामयिक विषयहरूमा नीति संवादहरू गर्ने, ध्यानाकर्षण गराउने जस्ता कार्यहरू गरिरहेको छ। यसैगरी 'केपी ओली मानवअधिकार तथा स्वतन्त्रता पुरस्कार' वितरण गर्ने कार्यसमेत मानवअधिकार एलायन्सले गरेको छ।

### ११. प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन, नेपाल

प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन, नेपालले यसबीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ जेठ ३१–असार १ मा काठमाडौँमा सम्पन्न गरेको छ। ९ जना पदाधिकारीसहित ५९ सदस्यीय केन्द्रीय

कमिटी निर्वाचन प्रक्रियाद्वारा चयन गरेको छ। प्रदेश र जिल्ला तहका अधिवेशनहरूको गर्न बाँकी छन्। प्रगतिशील तथा पेशागत कानुन ब्यवसायी सङ्गठन, नेपालमा कुल २ हजार ७५० सदस्य छन्।

## १२. नेपाल खेलकुद महासङ्घ

नेपाल खेलकुद महासङ्घले २०७९ फागुन ७–९ गते बिराटनगरमा राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको थियो। महासङ्घमा पदाधिकारीसहित १८९ सदस्य केन्द्रीय कमिटी छ भने ६ प्रदेश र ५४ जिल्ला तहका अधिवेशनहरू सम्पन्न भएका छन्। जाजरकोट र पुर्वी रुकुममा गएको विनाशकारी भूकम्पछि स्वयम्सेवकका रूपमा प्रशंसनीय काम गरेको छ। पार्टीले आवहान गरेका विभिन्न गतिविधि मा सहभागी हुदै आएको छ। महासङ्घमा २८ हजार ३७१ सदस्य छन्।

## १३. नेपाल उद्योग तथा व्यवसायी महासङ्घ

नेपाल उद्योग तथा व्यवसायी महासङ्घले तीनवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ चैत ८–९ मा काठमाडौंमा सम्पन्न भएको छ। महासङ्घले ९ जना पदाधिकारीसहित ९९ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। प्रदेश तहका अधिवेशनहरू सबै सम्पन्न भएका छन् भने ५७ वटा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। महासङ्घमा ८ वटा संस्थापक, ३ वटा वस्तुगत र ३ वटा आवद्ध गरी १४ वटा केन्द्रीय स्तरका ससङ्गठन आवद्ध छन। तीमध्ये २ वटा संस्थापक, २ वटा आवद्ध र १ वस्तुगत ससङ्गठनको केन्द्रीय महाधिवेशन गर्ने समय भएको छ। यसबीचमा महासङ्घले निजी क्षेत्र, सरकार र सम्बन्धित निकायका बीचमा समन्वयलगायत निजी क्षेत्र र व्यवसायीहरूको हक–हित विषयको नेतृत्व गरी विभिन्न गोष्ठी आयोजना गरी छलफल र विभिन्न प्रकाशन गरिहेरहेको छ।

अर्थतन्त्र अप्ठेरो अवस्थामा हुँदा निजी क्षेत्रका दुई हजार व्यवसायीको सहभागितामा 'सुदृढ अर्थतन्त्रको आधार सवाल: निजी क्षेत्र र पुर्वाधार', निजी क्षेत्रसँग एमाले जस्ता राष्ट्रियस्तरका कार्यक्रमहरूका साथै ससङ्गठनको नीति तथा विधान महाधिवेशन सम्पन्न गरेको छ। महासङ्घसँग आवद्ध ससङ्गठनको सदस्य नै महासङ्घको सदस्य हुने महासङ्घसँग १५ हजार व्यवसायी सदस्य छन्।

**१४. नेपाल लोकतान्त्रिक आदिवासी–जनजाति महासङ्घ**

लोकतान्त्रिक आदिवासी–जनजाति महासङ्घ नेपालको राष्ट्रिय महाधिवेशन २०७९ चैत १९–२१ मा काठमाडौँमा सम्पन्न भएको थियो। महाधिवेशनबाट १७ पदाधिकारीसहित ३२१ केन्द्रीय कमिटी सदस्य चयन भएका थिए भने मनोनित गरी ३२९ सदस्यीय केन्द्रीय कमिटी सदस्य कायम रहेको छ।

महासङ्घको सातवटै प्रदेशमा प्रदेश कमिटीहरू क्रियाशील रहेका छन्। त्यसैगरी ७२ वटा जिल्ला कमिटी, ४३ वटा जातीय घटक ससङ्गठन र बेलायत र कतारमा गरी २ वटा प्रवास सम्पर्क समन्वय कमिटी छन्। हालसम्म यसले ६५ प्रतिशतभन्दा बढी पालिका कमिटीहरू गठन गरिएको छ। महासङ्घले आगामी ०८४ सालको भित्र ५० हजार आदिवासी युवाहरूलाई युवा स्वयम्सेवक बनाई परिचालन परिचालन गर्ने लक्षसहित युवाहरू महासङ्घमा ससङ्गठित गर्ने अभियान सुरु गरेको छ। महासङ्घमा कुल ६५ हजार सदस्य छन्।

**१५. नेपाल भूमिअधिकार तथा श्रमिक ससङ्गठन**

साविकको नेपाल भूमहीन सुकुम्बासी सङ्गठनले यस बीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ बैशाख २३–२४ गते विशाल जनसभासहित कैलालीको टिकापुरमा सम्पन्न गरेको छ। ९ जना पदाधिकारीसहित ७६ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। ६ वटा प्रदेश र ५६ वटा जिल्ला अधिवेशन सम्पन्न गरेको छ। अघिल्लो राष्ट्रिय महाधिवेशनबाट नाम परिवर्तित भूमिअधिकार तथा श्रमिक सङ्गठन, नेपालका ३५ हजार सदस्य छन्।

**१६. रिटर्नी फेडेरेसन, नेपाल**

रिटर्नी फेडेरेसन नेपालको दोस्रो राष्ट्रिय महाधिवेशन २०८१ चैत १५–१६ गते सम्पन्न भएको छ। महाधिवेशनले ९९ सदस्यीय केन्द्रीय कमिटीका साथै अनुशासन, लेखा र निर्वाचन आयोग निर्वाचित गरेको छ। निर्वाचित केन्द्रीय कमिटीले ६ वटा भर्चुअल प्रादेशिक विस्तारित बैठक, एक जिल्ला अध्यक्षहरूको भर्चुअल भेला, एक जिल्ला र प्रदेशका सचिव– उपसचिवहरूको भर्चुअल प्रशिक्षण, एक जिल्ला र प्रदेश कोषाध्यक्षहरूको भर्चुअल प्रशिक्षण सम्पन्न गरेको छ। केन्द्रीय कमिटी र सचिवालय

बैठकलाई प्रशिक्षणात्मक बनाउन आंशिक सत्र प्रशिक्षण पनि सम्पन्न भएका छन्। सबै विभागहरूलाई क्रियाशील गराइएको छ। सरकारका नीति कार्यक्रम र बजेटमा रिटर्नी लक्षित कार्यक्रमहरूको लागि व्यापक पहल गरिएको छ, परेका बजेटहरूलाई लिएर कार्यन्वयन गर्नको लागि तयारी भइरहेको छ। रिटर्नीहरूको आर्थिक सशक्तीकरण र उद्यमशीलताको विकासलाई अघि बढाउन सामूहिक लगानीबाट पुँजी निर्माण गर्ने उद्देश्यले ससङ्गठनको प्रबर्द्धनमा नवयुग इन्भेस्टमेन्ट पब्लिक कम्पनी स्थापना गरी सञ्चालनमा आएको छ। यसमार्फत रिटर्नीहरूलाई व्यापक रूपमा जोडेर यो बर्ष विभिन्न ३७ जिल्लाहरूमा एक उद्यम स्थापना गर्ने लक्ष राखिएको छ। यसको कार्यन्वयनका ललागि काठमाडौँमा उद्यमशाला सम्पन्न भइसकेको छ भने प्रदेश र जिल्लाहरूमा उद्यमशाला सञ्चालनको तयारी भइरहेको छ। वैदेशिक रोजगारीको क्षेत्रमा भएका विभिन्न समस्याहरूको समाधान, न्युनिकरण र सहजिकरणमा व्यापक रूपमा काम भएको छ।

महाधिवेशन पश्चात विदेशमा दिवसङ्गत ७ जना नेपालीको शव नेपाल ल्याएर परिवारलाई सहजीकरण गरेको छ भने अन्य थुप्रै समस्यामा सहजिकरण गरेको छ। पार्टीका सबै गतिविधिहरूमा सक्रिय सहभागिता, गैरआवासीय नेपाली सङ्घसँग सहकार्यका लागि समझदारी, पार्टी पर्यटन विभागसँग छलफललगायतका काम भएका छन्। ५ वटा प्रदेश र ६० वटा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। रिटर्नी फेडेरेसन, नेपालमा कुल ३५ हजार ३७८ सदस्य छन्।

## १७. नेपाल मुस्लिम इत्तेहाद सङ्गठन

नेपाल मुस्लिम इत्तेहाद सङ्गठनले दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ बैशाख २०–२१ गते जनासभासहित बाँकेको नेपालगञ्जमा सम्पन्न गरेको छ। यस महाधिवेशनबाट सङ्गठनले ९ जना पदाधिकारीसहित १०७ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। ७ प्रदेश र ४४ जिल्ला अधिवेशन सम्पन्न गरेको छ। सङ्गठनमा कुल १२ हजार ४२५ सदस्य छन्।

## १८. मुक्ति समाज नेपाल

साविकको नेपाल उत्पीडित जातिय मुक्ति समाजले यसबीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ । पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ बैशाख ४–५ मा काठमाडौंमा सम्पन्न भएको छ । यस महाधिवेशनबाट मुक्ति समाजले ९ जना पदाधिकारी सहित १५१ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। अब प्रदेश र जिल्ला अधिवेशनहरू गर्ने योजना छ । मुक्ति समाजमा कुल ३२ हजार सदस्य छन् ।

## १९. नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन (नेपोन)

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनले यस बीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ वैशाख ४–५ मा काठमाडौमा सम्पन्न गरेको छ। यस महाधिवेशनबाट ससङ्गठनले ९ जना पदाधिकारीसहित ९९ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। सातै प्रदेशका प्रथम अधिवेशनहरू सम्पन्न गरेको छ भने ५ वटा प्रदेशमा दोश्रो अधिवेशनसमेत सम्पन्न गरिसकेको छ । ७० वटा जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको यस ससङ्गठनले हालसम्म २८ प्रतिशत पालिका सम्मेलन र ४ प्रतिशत वडा सम्मेलनहरू सम्पन्न गरेको छ ।

यस अवधिवमा ससङ्गठन निर्माण, परिचालन र सदस्यता वितरण कार्यलाई तीब्रता दिएको छ। पार्टीका विभिन्न वैठक, भेला तथा अधिवेशनहरूमा पूर्ण जिम्मेवारीका साथ सुरक्षा तथा स्वयंसेवकको भूमिका, प्राकृतिक विपत्तिमा जनताको सेवामा सक्रिय भूमिका (बाढि/पहिरो/अन्य), पार्टीले सञ्चालन गरेको झुलाघाट–चिवाभञ्ज्याङ्ग समृद्धिका लागि संकल्प यात्रामा अभियान अवधिभर सुरक्षाको प्रभावकारी व्यवस्थापन, राष्ट्रियस्तरका सद्भावना भेटघाट तथा सुरक्षासम्बन्धी महत्वपूर्ण गोष्ठीहरू सञ्चालन, पार्टी तथा अन्य जनससङ्गठनहरूले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा निर्दिष्ट कार्यहरू कुसलतापूर्वक सम्पादन, पार्टी कार्यालय परिसरमा मदन चौतारी निर्माण जस्ता काम गरेको छ । सरसफाई तथा वृक्षारोपण जस्ता मानव स्वास्थ्यमा प्रतक्ष्यरूपमा सकरात्मक प्रभाव पार्ने कार्यहरू गर्दै आएको छ। यस ससङ्गठनमा २०८१ चैत मसान्तसम्मको तथ्याङ्क अनुसार ३४ हजार ६५४ सदस्य छन् ।

## २०. राष्ट्रिय अपाङ्गता ससङ्गठन, नेपाल

पूर्ववत् लोकतान्त्रिक राष्ट्रिय अपाङ्ग सङ्गठन, नेपालले यसबीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ चैत ३०–३१ गते काठमाडौंमा सम्पन्न भएको छ। यस महाधिवेशनबाट राष्ट्रिय अपासङ्गता ससङ्गठन, नेपालले ९ जना पदाधिकारीसहित ६६ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। ६ प्रदेश र ५६ जिल्ला अधिवेशन सम्पन्न भएका छन्। ससङ्गठनमा ३ हजार ८० सदस्य छन्।

## २१. प्रोग्रेसिभ इन्जिनियरिङ एसोसियसन, नेपाल

प्रोग्रेसिभ इन्जिनियरिङ एसोसियसन नेपालले दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ चैत १२–१३ मा काठमाडौंमा सम्पन्न भएको छ। यस महाधिवेशनबाट ९ जना पदाधिकारीसहित ९९ सदस्य केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट भएका छन्। ९ वटा प्रदेश तहका अधिवेशनहरू र ५५ वटा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। एसोसियसनका १ हजार ८०४ सदस्य छन्।

## २२. राष्ट्रिय स्वास्थकर्मी महासङ्घ, नेपाल

राष्ट्रिय स्वास्थ्यकर्मी महासघ नेपालका यसबीचमा दुइटा महाधिवेशन सम्पन्न्न भएका छन्। पाँचौ महाधिवेशन २०८२ जेठ १७–१९गते काठमाडौँमा सम्पन्न भएको छ। यसका सात प्रदेश, ७१ जिल्ला, ६ विशेष जिल्ला र ५६ वटा विभिन्न घटक विभिन्न तहका अधिबेशन सम्पन भएका छन्। स्थानीय लगायत ४ सयभन्दा बढी कमिटीका अधिवेशनहरू सम्पन्न भएका छन्।

तीनै तहका निर्वाचनमा प्रत्यक्षरूपमा जनशक्ति परिचालन र पार्टीले तोकेको आर्थिक तथा प्राबिधिक सहयोग गर्ने, पार्टीले सञ्चालन गरेको अभियान झुलाघाट–चिवाभञ्ज्याङमा प्रत्यक्षरूपमा हजारौं स्वास्थ्यकर्मी परिचालन र वास्थ्य शिविर आपतकालीन ब्यबस्थापनको सम्पूर्ण व्यबस्था, भूकम्पलगायत बिपत्तिमा महासघको झण्डामा उद्धार तथा राहत कार्यक्रम लिएर प्रभावित क्षेत्रमा सक्रिय, पार्टीका सबै तहका अधिवेशनहरूमा स्वास्थ्य सहायता कक्ष र जनचेतनामुलक कार्यक्रमसहित सहभागी, पार्टीको घोषणपत्र निर्माण गर्दा स्वास्थ्य क्षेत्रको सुझावहरू पेश, पार्टीले नेतृत्व गरेको सरकारसँग समन्वय गरी

जनस्तरीय कार्यमा सहभागी जस्ता काम महासङ्घले गरेको छ। महासङ्घ र घटकसहित कुल १५ हजार ६७ सदस्य छन्।

## २३. अखिल नेपाल पिछडा बर्ग महासङ्घ

अखिल नेपाल पिछडा बर्ग महासङ्घले २०७९ चैत्र २२ गते राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको थियो। यस महाधिवेशनवाट अखिल नेपाल पिछडा बर्ग महासङ्घले पदाधिकारीसहित २५ सदस्यी केन्द्रीय कमिटी सर्वसम्मतिवाट चयन गरेको छ। ३ वटा प्रदेश र १७ ओटा जिल्ला अधिवेशन सम्पन्न गरेको छ। अखिल नेपाल पिछडा बर्ग महासङ्घमा कुल २ हजार ५ सदस्य छन्।